# राष्ट्रिय मानव अधिकार आयोग

## काठमाडौं


हरिहरभवन, पुल्चोक, ललितपुर, नेपाल
पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
फोनः ०१-५०१००१५ याक्सः ९७७-१-५५४७९७३
इमेलः nhrc@nhrcnepal.org


## क्षेत्रीय कार्यालयहरू


### विराटनगर
पूर्वाञ्चल क्षेत्रीय कार्यालय,
बरगाछी, विराटनगर, मोर , नेपाल
फोनः ५३७९३१, ५३७९३२ याक्सः ९७७-२१-५३७९३३
इमेलः nhrcbrt@nhrcnepal.org

### नेपालगंज
मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
बाकेगाउ, नेपालगंज, बाके, नेपाल
फोनः ५२६७०७, ५२६७०८ याक्सः ९७७-८१-५२६७०६
इमेलः nhrcnpj@nhrcnepal.org

### पोखरा
पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
बैदाम, पोखरा, कास्की, नेपाल
फोनः ५५१८११, ५५१८२२ याक्सः ९७७-६१-५४२०४२
इमेलः nhrcpkr@nhrcnepal.org

### धनगढी
सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
उत्तर बेहडी, रातोपुल, धनगढी, कैलाली, नेपाल
फोनः ५२५६२१, ५२५६२२ याक्सः ९७७-९१-५२५६२३
इमेलः nhrcdhn@nhrcnepal.org


## सम्पर्क कार्यालयहरू


खोटाङको दिक्तेल, फोनः ०३६-४२०२८४
धनुषाको जनकपुर, फोनः ०४१-५२७२५०
रुपन्देहीको बुटवल, फोनः ०७१-५४६९११
जुम्लाको खलाङ्ग
रोल्पाको लिवाङ्ग

वेबसाइटः www.nhrcnepal.org


राष्ट्रिय मानव अधिकार आयोग

वार्षिक प्रतिवेदन २०६२/६३





# वार्षिक प्रतिवेदन
## २०६२/६३




राष्ट्रिय मानव अधिकार आयोग

सर्वाधिकार © राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन ललितपुर

आयोगको पुर्वस्वीकृतिबिना यस पुस्तकलाई बौद्धिक वा शैक्षिक प्रयोजनका लागि पुन : उत्पादन गर्न, मुद्रण गर्ने गरी अथवा कुनै माध्यमबाट प्रयोगमा ल्याउन पाइनेछैन । बौद्धिक तथा शैक्षिक प्रयोगका लागि केही अंशहरु साभार गरी प्रयोग गर्न सकिनेछ ।

प्रकाशन मिति : २०६३

संस्करण : १०००/प्रति

प्रतिवेदन तयार गर्ने
हरिराज भट्टराई
नारायणप्रसाद सेढाई

डिजाईन तथा ले आउट
आकाश श्रेष्ठ

मुद्रण:
अत्रि वशिष्ठ छपाई तथा मसलन्द उद्योग
बागबजार, काठमाडौं, फोन नं.:४२४३९३६

प्र.नं. २६/६८/०६३ (के.का.)

**प्रकाशक**
**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहर भवन ललितपुर
पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

# मन्तव्य

मानव अधिकार आयोग ऐन, २०५३ मा व्यवस्था भए बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक वर्ष २०६२/०६३ को छैटौं बार्षिक प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको छ । विगत लामो समयदेखि संसद नभएकोले आयोगको पहिलो बाहेक अन्य प्रतिवेदन संसदमा छलफल हुन सकेका थिएनन् । यद्यपि आयोगले आफनो बार्षिक प्रतिवेदनहरु तयार गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशनमा ल्याउने गरेको थियो । यस अवधिमा जनआन्दोलन मार्फत संसदको पुनःस्थापना भएको हुनाले आयोगको प्रतिवेदन संसदमा प्रस्तुत भई छलफल हुनेछ ।

आयोगको दोस्रो कार्यकालका लागि नियुक्त पदाधिकारीहरुले २०६३ आषाढ २५ गते राजीनामा दिएपश्चात यस अवधिको अन्तदेखि आयोग पदाधिकारीविहीन अवस्थामा रहेको छ । आयोगका पदाधिकारी नभएको अवस्थामा आयोगले मानव अधिकार उल्लंघनका विषयमा निर्णय गर्नु पर्ने कार्य हुन सकेन । यसबाट मानव अधिकार संरक्षण गर्ने गहन कार्यमा आयोगले केही समय वाधा व्यवधान व्यहोर्नु परेको छ । तथापि आयोगले मानव अधिकार उल्लंघनका घटनाको सक्रियताका साथ अनुगमन तथा अनुसन्धान गर्ने कार्यलाई निरन्तरता दिई आएको छ ।

राज्यमा विगत ११ वर्षदेखि चलेको सशस्त्र द्वन्द्वको अवस्थामा दिनहुँ झैं मानव अधिकार उल्लंघनका घटना हुने गरेकोमा आयोगमा उपलब्ध श्रोत साधनको परिधिमा रही आयोगबाट देशका विभिन्न भागमा घटेका मानव अधिकार उल्लंघनका घटनाहरुको अनुगमन तथा अनुसन्धान कार्यलाई जारी राखेको थियो । त्यसै गरी मानव अधिकारको प्रबर्द्धनको लागि विभिन्न ठाउँहरुमा गोष्ठी, छलफल, अन्तर्कृया कार्यक्रमको आयोजना गरिएको थियो ।

आम जनताको पहुँच सरल रुपमा आयोगसम्म पुगोस भन्ने उदेश्यले आयोगको उपस्थिति देशका विभिन्न भागसम्म विस्तार गर्ने क्रममा यस अवधिमा युरोपियन युनियन (EU) को सहयोगमा धनगढीमा एक क्षेत्रीय कार्यालय, खोटाङ्ग, जनकपुर, बुटवल, रोल्पा र जुम्लामा गरी पाँच सम्पर्क कार्यालय स्थापना गरिएका छन् । यी कार्यालयको स्थापना पश्चात स्थानीय तहमा आयोगमा मानव अधिकार उल्लंघनका घटनाका उजुरीहरु व्यापक मात्रामा प्राप्त हुन आएको छ भने प्राप्त उजुरीहरु तथा मानव अधिकार उल्लंघनका घटनामा आयोगले तत्कालै अनुगमन र अनुसन्धान गर्ने कार्य अगाडि बढाउन सफल भएको छ ।

यो अवधि मानव अधिकारको संरक्षण गर्ने कार्यमा चुनौतिपूर्ण रहेको छ । देशमा एक दशकदेखि चलेको सशस्त्र द्वन्द्व, राजाको प्रत्यक्ष शासनको विरोधमा सात प्रमुख राजनीतिक दलको आन्दोलन र सो आन्दोलन दवाउनको लागि सरकारबाट गरिएको दमनको कारण मानव अधिकारको अवस्था ज्यादै नाजुक हुन पुगेको थियो । राज्यपक्षले व्यक्तिहरुलाई बेपत्ता पार्ने, पक्राउ गरिएका व्यक्तिहरुको हत्या गर्ने, यातना दिने, अदालतको आदेशमा छुटेका व्यक्तिहरुलाई तत्कालै पुनः गिरफ्तार गर्ने, सूचना तथा संचारको हक, सभा सम्मेलन गर्न पाउने जस्ता अधिकारमाथि आघात पार्ने र नेकपा माओवादी पक्षबाट व्यक्तिहरुलाई कब्जामा लिने, कब्जा गरिएका व्यक्तिहरु कब्जा रहेकै अवस्थामा मारिने, विस्थापित गराउने, सम्पति कब्जा गर्ने, जवर्जस्ती चन्दा असुल उपर गर्ने र धम्की दिने, विकास निमार्णका कार्यमा अवरोध पुऱ्याउने, बालबालिकाहरुलाई विभिन्न बाहानामा बाल सैन्यमा प्रयोग गर्ने, विद्यालय तथा सार्वजनिक सम्पतिमा तोडफोड गर्ने, विद्यालय बन्द गर्न धम्की दिने, जनअदालतको नाममा विभिन्न व्यक्तिहरुलाई दुख दिने जस्ता कार्यहरु मानव अधिकारका दृष्ट्रिकोणबाट प्रमुख समस्याको रुपमा रहेका देखिन्छन् ।

यस प्रतिवेदन अवधिमा नेकपा -माओवादीको तर्फबाट करिव चार महिना एकतर्फी युद्धविरामको घोषणा गरियो । यसरी नै जनआन्दोलनको सफलतापश्चात नेकपा माओवादी र सरकार दुवैपक्षबाट युद्धविरामको घोषणा गरिए तापनि युद्धविराम गरिएको अवधिमा व्यक्तिको जीवनको अधिकार, स्वतन्त्रता तथा सुरक्षाको अधिकार, सूचना तथा संचारको अधिकार, आफ्नो वासस्थानको अधिकार, यातना, अमानवीय तथा अपमानजनक व्यवहारविरुद्धको अधिकार, शिक्षा, स्वास्थ्य, पेशा व्यवसाय, साँस्कृतिक अधिकार र महिला तथा बालअधिकारको

हनन् हुने कम रोकिएन । यी सबै परिस्थितिमा पनि आयोगले मानव अधिकारका सवै बिषयमा आफ्नो ध्यान केन्द्रित गरी आफ्ना काम कारवाहि लाई अझै प्रभावकारी बनाउन प्रयासरत रह्यो ।

समानता, निष्पक्षता, पारदर्शिता, जवाफदेहिता, स्वतन्त्रता र स्वायत्तता जस्ता मूलभूत मान्यताको अधिनमा रही मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा आयोग सक्रिय रुपमा क्रियाशील रहेको छ । आयोगले यस अवधिमा मानव अधिकारको संरक्षणको सम्बन्धमा विभिन्न निर्णयहरु गरी सरकारलाई मानव अधिकारको सम्मान र संरक्षण गर्न सिफारिस  गर्नुको साथै मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गर्न नेकपा (माओवादी)पक्ष लगायतलाई बारम्बार आह्वान गरी सचेत तुल्याउने कार्य  गर्‍यो । यस प्रतिवेदनले मानव अधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा आयोगबाट भए गरेका कार्यहरुको जानकारी दिनुको साथै मानव अधिकारको अवस्थाको बारेमा सर्वसाधारणमा समेत जानकारी हुने विश्वास लिएको छु ।

मानव अधिकार आयोग ऐन, २०५३ का अनुसार आयोगले आफ्नो वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने कर्तव्य भएको हुँदा आयोगका पदाधिकारी नभएको अवस्थामा समेत संस्थागत दायित्व पुरा गर्नु पर्ने आवश्यकता देखिएकाले यो प्रतिवेदन प्रकाशित गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

आयोगको छैटौं वार्षिक प्रतिवेदन लेखन कार्यमा संलग्न आयोगका कर्मचारीहरु हरिराज भट्टराई र नारायण प्रसाद सेढाईलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, पुस्तक तयारीको कममा विभिन्न सूचना, तथ्याङ्क एवम् प्रतिकृया लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउने सम्पूर्ण आयोग परिवार तथा सम्पूर्ण कर्मचारी लगायतका महानुभावहरु लाई पनि धन्यवादका दिन चाहन्छु ।

अन्तमा, मानव अधिकारको संरक्षण र सम्वर्द्धनको माध्यमबाट देशमा मानव अधिकार संस्कृतिको विकास गर्ने जस्तो गहन कार्यमा समर्पित आयोगलाई यस अवधिसम्म निरन्तर रुपमा सहयोग प्रदान गर्ने नेपाल सरकार, दातृ संस्थाहरु, मानव अधिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु पत्रकार, कानुन व्यवसायी, नागरिक समाज, अन्य व्यवसायीक संघ संस्थाहरुका प्रतिनिधिहरु लगायत  सबैप्रति  हार्दिक आभार व्यक्त गर्दछु ।

ध्रुव नेपाल
नि. सचिव
राष्ट्रिय मानव अधिकार आयोग

# बिषय सूची

मन्तव्य
सारांश

पेज नं.

**परिच्छेद–एक**
मानवअधिकारको स्थिति १-४

**परिच्छेद–दुई**
आयोगको संरक्षण,संवर्द्धन र विधि विषय परामर्श सम्बन्धी क्रियाकलापहरू ५-३९
२.१. मानवअधिकारको संरक्षणसम्बन्धी कार्य ५
२.२. आयोगबाट भएका प्रबर्द्धनात्मक कार्यहरू ३०
२.३. विधि विषय परामर्श सम्बन्धी कार्यहरू ३६

**परिच्छेद–तीन**
प्रशासनिक तथा परियोजनासम्बन्धी क्रियाकलापहरू ४०-४७
३.१.प्रशासनिक कार्य ४०
३.२. आयोगअन्तर्गतका परियोजनाहरू ४५

**परिच्छेद–चार**
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध ४८-५५
४.१ राष्ट्रिय सम्बनब ४८
४.२ अन्तर्राष्ट्रिय सम्बनब ५१

**परिच्छेद–पाँच**
उपलब्धि, चुनौती र निष्कर्ष ५६-६०
५.१ उपलब्धिहरू ५६
५.२. मुख्य चुनौतीहरू ५८
५.३ निष्कर्ष ५९

## अनुसूचीहरु


**अनुसूची– १**

आयोगद्वारा गरिएको अनुसन्धान विवरण ६१-७९

**अनुसूची– २**

आयोगद्वारा विभिन्न मितिमा गरेको अनुगमनको विवरण ८०-१०७

**अनुसूची– ३**

आयोगद्वारा यस अवधिमा गरिएका सिफारिस र कार्यान्वयनको अवस्था १०८-१५१

**अनुसूची– ४**

आयोगमा प्राप्त उजुरीको विवरण १५२-१५३

**अनुसूची– ५**

मानवअधिकारको प्रबर्द्धनका लागि गरिएका क्रियाकलापहरूको विवरण १५४-१६५

**अनुसूची– ६**

आयोगका कर्मचारीहरुको वैदेशिक तालीम तथा गोष्ठीमा सहभागिता १६६-१६७

**अनुसूची– ७**

आयोगद्वारा विभिन्न समयमा जारी गरिएका प्रेस विज्ञप्ति १६८-१९५

**अनुसूची– ८**

आयोगको सङ्गठनात्मक स्वरुप १९६-१९६

**अनुसूची– ९**

नेपाल सरकार र विभिन्न दातृ निकायबाट प्राप्त बजेटको विवरण १९७-२०१

**विविध**

आयोगका क्रियाकलापहरुको एक झलक २०२-२०७

# सारांश

राष्ट्रिय मानवअधिकार आयोगमा पर्न आएका उजुरीहरू र आयोगले विभिन्न समयमा गरेका अनुगमन तथा अनुसन्धानका आधारमा आर्थिक वर्ष २०६२/०६३ मा मानवअधिकारको अवस्था चुनौतीपूर्ण रहेको छ । देशमा विगत ११ वर्षसम्म चलेको सशस्त्र द्वन्द्व, राजाको प्रत्यक्ष शासनको विरोधमा सात प्रमुख राजनीतिक दलको आन्दोलन र सो आन्दोलन दबाउन सरकारबाट गरिएको दमनका कारण मानवअधिकारको अवस्था ज्यादै नाजुक हुन पुग्यो । राज्यपक्षबाट व्यक्तिलाई कब्जामा लिई बेपत्ता पार्ने, पक्राउ गरिएका व्यक्तिको हत्या गर्ने, यातना दिनेजस्ता कार्यहरू भए । राज्यपक्षबाट नागरिकलाई समात्न वा पक्राउ गर्न सक्ने परिस्थति हुँदाहुँदै पनि सुरक्षाकर्मीबाट विभिन्न व्यक्तिको हत्या गरियो । सूचना तथा सञ्चारको हक, सभासम्मेलन गर्न पाउनेजस्ता अधिकारमाथि पनि राज्यपक्षबाट अङ्कुश लगाउने कार्य भयो ।

सुरक्षाकर्मीले सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा, स्याङ्जा र तनहुँ जिल्लाको बीचको सीमाक्षेत्रमा गरेको कारवाहीमा सर्वसाधारण समेतको मृत्यु भयो । अदालतको आदेशमा छुटेका व्यक्तिलाई तत्कालै पुनः गिरफ्तार गर्ने कार्य भयो । तत्कालीन शाही नेपाली सेनाका एक जवानले चलाएको गोलीबाट नगरकोटमा ११ जना सर्वसाधारणको मृत्यु भयो । उक्त घटनामा संलग्न सेनाका जवानको पनि मृत्यु भयो । यसै गरी मोरङको बेलबारीमा सुरक्षाकर्मीले स्थानीय सपना गुरुङको हत्या गरेपछि सोको विरोधमा उत्रिएका ६ जना सर्वसाधारण मारिए ।

त्यसै गरी नेकपा (माओवादी)ले सर्वसाधारणलाई विभिन्न कार्यक्रममा जबरजस्ती सहभागी गराउन, आफ्नो पार्टीको पूर्णकालीन कार्यकर्ता बनाउन र विभिन्न आरोपमा कारवाही गर्न अपहरण तथा कब्जा गर्ने कार्यहरू निरन्तर रूपमा गऱ्यो । त्यसरी कब्जा गरिएका व्यक्तिहरू कब्जामा रहेकै अवस्थामा मारिएका समेत पाइए । नागरिकहरूलाई विस्थापित गराउने, सम्पत्ति कब्जा गर्ने, जबरजस्ती चन्दा असुलउपर गर्ने र व्यक्तिलाई धम्की दिने, विकासनिर्माणका कार्यमा अवरोध पुऱ्याउने, बालबालिकाहरूलाई विभिन्न बहानामा बालसैन्यमा प्रयोग गर्ने, विद्यालय तथा सार्वजनिक सम्पत्तिमा तोडफोड गर्ने, विद्यालय बन्द गर्न धम्की दिने, जनअदालतका नाममा विभिन्न व्यक्तिलाई दुःख दिनेजस्ता कार्यहरू गरी नेकपा (माओवादी)ले विभिन्न समयमा व्यक्त गरेका प्रतिबद्धताका विरुद्धमा मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन गरेको पाइयो । नेकपा (माओवादी)ले इलामको सदरमुकाम, झापाको बिर्तामोड, उदयपुरको गाईघाट, धनकुटाको सदरमुकाम, सर्लाहीको सदरमुकाम मलंगवा, सिन्धुपाल्चोकको चौतारा, काभ्रेपलाञ्चोकको छत्रेबाँझ र पनौती, काठमाडौँको थानकोट, भक्तपुरको दधिकोट, नवलपरासीको सुनौल, रूपन्देहीको बुटवल, पाल्पाको बहादुरपुर, कालिकोटको पिली आदि स्थानहरूमा आक्रमण गऱ्यो । उक्त आक्रमणमा १४१ भन्दा बढी व्यक्ति मारिए भने १२० भन्दा बढी व्यक्ति घाइते भए । त्यसै गरी त्यस अवधिमा सिन्धुपाल्चोक जिल्लाको कुञ्चोक गा.वि.स., महेन्द्र राजमार्गअन्तर्गत पर्ने कपिलवस्तु जिल्लाको शिवपुर गा.वि.स, सुनवल–परासी सडकखण्डको स्वाँठी भन्ने स्थानमा नेकपा (माओवादी)द्वारा बिछ्याइएको बमविष्फोटनमा परी १६ जनाको मृत्यु भयो ।

त्यस प्रतिवेदन-अवधिमा नेकपा (माओवादी) का तर्फबाट करिब सात महिना र सरकारपक्षबाट करिब तीन महिनाका लागि युद्धविराम गरेर शान्ति प्रक्रियाका लागि प्रयास भएको देखिन्छ । नेकपा (माओवादी)ले मिति २०६२ साल भाद्र १८ गतेदेखि लागू हुने गरी गरेको एकतर्फी युद्धविरामको अवधिमा नेकपा (माओवादी) र सरकार दुवैतर्फबाट मानवअधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरू भए । युद्धविरामको अवधिमा पनि व्यक्तिको जीवनको अधिकार, स्वतन्त्रता तथा सुरक्षाको अधिकार, सूचना तथा सञ्चारको अधिकार, आफ्नो वासस्थानको अधिकार, यातना, अमानवीय तथा अपमानजनक व्यवहारविरुद्धको अधिकार, शिक्षा, स्वास्थ्य, पेशा, व्यवसाय, सांस्कृतिक अधिकार र महिला तथा बालअधिकार समेतको हनन भयो । दोहोरो भिडन्त तथा व्यक्तिहत्याका घटनाहरूमा केही कमी आए तापनि मानवअधिकार हननका अन्य घटनामा माओवादी र सरकार दुवै पक्ष संवेदनशील हुन सकेको पाइएन । नेकपा (माओवादी)ले २०६३ वैशाख १३ गतेबाट तीनमहिने र नेपाल सरकारले २०६३ वैशाख २० गतेबाट युद्धविरामको घोषणा गरेपछि पनि दुवै पक्षबाट व्यक्तिहत्याका घटनाहरू भए ।

यस  प्रतिवेदन-अवधिमा तत्कालीन सरकारले अध्यादेशमार्फत विभिन्न कानुन लागू गरेर प्रजातन्त्र तथा नागरिकअधिकारलाई सङ्कुचित पार्ने कार्य गर्‍यो । सरकारले मिति २०६२ असोज २३ गते सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश जारी गरी नेपाल अधिराज्यको संविधान, २०४७ एवम् नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता, छापाखाना, प्रकाशन तथा प्रशारणको स्वतन्त्रता र सूचनाको हकजस्ता मौलिक हकअधिकारलाई सङ्कुचित गर्ने कार्य गर्‍यो । सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेशका आधारमा सरकारले कान्तिपुर एफएम र सगरमाथा एफएमको कार्यालयमा रातको समयमा सुरक्षाकर्मीहरू पठाई जबरजस्ती सञ्चारसामग्रीहरू उठाएर लगी व्यक्तिको विचार र अभिव्यक्तिको स्वतन्त्रता, छापाखाना, प्रकाशन तथा प्रशारणको स्वतन्त्रता र सूचनाको हकलाई अङ्कुश लगाउने कार्य गर्‍यो । राज्यद्वारा मोबाइल टेलिफोनमा पटकपटक लगाएको रोकबाट सूचना तथा सञ्चारको अधिकार प्रभावित भयो ।

मानवअधिकार रक्षक तथा सञ्चारकर्मीहरूको अधिकारका सम्बन्धमा यो वर्ष ज्यादै चुनौतीपूर्ण रह्यो । सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरूमाथि पनि विभिन्न समयमा राज्यबाट स्वतन्त्रतापूर्वक व्यवसायसञ्चालन गर्नमा अवरोध पुर्‍याएको, शान्तिपूर्ण विरोधप्रदर्शनमा सहभागी पत्रकार तथा मानवअधिकारकर्मीलाई गिरफ्तार गरी थुनामा राखेकोको र कुटपिट गर्ने गरेको पाइयो । समाचारसङ्कलन गरिरहेका पत्रकारहरूमाथि दुर्व्यवहार गर्नुका साथै क्यामेरासमेत खोसिएको थियो । मानवअधिकारकर्मी तथा सञ्चारकर्मीहरूलाई शान्तिपूर्ण विरोधप्रदर्शन गरिरहेको अवस्थामा र निवासबाट नै गिरफ्तार गरी लामो समयसम्म हिरासतमा राख्ने कार्य भयो । राष्ट्रिय मानवअधिकार आयोग, सम्पर्क कार्यालय, जनकपुरका मानवअधिकार सहायक दयाराम परियारलाई जनकपुरको जनकचोकमा २०६२ चैत्र ११ गते प्रहरीद्वारा गोली हानी गम्भीर घाइते बनाइएकोमा उपचारका क्रममा निजको चैत्र १५ गते निधन भयो । त्यसरी निर्दोष व्यक्तिको हत्यामा संलग्न सुरक्षाकर्मीलाई हालसम्म कुनै कारवाही नगरी राज्यपक्षले दण्डहीनतालाई निरन्तरता दिइरहेको छ ।

सात राजनीतिक दल तथा नेकपा (माओवादी)को असहमतिका बाबजुद ज्यादै न्यून सहभागितामा राज्यले नगरपालिकाको निर्वाचन गर्‍यो । त्यस निर्वाचनलाई प्रमुख राजनीतिक दलहरूले अमान्य घोषणा गरे । नागरिकहरूले शान्तिपूर्ण रूपमा विरोधप्रदर्शन गर्न पाउने अधिकारमाथि प्रतिबन्ध लगाइयो । राजनीतिक दलहरूका कार्यक्रमलाई लक्षित गरी निषेधाज्ञा तथा कर्फ्यु लगाउने कार्यहरू भए । शान्तिपूर्ण आन्दोलनको क्रममा सुरक्षाकर्मीद्वारा अत्यधिक बल प्रयोग गरी १८ व्यक्ति मारिए । यसै गरी राजनीतिक दललगायत नागरिकसमाजका विभिन्न व्यक्तिलाई पक्राउ गरी थुनामा राखी लाठी, बन्दुक, अश्रुग्याँस आदिको प्रयोग गरी घाइते पारियो ।

सात राजनीतिक दल, नागरिकसमाज, नेकपा (माओवादी)लगायत आम जनसमुदायको पहलमा चैत्र २४ बाट सुरु गरिएको आमहड्ताल जनआन्दोलनमा परिणत भई सोको परिणामस्वरूप २०६३ वैशाख ११ गते राजाबाट सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा रहेको उल्लेख गर्दै प्रतिनिधिसभाको पुनर्स्थापना गर्ने घोषणा गरियो । प्रतिनिधिसभाको पुनर्स्थापनापछि बसेको संसद्ले जनआन्दोलनको मर्मअनुसार विभिन्न निर्णयहरू गर्‍यो । उक्त संसद्ले संविधानसभाको निर्वाचन गर्नेलगायतका विषयमा निर्णय गरी सशस्त्र द्वन्द्वको अन्त्यका लागि पहल गर्‍यो । विगत लामो समयदेखि देशमा चलेको सशस्त्र द्वन्द्वका अवस्थामा सरकार र माओवादी पक्षबीच भएको युद्धविराम र शान्तिवार्ता प्रक्रिया अगाडि बढिरहेको छ । सरकार र माओवादी दुवै पक्षले ऐतिहासिक जनआन्दोलनको मर्मबमोजिम शान्तिस्थापना गरी देशमा चलेको सशस्त्र द्वन्द्वको अन्त गर्न प्रतिबद्ध हुनुपर्ने देखिन्छ ।

प्रतिनिधिसभाको पुनर्स्थापनापश्चात् बसेको संसद्को बैठकबाट प्रतिनिधिसभा घोषणापत्र जारी गरियो । यसमा व्यवस्थापकीय अधिकार प्रतिनिधिसभाले प्रयोग गर्ने, कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेलगायत सेना र राजदरबारका सम्बन्धमा विभिन्न निर्णयहरू गरिए । लोकतन्त्रलाई संस्थागत गर्न र जनतालाई सार्वभौमसत्तासम्पन्न गराउने सन्दर्भमा उक्त दस्तावेज महत्त्वपूर्ण  छ ।

राष्ट्रिय मानवअधिकार आयोगले यस जटिल परिस्थितिमा मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि आफ्ना क्रियाकलापहरूलाई निरन्तरता दिएको छ । मानवअधिकारको उल्लङ्घन तथा हननका सम्बन्धमा परेका उजुरीहरूका आधारमा आयोगको स्वविवेकीय अधिकार प्रयोग गरी अगाडि बढाइएका उजुरीहरूका सम्बन्धमा आयोगले अनुसन्धान तथा अनुगमन गर्ने कार्यलाई निरन्तरता दियो । त्यस अवधिमा मानवअधिकारको स्थितिका सम्बन्धमा, कारागार, थुनुवाकेन्द्रहरूका सम्बन्धमा, पुनःगिरफ्तारको सम्भावनाका सम्बन्धमा गरी ४३७ पटक अनुगमन गऱ्यो । आयोगले सात राजनीतिक दलको आयोजना एवम् नागरिकसमाज र नेकपा (माओवादी) समेतको सहभागितामा सञ्चालित जनआन्दोलन तथा नागरिकसमाज र पार्टीहरूबाट छुट्टाछुट्टै आयोजना गरिएका विरोध कार्यक्रमहरूको पनि नियमित रूपमा अनुगमन गऱ्यो । आयोगले अनुगमनबाट प्राप्त तथ्यका आधारमा सरकारलाई अत्यधिक बल प्रयोग नगर्न र मानवअधिकारको सम्मान र संरक्षण गर्नका लागि सिफारिस गऱ्यो भने प्रदर्शनकारीहरूलाई बालबालिकाको प्रयोग नगर्न सिफारिस गऱ्यो । पक्राउ गरी थुनामा राखिएका व्यक्तिहरूलाई मानवीय व्यवहार गर्न, बिनाकारण थुनामा नराख्न, थुनामा राखिएका घाइते बिरामीहरूको स्वास्थ्योपचार गर्नका लागि समेत सरकारलाई सिफारिस गऱ्यो । मानवअधिकारको हनन भएको भनिएका १४९ घटनाको आयोगले अनुसन्धान गऱ्यो । अनुसन्धान पूरा गरी ७२ वटा घटनाका सम्बन्धमा आयोगले सरकारलाई सिफारिस गर्नुका साथै नेकपा (माओवादी) तथा अन्य सम्बद्ध पक्षलाई मानवअधिकारको सम्मान र संरक्षण गर्न आह्वान गऱ्यो । आयोगद्वारा प्रतिवेदन अवधिमा गरिएको अनुगमन, अनुसन्धान र सिफारिसको विवरण निम्नानुसार रहेको छ ।

| *अनुगमन* | | | |
|---|---|---|---|
| समग्र मानवअधिकार | पुनःगिरफ्तारी | कारागार,थुनुवाकेन्द्र सुरक्षानिकाय | जम्मा |
| १८६ | ६१ | १९० | ४३७ |

| **अनुसन्धान** | | | | | | |
|---|---|---|---|---|---|---|
| हत्या | यातना | बेपत्ता | दोहारो भिडन्त | विस्फोटन | अन्य | जम्मा |
| १०१ | १४ | १० | १४ | ८ | २ | १४९ |

**सिफारिस**

| हत्या | | | यातना | बेपत्ता | हिरासतमा मृत्यु | बोक्सीको आरोप | क्षतिपूर्ति | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| राज्य | नेकपा माओवादी | प्रतिकार समिति | | | | | | |
| ४५ | ९ | १ | ४ | ८ | १ | २ | १ | १ |

मानवअधिकार संवर्द्धनका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी आयोगले मानवअधिकारको प्रचारप्रसार गऱ्यो । यसबाट मानवअधिकारप्रति हरेक व्यक्तिलाई सचेत गराई मानवअधिकार संस्कृतिको विकास गर्न आयोग निरन्तर रूपमा क्रियाशील हुँदै आइरहेको छ । प्रतिवेदन अवधिमा आयोगले देशका विभिन्न जिल्लामा १०९ वटा भन्दा बढी गोष्ठी, तालिम तथा छलफल जस्ता प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गऱ्यो । यसबाट मानवअधिकारका बारेमा सचेतनाको अभिवृद्धि भई मानवअधिकारका सम्बन्धमा देखा परेका चुनौतीहरूको समाधान गर्न मद्धत पुग्यो ।

सरकारबाट जारी भएका कानुनहरूको पुनरावलोकन गरी सोका आधारमा सिफारिस गर्ने कार्यसमेत आयोगबाट सम्पन्न भए । आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिसमक्ष पेश गर्ने प्रयोजनका लागि सरकारबाट तयार गरिएका दोस्रो आवधिक प्रतिवेदनको मस्यौदाउपर आवश्यक रायसुझाव पठाएको थियो भने नेपालमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को कार्यान्वयनको स्थितिका सम्बन्धमा रिपोर्ट पेश गर्न मस्यौदा तयार गर्ने कार्य भइरहेको छ । आयोगले मानवअधिकारका दृष्टिकोणले अत्यन्त संवेदनशील रहेको आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको पुनरावलोकन गरी त्यसका अधिकांश प्रावधानहरू संविधान तथा नेपालपक्ष भएका मानवअधिकारसम्बन्धी

अन्तर्राष्ट्रिय सन्धिहरूको व्यवस्थासँग बाझिएको, अध्यादेशमा गरिएको आतङ्ककारी तथा विध्वंसात्मक कार्यको परिभाषा र त्यस्तो कार्य नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गरिएका प्रावधानहरू एकआपसमा समानुपातिकताको सिद्धान्तप्रतिकूल रहेको र संसदको अनुमोदनबिना उक्त अध्यादेशलाई पटकपटक जारी गर्नु संविधान तथा अन्तर्राष्ट्रिय कानुनको मापदण्डविपरीत रहेको ठहर गरी उक्त अध्यादेशलाई तत्काल खारेज गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्‍यो । त्यसै गरी मानव बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रणसम्बन्धी विभिन्न कानुन एवम् कानुनी मस्यौदाहरूको अध्ययन-पुनरावलोकन गरी सरकारसमक्ष सिफारिस पठायो ।

यस प्रतिवेदन-अवधिमा विभिन्न विषयमा २,३३१ उजुरी प्राप्त भए । प्राप्त उजुरीहरूमा सुरक्षाकर्मीबाट मारिएका, बेपत्ता पारिएका, यातना दिइएका, घम्की दिइएका आदि घटना रहेका छन् भने नेकपा (माओवादी)बाट मारिएका, अपहरण गरिएका, विस्थापित गराइएका, कुटपिट तथा दुर्व्यवहार गरिएका, सम्पत्ति कब्जामा लिइएका, धम्की दिइएकाजस्ता उजुरीहरू रहेका छन् । आयोगमा प्राप्त उजुरीहरूमध्ये ६०१ उजुरीको तामेली तथा खारेजी गरिएको छ भने ७२ उजुरीको सम्बन्धमा सरकारलाई सिफारिस गरी जम्मा ६७३ उजुरीको फछ्र्योट भएको छ । फछ्र्योट गरिएका उजुरीहरूमा विगत वर्षमा परेका उजुरीहरूसमेत रहेका छन् । जसको विवरण निम्न रुपमा प्रस्तुत गरिएको छ ।

| *आयोगमा प्राप्त उजुरी र फछ्र्योटको विवरण* | | | |
|---|---|---|---|
| *प्राप्त उजुरी सङ्ख्या* | *तामेली तथा खारेजी सङ्ख्या* | *निर्णय तथा सिफारिस* | *जम्मा फछ्र्योट सङ्ख्या* |
| *२३३१* | *६०१* | *७२* | *६७३* |

त्यस अवधिमा राष्ट्रिय मानवअधिकार आयोगले ४१ वटा बैठक बसी ३१२ वटा निर्णय गरेको छ । उक्त निर्णयहरू मानवअधिकारको संरक्षण तथा संवर्द्धनसँग सम्बन्धित रहेका छन् । यसका साथै प्रशासनिक कार्यहरू, विभिन्न नीतिगत निर्णयहरू, सरकारी प्रतिवेदनमाथि राय उपलब्ध गराउने र मानवअधिकारको उल्लङ्घन भएको देखिएका विषयहरूमा पीडित पक्षलाई क्षतिपूर्ति, पीडकलाई कानुनबमोजिम कारवाही गर्नलाई सरकारलाई सिफारिस गर्नुका साथै नेकपा (माओवादी)लगायत सम्बद्ध पक्षलाई मानवअधिकार र मानवीय कानुनको पालना गर्न आह्वान गर्नेजस्ता निर्णयहरू पनि गरिएका छन् ।

केन्द्रबाट मात्र सञ्चालित आयोगका गतिविधिहरूलाई देशका अन्य भागहरूमा समेत विस्तार गर्ने उद्देश्यले आयोगले सुरु गरेको पहुँचविस्तार-कार्यक्रमलाई निरन्तरता दिएको छ । यसअनुसार सुदूर पश्चिमाञ्चल विकासक्षेत्रको धनगढीमा आयोगको चौथो क्षेत्रीय कार्यालय र जुम्ला, रोल्पा, खोटाङ, जनकपुर र बुटवलमा सर्म्पक कार्यालय खोली कार्य प्रारम्भ भइसकेको छ । क्षेत्रीय तथा जिल्ला कार्यालयहरूबाट उजुरी-व्यवस्थापन, स्थानीय स्तरको मानवअधिकारको उल्लङ्घनका घटनाहरूको अनुसन्धान, अनुगमनकार्यहरू, चेतना अभिवृद्धि कार्यक्रम तथा स्थानीय प्रशासन, नागरिकसमाज र अन्य सम्बद्ध पक्षहरूसँग सम्बन्धविस्तार गर्नेजस्ता कार्यहरू गर्न सफल भएकोछ ।

राष्ट्रिय मानवअधिकार आयोगका क्रियाकलापहरूलाई सुव्यवस्थित ढंगले अगाडि बढाउन प्रतिवेदन-लेखन, तथा विश्लेषण, बालअधिकार, सामाजिक समावेशीकरण इकाई स्थापना गरिएको छ । यी इकाईको स्थापना पछि आयोगका प्रकासनमा बृद्धि हुनका साथै बाल अधिकार र सामाजिक समावेशीकरणको क्षेत्रमा उल्लेखनिय कार्य प्रगती भएको छ ।

आयोगमा आवश्यक कर्मचारीहरूको छनोट गरी पदपूर्ति गरिएको छ । महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गलगायत अन्य पिछडिएका वर्गलाई समावेशीकरण गर्दै जाने आयोगको नीतिबमोजिम आयोगलाई आवश्यक परेका केही मानवसंसाधनको परिपूर्ति गर्‍यो । आयोगमा रिक्त विभिन्न पदहरूमा आन्तरिक प्रतियोगिताद्वारा बढुवा-पदपूर्ति गरियो । यसरी नै केही कर्मचारीहरुलाई कार्यालयको आवश्यता अनुसार सरुवा गर्ने कार्य भयो । आयोगमा कार्यरत दुई जना अधिकृतलाई अवकाश दिइयो । एक क्षेत्रीय निर्देशक, दुई उपनिर्देशक, तीन अधिकृत तृतीय र एक लेखापालले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत गरियो । त्यसै गरी आयोगका का.मु. सचिव तथा एक उपसचिव पदाधिकार रहेको कार्यालयमा काजफिर्ता जानुभयो । आयोगबाट २००६ का लागि वार्षिक कार्यक्रमको तर्जुमा गरियो र सोको अर्धवार्षिक पुनरावलोकनसमेत गरियो।

आयोगमा सूचनाप्रविधिको पहुँच विकासमा बृहत् विकास गरिएको छ । सूचनाप्रविधि सम्बन्धि विभिन्न थप उपकरणहरू र त्यस उपकरणहरूलाई व्यवस्थित र पूर्ण सुरक्षा दिनका लागि सर्भरऱ्याक तथा १५ घण्टासम्म चल्ने ५ के.भी.को यु.पि.एस. थप गरी सर्भर २४ घण्टा नै चल्ने र कुनै अप्ठचारो सिर्जना नहुने गरी क्षेत्रीय कार्यालयहरूले पनि २४ घण्टा नै इमेल तथा अन्य सूचनासम्बन्धी सामग्रीहरू प्राप्त गर्ने व्यवस्था गर्न सफल भएको छ ।

आयोगको केन्द्रीय, विभिन्न क्षेत्रीय तथा सर्म्पक कार्यालय एवम् सम्बन्धित सम्पूर्ण पदाधिकारीहरू र कर्मचारीहरूको सुरक्षाका लागि भौतिक, वैयक्तिक, सूचनात्मक एवम् कार्यालय सुरक्षातर्फ महत्त्वपूर्ण पहल गरी सुरक्षाव्यवस्था बढी मजबुत पार्ने कार्य भएको छ ।

आयोगले नेपाल सरकारबाट प्राप्त अनुदान एवम् विभिन्न दातृ निकायबाट प्राप्त भएको सहायता छुट्टाछुट्टै खाता खोली आर्थिक प्रशासन शाखाद्वारा आर्थिक कारोबार भइरहेको छ । मानवअधिकार आयोग ऐन, २०५३ को दफा १५ बमोजिम आयोगको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागवाट हुनेछ भनिएकोले सोहीअनुसार भइरहेको छ ।

द्वन्द्वको समयमा मानवअधिकारको अवस्थाको अनुगमन गर्नका लागि आयोगमा विभिन्न दातृ निकायको सहयोगमा क्षमता विकास परियोजना, पहुँचविस्तार परियोजना, महिला तथा बालबालिका बेचबिखन/ओसारपसारविरूद्ध राष्ट्रिय समाधीक्षकको कार्यालयसम्बन्धी परियोजना र बाल अधिकार र आन्तरिक विस्थापन सम्बन्धी परियोजनाहरु संचालित रहेका छन् ।

राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने गहन जिम्मेवारी लिएको एक स्वतन्त्र एवम् स्वायत्त संस्था भए तापनि आयोगको एक्लो प्रयासले मात्र उल्लिखित जिम्मेवारी बहन गर्न सम्भव हुँदैन । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आयोगले सम्बन्ध तथा समन्वयको विकास गर्नु नितान्त आवश्यक हुन्छ । यसका लागि आयोगले राष्ट्रिय स्तरमा नेपाल सरकार, विभिन्न मन्त्रालय, विभिन्न सरकारी कार्यालय, सुरक्षा निकाय, नागरिकसमाज तथा विभिन्न गैरसरकारी सङ्घसंस्था, न्यायिक निकायसँग निरन्तर र नियमित रूपमा समन्वय गर्दै आइरहेको छ । यसरी नै आयोगले मानवअधिकारको संरक्षण तथा संवर्द्धन र आयोगको क्षमताअभिवृद्धिका लागि राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा समेत नियमित सम्बन्ध स्थापित गर्दै आइरहेको छ ।

समीक्ष्य अवधिमा द्वन्द्व झन् बढ्न गई मानवअधिकारको अवस्था ज्यादै चुनौतीपूर्ण रह्यो । विभिन्न चुनौतीको सामना गर्दै मानवअधिकार संरक्षण र संवर्द्धनका लागि ऐनद्वारा प्रदत्त दायित्व वहन गर्ने क्रममा आयोगले केहि महत्वपूर्ण उपलब्धि समेत हासिल गर्न सफल भएको छ ।

आयोगले मानवअधिकारको अवस्थाका बारेमा देशका विभिन्न भागमा अनुसन्धान तथा अनुगमन गऱ्यो । देशका विभिन्न जिल्लामा गरेको अनुसन्धान तथा अनुगमनबाट प्राप्त मानव अधिकार उलंघन भएको तथ्यका आधारमा सरकारलाई सिफारिस गऱ्यो । यसबाट मानवअधिकार स्थितिमा सुधार आएको र नेकपा (माओवादी)बाट भएका ज्यादतीका घटना उजागर गरी मानवअधिकारका सिद्धान्तको सम्मान गर्न र मानवीय कानुनको पालना गर्न नैतिक दबाउ सृजना गर्ने कार्य भयो । बेपत्ता र अपहरणसम्बन्धी स्थिति सार्वजनिक गर्ने कार्यमा सुधार भएको छ । सुरक्षाकर्मीद्वारा वेपत्ता पारिएका हरि प्रसाद वोलखेको फरेन्सिक विशेषज्ञसहितको टोलीले शव उत्खनन गरी परीक्षण गर्दा उक्त शव निज बोलखेको नै भएको यकिन भयो ।

मानवअधिकारको प्रभावकारी संरक्षण र संवर्द्धनका लागि प्रचलित कानुनहरूको पुनरावलोकन गरी तयार पारिएका प्रतिवेदनहरू आयोगले सरकारसमक्ष पठायो । पठाइएका सिफारिसहरू नयाँ कानुनहरू बनाउने, खारेज वा संशोधन गर्ने र कतिपय प्रचलित कानुनहरूको उचित कार्यान्वयन गर्ने सम्बन्धमा उपयोगी सिद्ध भए ।

आयोग अन्तर्राष्ट्रिय समन्वय समितिको सदस्यमा पुनः नियुक्त हुन सफल भएको छ । महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गलगायत अन्य पिछडिएका वर्गलाई समावेशीकरण गर्दै जाने आयोगको नीतिबमोजिम आयोगलाई आवश्यक परेका केही मानवसंशाधनको परिपूर्ति गरेको छ ।

आयोगले शान्तिप्रक्रियाका लागि मानवअधिकार तथा मानवीय कानुन पालना गर्ने सम्झौतापत्रको मस्यौदा र नेपाल सरकार तथा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच हुने युद्धविराम-सम्झौताको मस्यौदा हस्ताक्षर गर्ने प्रयोजनका लागि २०६३ जेष्ठ १० गते सरकार र नेकपा (माओवादी)लाई उपलब्ध गरायो ।

समीक्ष्य अवधिमा आयोगले विभिन्न प्रकारका चुनौती तथा कठिनाइहरू महसुस गरेको छ । बेपत्ता परिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गरी तिनको अवस्था पत्ता लगाउने कार्यमा अधिंकाश बेपत्ता पारेर बन्दी बनाइएका व्यक्तिलाई लुकाउने तथा त्यस्ता व्यक्तिलाई पक्राउ नै नगरेको भन्ने जानकारी सुरक्षा निकायबाट दिने, बन्दी रहेको स्थानको सप्रमाण जानकारी दिँदा पनि त्यसलाई सुरक्षा निकायले वेवास्ता गर्ने गरेकाले स्थिति पत्ता लगाउन कठिनाइ उत्पन्न भएको महसुस गरियो ।

दोस्रो कार्यकालको पहिलो वर्ष भएकोले आयोगको काम, कर्तव्य र शैलीका बारेमा आयोगका पदाधिकारीले बुझ्नुपर्ने भएकोले पनि सुरुको अवस्थामा काम गर्न केही कठिनाइ भयो । साथै आयोगको नियुक्ति प्रकृयामा राष्ट्रिय स्तरका गैर सरकारी संघ संस्थाले विरोध जनाएकाले आयोगको मानव अधिकार संरक्षण गर्ने कार्यमा समन्वय गरी कार्य गर्न अप्ठेरो महसुस गर्नु पर्‍यो ।

सुरक्षाकर्मीद्वारा अदालतको परिसर तथा कहिले बन्दीगृहको ढोकाबाट पुनः स्वेच्छाचारी रूपमा पक्राउ गर्ने कार्यलाई तुरून्त बन्द गर्न आयोगले पटकपटक गरेको सिफारिसलाई सरकारबाट पालना नगरिदा न्यायिक निकायको अवहेलना हुन गई व्यक्तिको स्वतन्त्रतामा आघात पुग्यो । यसरी आयोगको सफारिसलाई वेवास्ता गरी मानवअधिकारको उल्लङ्घन हुनु आयोगका लागि अर्को चुनौती भएको छ ।

आयोगको निर्णय तथा सिफारिसलाई राज्यबाट यथासमयमा कार्यान्वयन नहुनाले मानवअधिकार संरक्षणको कार्यमा निकै बाधा उत्पन्न भएको छ । आयोगले मानवअधिकारको संरक्षणका लागि सरकारसमक्ष गरेका कतिपय सिफारिसहरू कार्यान्वयन गर्ने लिखित प्रतिबद्धता प्राप्त भए पनि सो कार्यान्वयन नहुनु मुख्य चुनौतीका रूपमा रहेको छ । नेकपा (माओवादी)ले पनि मानवअधिकारको सम्मान र मानवीय कानुनको पालना गर्न आयोगले बारम्बार गरेको अनुरोधलाई बेवास्ता गर्नाले मानवअधिकारको प्रचलनमा बाधा उत्पन्न भइरहेको छ ।

प्रचलित कानुनहरूको पुनरावलोकन गरी तयार पारिएका प्रतिवेदनहरूका आधारमा आयोगले सरकारसमक्ष पठाएका सिफारिसहरू नयाँ कानुनहरू बनाउने, खारेज वा संशोधन गर्ने र कतिपय प्रचलित कानुनहरूको उचित कार्यान्वयन नगरिनु पनि चुनौतिको रुपमा रहेको छ ।

प्रशासन तथा सुरक्षा निकायद्वारा अनुसन्धानका क्रममा आयोगबाट जानकारी माग गरिएका विषयहरूमा सोको Response गर्ने गरेको भए तापनि सोसम्बन्धमा कतिपय अवस्थामा यथार्थ विवरण नपठाउनाले अनुसन्धान कार्यमा कठिनाइ हुने गरेको छ । राज्यका तर्फबाट भएका गैरन्यायिक हत्या, यातना, बेपत्ता, राजनीतिक बन्दीका सम्बन्धमा गरेको अधिकांश सिफारिसहरू कार्यान्वयन नहुनाले पीडित तथा पीडितको परिवारले क्षतिपूर्ति प्राप्त गर्न सकेका छैनन् । यसका साथै पीडकलाई सजाय दिलाउने कार्यमा कठिनाइ हुने गरेको पाइन्छ ।

# परिच्छेद एक

## मानवअधिकारको स्थिति

राष्ट्रिय मानवअधिकार आयोगमा पर्न आएका उजुरीहरू र आयोगले विभिन्न समयमा गरेको अनुगमनका आधारमा आर्थिक वर्ष २०६२/०६३ मा पनि मानवअधिकारको अवस्था चुनौतीपूर्ण नै रहेको छ । त्यस अवधिको सुरुमा मानवअधिकारको स्थितिका सम्बन्धमा ज्यादै निराशाको अवस्था देखिए तापनि पछिल्ला दिनमा राम्रा आशाका किरणहरू देखा परे । देशमा विगत ११ वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको अन्त्य भई शान्तिस्थापना हुने आशा पलाएको छ । यस प्रतिवेदन-अवधिका सुरुका दिनमा राज्य तथा माओवादी दुवै पक्षले लिखित तथा मौखिक रूपमा मानवअधिकार तथा मानवीय कानुनप्रति प्रतिबद्धता देखाएको भए तापनि व्यवहारमा आफ्ना प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न नसकेको हुँदा मानवअधिकारको उल्लङ्घन र ज्यादतीका घटनाहरू बढे ।

नेकपा (माओवादी) र संस्थापनबीचको सशस्त्र द्वन्द्व प्रारम्भमा दुई पक्षीय थियो । मुलुकमा राजाको प्रत्यक्ष शासन सुरु भएपछि सात राजनीतिक दलहरू पनि लोकतन्त्रको बहालीका लागि आन्दोलनरत भए । यसबाट देशमा चलेको द्वन्द्व त्रिकोणात्मक भयो । सशस्त्र द्वन्द्व तथा सरकारको विरोध र लोकतन्त्र बहालीका लागि सञ्चालित शान्तिपूर्ण आन्दोलनका कारण यस अवधिमा मानवअधिकारको अवस्था ज्यादै चुनौतीपूर्ण रह्यो ।

यस अवधिमा इलामको सदरमुकाम, झापाको बिर्तामोड, उदयपुरको गाईघाट, धनकुटाको सदरमुकाम, सर्लाहीको मलंगवा,, सिन्धुपाल्चोकको चौतारा, काभ्रेपलाञ्चोकको छत्रेबाँझ तथा पनौती, काठमाडौँको थानकोट, भक्तपुरको दधिकोट, नवलपरासीको सुनौल, रूपन्देहीको बुटवल, पाल्पाको बहादुरपुर, कालिकोटको पिली आदि स्थानमा नेकपा (माओवादी)ले सुरक्षाक्याम्प तथा सदरमुकाममा आक्रमण गऱ्यो । उक्त आक्रमणमा १४१ भन्दा बढी व्यक्ति मारिए भने १२० भन्दा बढी घाइते भए ।[१]

यस अवधिमा सिन्धुपाल्चोक जिल्लाको कुञ्चोक गा.वि.स., महेन्द्र राजमार्गअन्तर्गत पर्ने कपिलवस्तु जिल्लाको शिवपुर गा.वि.स, सुनवल–परासी सडकखण्डको स्वाँठी भन्ने स्थानमा नेकपा (माओवादी) द्वारा बिछ्याइएका बमविष्फोटनमा परी १६ जनाको मृत्यु भयो ।[२] त्यसै गरी सुरक्षाकर्मीले सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा, स्याङ्जा तथा तनहुँको बीचमा र अर्घाखाँची तथा पाल्पाको सीमाक्षेत्रमा गरेको कारवाहीमा परी सर्वसाधारणको समेत मृत्यु भयो ।

त्यसै गरी सुरक्षाकर्मीबाट नागरिकलाई पक्राउ गर्ने, बेपत्ता पार्ने, पक्राउ गरिएका व्यक्तिलाई मार्नेजस्ता कार्य भइ नै रहे । राज्यपक्षबाट नागरिकहरूलाई समात्न वा पक्राउ गर्न सक्ने परिस्थिति हुँदाहुँदै पनि विभिन्न व्यक्तिको हत्या भयो । सुरक्षाकर्मीबाट “प्रतिरक्षाका लागि गरिएको कारवाही”, “भाग्न वा उम्कन खोजेको”, “दोहोरो भिडन्त” आदि नाममा सर्वसाधारण नागरिकलाई मार्ने काम भयो । झापामा मारिएकी रमा अधिकारी, नगरकोटको घटना र मोरङको बेलबारीमा सुरक्षाकर्मीले सर्वसाधारणलाई मारेको घटनाका सम्बन्धमा नेपाली सेनाले जिम्मेवारी लिए तापनि अन्य व्यक्तिलाई मारेको घटनाका सम्बन्धमा जिम्मेवारी लिएको देखिँदैन ।

[१] आयोगबाट विभिन्न समयमा गरिएका अनुगमन तथा अनुसन्धान प्रतिवेदनमा आधारित

[२] ऐ.ऐ.

सुरक्षाकर्मीबाट नागरिकलाई पक्राउ गरी बेपत्ता पार्ने, अदालतको आदेशमा छुटेका अवस्थामा पनि तत्कालै पुनःगिरफ्तार गर्ने कार्य भए । पुनःगिरफ्तारी गरिएका घटनाको आयोगले तत्काल अनुगमन गर्ने र कतिपय अवस्थामा आयोगको गाडीमा नै राखी उद्धार गर्ने गरेपश्चात् यस किसिमका घटनामा केही सुधार आए । सुरक्षाकर्मीबाट नागरिकलाई स्वैच्छाचारी रूपमा पक्राउ गर्ने गरिए तापनि अधिकांश व्यक्तिका सम्बन्धमा तत्काल वा केही समयपछि आयोगलाई जानकारी गराउने गरेका पाइए ।

तत्कालीन शाही नेपाली सेनाका एक जवानबाट नगरकोटमा ११ जना र सेनाबाटै मोरङको बेलबारीमा सपना गुरुङसहित ६ जना गरी १८ जना मारिए । नगरकोटको घटनामा संलग्न सेनाका जवानको पनि मृत्यु भयो ।

नेकपा (माओवादी)ले सर्वसाधारणलाई विभिन्न कार्यक्रममा जबरजस्ती सहभागी गराउने, आफ्नो पार्टीको पूर्णकालीन कार्यकर्ता बनाउने र विभिन्न आरोपमा कारवाही गर्ने अपहरण तथा कब्जा गर्ने कार्यलाई निरन्तरता दियो । त्यसरी कब्जा गरिएका व्यक्ति मारिएकासमेत पाइए । नागरिकलाई विस्थापित गराउने, सम्पत्ति कब्जा गर्ने, जबरजस्ती चन्दा असुलउपर गर्ने र व्यक्तिलाई धम्की दिने, विकासनिर्माणका कार्यमा अवरोध पुऱ्याउने, बालबालिकालाई विभिन्न बहानामा बालसैन्यमा प्रयोग गर्नेजस्ता कार्यहरू गरी नेकपा ( माओवादी) ले विभिन्न समयमा व्यक्त गरेका प्रतिबद्धताअनुरूप कार्य गरेन । यसबाट मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना हुन सकेको पाइएन ।

यस प्रतिवेदन-अवधिमा नेकपा (माओवादी) का तर्फबाट करिब सात महिना र सरकारपक्षबाट करिब तीन महिनाका लागि युद्धविराम गरिए । यसबाट शान्ति प्रक्रियाका लागि प्रयासको थालनी भएको देखिन्छ । नेकपा ( माओवादी)ले २०६२ साल भाद्र १८ गतेदेखि लागू हुने गरी तीनमहिने एकतर्फी युद्धविराम गऱ्यो । पछि एक महिनाका लागि थप गरी चार महिनाका लागि गरिएको युद्धविरामका अवधिमा पनि नेकपा (माओवादी) र सरकार, दुवैतर्फबाट मानवअधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरू भए । युद्धविरामका अवधिमा पनि व्यक्तिको जीवनको अधिकार, स्वतन्त्रता तथा सुरक्षाको अधिकार, सूचना तथा सञ्चारको अधिकार, आफ्नो वासस्थानको अधिकार, यातना अमानवीय तथा अपमानजनक व्यवहारविरुद्धको अधिकार, शिक्षा, स्वास्थ्य, पेशा व्यवसाय, सांस्कृतिक अधिकार र महिला तथा बालअधिकार समेत हनन भए । दोहोरो भिडन्त तथा व्यक्तिहत्याका घटनामा केही कमी आए तापनि मानवअधिकार हननका अन्य घटनामा माओवादी र सरकार दुवै पक्ष संवेदनशील हुन सकेको पाइएन । चैत्र २४ बाट सुरु भएको जनआन्दोलनको सफलतापछि नेकपा ( माओवादी)ले २०६३ वैशाख १३ गतेबाट तीन महिनाका लागि र नेपाल सरकारले २०६३ वैशाख २० गतेबाट युद्धविरामको घोषणा गऱ्यो ।

नेकपा (माओवादी)ले युद्धविरामको घोषणा गरेपछि मिति २०६३।२।१३ गते चितवन जिल्ला जगतपुर ६ का प्रेमबहादुर ठोकरको, २०६३।२।२७ गते सिन्धुपाल्चोक जिल्लाको ठूलोपाखर गा.वि.स. ३ का विशाल लामाको, २०६२ जेष्ठ ८ गते रौतहट जिल्ला वसन्तपट्टी ६ का दाजुभाइ श्यामसुन्दर र शम्भु सहनीलाई अपहरण गरी हत्या गऱ्यो । त्यसै गरी मिति २०६३।२।२७ मा जिल्ला सुर्खेत लेखगाउँ ४ का मानबहादुर कार्कीलाई अपहरणपछि यातना दिई हत्या गरेको भन्ने सम्बन्धमा आयोगमा उजुरी परेको थियो । साथै नेकपा ( माओवादी)का कार्यकर्ताले जबरजस्ती चन्दा असुलउपर गर्ने, विभिन्न व्यक्तिलाई कब्जामा लिने, जनअदालतमा

उपस्थित गराउने, तारेखमा राख्नेजस्ता कार्यलाई समेत निरन्तरता दिए । यद्यपि द्वन्द्वलाई शान्तिपूर्ण रूपमा समाधान गर्न सरकार र नेकपा (माओवादी) दुवै पक्ष जिम्मेवार हुँदै गइरहेको देखिन्छ ।

त्यस अवधिमा तत्कालीन सरकारले अध्यादेशमार्फत विभिन्न कानुन लागू गरेर प्रजातन्त्र तथा नागरिकअधिकारलाई सङ्कुचित पार्ने कार्य गऱ्यो । सरकारले मिति २०६२ असोज २३ गते 'सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश' जारी गरी नेपाल अधिराज्यको संविधान, २०४७ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता, छापाखाना, प्रकाशन तथा प्रशारण र सूचनाको हकजस्ता मौलिक हकअधिकारलाई सङ्कुचित गर्ने कार्य गऱ्यो । सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेशका आधारमा सरकारले कान्तिपुर एफएम र सगरमाथा एफएमको कार्यालयमा रातको समयमा सुरक्षाकर्मी पठाई जबरजस्ती सञ्चारसामग्रीहरू उठाएर लग्यो । यसबाट व्यक्तिको विचार र अभिव्यक्तिको स्वतन्त्रता, छापाखाना, प्रकाशन तथा प्रशारणको स्वतन्त्रता र सूचनाको हकलाई अङ्कुश लगाउने कार्य भयो । राज्यद्वारा मोबाइल टेलिफोनमा पटकपटक लगाएको रोकबाट पनि सूचना तथा सञ्चारको अधिकार प्रभावित भयो ।

सात राजनीतिक दल तथा नेकपा (माओवादी)को असहमतिका बाबजुद ज्यादै न्यून सहभागितामा राज्यले नगरपालिकाको निर्वाचन गऱ्यो । उक्त निर्वाचनलाई प्रमुख राजनीतिक दलहरूले अमान्य घोषणा गरे । त्यस अवधिमा राजनीतिक अधिकार पनि कटौती भए । नागरिकले शान्तिपूर्ण रूपमा विरोधप्रदर्शन गर्न पाउने अधिकारमाथि प्रतिबन्ध लगाइयो । राजनीतिक दलहरूका कार्यक्रमलाई लक्षित गरी निषेधाज्ञा तथा कर्फ्यु लगाउने कार्य भयो । उक्त अवधिमा शान्तिपूर्ण आन्दोलन गरिरहेका व्यक्तिमाथि अत्यधिक बलप्रयोग गरियो । राजनीतिक दललगायत नागरिकसमाजका विभिन्न व्यक्तिलाई पक्राउ गरियो, थुनामा राखियो, लाठी बन्दुक अश्रुग्याँस आदिको प्रयोग गरी व्यक्तिहरूलाई घाइते पारियो । १८ जना व्यक्ति शान्तिपूर्ण आन्दोलनका क्रममा मारिए । त्यस आन्दोलनभन्दा अगाडि मारिएका ३ जना समेत २१ जनालाई सरकारले सहिद घोषणा गऱ्यो ।

मानवअधिकार रक्षक तथा सञ्चारकर्मीहरूका लागि यो वर्ष ज्यादै चुनौतीपूर्ण रह्यो । सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरूलाई विभिन्न समयमा राज्यबाट स्वतन्त्रतापूर्वक व्यवसायसञ्चालन गर्न अवरोध पुऱ्याइयो । शान्तिपूर्ण विरोधप्रदर्शनमा सहभागी भएका पत्रकार तथा मानवअधिकारकर्मीलाई गिरफ्तार गरी थुनामा राखेर कुटपिट गरेको पाइयो । समाचारसङ्कलन गरिरहेका पत्रकारहरूमाथि दुर्व्यवहार गर्नुका साथै तिनका क्यामेरासमेत खोसिए । मानवअधिकारकर्मी तथा सञ्चारकर्मीलाई शान्तिपूर्ण विरोधप्रदर्शन गरिरहेका अवस्थामा तथा निवासबाट नै गिरफ्तार गरी लामो समयसम्म हिरासतमा राख्ने कार्य भए । राष्ट्रिय मानवअधिकार आयोग, सम्पर्क कार्यालय, जनकपुरका मानवअधिकार सहायक दयाराम परियारलाई जनकपुरको जनकचोकमा २०६२ चैत्र ११ गते प्रहरीद्वारा गोली हानी गम्भीर घाइते बनाइएकोमा उपचारका क्रममा निजको चैत्र १५ गते निधन भयो । त्यसरी निर्दोष व्यक्तिको हत्यामा संलग्न सुरक्षाकर्मीलाई हालसम्म कुनै कारवाही नगरी राज्यपक्षले दण्डहीनतालाई निरन्तरता दिएको छ ।

सात राजनीतिक दल, नागरिकसमाज, नेकपा (माओवादी)लगायत आम जनसमुदायको पहलमा चैत्र २४ बाट सुरु गरिएको आमहड्ताल जनआन्दोलनमा परिणत भई सोको परिणामस्वरूप २०६३ वैशाख ११ गते राजाबाट सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा रहेको उल्लेख गर्दै प्रतिनिधिसभा पुनर्स्थापना गरिएको घोषणा

गरियो । प्रतिनिधिसभाको पुनर्स्थापनापछि बसेको संसद्ले जनआन्दोलनको मर्मअनुसार संविधानसभाको निर्वाचन गर्नेलगायतका विभिन्न विषयमा निर्णय गरी सशस्त्र द्वन्द्वको अन्त्यका लागि पहल गर्दै आइरहेको छ । विगत लामो समयदेखि देशमा चलेको सशस्त्र द्वन्द्वको अवस्थामा सरकार र माओवादीपक्षबीच भएका युद्धविराम र शान्तिवार्ता प्रक्रिया अगाडि बढिरहेको अवस्था विद्यमान छ । सरकार र माओवादी दुवै पक्षले ऐतिहासिक जनआन्दोलनको मर्मबमोजिम शान्तिस्थापना गरी देशमा चलेको सशस्त्र द्वन्द्वको अन्त गर्न प्रतिबद्ध हुनुपर्ने देखिन्छ ।

प्रतिनिधिसभाको पुनर्स्थापनापश्चात् बसेको संसद्को बैठकले प्रतिनिधिसभा घोषणापत्र जारी गर्‍यो । त्यस घोषणापत्रमा व्यवस्थापकीय अधिकार प्रतिनिधिसभाले प्रयोग गर्ने, कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेलगायत सेना र राजदरबारका सम्बन्धमा विभिन्न निर्णयहरू थिए । लोकतन्त्रको संस्थागत विकास गर्न र जनतालाई सार्वभौमसत्ता सम्पन्न गराउन उक्त दस्तावेज महत्वपूर्ण रहेको छ ।

# परिच्छेद दुई

## आयोगको संरक्षण, संवर्द्धन र विधि विषय परामर्श सम्बन्धी क्रियाकलापहरू

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि आफ्ना क्रियाकलापलाई निरन्तरता दिँदै आइरहेको छ । त्यस अवधिमा मानवअधिकारको अवस्था, संरक्षण र संवर्द्धनका लागि आयोगले गरेका कार्यका बारेमा यस परिच्छेदमा क्रमशः चर्चा गरिएको छ ।

### २.१ मानवअधिकारको संरक्षणसम्बन्धी कार्य

### २.१.१ जीवनको अधिकार

क) हत्या

नेपालमा सशस्त्र द्वन्द्वको सुरुआत भएदेखि असार १६ (जुन २००६) सम्ममा राज्यपक्षबाट ८,३३६ र नेकपा (माओवादी)बाट ४,९२० गरी कुल १३,२५६ व्यक्ति मारिए ।[३] द्वन्द्वका कारण उक्त अवधिमा मानिसको बाँच्न पाउने अधिकार व्यापक रूपमा हनन भए । जुलाइ २००५ देखि जुन २००६ सम्म एक वर्षको अवधिमा पनि राज्यपक्षबाट ४४२ र नेकपा (माओवादी) पक्षबाट ३९१ गरी कुल ८३३ व्यक्ति मारिए ।[४] त्यस अवधिमा नेकपा (माओवादी)बाट २०६२ साल भदौ १८ गते देखि ४ महिनाका लागि लामो एकपक्षीय युद्धविरामको घोषणा भयो । त्यस अवस्थामा समेत मानवअधिकारको हनन भयो । शान्तिपूर्ण रूपमा गरिएको जनआन्दोलनका क्रममा भएका प्रदर्शनमा सुरक्षाकर्मीको गोलीप्रहार तथा दमनबाट १८ जना मारिए । सात राजनीतिक दल र नेकपा (माओवादी)बीच भएको सहमतिअनुरूप सम्पन्न जनआन्दोलनको सफलतापश्चात् नेपाल सरकार र नेकपा (माओवादी)ले गरेका युद्धविरामको अवधिमा समेत व्यक्तिहत्याको क्रम पूर्णतः रोकिएको पाइएन । त्यस अवधिमा मानिसको बाँच्न पाउने नैसर्गिक अधिकारको हनन गर्न सुरक्षाकर्मी, नेकपा (माओवादी) र अन्य समूहसमेत संलग्न रहेका पाइए ।

आयोगबाट गरिएको अनुगमन तथा अनुसन्धानका आधारमा विभिन्न स्थानमा भएको दोहोरो भिडन्तमा १४१ भन्दा बढी व्यक्ति मारिए भने १२० जनाभन्दा बढी व्यक्ति घाइते भए । त्यसै गरी विभिन्न स्थानमा भएको विष्फोटनमा परी १६ जनाभन्दा बढी व्यक्ति मारिए भने प्रतिकार समूहका नाममा १३ जना मारिए । त्यस अवधिमा मारिएका २१ जना र त्यसअगाडिका वर्षमा मारिएका ११५ जनाका विषयमा आयोगले अनुसन्धान गऱ्यो ।

त्यसै गरी सुरक्षाकर्मीले सिन्धुपाल्चोकको ठोकर्पा, स्याङ्जा र तनहुँको बीचमा गरेको सैन्यकारवाहीमा १८ जना व्यक्ति मारिए ।

**राज्यपक्ष**

राज्यपक्षबाट मारिएका घटनामा सुरक्षाघेरा तोडी भाग्न खोजेको, गस्तीमा गइरहेको सुरक्षाफौजलाई देखी भागेको, सुरक्षाफौजले नभाग्न चेतावनी दिँदादिँदै पनि अटेर गरी भागेकोले प्रतिकारात्मक कारवाहीमा परेको, विष्फोटक पदार्थ तथा अन्य प्रमाणहरू बरामद भएकोजस्ता जवाफ प्राप्त भएका देखिन्छन् । दोहोरो भिडन्त

---

[३] www.inseconline.org

[४] www.inseconline.org

नभए पनि भएको, व्यक्तिलाई पक्राउ गरी सुरक्षाकर्मीको अपरेसनमा लामो समयसम्म सुराकीका रूपमा प्रयोग गरेको र अन्तमा सुरक्षाघेरा तोडी भाग्न खोजेको, चन्दा असुलिरहेको अवस्थामा कारवाहीमा परेको, अपरेसनमा माओवादीको आरोपमा कारवाही गरिएको भन्नेजस्ता जवाफ राज्यपक्षबाट प्राप्त भएका देखिन्छन् ।
त्यस प्रतिवेदन-अवधिमा राज्यपक्षबाट मारिएका २१ व्यक्तिका सम्बन्धमा आयोगले अनुसन्धान गऱ्यो । त्यसै गरी गत चैत्र र वैशाख महिनामा भएको जनआन्दोलनका क्रममा १८ जना मारिए ।

यसै गरी भक्तपुर जिल्लाको नगरकोटस्थित कालिकामन्दिरमा गाउँलेसँग भएको सामान्य भनाभनका कारण तत्कालीन शाही नेपाली सेनामा कार्यरत सिपाही वासुदेव थापाले ११ जना निहत्था गाउँलेको हत्या गरे भने २०६२ साल चैत्र ११ गते जनकपुरमा प्रहरीले बिनाकारण गोली चलाउँदा राप्रपा कार्यकर्ता रामचन्द्र यादवको घटनास्थलमा तत्काल मृत्यु भयो र आयोगका जनकपुर सम्पर्क कार्यालयका मानवअधिकार सहायक दयाराम परियारको चार दिनपछि उपचारका क्रममा मृत्यु भयो । मोरङको बेलबारीमा एक स्थानीय महिला सपना गुरुङलाई सुरक्षाकर्मीले मारेको घटनाको विरोधमा भएको प्रदर्शनमा सुरक्षाकर्मीले गोली चलाउँदा थप ६ जना सर्वसाधारणको मृत्यु भयो । यसरी राज्यपक्षबाट छानबिन तथा जाँचबुझबिना नै शक्तिको दुरुपयोग गरी मानिसको बाँच्न पाउने अधिकार कुण्ठित गरियो ।

### नेकपा (माओवादी)

नेकपा (माओवादी)ले सर्वसाधारण, निहत्था सुरक्षाकर्मी, निजका परिवार, सर्वसाधारण यात्रा गर्ने यात्रुवाहक बसमा एम्बुसविष्फोटन गरायो ।, नेकपा (माओवादी)बाट जथाभावी बम तथा विष्फोटक पदार्थहरू छाडिएका कारण बालबालिकाले खेलाउँदा भएका विष्फोटन, जमिन, तथा खेतबारी र जङ्गलमा छाडिएका बमविष्फोटन, सुरक्षाचौकीमाथि गरिएका आक्रमण, जिल्लाका सदरमुकाममा भएका आक्रमणबाट सर्वसाधारण व्यक्तिका हत्या भए । नेकपा (माओवादी)ले अपहरण गरी कब्जामा राखिएका व्यक्तिको मृत्यु कब्जामा रहेकै अवस्थामा समेत भए । धनुषाको जनकपुर नगरपालिका प्रमुखमा उमेद्वारी दिने भनेका विजयलाल दास, मोरङको विराटनगर उपमहानगरपालिकाको वडासदस्य पदमा निर्विरोध निर्वाचित भएका त्रिवेणी माझी र निजका साथी दीप गुरुङलाई गोलीप्रहार गरी हत्या गरेको पाइयो । यसका साथै ललितपुर जिल्लाको ललितपुर उपमहानगरपालिकाको प्रमुखमा उमेदवारी दिएका दलबहादुर राईलाई गोलीप्रहार गरी गम्भीर घाइते बनाइयो । नेकपा (माओवादी)ले गरेको एकतर्फी युद्धविरामका अवधिमा र राज्य तथा माओवादी दुवै पक्षले गरेको युद्धविरामका अवधिमा पनि व्यक्तिहत्याका घटना निरन्तर रूपमा भए । जनआन्दोलनपश्चात् गरिएको युद्धविरामका अवधिमा समेत सिन्धुपाल्चोकका विशाल लामा, चितवनका प्रेमबहादुर ठोकर, रौतहट वसन्तपट्टी ६ का दाजुभाइ श्यामसुन्दर सहनी र शम्भु सहनीलाई अपहरण गरी मारियो । त्यसै गरी सुर्खेत जिल्ला लेखगाउँ ४ का मानबहादुर कार्कीलाई अपहरण गरी यातना दिई हत्या गरियो भनी आयोगमा उजुरी परेको थियो । त्यस अवधिमा नेकपा (माओवादी)बाट पनि व्यक्तिले स्वतन्त्रतापूर्वक जीउन पाउने अधिकारको उल्लङ्घन भयो ।

### अन्य पक्ष

त्यस अवधिमा प्रतिकार समितिका नाममा मकवानपुर, बाँके, रूपन्देही र कपिलवस्तु जिल्लामा १३ जना मारिए भने अज्ञात समूहबाट समेत व्यक्तिहत्याका घटना भए ।
त्यस अवधिमा जीवनको अधिकार (हत्या) सम्बन्धी आयोगमा पर्न आएका उजुरी र कार्यान्वयनको अवस्थासम्बन्धी विवरण निम्नानुसार छ :

तालिका नं १

जीवनको अधिकार-हननका सम्बन्धमा परेका उजुरी र कार्यान्वयनका विवरण

| क. सं. | आरोपित पक्ष | उजुरी सङ्ख्या | तामेली | खारेजी | निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राज्यपक्ष | १३२ | ० | ० | ४५ | |
| २ | माओवादी | ६० | ० | ० | ९ | |
| ३ | अन्य/अज्ञात | २५ | ० | ० | १ | |
| | जम्मा | २१७ | | | ५५ | |

आयोगमा पर्न आएका उजुरीलाई हेर्ने हो भने मानवअधिकारअर्न्तगत जीवनको अधिकारको हनन गर्नेमा राज्यपक्ष नै अगाडि रहेको देखिन्छ । त्यस अवधिमा राज्यपक्षबाट जीवनको अधिकार उल्लङ्घन गरेको सम्बन्धमा १३२ उजुरी पऱ्यो । सोही अवधिमा नेकपा (माओवादी) पक्षबाट जीवनको अधिकारको उल्लङ्घन गरेको विषयमा ६० उजुरी आयोगमा पऱ्यो । त्यसै गरी अन्य तथा अज्ञात पक्षका विरुद्धमा २५ उजुरी परे । उल्लिखित उजुरीहरू यस वर्ष घटेका घटनाका मात्र नभई विगतमा घटेका घटनाका सम्बन्धमा पनि थिए । उल्लिखित उजुरीका आधारमा जीवनको अधिकारको उल्लङ्घन गर्नेमा नेकपा (माओवादी) भन्दा राज्यपक्ष अगाडि रहेको देखिन्छ । आयोगमा प्राप्तमध्ये अनुसन्धानकार्य पूरा गरी ५५ वटा उजुरीका सम्बन्धमा सरकारलाई सिफारिस गरियो ।

आयोगद्वारा त्यस अवधिमा हत्याका सम्बन्धमा ५५ वटा घटनाको अनुसन्धान पूरा गरी सरकारलाई सिफारिस गरियो । त्यसमध्ये २ वटा घटनाका सम्बन्धमा मात्र क्षतिपूर्ति उपलब्ध गराइएको जानकारी प्राप्त भयो । सो क्षतिपूर्ति पनि आयोगले सिफारिस गरेअनुसार दिइएन । उल्लिखित सिफारिसमध्ये ९ वटा नेकपा (माओवादी) पक्षसँग सम्बन्धित थिए । नेकपा (माओवादी) पक्षबाट पनि आयोगद्वारा जारी विज्ञप्ति तथा आग्रहको पालना गर्ने तत्परता देखाएको पाइएन ।

राज्य, नेकपा (माओवादी) अथवा अन्य जुनसुकै पक्षबाट भएका व्यक्तिहत्याका घटनाले नेपाल अधिराज्यको संविधान, २०४७ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र जेनेभा महासन्धि, १९४९ को साझाधारा ३ को विपरीत व्यक्तिको बाँच्न पाउने अधिकारका हनन भए । नागरिकको मानवअधिकारको संरक्षणलाई सुनिश्चित गर्नु राज्यको दायित्वभित्र पर्दछ । यसमा राज्य दायित्ववहन गर्ने कार्यबाट विमुख हुन मिल्दैन । त्यसै गरी नेकपा (माओवादी)बाट पनि विभिन्न मितिमा प्रेस-विज्ञप्तिमार्फत जेनेभा महासन्धिहरू, १९४९ को साझाधारा ३ मा भएका व्यवस्थाहरू पालना गर्ने प्रबिद्धता व्यक्त गरेकोले सोबमोजिम मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान तथा पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।

**ख) धम्की**

मानिसले मानिस भएर जीवनयापन गर्न पाउने अधिकार छ । यसमाथि विभिन्न व्यक्ति तथा निकायबाट गरिएको धम्कीपूर्ण कार्यले व्यक्तिका विभिन्न अधिकार प्रभावित हुन्छन् । खास गरी मुलुकमा विगत १२ वर्षदेखि

चलेको सशस्त्र द्वन्द्वका कारण व्यक्तिहरूले धम्कीपूर्ण व्यवहारको सामना गर्नुपरिरहेको छ । विशेषतः सुरक्षाकर्मी र माओवादीपक्षबाट यस प्रकारका घटना बढी घटाइएका छन् । धम्कीपूर्ण कार्यले गर्दा नागरिकहरू विस्थापित जीवन बिताउन बाध्य भइरहेका छन् । त्यस अवधिमा धम्कीसम्बन्धमा १२४ वटा उजुरी दर्ता भए । तीमध्ये सरकारपक्षबाट भएको भनिएका ३० वटा, नेकपा (माओवादी) पक्षबाट भएको भनिएका ९१ वटा र अन्यबाट ३ वटा रहेका छन् ।

सुरक्षाकर्मीले विशेष गरी शारीरिक तथा मानसिक दबाउ दिने, मार्ने धम्की दिने, झुठा उजुरी लगाउने धम्की दिने, टेलिफोन बन्द गर्नेजस्ता धम्की दिने गरेका पाइए भने नेकपा (माओवादी) पक्षबाट पनि शारीरिक तथा मानसिक दबाउ दिने, मार्छु भन्ने, जबरजस्ती चन्दा माग गर्ने, जागिर छाड्नुपर्ने, घरसम्पत्तिमा तालाबन्दी गर्ने, टेलिफोन बन्द गर्ने, अपहरण गर्नेजस्ता धम्की दिने गरेका पाइए । यसका साथै अन्य पक्षबाट पनि मार्ने, अपहरण गर्नेजस्ता धम्की दिने गरेका पाइए ।

मानिसको स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने सवालहरूमा डर, धाक, धम्कीजस्ता कार्यले विस्थापित हुने घटनाहरू बढिरहेका छन् । यस्ता कार्यले एक्लो व्यक्तिमात्र नभएर परिवार, समाज हुँदै सिङ्गो मुलुकभर दूरगामी असर पारेको छ । यसबाट मानिसहरू शिक्षाबाट वञ्चित भएका छन् । तिनीहरूले स्वास्थ्य, सुरक्षा, सूचना, जीवन, रोजगारी, सम्पत्तिलगायतका अधिकारहरूबाट विमुख हुनुपरेको छ ।

धम्की बिषयमा परेका ३७ वटा उजुरीका सम्बन्धमा आयोगले अनुगमन तथा अनुसन्धान गरी निर्णय गरेको छ । यसका साथै सोसम्बन्धमा उद्योगीव्यापारीहरूसँग आयोगको सभाकक्षमा छलफलकार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमबाट आएको निष्कर्षका आधारमा आयोगले नेकपा (माओवादी) पक्षसँग पटकपटक बैठक बसी छलफल गऱ्यो । नेकपा (माओवादी) लाई प्रेस-वक्तव्यमार्फत त्यस प्रकारका गैरकानुनी कार्य नगर्न तथा मानवीय कानुन र मानवअधिकारका सिद्धान्तहरूको पालना गर्न आह्वान गरियो । त्यसै गरी सरकारपक्षका विभिन्न निकायलाई त्यस्तो कार्य नगर्न नगराउनका लागि पत्राचारसमेत गरियो । धम्की बिषयका आयोगमा परेका उजुरी र फछ्र्योटको अवस्था निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं २**

**धम्कीसम्बन्धमा परेका उजुरी र फछ्र्योटको अवस्था**

| क.सं. | आरोपित पक्ष | उजुरी सङ्ख्या | तामेली सङ्ख्या | खारेजी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| | राज्यपक्षबाट धम्की | ३० | २ | १९ | |
| | माओवादीबाट धम्की | ९१ | ० | १२ | |
| | अज्ञात पक्षबाट धम्की | ३ | ० | ४ | अघिल्लो बर्षमा परेको उजुरी समेत खारेजी गरिएको |
| | **जम्मा** | **१२४** | २ | **३५** | |

उल्लिखित उजुरीको तालिकाका आधारमा धम्की दिने कार्यमा राज्यपक्षभन्दा नेकपा (माओवादी) अग्रस्थानमा छ । राज्यपक्षबाट ३० जनालाई धम्की दिइएको उजुरी प्राप्त भयो । नेकपा (माओवादी)बाट दिइएको धम्कीका सम्बन्धमा ९१ उजुरी प्राप्त भए । १२४ उजुरी प्राप्त भएकोमा आयोगले सम्बन्धित निकायलाई पत्राचार गर्ने

तथा प्रेस-विज्ञप्तिमार्फत गैरकानुनी तथा अवैध कार्य नगर्न आह्वान गर्ने कार्य गऱ्यो । त्यसबाट व्यक्ति धम्कीको अवस्थाबाट मुक्त भएका ३७ उजुरीहरू तामेली तथा खारेजी गर्ने निर्णय गऱ्यो ।

धम्की दिने कार्यबाट अन्तर्राष्ट्रिय मानवीय कानुनको साझाधारा ३, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, नेपाल अधिराज्यको संविधान, २०४७ तथा अन्य राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा निहित मानिसका अधिकारहरूको उल्लङ्घन भएको छ । यस्ता कार्यमा राज्य र नेकपा (माओवादी) संलग्न भएको हुँदा दुवै पक्षमा सुधार हुनु जरुरी छ ।

### २.१.२ यातनाविरुद्धको अधिकार

त्यस अवधिमा पनि सुरक्षाकर्मी र नेकपा (माओवादी) दुवै पक्षबाट विभिन्न आरोपमा निर्दोष र निहत्था व्यक्तिहरूलाई गिरफ्तार गरी कब्जामा लिइसकेपछि शारीरिक तथा मानसिक यातना दिने क्रम रोकिएन । आयोगमा यातनासँग सम्बन्धित उजुरीहरू व्यक्तिगत र संस्थागत रूपमा दर्ता हुने गरेका छन् । त्यस अवधिमा यातनासम्बन्धी जम्मा १९८ वटा उजुरीहरू परे । त्यसमध्ये राज्यपक्षबाट यातना दिइएका १६४ वटा र माओवादीपक्षबाट यातना दिइएका ३० वटा उजुरीहरू आयोगमा दर्ता भए । यसका साथै अन्य पक्ष वा अज्ञातबाट यातना पाएका भनी ४ वटा उजुरी परे । सुरक्षाकर्मीले पक्राउ गरी विभिन्न ब्यारेक, प्रहरी हिरासत र कारागारमा थुनामा राखी शारीरिक तथा मानसिक यातना दिएको कुरा उजुरीमा उल्लेख छ । सुरक्षाकर्मीबाट दिइने यातनामा दिनहुँ कुटपिट गर्ने, चिसो पानीमा डुबाउने, कुनै घटनामा परी सुरक्षाकर्मीको मृत्यु भएको खबर प्राप्त भएमा बढी कुट्ने, थुनुवाका बारेमा समाचार प्रकाशित हुँदा करेन्ट लगाउने तथा बढी पिट्ने, थुनुवालाई अँध्यारो कोठामा एक्लै राख्ने, सम्पर्कविहीन अवस्थामा राख्ने, शरीरमा चिनी दलेर कमिला खन्याइदिने, महिलाहरूलाई राती सुतेको ठाउँमा चलाउन जाने, संवेदनशील अङ्गहरूमा छुने, कालो चस्माभित्र टेप लगाएर हिँडाउनेजस्ता प्रकृतिका यातना रहेका छन् । यसै गरी नेकपा (माओवादी)ले पनि कब्जामा लिएका व्यक्तिलाई सुराकी र चन्दा नदिएको नाममा कुटपिट गर्ने, मार्ने धम्की दिने, चरम यातना दिनेजस्ता कार्य गरे । तिनले पनि शारीरिक तथा मानसिक यातना दिने गरेको भन्ने उजुरीमा उल्लेख छ । यातनाका कारण पीडितहरू लामो समयसम्म शारीरिक तथा मानसिक रूपमा अस्वस्थ हुने गरेको पाइएको छ ।

आयोगमा परेका उजुरीका सम्बन्धमा आयोगले निरन्तर अनुगमन तथा अनुसन्धान गर्ने कार्यलाई जारी राखेको छ । त्यस अवधिमा कारागारहरूमा गरिएको अनुगमनबाट बन्दीलाई ब्यारेक तथा हिरासतमा रहँदा चरम यातना दिने गरेको जानकारी प्राप्त भयो । महेन्द्ररत्न क्याम्पस, ताहाचलमा विद्यार्थीद्वारा गरिएको प्रदर्शनमा प्रहरीद्वारा हस्तक्षेप भई दुईजना विद्यार्थीलाई नगरप्रहरीका प्रहरीकर्मचारीले पक्राउ गरी कुटपिट गरी यातना दिएको सम्बन्धमा, धुलिखेल कारागारका केही बन्दी तथा थुनुवालाई दिएको यातनाका सम्बन्धमा, नुवाकोट शिखरबेँसी गा.वि.स. वडा नं. ५ का सर्वसाधारण नागरिकलाई मालाभञ्ज्याङ पोस्टका सुरक्षाकर्मीले कुटपिट गरेको तथा शारीरिक तथा मानसिक यातना दिएको सम्बन्धमा, वडा प्रहरी कार्यालय, गौशालामा राखिएका थुनुवालाई यातना दिएको सम्बन्धमा, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा स्नातकोत्तर तहमा अध्ययनरत एक विद्यार्थीलाई शान्तिपूर्ण जुलुसप्रदर्शन गरिरहेको समयमा ड्रेसमा रहेका प्रहरीले कब्जामा लिइसकेपछि मरणासन्न अवस्थामा कुटपिट गरेकोलगायतका विषयमा आयोगले अनुसन्धान गऱ्यो । त्यसै गरी आमरण अनशनमा बसेका

यातनापीडित मनोज शर्मा पौडेलको अवस्थाका बारेमा आयोगले अनुगमन गऱ्यो । यसका साथै आयोगलाई मौखिक रूपमा प्राप्त जानकारी र आयोगको अनुगमनका क्रममा प्राप्त जानकारीका आधारमा समेत आयोगले अनुगमन तथा अनुसन्धानलाई नियमित रूपमा सम्पन्न गरिआएको छ ।

त्यस अवधिमा आयोगले यातना पाएको भन्ने विषयमा १४ वटा अनुसन्धान सम्पन्न गऱ्यो । आयोगमा पर्न आएका उजुरीका सम्बन्धमा अनुसन्धान गरी ६ वटा उजुरीमा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन र पीडकलाई कारवाही गर्न सिफारिस गरियो । तीमध्ये ३ वटा सिफारिसमा क्षतिपूर्ति रकमको ५० प्रतिशत पीडकबाट भराउनसमेत नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

**तालिका नं ३**
**यातनासम्बन्धमा परेका उजुरी र फछर्चोटको अवस्था**

| क.सं. | आरोपित पक्ष | उजुरी सङ्ख्या | तामेली/ खारेजी सङ्ख्या | निर्णय तथा सिफारिस | कैफियत |
|---|---|---|---|---|---|
| | राज्यपक्षबाट दिइएको यातना | १६४ | १४ | ६ | |
| | माओवादीपक्षबाट यातना | ३० | ० | ० | |
| | अन्य/अज्ञातबाट | ४ | ० | ० | |
| | **जम्मा** | **१९८** | १४ | ६ | |

उल्लिखित उजुरीका आधारमा यातना दिने क्रममा माओवादीभन्दा राज्यपक्ष नै अगाडि देखिएको छ । त्यस अवधिमा १४ वटा उजुरी तामेली तथा खारेजी गरिएको छ भने ६ वटा उजुरीका सम्बन्धमा यातना पाएको ठहर गरी दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई सिफारिस गरियो ।

प्रतिवेदन-अवधिमा आयोगले यातनाविरुद्धको अभियानमा कार्यरत विभिन्न सरोकारवालासँग समन्वय गर्ने कार्यलाई निरन्तरता दियो । यसै सिलसिलामा यातना पीडित सरोकार केन्द्र र मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयसँग यातनाको उजुरीका विषयमा छलफल भयो । उक्त अवसरमा यातना पीडित सरोकार केन्द्रसँग यातना पीडितहरूको पुनर्स्थापना र पीडितलाई तत्कालीन राहत कसरी उपलब्ध गराउने भन्ने सम्बन्धमा छलफल भयो । छलफलका क्रममा यातना पीडित सरोकार केन्द्रले यातना पीडितलाई मानसिक परामर्शसेवा उपलब्ध गराउँदै आएको र आगामी दिनमा समेत उपलब्ध गराउने र सो कार्यमा आयोगसँग सहकार्य गर्ने सहमति भयो ।

यातना पीडितहरूका लागि सहायतासम्बन्धी अन्तर्राष्ट्रिय दिवस, जुन २६ का अवसरमा २०६३ साल असार १२ गते राष्ट्रिय मानवअधिकार आयोगले एक छलफलकार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा आयोगका तर्फबाट *यातनाविरुद्धका कार्यहरूमा राष्ट्रिय मानवअधिकार आयोगको प्रयास* विषयक कार्यपत्र प्रस्तुत गरियो । सो कार्यक्रममा नागरिकसमाज, सुरक्षा निकायका प्रतिनिधि र सरकारी निकायका प्रतिनिधिहरूको समेत उल्लेख्य उपस्थिति थियो ।

जनआन्दोलनका क्रममा नियमित अनुगमन गर्दा सुरक्षाकर्मीले निर्मतापूर्वक कुटपिट गरी यातना दिएको आयोगको अनुगमनबाट देखिन्छ । अनुगमनपछि तत्काल सुरक्षा निकायलाई मानव अधिकार हनन भएको सचेत गराउँदा कुटपिट गर्ने कार्यमा केही कमी आयो । जनआन्दोलनपश्चात् सुरक्षाकर्मीहरूबाट यातना पाएका व्यक्तिले आयोगमा उजुरी गरे । जनआन्दोलनका क्रममा घाइते भई उपचार तथा क्षतिपूर्तिको माग गरेका ८ जना घाइतेका उजुरीसहितका विवरण नेपाल सरकार तथा उच्च स्तरीय जाँचबुझ आयोगलाई उपलब्ध गराइयो । सोसम्बन्धमा गृह मन्त्रालयबाट राहत रकम उपलब्ध गराइएको जानकारी प्राप्त हुन आयो । यसै गरी घाइतेहरूको उपचार भइरहेको भन्ने जानकारी प्राप्त भयो ।

यातना पीडितहरूले घटनालाई पुष्टि गर्ने खालका supporting, medical document हरू पेश गर्न नसक्नु, सुरक्षाकर्मीले यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ (२) बमोजिम कुनै पनि व्यक्तिलाई पक्राउ गरिसकेपछि गर्नुपर्ने स्वास्थ्यजाँच गरी सम्बन्धित जिल्ला अदालतमा नपठाउनु, सुरक्षाकर्मीको दबाउका कारण पीडितले यातनाका बारेमा सही जानकारी दिन नसक्नु, पक्राउ परेका व्यक्तिहरूको समयमै स्थिति सार्वजनिक नगर्नु, बेपत्ता पारिनु, वैज्ञानिक अनुसन्धान पद्धतिको अभाव हुनु, यातना पीडित तथा साक्षीको उचित सुरक्षाको प्रत्याभूति नहुनु, सम्बन्धित विषयमा कार्यरत व्यक्तिलाई उचित तालिमको व्यवस्था नहुनु, सुरक्षाकर्मीहरूमा कठोर सजाय दिएपश्चात् मात्र सही बयान दिन सक्छ भन्ने परम्परागत धारणा कायम रहनु, दक्ष मानवीय स्रोतसाधनको अभाव हुनु, आयोगमा forensic expert को अभाव हुनु आदिजस्ता कारणले यातना पाएका घटनाको प्रभावकारी अनुसन्धान छिटोछरितो रूपमा हुन सकेको छैन ।

### २.१.३. स्वतन्त्रता तथा सुरक्षाको अधिकार

#### क) जबरजस्ती बेपत्ता तथा अपहरण

कुनै पनि व्यक्तिलाई जबरजस्ती गिरफ्तार तथा अपहरण गरी बेपत्ता पारिनु मानवअधिकारको गम्भीर उल्लङ्घन हो । यस प्रतिवेदन-अवधिमा राज्य तथा नेकपा (माओवादी) दुवै पक्षबाट यस किसिमका उल्लङ्घन तथा ज्यादतीका घटना भए । त्यस अवधिमा सुरक्षाकर्मीहरूले विभिन्न व्यक्तिलाई बेपत्ता पारेको सम्बन्धमा र नेकपा (माओवादी)हरूले विभिन्न व्यक्तिलाई कब्जामा लिएको सम्बन्धमा आयोगमा सबैभन्दा बढी उजुरीहरू परे । यस आर्थिक वर्षमा सुरक्षाकर्मीबाट बेपत्ता पारिएको तथा नेकपा (माओवादी)बाट कब्जामा लिइएको र अज्ञात पक्षबाट कब्जामा लिइएको वा हराएको सम्बन्धमा जम्मा ८१६ उजुरी परे । यो सङ्ख्या सम्पूर्ण उजुरीको ३५ प्रतिशत हुन आउँछ ।

बेपत्ता पारिएका भनिएका व्यक्तिका तर्फबाट पर्न आउने उजुरीहरूको छानबिन गरी त्यसलाई जतिसक्दो छिटो टुङ्गोमा पुऱ्याउने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले आयोगमा बेपत्तासम्बन्धी उजुरी हेर्ने एक छुट्टै एकाइको स्थापना गरी कार्य अगाडि बढाइएको छ । यस प्रतिवेदन-अवधिमा आयोगद्वारा बेपत्ताका सम्बन्धमा उजुरी प्राप्त गर्ने, प्राप्त उजुरीउपर कारवाही गर्ने र सो क्रममा हिरासत तथा थुनुवाहरू राखिएको स्थानको भ्रमण गरी अनुसन्धान गर्ने, बेपत्ता पारिएका परिवारलाई परामर्श प्रदान गर्ने, सुरक्षा निकायहरूसँग अन्तर्क्रिया र भेटघाट गर्ने र बेपत्ताको स्थिति सार्वजनिक गर्ने गरिएको छ । बेपत्ता पारिएका र कब्जामा लिइएका व्यक्तिको अवस्था सार्वजनिक गरी निज तथा निजको परिवारको मानवअधिकार रक्षार्थ आयोगले प्रभावकारी रूपमा प्राथमिकताका साथ कार्य गरिआएको छ ।

**सुरक्षा निकायसँग सम्बद्ध व्यक्ति र बेपत्ता पारिएका भनिएका व्यक्तिका परिवारसँग अन्तर्क्रिया**

सुरक्षाकर्मीहरूद्वारा बेपत्ता पारिएका भनिएका व्यक्तिका सम्बन्धमा गृहमन्त्री, सुरक्षा निकायका प्रमुख तथा मानवअधिकार सेलका प्रमुख र बेपत्ता परिवारका व्यक्तिहरूसँग आयोगले विभिन्न समयमा सक्रिय रूपमा अन्तर्क्रिया एवम् छलफलकार्यक्रमको आयोजना गऱ्यो । सोसम्बन्धमा क्षेत्रीय कार्यालयहरूबाट पनि बेपत्ता पारिएका भनिएकाको स्थिति पहिचान गर्नका लागि विभिन्न मितिमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमबाट केही व्यक्तिको अवस्था पहिचान गर्नका लागि सहयोग प्राप्त भयो ।

त्यसै गरी देशका विभिन्न हिरासतको अनुगमन गरी बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्नका लागि आयोग निरन्तर क्रियाशील रहेको छ । यसै सन्दर्भमा मिति २०६२।०९।१९ मा जगदल गण र रेन्जर गण, छाउनीमा आयोगले अकस्मात अनुगमन गरी १४ जनाको अवस्था सार्वजनिक गऱ्यो । बेपत्ता पारिएको तथा कब्जामा लिएको भनिएका उजुरीको अनुसन्धानका क्रममा आयोगले सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, बारा, पर्सा, नुवाकोट, धादिङ, खोटाङ, बर्दिया, गोरखा, नवलपरासी, कास्की र बागलुङ जिल्लामा अनुगमन तथा अनुसन्धान गऱ्यो । यसरी गरिएको अनुसन्धान तथा उजुरवालासँगको सम्पर्कका आधारमा बेपत्ता तथा अपहरणका सम्बन्धमा परेका उजुरीमध्ये ५३८ जनाको स्थिति यकिन भएकाले ५०८ उजुरीहरू तामेलीमा राखिएको छ ।

आयोगबाट खटिएको टोलीले मिति २०६२।०९।२२ मा नेपाल प्रहरी र सशस्त्र प्रहरीको मानवअधिकार सेलसँग छलफल गरी बेपत्ता पारिएका व्यक्तिको तथ्याङ्क उपलब्ध गराई सोको तत्काल जानकारी उपलब्ध गराउन भन्यो । त्यसै गरी मिति २०६२।११।१३ गते दक्षिणकाली क्षेत्रमा बेपत्ता पारिएको भनिएका व्यक्तिहरूको हत्या भएको भनी आयोगमा उजुरी प्राप्त भयो । सो विषयमा तत्काल छानबिन गर्न टोली खटिएकोमा अझै अनुसन्धान जारी छ । मिति २०६२।११।१९ मा आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई बेपत्ता पारिएको भनिएका ७७५ व्यक्तिको पूरा विवरण पठाई सोको अवस्थाका बारेमा जानकारी माग गऱ्यो ।

बेपत्ता पारिएका परिवार समाजका प्रतिनिधिहरूले आफन्तको खोजी गर्न २०६२ पौष १४ गते पहिलोपटक र २०६२।११।१७ देखि २३ गतेसम्म दोस्रोपटक आयोगलाई अझ बढी सक्रियताका साथ काम गर्न दबाउ दिन आयोगपरिशरमा धर्ना दिए । दोस्रोपटक धर्ना दिइरहेका व्यक्तिहरू र आयोगका पदाधिकारीहरूबीच भएको छलफलमा राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको शीघ्र खोजतलासका कार्यलाई अगाडि बढाउने सहमति भयो । खोजकार्यलाई तीव्रता दिन आयोगका पदाधिकारी तथा पीडित परिवारसम्मिलित एक कार्यदल बनाइयो । मिति २०६२/११/२५ गते कार्यदलको कार्यप्रकृतिका बारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, तत्कालीन शाही नेपाली जङ्गी अड्डाको मानवअधिकार सेल र सरकारद्वारा गठित बेपत्ता पारिएका व्यक्ति पत्ता लगाउने छानबिन समितिका संयोजकसँग समेत सम्पर्क गरी पीडितको अवस्थाका बारेमा जानकारी माग गऱ्यो । आयोगले सुरक्षा निकायका प्रमुख व्यक्तिसँग गरेको छलफलबाट सूचना आदानप्रदान गर्ने र मानवअधिकारको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गरियो । यसका साथै पक्राउ गरिएका व्यक्तिका सम्बन्धमा तत्काल जानकारी उपलब्ध गराउने क्रम सुरु भई बेपत्ताको स्थिति सार्वजनिक गर्ने कार्यमा सुधार आएको छ ।

राज्यद्वारा बेपत्ता पारिएका भनिएका व्यक्तिको खोजबिन गर्न सरकारले एक सदस्यीय समिति बनाएर कार्य सुरु गरेको देखिन्छ भने नेकपा (माओवादी)ले सरकारसँगको वार्तामा बेपत्ताको मुद्दालाई पनि उठाएको पाइन्छ । त्यस अवधिमा लामो समयदेखि बेपत्ता पारिएर गैरकानुनी रूपमा थुनामा राखिएका धेरै व्यक्ति रिहा भए ।

राज्यद्वारा जबरजस्ती बेपत्ता पारिएको भनी विभिन्न मितिमा आयोगमा पर्न आएका उजुरीमध्ये अवस्था सार्वजनिक हुन नसकेका ५७० जनाको विवरणसहितको नामावली मिति २०६३।२।२ गते आयोगले गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई बुझाई अवस्था सार्वजनिक गर्न अनुरोध गर्‍यो । यस्तै नेकपा (माओवादी)द्वारा कब्जामा लिई अवस्था अज्ञात रहेको भनी आयोगमा पर्न आएका उजरीमध्ये ३३० जनाको विवरणसहितको नामावली आयोगले नेकपा (माओवादी)को वार्ता सचिवालयमा मिति २०६३।३।२ गते बुझाई अवस्था सार्वजनिक गर्न अनुरोध गर्‍यो ।

सुरक्षाकर्मी र नेकपा (माओवादी) दुवै पक्षबाट बेपत्ता पारिएका भनी दर्ता हुन आएका उजुरीमध्ये यस आर्थिक वर्षमा अवस्था सार्वजनिक हुन नसकेका ९७१ जनाको नामावली आयोगले मिति २०६३।३।३ गतेको कान्तिपुर, राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्‍यो । यसपछि १८ जनाको अवस्था सार्वजनिक भइसकेको छ भने जानकारी आउने क्रम जारी छ ।

### बेपत्ताका सम्बन्धमा सिफारिस

आयोगबाट गरिएका अनुसन्धानबाट ९ जना व्यक्तिहरू गैह्रकानुनी रूपमा थुनामा राखिएका देखिए । त्यसरी थुनामा राखिएकाहरू थिए, दमक न.पा. वडा नं. २ झापा घर भई काठमाडौँ बस्ने पुष्पराज बस्नेत, हटिया गा.वि.स. वडा नं. ४ मकवानपुरका रञ्जित दर्नाल र अर्मृत दर्नाल, धियाल गा.वि.स. वडा नं. ९, मकवानपुरका राजेन्द्र चौरेल, धादिङ बेनीघाट गा.वि.स. वडा नं. २ का अमृत कँडेल, चितवन रत्ननगर नगरपालिका वडा नं. १३ का ज्ञानेन्द्र त्रिपाठी, काठमाडौँ तीनथाना गा.वि.स. वडा नं. ५ स्थायी घर भएकी वर्ष १७ की रेनुका दुलाल, काठमाडौँ महादेवस्थान गा.वि.स. वडा नं. ५ बस्ने वर्ष २३ का निश्चल नकर्मी, धादिङ जीवनपुर गा.वि.स. वडा नं. ६ घर भई काठमाडौँ महानगरपालिका वडा नं. १५ विजयेश्वरी डल्लु डेरा गरी बस्ने मुकुन्द सेढाईं । तिनीहरूलाई गैरकानुनी रूपमा सैनिक हिरासतमा थुनामा राखिएको देखिएकोले त्यस्तो कार्य गर्ने अधिकारीलाई कारवाही गर्न र बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गरी तुरुन्त कानुनी प्रक्रियामा लैजान आयोगले नेपाल सरकारलाई सिफारिस गरी पठाएको छ । सोसम्बन्धमा नेपाल सरकारका तर्फबाट प्रतिवेदन-अवधिसम्म कुनै सुनुवाइ भएको छैन । हालसम्म सरकारबाट आयोगको सिफारिस कार्यान्वयन गरिएको छैन ।

### लास उत्खनन गरी अनुसन्धान

जीवनपुर १ धादिङ बस्ने वर्ष १५ की सरला सापकोटालाई मिति २०६१।४।१ गते निजको हजुरबाको घरबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको भनी आयोगमा उजुरी पर्‍यो । आयोगको अनुसन्धान टोलीले धादिङको विभिन्न गा.वि.स.मा अनुगमन गर्दा निज सरला सापकोटालाई मिति २०६१।४।१ गते सुरक्षाकर्मीहरूले घरबाट पक्राउ गरी बेपत्ता पारेको तथ्य फेला पार्‍यो । सुरक्षाकर्मीले घरबाट करिब १,५०० मिटर टाढा लगी निजलाई मारेर खाल्डो खनी पुरेको थाहा पाएपछि ICRC को उपस्थितिमा लास गाडेको आशङ्का गरिएको ठाँउमा खनेर हेर्दा केही हड्डी तथा कपडा फेला पर्‍यो । त्यहाँ भेटिएका कपडाका आधारमा आफ्नै छोरी हो भन्ने पहिचान

भएकोले घटनाको छानबिन गरिदिन आयोगमा निवेदन प्राप्त भयो । आयोगको फरेन्सिक विशेषज्ञसहितको अनुसन्धान टोलीले शव उत्खनन गरी अनुसन्धानलाई अगाडि बढाएको छ। अनुसन्धानकार्य जारी छ।

काभ्रेपलाञ्चोकको फूलबारी गा.वि.स. वडा नं. ८ बस्ने हरिप्रसाद वोलखेलाई सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा निजलाई काभ्रपलाञ्चोककै चलालगणेशस्थान गा.वि.स. वडा नं. १ स्थित सल्लाको फेद भन्ने स्थानमा सुरक्षाकर्मीद्वारा मारी शव जङ्गलमा गाडिएको भन्ने जानकारी प्राप्त भयो । घटनास्थलमा गई जङ्गलमा खोजतलास गर्दा शव गाडिएको स्थान फेला पऱ्यो। सोसम्बन्धमा अनुसन्धान गर्न मिति २०६३।३।२१ गते विशेषज्ञसहितको टोली घटनास्थलमा गई शव उत्खनन गऱ्यो । मृतकको पहिचान तथा मृत्युको कारणका बारेमा अनुसन्धान गर्न शवलाई काठमाडौं ल्याई आयोगले आवश्यक अनुसन्धान गऱ्यो । अनुसन्धानबाट उक्त लास हरिप्रसाद वोलखेको नै भएको यकिन भयो । त्यसै गरी भैरवनाथ गणवाट बेपत्ता पारिएका भनिएका विभिन्न व्यक्तिलाई काठमाडौंको शिवपुरी क्षेत्रमा लगी मारिएको भन्ने सम्बन्धमा मिति २०६३।३।२७ गते सो क्षेत्रमा गई आयोगबाट अनुसन्धान सुरु गरिएको छ।

सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारेका व्यक्तिहरूको स्थिति पत्ता लगाउन पीडितका आफन्तले सर्वोच्च अदालतमा दिएको बन्दीप्रत्यक्षीकरण मुद्दामा भएको आदेशबमोजिम आयोगबाट सम्मानित सर्वोच्च अदालतमा उपस्थित भई अदालतको निर्णय प्रक्रियामा सहयोग उपलब्ध गराउने कार्य पनि भइआएको छ।
सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएको र नेकपा (माओवादी)द्वारा कब्जामा लिई अवस्था अज्ञात पारिएको भन्ने सम्बन्धमा आयोगमा पर्न आएका उजुरी र फछ्र्योटको अवस्था निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं :४
**बेपत्तासम्बन्धमा परेका उजुरी र फछर्याेटको अवस्था**

| क्र. सं. | आरोपित पक्ष | विगत वर्षको उजुरी सङ्ख्या | यस वर्षको उजुरी सङ्ख्या | तामेली/ खारेजी | सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|
| | राज्यपक्षबाट | ४९५ | ४३८ | ३१९ | ८ | |
| | माओवादीबाट | ३३७ | ३६४ | १७१ | ० | |
| | अन्य/अज्ञातबाट | ० | १४ | १८ | ० | तामेली खारेजी गरिएका उजुरी अघिल्लो बर्षका समेत रहेको |
| | **जम्मा** | **८३२** | **८१६** | **५०८** | **८** | **५१६** |

विगत आर्थिक वर्षमा सुरक्षाकर्मीबाट पक्राउ गरी बेपत्ता पारिएको भनी आयोगमा ४९५ जनाको उजुरी परेकोमा यस आर्थिक वर्षमा ४३८ जनाको उजुरी परेको छ । गत आर्थिक वर्षमा नेकपा (माओवादी)ले व्यक्तिलाई कब्जामा लिई अवस्था अज्ञात पारेको भन्ने सम्बन्धमा ३३७ जनाको उजुरी परेकोमा यस आर्थिक वर्षमा ३६४ जनाको परेको छ । त्यसै गरी अज्ञात पक्षबाट अपरहण तथा कब्जा गरेको भन्ने सम्बन्धमा १४ वटा उजुरी परे । यसरी हेर्दा यस आर्थिक वर्षमा बेपत्ता पारिएको तथा कब्जामा लिइएको सम्बन्धमा जम्मा ८१६ उजुरी परे । समग्रमा यस वर्ष बेपत्ता तथा अपहरणसम्बन्धी उजुरीको सङ्ख्या गत वर्षभन्दा केही न्यून देखिन्छ। जनआन्दोलनका क्रममा बेपत्ता भएका १९ जनाका तर्फबाट आयोगमा उजुरी पर्न आएकोमा हालसम्म पनि १० जना व्यक्तिहरू बेपत्ता छन् । आयोगमा विगत वर्ष र यस वर्ष परेका उजुरीमध्ये ५५२ फछ्र्योट गरिएको छ । यसमा नेकपा (माओवादी)बाट कब्जामा लिएको सम्बन्धमा १७१, सुरक्षाकर्मीबाट पक्राउ गरी

बेपत्ता पारेको सम्बन्धमा ३१९ र अज्ञात पक्षबाट कब्जामा लिएको तथा हराएको सम्बन्धमा १८ व्यक्तिहरूको अवस्था यकिन भयो । त्यसैले ती उजुरी तामेलीमा राखिएको छ भने ८ वटा उजुरीका सम्बन्धमा उल्लिखित व्यक्तिलाई सुरक्षाकर्मीले पक्राउ गरेको देखिएकोले कानुनी प्रक्रियामा लैजान नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

### २.१.४ बन्दीका अधिकार

देशमा शान्ति र अमनचयन कायम राख्ने सिलसिलामा कसुरदार ठहरिएका व्यक्ति र अनुसन्धान तथा पुर्पक्षका क्रममा विभिन्न कारागार तथा हिरासतमा राखिएका व्यक्तिको मानवअधिकारको अवस्थाका बारेमा आयोगले निरन्तर अनुगमन गऱ्यो । अनुगमनबाट देखिएका तथ्यका आधारमा बन्दीको अधिकार उपभोगका लागि विभिन्न समयमा आयोगले नेपाल सरकारलाई सिफारिस गर्नुका साथै तत्काल सुधार गर्नुपर्ने कुराका सम्बन्धमा सम्बन्धित निकायमा तत्काल पहल गऱ्यो । त्यस अवधिमा आयोगले सिन्धुली, चितवन, रौतहट, पर्सा, मकवानपुर, धनुषा, सर्लाही, महोत्तरी, रामेछाप, नुवाकोट, धादिङ, काभ्रे, सिन्धुपाल्चोक, काठमाडौं, ललितपुर, गोरखा, मोरङ, सुनसरी, खोटाङ, कालिकोट बभ्फाङ, दाङ, सल्यान, प्यूठान, कञ्चनपुर, डडेल्धुरा, दैलेख, डोटी, रोल्पा, जाजरकोट, मुगु, म्याग्दी, कास्की, तनहुँ, लमजुङ, कैलालीका कारागार, प्रहरी हिरासत तथा सैनिक हिरासतहरूको अनुगमन गऱ्यो । अनुगमनबाट मुख्य रूपमा कारागारको भौतिक अवस्था ज्यादै नाजुक रहेको, अधिकांश कारागारमा क्षमताभन्दा बढी बन्दी राखिएको, कारागारको आन्तरिक प्रशासन तथा सुरक्षाकर्मीबाट बन्दीलाई यातना दिने गरेको, थुनुवा, कैदी, रोगी तथा बालकहरूलाई छुट्ट्याएर नराखिएको, खेलकुद तथा मनोरञ्जनका साधन र अवसरहरू पर्याप्त नभएको, पर्याप्त मात्रामा पत्रपत्रिका तथा पुस्तकालयको व्यवस्था नभएको, नजरबन्दमा रहेका बन्दीहरूलाई भेदभावपूर्ण व्यवहार गरिएको, कारागारभित्र सञ्चालित पसलबाट बन्दीहरूले बजारमूल्यभन्दा महँगो मूल्यमा सामान खरिद गर्न बाध्य हुनु परेको, पत्रिकाहरू उपलब्ध गराउँदा सेन्सर गरेर मात्र उपलब्ध गराउने गरिएको, औषधीउपचार पर्याप्त नभएर बन्दीको मृत्युसमेत हुने गरेको तथा बिरामी अवस्थामा रहेको पाइयो ।

कारागारहरूको अनुगमनपश्चात् देखिएका तथ्यका आधारमा कारागार अनुगमन प्रतिवेदन, २०६२ सार्वजनिक गर्नुका साथै सरकारलाई सोसम्बन्धमा सिफारिस गरियो । त्यस्ता सिफारिसमा कारागार भवनको मर्मत तथा पुनःनिर्माण गर्न, अन्य भौतिक पूर्वाधारको व्यवस्था गर्न, पर्याप्त बजेटको विनियोजन गरी समयमा निकासा गर्न, असहाय बन्दी तथा थुनुवाहरूका लागि कानुनी सेवाको संरक्षण व्यवहारिक रूपमा नै सुनिश्चित गर्न, रोगी तथा बिरामी बन्दीको स्वास्थ्योपचार गर्न, कारागारमा पत्रपत्रिका र खेलकुदका सामग्रीको व्यवस्था गर्नलगायत बन्दीका अन्य अधिकारको उपभोगको सुनिश्चतता गर्न भनिए । सरकारलाई सिफारिस गरिसकेपछि पुनः अनुगमन गर्दा केही ठाउँमा पत्रपत्रिका उपलब्ध गराइएको, खाद्यान्नको स्तरमा सुधार आएको र बजेट विनियोजन भएको देखिए तापनि आयोगको सिफारिसलाई पूर्ण रूपमा लागू गरेको पाईएन ।

### २.१.५ स्वच्छ पुर्पक्षको अधिकार

#### क) न्याय प्रशासन

यस प्रतिवेदन-अवधिमा न्याय प्रशासनको क्षेत्र पनि सन्तोषजनक रहेन । न्याय प्रशासनसम्बन्धका उजुरीमा गैरकानुनी थुना, निष्पक्ष सुनुवाइ, पुनः पक्राऊजस्ता थिए । त्यस अवधिमा पुनः पक्राउ, गैरकानुनी थुना र न्यायमा ढिलाइ भएको भन्ने उजुरीको सङ्ख्या बढिरहेको देखिन्छ । उजुरीका प्रकृति; पुनः पक्राउ हुन

सक्नेसम्बन्धमा, गैरकानुनी रूपमा थुनामा बस्नुपरेकोमा, कानुनी उपचारका सम्बन्धमा, सम्बन्धित निकायबाट जाहेरी नलिएको सम्बन्धमा, औषधीउपचारका लागि कारागार स्थानान्तरण गरी पाऊँ भन्ने सम्बन्धमा, न्याय ढिला भएको भन्ने सम्बन्धमा, वैतनिक वकिल राख्न नपाएको सम्बन्धमा, सुनवाइबाट वञ्चित रहनु परेको सम्बन्धमा, सैनिक अदालतद्वारा कानुनबमोजिम कारवाही गरी पाउन आवश्यक पहल गरी पाऊँ भन्ने सम्बन्धमा थिए । त्यस अवधिमा उल्लिखित विषयमा २३० वटा उजुरी पर्न आए । त्यस्तै गरी पुनः पक्राउ हुन सक्ने सम्बन्धमा मात्र छुट्टै ३७ वटा उजुरी आयोगमा परे । केही उजुरीहरू लिखित नभई फोनमार्फत प्राप्त भए । पुनः पक्राउ हुन सक्ने जानकारी पाएपछि आयोगले अनुगमन गऱ्यो । आयोगमा प्राप्त उजुरी सम्बन्धित अदालत, कारागार तथा सरकारी निकायमा पत्राचार गरी पठाउने गरिएको छ । निःशुल्क कानुनी सहायताका लागि नेपाल वार एशोसिएसन लगायत विभिन्न सङ्घसंस्थासँग सहकार्यको थालनी आयोगले गरेको छ ।

**ख) पुनः पक्राउ**

प्रतिवेदन-अवधिको सुरुको समयमा अदालत वा अन्य निकायबाट थुनामुक्त गर्ने आदेश भइसकेपछि कतिपय अवस्थामा तत्कालै अदालतपरिसरबाटै कानुनबमोजिम तोकिएका प्रक्रियाहरू नपुऱ्याई बर्दी तथा सादा पोशाकका सुरक्षाकर्मीहरूद्वारा पुनः स्वैच्छाचारी रूपमा गिरफ्तारी गरियो । कतिपय अवस्थामा रिहा भएका केही व्यक्तिलाई सुरक्षाकर्मीबाट राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधि, संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित प्रतिनिधि, विभिन्न मानवअधिकारसँग सम्बन्धित सङ्घसङ्गठनहरूका प्रतिनिधि तथा पत्रकारहरूको उपस्थितिमा पनि सुरक्षाकर्मीले अदालतपरिसरबाटै कानुनी प्रक्रिया नपुऱ्याई तत्कालै स्वैच्छाचारी रूपमा पुनः पक्राउ गरेका पाइए । खास गरी यस्ता घटनामा सादा पोशाकका सुरक्षाकर्मीहरूलाई परिचालन गरिए । कतिपय अवस्थामा अदालतपरिसरबाटै त कतिपय अवस्थामा बन्दीगृहबाटै पक्राउ गरी प्रायशः निजी सवारीसाधनमा राखी केही दिन बेपत्ता पार्ने र पछि स्थिति सार्वजनिक गर्ने गरियो । यसरी सादा पोशाकका सुरक्षाकर्मीबाट अदालतको अवज्ञा गर्दै नागरिकलाई पुनः गिरफ्तारी गरिरहेका अवस्थामा पीडितको स्वतन्त्रता र अधिकारको रक्षार्थ आयोगले अदालत तथा कारागारपरिसरबाटै केही बन्दीलाई आफ्नो पहलमा परिवारजनको जिम्मा लगाउने कार्य गऱ्यो । यस क्रममा रिहा भएका केही बन्दीलाई आवश्यक सोधपुछका लागि आयोगको कार्यालयमा समेत उपस्थित गराइयो । यसरी आयोगले अदालतको आदेशको पालना गराई व्यक्तिको मानवअधिकारको संरक्षण गर्न महत्त्वपूर्ण भूमिका खेल्यो । त्यस अवधिमा आयोगबाट पुनः पक्राउको सम्भावना भएका १२२ जनाको रिहाइको अनुगमन गऱ्यो । त्यसमध्ये १४ जनालाई गिरफ्तार गरियो । पुनः पक्राउसम्बन्धी उजुरीका सम्बन्धमा आयोगले अभिलेखसहित अविलम्ब आवश्यक कदम चाल्न र व्यक्तिको मानवअधिकारको रक्षा गर्न मिति २०६२।६।६ मा सरकारलाई प्रतिवेदनसहितको सिफारिस गऱ्यो । पटकपटक आयोगले गरेको अनुगमन तथा सम्बन्धित निकायमा गरिएको सिफारिसपश्चात् त्यस अवधिको अन्तिमतिर स्वैच्छाचारी पुनः गिरफ्तारीका घटनामा केही कमी आएको देखिन्छ । जनआन्दोलनपछि बनेको सरकारले माओवादीको आरोपमा थुनामा रहेका व्यक्तिलाई रिहा गरेकोले पछिल्लो समयमा पुनः तथा स्वैच्छाचारी गिरफ्तारीको घटना पूर्ण रूपमा रोकियो । न्याय प्रशासनका सम्बन्धमा परेका उजुरी र फछ्र्योटको अवस्था निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं ५

न्याय प्रशासनका सम्बन्धमा परेका उजुरी र फछर्यौटको अवस्था

| क्र.सं. | बिषय | उजुरी सङ्ख्या | तामेली | खारेजी | कैफियत |
|---|---|---|---|---|---|
| | पुनः तथा स्वैच्छाचारी गिरफ्तारी | ३७ | ० | १ | |
| | न्याय प्रशासनमा ढिलाइ | २३० | ० | ७ | |
| जम्मा | | २६७ | ० | ८ | |

न्याय प्रशासन तथा पुनः गिरफ्तारीका सम्बन्धमा २६७ उजुरीहरू प्राप्त भए । तीमध्ये मात्र ८ वटा उजुरी तामेली तथा खारेजी गरिए । आयोगमा प्राप्त भएका स्वच्छ पुर्पच्छसम्बन्धी उजुरी तथा ढिला न्यायसम्बन्धी उजुरी सम्बन्धित निकायमा पठाइने गरिएको छ ।

### २.१.६. गोपनीयताको अधिकार

नेपाल अधिराज्यको संविधान, २०४७ तथा मानवअधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ मा गोपनीयताको हकका सम्बन्धमा उल्लेख छ । तर राज्यले गोपनीयताको हकमा खासै महत्व दिएको पाइँदैन । राज्यका तर्फबाट विभिन्न व्यक्तिलाई रातको समयमा पक्राउ गर्नेजस्ता कार्य गरेका पाइए । कुनै पनि व्यक्तिको घरको खानतलासी बिनाअनुमति गर्ने र व्यक्तिका घरका महत्वपूर्ण कागजातहरू हेर्ने गरेका पाइए ।

कान्तिपुर एफएम र सगरमाथा एफएमको कार्यालयमा रातीको समयमा सादा पोशाकमा गएर व्यक्तिको निजी अधिकारको प्रवाह नगरी पक्राउ गर्ने, पक्राउ गरिएका व्यक्तिको घरको फोन टेप गर्ने, कुनै अनुमतिपत्रबिना व्यक्तिको घर खानतलास गर्ने, पक्राउ गरिएका व्यक्तिको घरको फोनको लाइन काटिदिने, परिवारका एक सदस्य माओवादी भएमा अरू सदस्यको व्यक्तिगत कागजपत्र पनि खानतलास गर्ने, व्यक्तिको निजी लिखत कागजपत्रहरू गैरकानुनी रूपमा खानतलास गरी लिनेजस्ता कार्य गरेका पाइए ।

नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि, १९६६ को धारा १७ मा कुनै पनि व्यक्तिलाई निजको गोपनीयता, परिवार, घर वा लेखपढीमा स्वैच्छाचारी वा गैरकानुनी हस्तक्षेप भोग्न लगाइने छैन, न त निजको प्रतिष्ठा तथा ख्यातिमा गैरकानुनी आक्रमण नै गरिनेछ भनी उल्लेख गरिएको छ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमणका विरुद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ भनी, मानवअधिकारको विश्वव्यापी घोषण पत्र, १९४८ को धारा १२ ले व्यवस्था गरेको छ । कुनै पनि व्यक्तिलाई निजको गोपनीयता, परिवार, घर वा लेखपढीमा स्वैच्छाचारी वा गैरकानुनी हस्तक्षेप भोग्न लाइने छैन । निजको प्रतिष्ठा हस्तक्षेप वा आक्रमणका विरुद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ भनी अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रष्ट व्यवस्था गरेको अवस्था छ ।

त्यस्तै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २२ ले कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार, सूचनाको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भनी प्रष्ट व्यवस्था गरेको छ । तर पनि माथि उल्लिखित घटनाहरूबाट गोपनीयताको हक उल्लङ्घन भएको पाइन्छ । आयोगले अनुगमनका क्रममा गोपनीयताका हकका सम्बन्धमा विभिन्न जानकारी पाए पनि १ मात्र उजुरी पऱ्यो ।

### २.१.६ सूचना तथा सञ्चारको अधिकार

त्यस अवधिमा विभिन्न जिल्लामा सुरक्षाको कारण देखाई राज्यपक्षबाट सूचना तथा सञ्चारको अधिकारअन्तर्गत निर्वाध रूपमा टेलिफोन तथा मोबाइलको प्रयोगमा अवरोध पुऱ्याइयो । यसबाट सर्वसाधारण सूचनाको हकबाट वञ्चित हुनुपऱ्यो । राज्यले स्थानीय पत्रकार तथा संवाददाताहरूलाई सरकारी नियन्त्रणमा राख्न दबाउ दिने गऱ्यो । आफ्ना विरुद्धमा समाचार प्रकाशित गरेको भनी राज्यपक्षबाट पत्रकारहरूलाई धम्की दिने कार्य पनि भए । सञ्चारसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०६२ ले संविधान प्रदत विचार र अभिव्यक्ति स्वतन्त्रता, छापाखाना र पत्रपत्रिकासम्बन्धी हक तथा सूचनाको हक र सूचनाको हकको निर्वाध अभ्यासमा असर पाऱ्यो भनी पत्रकार तथा नागरिकसमाजबाट निरन्तर विरोध भइरहचो । सरकारबाट २०६२ कार्तिक ४ गते कान्तिपुर एफएम र २०६२ मङ्सिर १३ गते सगरमाथा एफएमको सञ्चार सामग्रीहरू जफत गरिएको तथा ड्युटिमा रहेका कर्मचारीलाई गिरफ्तार गरियो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले विगत ११ वर्षदेखि प्रशारण गर्दै आएको मानवअधिकार शिक्षा रेडियो कार्यक्रमलाई राज्यपक्षबाट अनावश्यक दबाउ दिई २०६२ कार्तिक २६ गते शनिवारदेखि प्रशारण बन्द गराइयो ।[५] यसबाट आमनागरिकहरू मानवअधिकार शिक्षा प्राप्त गर्नबाट वञ्चित हुनुपऱ्यो । जनआन्दोलनका अवधिमा पनि सूचना तथा सञ्चारको अधिकार प्रभावित हुन पुग्यो। सरकारका तर्फबाट पटकपटक मोबाइलफोनमा रोक लगाउने, टेलिभिजन कार्यक्रम प्रशारण गर्न रोक्ने, आन्दोलनका समाचार-सङ्कलन गर्न प्रेसपास उपलब्ध नगराउने, समाचार-सङ्कलनमा गएका पत्रकारमाथि कुटपिट तथा दुर्व्यवहार गर्नेजस्ता कार्य गरेर सूचना तथा सञ्चारसम्बन्धी अधिकारको ठाडो उल्लङ्घन भयो । नेकपा (माओवादी) पक्षबाट पनि विभिन्न जिल्लामा माओवादीका क्रियाकलापविरुद्ध समाचार लेखेका कारण पत्रकारलाई धम्कचाउने, र मानसिक यातना दिने गरेका पाइए ।

### २.१.७. राजनीतिक अधिकार

नेपालको राजनीतिक इतिहासमा २०६२ साल अत्यन्तै महत्त्वपूर्ण वर्षका रूपमा रहचो । यस वर्षभरि नै राजनीतिक उतारचढाउ कायम नै रहचो । वर्षको सुरुमा नागरिकका राजनीतिक अधिकारका व्यापक हनन भयो । देशमा राजाको प्रत्यक्ष शासन तथा विगत दश वर्षदेखिको माओवादी जनयुद्धका कारणले जनताहरू राज्य र नेकपा (माओवादी) दुवैतर्फको चपेटामा परे । जनताले आफ्ना नागरिक तथा राजनीतिक अधिकारहरू निर्भीक भएर उपभोग गर्न पाइरहेका थिएनन् । संसद्वादी दलहरूलाई समेत आफ्ना शान्तिपूर्ण राजनीतिक गतिविधि सञ्चालन गर्न राज्यपक्षबाट बाधाव्यवधान पुऱ्याउने काम भयो । सञ्चार माध्यमहरू कानुनले तोकेको अधिकारसमेत स्वतन्त्र रूपले उपयोग गर्नबाट वञ्चित थिए । त्यसै गरी निर्वाध रूपमा सभासम्मेलन गर्ने र विचार तथा अभिव्यक्तिको स्वतन्त्रता कुण्ठित हुन पुग्यो । व्यक्तिका घरमा तथा समाचार माध्यमका कार्यालयमा छापा मारी राज्यले कम्प्युटर र अन्य सामग्रीसमेत बरामद गरी कानुनी राज्यको धज्जी उडाउने काम भयो ।

---

[५] युद्धविरामको अवधिमा मानवअधिकार अवस्थाको अनुगमन प्रतिवेदन, २०६२, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, पुल्चोक ललितपुर ।

त्यसै गरी नेकपा (माओवादी) ले पनि अन्य राजनीतिक दललाई आफ्ना क्रियाकलापहरू सञ्चालन गर्नमा बाधाअवरोध पुऱ्याउने, धम्की दिने, राजनीतिक व्यक्तित्वलाई धम्की दिएर विस्थापित गराउने, चन्दा दिन बाध्य गराउनेजस्ता क्रियाकलाप गरेर राजनीतिक स्वतन्त्रताको उपभोगमा बाधाव्यवधान पुऱ्यायो ।

नेकपा (माओवादी)ले २०६२ भाद्र १८ गतेदेखि गरेको एकतर्फी युद्धविराम र सात दल तथा नेकपा (माओवादी) बीच २०६२ मङ्सिर ७ गते भएको १२ बुँदे सहमतिले राजनीतिक निकासका लागि मार्ग प्रशस्त गऱ्यो । विशेष गरी माघ-फागुनदेखि सात राजनीतिक दल तथा नेकपा (माओवादी)बीच विभिन्न सहमति भएपछि सरकारविरोधी आन्दोलन तीव्र रूपमा अगाडि बढ्यो । आन्दोलनमा सरकारी दमन बढ्न गई नागरिकका अधिकारहरू अत्यन्तै चुनौतीपूर्ण हुन पुगे । व्यापक जनसहभागिताका साथ देशका विभिन्न भागमा सञ्चालन भएको जनआन्दोलनले १९ औँ दिन सफलता हासिल गऱ्यो । राजाबाट "नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित रहेको" कुरा उल्लेख गर्दै २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधिसभालाई पुनर्स्थापित गरेको घोषणा भयो । सात राजनीतिक दल तथा नेकपा (माओवादी) समेतको संयुक्त पहलमा भएको शान्तिपूर्ण जनआन्दोलनको सफलतापछि पुनर्स्थापित प्रतिनिधिसभाले संविधानसभाको निर्वाचन गराउनेलगायतका विविध निर्णय गरी दिगो शान्तिस्थापनाका लागि आफ्ना क्रियाकलापहरूलाई अगाडि बढाइरहेको छ । प्रतिनिधिसभाको पुनर्स्थापनापछि २०६३ जेठ ४ गते प्रतिनिधिसभा घोषणा जारी भयो । यसमा व्यवस्थापिका, कार्यकारिणी, सेना, राजपरिषद्, राजदरबारलगायतका विविध विषयमा विभिन्न घोषणा भए । त्यसपछिका दिनमा राजनीतिक अधिकारको उपभोगमा सहजता देखिएको छ । सरकार र नेकपा (माओवादी) दुवै पक्षबाट युद्धविराम गरी २०६३ जेष्ठ १२ गते युद्धविराम आचारसंहितासमेत जारी भयो । सो संहितामा मानवअधिकार र मानवीय कानुनका आधारभूत सिद्धान्तप्रति दुवै पक्षको प्रतिबद्धता जाहेर गरिएको छ । आचारसंहितामा प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्यमान्यताप्रति दुवै पक्ष प्रतिबद्ध छन् ।

यस प्रतिवेदन-अवधिमा राजनीतिक र सूचना तथा सञ्चारको अधिकारका सम्बन्धमा २१ वटा उजुरीहरू परे । दर्ता भएका उजुरीको सङ्ख्या कम भए तापनि फोन तथा फ्याक्समार्फत आएका उजुरीहरूको सङ्ख्या भने अत्यधिक छ । मौखिक जानकारीमा आएका उजुरीहरूलाई दर्ता नगरिए तापनि सोही आधारमा आयोगले तत्काल व्यापक रूपमा अनुसन्धान तथा अनुगमन गरेको छ । त्यस अवधिभन्दा पहिले यस प्रकृतिका उजुरी पर्ने प्रचलन खासै थिएन । केही न्यून सङ्ख्यामा मात्र उजुरीहरू पर्थे । विशेष गरी राजाको प्रत्यक्ष शासनकालमा शान्तिपूर्ण रुपमा सभा गर्ने राजनीतिज्ञ, मानवअधिकारवादी, प्राध्यापक, विद्यार्थी, पत्रकार, वकिल, नागरिकसमाजका अगुवालाई सरकारले बिनाकारण, बिनापूर्जी हिरासतमा लिने र शारिरिक तथा मानसिक यातना दिने कार्य सुरु गऱ्यो । त्यस्तै गरी नेकपा (माओवादी)ले आफ्नो विचारसँग असहमत हुनेलाई सुराकीको आरोपमा विस्थापित गराउने, विचार र अभिव्यक्तिको स्वतन्त्रतामा रोक लगाउनेजस्ता कार्य गर्न थाल्यो । त्यसपछि आयोगमा उजुरी आउन सुरु भयो ।

आयोगले नागरिक तथा राजनीतिक अधिकारका सम्बन्धमा विभिन्न उजुरीका आधारमा अनुसन्धान तथा अनुगमन गऱ्यो । अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा आयोगले सरकार र माओवादीलाई मानवअधिकारको सम्मान र संरक्षण गर्न विभिन्न समयमा सजग गराइरह्यो । यसका साथै राजनीतिक अधिकारका लागि अवरोध नगर्न विभिन्न सिफारिसहरू गऱ्यो । त्यस्तै गरी आयोगले आन्दोलनका क्रममा

पक्राउ परेका तथा नजरबन्दमा राखिएकाहरूको हकमा तुरुन्त अनुगमन तथा अनुसन्धान गरी घाइतेहरूको तत्काल उपचारको व्यवस्था गर्न र थुनामा रहेकाहरूलाई बिनाकारण थुनामा नराख्न पटकपटक सचेत गरायो । त्यस्तै गरी आयोगले कान्तिपुर एफएम एवम् नेपाल एफएम तथा ने.का. केन्द्रीय सदस्य नरहरि आचार्यको घरबाट जफत गरिएका सामान फिर्ता गर्न र समाचार प्रशारणमा रोक नलगाउन र व्यक्तिको गोपनीयताको अधिकारको सम्मान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गऱ्यो । त्यस्तै गरी नागरिकका राजनीतिक अधिकारको सम्मान र ग्यारेन्टी गर्न राज्य र माओवादीपक्षलाई आयोगले बारम्बार सचेत गरायो । यसरी आयोगले पटक पटक अनुगमन गरि गरिएको सिफारिस पश्चात अदालतबाट रिहा भएका व्यक्तिको पुनः गिरफ्तारीको क्रममा कमी आएको, मिडिया तथा व्यक्तिका सामग्री जफत हुने क्रम रोकिएको, घरैमा नजरबन्द गर्ने क्रममा कमी आयो । आयोगले केही उच्चपदस्थ सुरक्षाअधिकृतहरूलाई बयानका लागि बोलाएपछि गृहमन्त्री कमल थापा नै सोधपुछका लागि आयोगमा उपस्थित भए । यसबाट आन्दोलनमा दमन कम भयो । यसरी राजनीतिक अधिकारको रक्षार्थ आयोगले नियमित रूपमा आफ्ना गतिविधिलाई अगाडि बढायो ।

### २.१.८ बालअधिकार

मानवअधिकारको संरक्षण र संवर्द्धन गर्न स्थापना भएको राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न सवाललाई सम्बोधन गर्ने क्रममा बालअधिकारको संरक्षण तथा संवर्द्धनका कार्यहरू समेत गर्दै आएको छ । प्रतिवेदन-अवधिमा आयोगले बालअधिकारको अनुगमन र अनुसन्धानलाई प्राथमिकताका साथ निरन्तरता दियो ।

त्यस अवधिमा राज्य तथा नेकपा (माओवादी) दुवै पक्षबाट बालअधिकार उल्लङ्घनका घटनाहरू तीब्र रूपमा भए । द्वन्द्वका समयमा यत्रतत्र छाडिएका बेवारिसे बम पड्की बालबालिकाको ज्यान जाने तथा अङ्गभङ्ग भएको अवस्था विद्यमान छ । यसै गरी नेकपा (माओवादी)द्वारा बालबालिकाको अपहरण गर्ने, सेनामा भर्ना गर्ने, विद्यालयमा बमविष्फोट गराउने, सैन्य प्रयोजनका लागि विद्यालयको प्रयोग गर्ने, विद्यालय बन्द गर्न लगाउने तथा बन्द गर्न धम्की दिनेजस्ता कार्यहरूले निरन्तरता पाए ।

आयोगद्वारा बालअधिकारमा केन्द्रित रही जाजरकोट, तनहुँ, डोटी, कपिलवस्तु गरी ४ जिल्लामा अनुगमन गरियो । अनुगमनका क्रममा नेकपा माओवादीले बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोग गरेको, हत्या, अपहरण, बेपत्ता पारेको, बेवारिसे बमविष्फोटनमा परी मृत्यु, अङ्गभङ्ग, घाइते भएको पाइयो । यसका साथै बालबालिका शिक्षा, स्वास्थ्य र सुरक्षाजस्ता आधारभूत नैसर्गिक अधिकारबाट वञ्चित भएको समेत पाइयो । यसै गरी समग्र मानवअधिकारको अनुगमन गर्ने क्रममा देशका १८ वटा जिल्लामा बालअधिकारको अवस्थाको समेत अनुगमन आयोगले गऱ्यो । अनुगमनबाट नेकपा (माओवादी)ले प्यूठानमा नागरिक शिक्षा विषयको प्रश्नपत्र जलाएका कारण विद्यार्थीहरू परीक्षा दिनबाट वञ्चित भएको पाइयो । नेकपा (माओवादी)बाट अपहरण गर्ने धम्कीका कारण सोही जिल्लाको एक विद्यालयका दुई विद्यार्थी विस्थापित भएको, रोल्पाको एक विद्यालयबाट २० जना विद्यार्थीलाई अपहरण गरेको, जिल्ला शिक्षा कार्यालयले छात्रा, दलित तथा द्वन्द्वपीडित बालबालिकालाई प्रदान गर्ने छात्रवृति प्रदान गर्न रोक लगाएको, विभिन्न विद्यालयका विद्यार्थी तथा शिक्षकहरूलाई आफ्नो कार्यक्रममा जबरजस्ती सहभागी गराउने, अपहरण गर्ने गरेको, तनँहु जिल्ला अरुणोदय गा.वि.स. मा सेनाको सुराकी गरेको आरोपमा २ जना बालबालिकालाई शारीरिक यातना दिएको पाइयो ।

सेनाद्वारा जाजरकोटको ऐश्वर्य मा.वि., स्याङ्जाको किचनास गा.वि.स. वडा नं. ६ स्थित थानापति प्रा.वि.मा हवाई फायरिङ गरियो । यसै गरी सुर्खेत साटाखानीस्थित खाँणदेवी मा.वि.मा अध्ययन गर्ने केही विद्यार्थीलाई कक्षाकोठाबाट बाहिर निकाली कुटपिट गरियो । सोही विद्यालयका विद्यार्थीलाई बाटोमा रोकी मानसिक यातना दिइयो । बाजुराको मालिका उच्च मा.वि.मा सेनाले बेसक्याम्प खडा गरेका कारण सो विद्यालयमा अध्ययन गर्ने ८०० विद्यार्थीको पढाइ प्रभावित भयो । अछामका ७५ वटा गा.वि.स.मा द्वन्द्वको प्रभाव परी २१८ बालबालिका टुहुरा भए । यसै गरी द्वन्द्वका कारण डोटीमा १४ जना बालबालिका विस्थापित भए ।

त्यस अवधिमा बालअधिकार उल्लङ्घन भएको भनी आयोगमा ८१ वटा उजुरी दर्ता भए । तीमध्ये नेकपा ( माओवादी) विरुद्धका २७ वटा, राज्यपक्षविरुद्धका ५१ वटा र अन्य पक्षविरुद्धका ३ वटा उजुरीहरू परे । प्राप्त उजुरीमध्ये १४ वटा उजुरीमा आयोगले अनुसन्धान गरी आवश्यक प्रक्रिया अगाडि बढाएको छ । अनुसन्धान गरिएका उजुरीमा ७ वटा राज्यपक्ष सम्बद्ध, ५ वटा नेकपा (माओवादी) पक्ष सम्बद्ध र २ वटा अन्य पक्ष सम्बद्ध छन् । राज्यपक्ष सम्बद्ध उजुरीमा १ अङ्गभङ्ग, ४ मृत्यु, १ बेपत्ता र १ स्वास्थ्यसम्बन्धी थिए । यसै गरी नेकपा (माओवादी) सम्बद्ध उजुरीमा ४ मृत्यु र १ घाइतेका सम्बन्धमा थिए भने अन्य पक्ष सम्बद्ध उजुरीमा २ वटै मृत्युसम्बन्धी थिए । अनुसन्धानपश्चात् आयोगले ५ वटा उजुरीका सम्बन्धमा निर्णय गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको छ । यसरी निर्णय भएकामध्ये २ वटा राज्यपक्ष, २ वटा नेकपा (माओवादी) पक्ष र १ वटा अन्य पक्ष सम्बद्ध थिए । सिफारिस गरिएकामध्ये एकजना पीडितलाई नेपाल सरकारद्वारा क्षतिपूर्ति उपलब्ध गराएको जानकारी आयोगलाई प्राप्त हुन आयो ।

त्यस अवधिमा आयोगबाट गरिएको अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्यसमेतलाई हेर्दा राज्यपक्षबाट १२ जना बालबालिकाको हत्या भएको, ४ जना बालबालिका अङ्गभङ्ग तथा घाइते भएको, नेकपा (माओवादी)ले राखेको धरापमा परी ११ जना बालबालिकाको मृत्यु भएको, १५ जना बालबालिका अङ्गभङ्ग तथा घाइते भएको, बेवारिसे बम खेलाउँदा २ जना बालबालिकाको मृत्यु भएको एवम् २ जना बालबालिका घाइते भएको पाइयो । त्यस अवधिमा आयोगले गरेको अनुगमनबाट दुवै पक्षका कारण २५ जना बालबालिकाको मृत्यु भएको, २१ जना बालबालिका अङ्गभङ्ग तथा घाइते भएको पाइयो ।

आयोगले विस्थापित भई बाँकेमा बसेका १,०२० जना बालबालिकालाई बाँकेकै विभिन्न विद्यालयमा भर्ना गर्ने कार्यमा समन्वय र सहयोग पुऱ्यायो । बाँकेको पुरैना ७ का कलायुद्दिन खाँलाई नेकपा (माओवादी)द्वारा अपहरण गरिएकोमा आयोगको पहलमा अपहरणमुक्त गराइयो । आयोगले बाँकेको नारायणपुर गा.वि.स. वडा नं. ४ बस्ने वर्ष १४ की फुलारी महतोलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएकोमा साथी नामक संस्थामा पुनर्स्थापनाका लागि सहयोग पुऱ्यायो । महेन्द्रनगरमा सुरक्षाकर्मीद्वारा एक १३ वर्षीय बालिका जयन्ती दमाईलाई गैरकानुनी थुनामा राखिएकोमा रिहाइ गर्ने कार्यमा आयोगले पहल गऱ्यो ।

काठमाडौँका एक बालकलाई निजको बुबाले मानसिक यातना दिई पढाइमा बाधाअवरोध पुऱ्याएको भनी आयोगमा उजुरी पऱ्यो । सो विषयमा आयोगले उपलब्ध गराएको परामर्शबाट निज बालकलाई निबार्ध रूपमा पढ्ने वातावरण सृजना भयो । त्यसै गरी आयोगले दाङ, घोराही बस्ने वर्ष १३ की सुकी गुरुङको औषधोपचारका लागि आवश्यक सहयोग गरिदिन गैरसरकारी संस्था सिविन, नेपालमा अनुरोध गरी पठायो । आयोगले पिङ्गल चापागाईंलाई शिक्षाको व्यवस्था गरिदिनका लागि सिविन नामक गैरसरकारी संस्थामा

सिफारिस गऱ्यो । आयोगले नगरपालिका चुनावका बेलामा विद्यालयलाई चुनावमा प्रयोग नगर्न तत्कालीन सरकारलाई पत्राचार गर्नुका साथै विभिन्न समयमा प्रेस-विज्ञप्तिमार्फत नेकपा (माओवादी) लाई आह्वान गऱ्यो । आयोगले जनआन्दोलनको क्रममा बालबालिकाको संलग्नता देखिएको हुँदा बालबालिकालाई प्रर्दशनमा संलग्न गर्ने कार्यमा प्रोत्साहन नगर्न आयोजक राजनीतिक दलहरुलाई आह्वान गऱ्यो । आयोगले विभिन्न घटनाहरूको छानबिन गरी तयार गरेको प्रतिवेदनका सम्बन्धमा सरकार तथा सम्बद्ध निकायसँग तथ्यगत जानकारी एवम् प्रतिक्रियासमेत माग गर्ने गरेकोमा सम्बद्ध निकायहरूबाट जानकारी उपलब्ध नगराइनाले कारवाही अगाडि बढाउन कठिनाइ भोग्नुपरेको छ ।

### २.१.९ महिला अधिकार

महिलाविरुद्ध हुने हिंसामा यौनदुर्व्यवहार, पारिवारिक झगडा, चेलिबेटी बेचबिखन, बलात्कार, हाडनाता करणी, यौनजन्य अपराध, दाइजो, घरेलु हिंसा, हातपात, वैवाहिक बलात्कार, भ्रूणहत्या, परम्परागत हिंसा, बालविवाह, बहुपत्नीप्रथा, बहुपतिप्रथा, देउकी प्रथा, वादीप्रथा, झुमाप्रथा, बोक्सी परम्परा, मानसिक यातना, गालीगलौज, लैङ्गिक विभेद आदि पर्छन् । आयोगमा यी सबै प्रकारका उजुरी नपरे तापनि पारिवारिक झगडा, परिवारका सदस्यलाई अरूबाट आएका धम्की, चेलिबेटी बेचबिखन, बलात्कार र जबरजस्ती विवाहका सम्बन्धमा उजुरीहरू आउने गरेका छन् । पारिवारिक हिंसाका घटनालाई प्रकाशमा ल्याए आफ्नो बेइज्जती हुन्छ भन्ने मानसिकताका कारण यस्ता धेरै घटनाहरू आफैंभित्र लुकाएर राख्ने प्रवृति छ । यसबाट यस्ता घटना बाहिर ल्याउन सकेको पाइँदैन ।

घरेलु हिंसा र पारिवारिक झगडा दोहोरिरहनुको मुख्य कारणमा महिलाहरू आत्मनिर्भर हुन नसक्नु, शिक्षाको अवसरबाट वञ्चित हुनु, चेतनाको स्तरमा कमी हुनु आदि रहेका छन् ।

अर्कोतिर पारिवारिक हिंसालाई हेर्ने बलियो कानुनको अभावले गर्दा पनि यस्ता घटनाहरू बारम्बार दोहोरिरहन्छन् । दोषीलाई कानुनी कारवाही हुने हो भने यस्ता घटना कम हुँदै जान्छन् । महिलाउपर गरिएको हिंसालाई पनि कुटपिट ऐनद्वारा हेर्ने गरिन्छ । यसले गर्दा पारिवारिक हिंसासम्बन्धी उचित कानुनी व्यवस्थाको कमी देखिन्छ । यसबाट बढी महिला सिकार हुन पुगेका छन् । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धिअनुकूल कानुन बन्नु जरुरी छ ।

आयोगमा महिलाअधिकारसँग सम्बन्धित ३४ वटा उजुरी परे । यस्ता उजुरीका सम्बन्धमा आयोगले स्थानीय प्रशासनसँग जानकारी माग गऱ्यो । आयोगमा परेका पारिवारिक अधिकारसम्बन्धी केही उजुरीका सम्बन्धमा दुवै पक्षलाई उपस्थिति गराई आवश्यक छलफलपछि समझदारीमा आउनेलाई ल्याई आफ्नै रोहबरमा मेलमिलाप गराइयो । सहमतिमा आउन नसक्नेलाई आवश्यक परामर्श दिइ कानुनी उपाचारका लागि सम्बन्धित निकायमा जान आग्रह गरिन्छ । अदालती कारवाहीको प्रकियामा लामो समय लाग्ने तथा पीडितले न्याय पाउन ढिलाइ हुने कारणले आयोगले यस्ता उजुरीका सम्बन्धमा पीडितले तत्काल उपचार पाउने गरी पीडितको मागबमोजिम समझदारीमा यस्ता कार्य गर्ने गरेको छ । आयोगमा प्राप्त उजुरीमध्ये १४ वटा उजुरीको खारेजी र ४ वटा उजुरी तामेलीमा राखिएको छ, जुन निम्नानुसार छ :

तालिका नं :६

परेका उजुरी र फछर्यौटको अवस्था

| क्र.सं. | बिषय | उजुरी सङ्ख्या | तामेली | खारेजी | कैफियत |
|---|---|---|---|---|---|
| | महिलाअधिकारका सम्बन्धमा | ३४ | ४ | १४ | |

घरेलु हिंसा रोक्नेसम्बन्धी छुट्टै कानुनको व्यवस्था छैन । शिक्षा र जनचेतनाको कमी, बालविवाह, गरिबी, गलत सांस्कृतिक परम्परा आदिका कारणले नै घरेलु हिंसाका घटना भइरहेका छन् । यौनव्यापारका लागि बालिकाहरूको बेचबिखन पनि डरलाग्दो समस्याका रूपमा रहेको छ । यस्ता घटनामा कमी ल्याउन गाउँगाउँमा गएर जनचेतना तथा मानवअधिकारका बारेमा चेतनामूलक कार्य गर्नुपर्ने हुन्छ । राज्यले घरेलु हिंसालाई रोकथाम गर्न एउटा छुट्टै कानुनको व्यवस्था गर्नुपर्ने आवश्यकता छ । यसका साथै मानवअधिकार शिक्षा तथा राज्यको कानुनी व्यवस्थासम्बन्धी सामान्य ज्ञान हासिल गर्न विद्यालयको पाठ्यक्रममा यस विषयलाई प्रवेश दिइनुपर्छ । यसले गर्दा बालबालिका अवस्थादेखि नै मानवअधिकारका बारेमा सामान्य जानकारी हुन्छ, जसले चेतना बढाउने कार्य गर्छ ।

### २.१.१० शरणार्थी, नागरिकता र विदेशीहरूको अधिकार

पिताको नागरिकता नभएका कारण छोराले नागरिकता लिनबाट वञ्चित हुनुपरेको छ । यसका साथै बाबु विदेशी तर आमा नेपाली भएकाले पनि नागरिकता पाउनबाट वञ्चित हुनुपरेको छ । यसबाट नेपालमै जन्मिएको सन्ततिले नागरिकता नभएका कारण प्रवेश परीक्षा दिनबाट वञ्चित हुनुपरेको छ । यस सम्बन्धमा एक नेपालीको साउदी अरबमा मृत्यु भएको भन्ने सम्बन्धमा, शरणार्थीको रूपमा नेपालमा बस्न पाऊँ भन्ने सम्बन्धमा, एयर इन्टरनेसनल (प्रा) लि.ले ठगी गरेको भन्ने सम्बन्धमा, कामको सिलसिलामा विदेशमा दुःख भोगिरहेका नेपालीहरूका सम्बन्धमा, ब्रिटिश गोर्खाली सेनामा सेवारत रहँदा एक ब्रिटिश गोर्खाली दुर्घटनामा परेकोमा सो बापत पाउनुपर्ने सुविधा र भत्ता नपाएको भन्ने सम्बन्धमा गरी जम्मा ९ वटा उजुरी आयोगमा पर्न आए । ती उजुरीमध्ये क्षेत्राधिकार नभएका दुईवटा उजुरीहरू खारेज गरिए भने एकवटा उजुरीमाथि हाल थप कारवाही गर्नु आवश्यक नदेखिएकोले तामेलीमा राखिएको छ । आयोग र शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायोग UNHCR सँग शरणार्थीको मानवअधिकारका विषयमा छलफल भयो । यस क्रममा नेपालमा रहेका भुटानी तथा तिब्बती शरणार्थीका विविध समस्याका बारेमा छलफल भयो । नेपालमा रहेका आन्तरिक विस्थापितहरूका बारेमा समेत छलफल भयो । छलफलमा आयोगबाट मानवअधिकार संरक्षणमा खेल्नुपर्ने भूमिकाका बारे विचारविमर्श भयो भने आन्तरिक विस्थापितहरूलाई केकसरी सहयोग गर्न सकिन्छ भनी सहकार्यका क्षेत्रमा विचार आदानप्रदान भयो । आयोगमा कामका लागि विदेश गएका नेपाली नागरिकका विभिन्न समस्यालाई लिएर उजुरी दर्ता हुने क्रम जारी छ । कतिपय नेपालीहरूले आज पनि विदेशी जेलहरूमा सजाय भोग्नुपरिरहेको अवस्था छ । विदेशी जेलमा बस्नुपरेका कारण उनीहरू आफन्तसँग भेट्नबाट पनि वञ्चित छन् । विदेशमा भएको मानवअधिकार हनन आयोगको क्षेत्राधिकारभित्र नपर्नेलगायतका समस्याले गर्दा यस विषयमा काम गर्न कठिनाइ उत्पन्न भइरहेछ ।

### २.१.११ भेदभावविरुद्ध र धर्मको अधिकार

कुनै पनि व्यक्तिलाई जातीय, लिङ्गीय वा कुनै पनि आधारमा भेदभाव गर्नु हुँदैन भन्ने विषयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनहरूमा व्यवस्था गरिए तापनि व्यवहारमा सो कुरा लागू हुन सकिरहेको छैन । समाजमा जातीय तथा लिङ्गीय आधारमा भेदभाव तथा छुवाछूत भइ नै रहेको छ । दलित तथा पिछडिएका वर्गलाई मन्दिर-प्रवेशमा रोक छ । तिनीहरूलाई सार्वजनिक कुवा तथा धाराको पानी उपभोगमा प्रतिबन्ध लगाइएको छ । अन्तर्जातीय विवाह गरेकोमा समाजबाट बहिष्कार गर्ने चलन अद्यावधि विद्यमान छ । दलितदलित जातिका बीच पनि भेदभावको स्थिति छ । विशेषतः पिछडिएका वर्गका महिलाहरू लिङ्गीय आधारमा अझ बढी भेदभावबाट पीडित छन् । कुनै पनि व्यक्तिलाई भेदभाव गरिनु, जातीय वा लिङ्गीय आधारमा मानवअधिकारको प्रचलनमा बाधाव्यवधान पुऱ्याइनु मानवअधिकारको गम्भीर उल्लङ्घन र मानवताविरुद्धको कार्य भए तापनि सोको विरुद्धमा पीडितले पर्याप्त उजुरी गर्न सकिरहेका छैनन् । आयोगमा समेत यस प्रकृतिका उजुरीको सङ्ख्या न्यून छ । आयोगमा परेका उजुरीको प्रकृति हेर्दा जातीय भेदभाव, छुवाछूत, सिनो नफालेबापत किराना पसल तथा धान कुट्ने मिलमा जान प्रतिबन्ध, मन्दिरमा प्रवेश गरेको आधारमा समाजवाट बहिष्कार, सार्वजनिक कुवा तथा धारामा पानी भरेको आरोपमा समाजका कथित उपल्लो जातका भनिनेहरूबाट कुटपिट तथा यातनाजस्ता व्यवहारबाट दलित तथा पिछडिएका वर्ग पीडित भइरहेका छन् । यस प्रतिवेदन-अवधिमा आयोगमा भेदभावविरुद्धको अधिकार र धर्मको अधिकार सम्बन्धमा ५ वटा उजुरीहरू परे । आयोगमा परेका उजुरीहरूमध्ये एकवटा उजुरीका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरियो । यस प्रतिवेदन-अवधिमा आयोगमा परेका ५ वटा उजुरी र विगत वर्षमा परेका उजुरीसमेत गरी ५ वटा उजुरीमा पीडितले चाहेको उपचार पाएकोले खारेजी गरेको छ भने १ वटा उजुरी तामेलीमा राखिएको छ ।

नेपाल पिछडा वर्ग महासङ्घको उजुरीउपर अनुसन्धान गरी मिति २०६३।०२।३० गतेका दिन पिछडा वर्गको उत्थान एवम् विकासका लागि विशेष अध्ययन गरी आवश्यक सुझाव पेश गर्न समिति तथा अध्ययन टोली गठन गर्न श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँमा नेपाल सरकारसमक्ष आयोगले सिफारिससमेत गरेको छ ।

दलित तथा अपाङ्गहरूलाई समावेशीकरण गर्ने नीतिअनुरूप कर्मचारी भर्ना गर्न मिति २०६२।०५।१२ गते प्रकाशित विज्ञापनमा दलितहरूका लागि मात्र पाँचवटा कोटा छुट्याई आरक्षणको व्यवस्था गरी आयोगले पदपूर्तिसमेत गऱ्यो ।

भेदभावविरुद्ध र धर्मको अधिकारका सम्बन्धमा सम्बन्धित पक्षहरूका बीच मेलमिलापको वातावरण कायम गराउन र पीडितको अधिकारको रक्षा गर्न राष्ट्रिय मानवअधिकार आयोगले स्थानीय प्रशासन तथा सरोकारवालालाई पत्राचार गऱ्यो ।

मिति २०६२।११।१८ गतेका दिन नानीमाया नेपालीको उजुरीका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगमा आयोगका निमित्त सचिव, पीडित पक्ष, राष्ट्रिय दलित आयोग, दलितका सम्बन्धमा कार्यरत गैरसरकारी संस्थाहरू ल्यान काउ नेपाल, दलित सेवा सङ्घका प्रतिनिधिहरूबीच एक छलफलकार्यक्रमको आयोजना भयो । छलफलबाट दलित र पीछडिएको वर्गलाई आयोगबाट प्रथामिकता दिई हेरिनुपर्ने, आयोग र यस क्षेत्रमा कार्यरत सङ्घसंस्थाबीच मानवअधिकार अनुगमनमा सहकार्य गरेर अगाडि बढ्नुपर्ने विषयमा सहमति भयो ।

मिति २०६३ साल असार ७ गतेका दिन अल्पसङ्ख्यक समुदायको मानवअधिकार संरक्षण तथा दलितको समस्याका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायोगका काठमाडौँस्थित अधिकृतबीच कर्मचारी स्तरमा राष्ट्रिय मानवअधिकार आयोगमा छलफल भयो । यस्ता छलफल, अन्तर्क्रिया तथा सूचना आदानप्रदानबाट मानवअधिकारको संरक्षणमा सहयोग पुग्ने देखिन्छ ।

### २.१.१२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस अवधिमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रचलनको स्थिति सन्तोषप्रद रहेन । यस अवधिमा आन्तरिक रूपमा विस्थापित नेपाली नागरिहरूलाई पुनर्स्थापना तथा उनीहरूको घर फर्कन पाउने वातावरण सिर्जना गर्नेतर्फ खासै पहल भएन । २०६२ चैत्रमा ल्याएको आन्तरिक रूपमा विस्थापितसम्बन्धी राष्ट्रिय नीति, २०६२ ले तय गरेका कार्यक्रमहरू पनि लागू हुन सकेनन् । सशस्त्र द्वन्द्वका कारण काठमाडौँको खुलामञ्चमा विस्थापित भई बसेका नागरिकलाई पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, र रोजगारको व्यवस्था गर्नुको सट्टा सुरक्षाकर्मीबाट अन्धाधुन्द गैरकानुनी रूपमा गिरफ्तार गर्ने कार्य गरियो । मुख्यतः बाके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङमा रहेका पूर्व कमैयाहरूको स्थितिमा खासै सुधार आउन सकेको पाइएन । मुक्त भएको आठ वर्ष बितिसक्दा पनि कमैयाहरूले आफ्नो आधारभूत मानवअधिकारको प्रयोग गर्न पाएका छैनन् ।

विद्यालयहरू शान्तिक्षेत्र हुन् भन्ने मान्यताका विपरीत विद्यालयमा अध्ययन गरिरहेका साना बालबालिकाहरूमा समेत अश्रुग्याँस प्रहार गर्ने कार्य सुरक्षाकर्मीबाट भएको पाइयो । वर्षायाममा नदीमा आउने बाढीका कारण आफ्ना सबै धनमाल, खाद्यान्न तथा जीउधनसमेत गुमाएका नागरिकलाई तत्काल उद्धार गर्ने र पुनर्स्थापना गर्ने कार्यमा राज्यले पर्याप्त पहल गरेको पाइएन । कर्णाली अञ्चलका केही जिल्लामा खाद्यान्नको अभाव भई भोकमरीको स्थिति उत्पन्न हुँदासमेत राज्यबाट खाद्यान्नवितरण र पहुँचका सम्बन्धमा पर्याप्त कार्य भएको पाइएन ।

त्यस अवधिमा नेकपा (माओवादी)बाट नेपाल बन्द, नाकाबन्दी, उद्योगधन्दा बन्द गर्ने, बन्द गर्न धम्की दिनेजस्ता कार्यले पेशा र रोजगार गर्ने अधिकारबाट वञ्चित तुल्याउने कार्य भयो । सामुदायिक औषधी कार्यक्रमहरूमा अवरोध पुऱ्याउने, परिवार नियोजन कार्यक्रम हुन नदिने, औषधी बोकेका सवारीसाधनलाई जलाउने तथा औषधीसमेत लुट्नेजस्ता कार्यबाट सर्वसाधारणको स्वास्थ्यको अधिकारमाथि गम्भीर आघात पुग्यो । जबरजस्ती चन्दा असुलउपर गर्ने, सार्वजनिक तथा निजी विद्यालय बन्द गर्ने, ताला लगाउने कार्य गरी बालबालिकाको शिक्षासम्बन्धी अधिकार तथा विद्यालय शान्तिक्षेत्र हो भन्ने सर्वव्यापी मानवअधिकारका सिद्धान्तविपरीत कार्य गरेको पाइयो । त्यसै गरी विद्यालयपरिसरभित्र विभिन्न सांस्कृतिक कार्यक्रम गर्ने, विद्यालयलाई सशस्त्र द्वन्द्वको प्रयोजनका लागि प्रयोग गर्ने र पार्टीको कार्यक्रममा सहभागी हुन नआउनेलाई कारवाहीको धम्की दिने गरेको पाइयो । विद्यालयमा अध्ययन गर्ने विद्यार्थी तथा अध्यापन गर्ने शिक्षकहरूलाई समेत जबरजस्ती कब्जा गरी लगेको पाइयो । शिक्षकहरूलाई दिइएका धम्कीका कारण राजिनामा गर्न बाध्य तुल्याइएको पाइयो । राजिनामा नगरे कारवाही गर्ने धम्की दिएका कारण धेरै शिक्षकहरू विस्थापित भई बसेका पाइए । जुम्लामा दृष्टिविहीन विद्यार्थिसमेत धम्कीका कारण विस्थापित हुन पुगे । जिल्लामा सञ्चालित विभिन्न आयोजनासञ्चालन गर्न अवरोध पुऱ्याइएको पाइयो । शिक्षक तथा गा.वि.स. सचिवहरूलाई जबरजस्ती राजीनामा गर्न धम्की दिइएका कारण आन्तरिक रूपमा विस्थापित हुन बाध्य बनाएको पाइयो । व्यक्तिका घरजग्गा जबरजस्ती कब्जा गरिएका कारण विस्थापनको दर बढदो रूपमा रहेको पाइयो ।

त्यस अवधिमा राष्ट्रिय मानवअधिकार आयोगमा ७२ उजुरी पर्न आए । त्यस्ता उजुरीमा शिक्षा, स्वास्थ्य, पेशा तथा रोजगार, अपाङ्ग, विस्थापित/बसोवास, खाद्यान्न, क्षतिपूर्ति, सम्पत्ति उपभोग तथा बमविष्फोट, धर्म, संस्कृतिसँग सम्बन्धित थिए ।

**तालिका नं ७**

**आयोगमा पर्न आएका उजुरी, तामेली, खारेजी र सिफारिसका विवरण**

| विवरण | उजुरी | तामेली / खारेजी | निर्णय तथा सिफारिस | कैफियत |
|---|---|---|---|---|
| आर्थिक तथा सामाजिक अधिकार | ७२ | ७ | ० | |
| माओवादीबाट सम्पत्ति कब्जा | ४८ | ० | ० | |

आयोगमा पर्न आएका उजुरीका प्रकृति यस्ता छन् : विश्वविद्यालयले रजिस्ट्रेशन नम्बर नदिएकाले विद्यार्थी भर्ना हुनबाट वञ्चित भएको, छात्रवृत्तिमा नाम नपरेको, कर्नाली अञ्चलका विभिन्न जिल्लामा खाद्यान्न अभाव भएको, अस्पतालमा बिरामी महिलामाथि दुर्व्यवहार भएको, बोर्डिङ स्कुल र क्याम्पसमा सुरक्षाकर्मीबाट प्रहार गरेको अश्रुग्याँसबाट बालबालिका तथा विद्यार्थीको स्वास्थ्यमा असर परेको, सार्वजनिक भाडाका बसलाई नेकपा (माओवादी)ले धम्की दिएर चलाउन नदिएको, जनआन्दोलनका क्रममा पक्राउ गरी विभिन्न थुनुवाकेन्द्रमा राखिएका गम्भीर घाइतको स्वास्थ्यउपचार हुन नसकेको, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामाथि कुटपिट तथा तोडफोड भएको, नेकपा (माओवादी)द्वारा घरजग्गा कब्जा गरेको आदि । उल्लिखित उजुरीमध्ये ७ वटा उजुरीको तामेली भएको छ ।

बालबालिका शान्तिक्षेत्र हुन् र विद्यालयलाई शान्तिक्षेत्रका रूपमा प्रयोग गरिनुपर्छ भन्ने मान्यताका आधारमा बालबालिकाको पढ्न पाउने शिक्षाको अधिकारको संरक्षण गर्न सरकारलाई सिफारिस र नेकपा (माओवादी) लाई आयोगले आह्वान गर्‍यो । प्रर्दशन, सभा तथा विरोधकार्यक्रमहरूमा अश्रुग्याँसको प्रयोगलाई तत्काल रोक्न सरकारलाई आयोगले अनुरोध गर्‍यो । नेकपा (माओवादी)ले आयोजना गरेको बन्द तथा नाकाबन्दीजस्ता कार्यक्रमले नागरिकको दैनिक जनजीवनमा असर पुग्ने हुँदा त्यस्ता कार्यक्रम फिर्ता लिन र आयोजना नगर्न नेकपा (माओवादी)लाई आयोगले पटकपटक आह्वान गर्‍यो । नेकपा (माओवादी)को धम्कीका कारण व्यवसायीहरूको उद्योगधन्दा, सार्वजनिक यातायात बन्द भएको आदि विषयमा सम्बन्धित सरोकारवालासँग आयोगले समयसमयमा छलफल गरी ध्यानाकर्षण गरायो । सशस्त्र द्वन्द्वका कारण नागरिक तथा राजनीतिक अधिकारमा आयोगको ध्यान बढी केन्द्रित रहनुपरेका कारण आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लङ्घनका बारेमा पर्याप्त ध्यान केन्द्रित हुन सकेन । आगामी दिनमा सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको सुनिश्चितताका लागि आयोगले अझ बढी ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता छ ।

आयोगद्वारा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घन तथा दुरुत्साहनका विषयमा परेका उजुरीहरूका सम्बन्धमा सम्बन्धित निकायमा लेखेको पत्रहरूको जवाफ समयमा प्राप्त हुन नसक्दा उजुरीलाई टुङ्गोमा पुर्‍याउन बाधा उत्पन्न भएको छ । आयोगले सम्पन्न गरेका अनुगमन तथा अनुसन्धानसँग सम्बन्धित सिफारिस सरकारबाट कार्यान्वयन हुन नसक्दा र आयोगको आह्वानलाई नेकपा (माओवादी) पक्षबाट पनि

पालना नगरिँदा मानवअधिकार संरक्षणसम्बन्धी कार्यलाई तदारुकताका साथ अघि बढाउन कठिनाइ हुने गरेको छ ।

### २.१.१३ आन्तरिक विस्थापितको अधिकार

कुनै पनि व्यक्तिले आफ्नो वासस्थानको छनोट गर्ने र आफ्नो घरमा सुरक्षितसाथ बस्न पाउनु निजको मानवअधिकारभित्र पर्दछ । तर देशमा चलेको सशस्त्र द्वन्द्वका कारण धेरै मानिसहरू आन्तरिक रूपमा विस्थापित हुन पुगेका छन् । नेपालमा चलेको द्वन्द्वका कारण कति मानिसहरू विस्थापित भएका छन् भन्ने विषयमा कहिँकतैबाट पनि यकिन तथ्याङ्क पाउन सकिँदैन तापनि विभिन्न संस्थाहरूले गरेको अध्ययनअनुसार विस्थापितहरूको सङ्ख्या फरकफरक रहेको पाउन सकिन्छ । गृहमन्त्रालयका अनुसार १५ जुलाइ २००५ सम्म विस्थापितहरूको परिवार ५,०३३ र जनसङ्ख्या १८,६६६ रहेको छ ।[६] यसै गरी कारितास, नेपालले गरेको एक अध्ययनअनुसार २ लाख १२ हजार ९८५ देखि २ लाख ७२ हजार ६०० बीचमा विस्थापितको सङ्ख्या रहेको उल्लेख छ ।[७] विस्थापितका कारणमा नेकपा (माओवादी)बाट धनसम्पत्ति कब्जा गर्ने, धम्की दिने (मार्ने, अपहरण गर्ने, यातना दिने), आफन्तको अपहरण, जबरजस्ती सैन्यमा भर्ना गर्ने, गाउँलेलाई कुटपिट गर्ने तथा यातना दिने आदि रहेका छन् । त्यसै गरी सुरक्षाकर्मीबाट नेकपा (माओवादी)को आरोपमा बेलाबेलामा गर्ने गिरफ्तारी तथा यातनाका कारण र सुरक्षाक्याम्पनजिक राखिएको विष्फोटक पदार्थ विष्फोट हुने डरले तथा परिवारको एक सदस्य नेकपा (माओवादी) भएमा आफूलाई सुरक्षाकर्मीबाट गिरफ्तार गर्ने डरले विस्थापित भएको पाइन्छ ।
गत चैत्र-वैशाख महिनामा भएको जनआन्दोलनको सफलतापश्चात् देशको राजनीतिमा आएको परिवर्तनले आन्तरिक विस्थापितलाई पुनःस्थापित गराउन नेकपा (माओवादी) र नेपाल सरकार प्रतिबद्ध रहेको देखिन्छ । नेकपा (माओवादी) र सात राजनीतिक दलबीच भएको १२ बुँदे र ८ बुँदे समझदारीपत्रमासमेत सशस्त्र द्वन्द्वका कारण आन्तरिक रूपमा विस्थापित व्यक्तिलाई घर फर्कन सहज वातावरण बनाउने र अन्यायपूर्ण तरिकाबाट जफत गरिएका चलअचल धन सम्पत्तिसमेत फिर्ता गर्ने विषय उल्लेख छ । त्यसै गरी नेपाल सरकार र नेकपा (माओवादी)बीच भएको २५ बुँदे आचारसंहितामा समेत मानवअधिकारको मर्यादा र संरक्षणका विषयमा प्रतिबद्धता व्यक्त भएको छ । यसको १८ नम्बर बुँदामा *"विस्थापित भएका व्यक्तिलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनःस्थापित हुने कार्यमा सहयोग गर्ने"* बारेमा स्पष्ट उल्लेख छ । नेपाल सरकार र नेकपा (माओवादी) दुवै पक्षबाट भएको युद्धविराममा गरेको प्रतिबद्धताका कारण विस्थापितहरू आ-आफ्ना घर फकर्ने क्रम सुरु भए तापनि सबै विस्थापित व्यक्तिहरू घर फर्कन सकिरहेका छैनन् ।

नेकपा (माओवादी) र सुरक्षाकर्मीबाट विस्थापित गराएको भनी राष्ट्रिय मानवअधिकार आयोगमा १८६ उजुरी पर्न आएका छन् । यसमा नेकपा (माओवादी)का कारण विस्थापित भएको सम्बन्धमा १७३ र सुरक्षाकर्मीका कारण १३ छन् । आयोगमा प्राप्त उजुरीका सम्बन्धमा आयोगले सम्बन्धित निकायसँग जानकारी माग गर्ने, अनुगमन तथा अनुसन्धान गरी प्राप्त तथ्यका आधारमा सरकार तथा नेकपा (माओवादी)लाई विस्थापित व्यक्तिको मानवअधिकारको सम्मान र संरक्षण गर्न एवम् विस्थापित व्यक्तिलाई सम्मानपूर्वक घर फर्कने वातावरण तयार गर्नका लागि सिफारिस तथा आह्वान गर्नेजस्ता कार्य गर्दै आइरहेको छ ।

---

[६] Gopal Krishna Shiwakoti & shreejana pokhrel, Caravan *Of Conflict* p.103, CaritasNepal, Lalitpur, 2005.
[७] Gopal Krishna Shiwakoti & shreejana pokhrel, Caravan *Of Conflict* p.110, CaritasNepal, Lalitpur, 2005.

यस प्रतिवेदन-अवधिमा आयोगले मिति २०६३ वैशाख २१ देखि ३० सम्म धनुषा जिल्लामा सशस्त्र द्वन्द्वका कारण आन्तरिक विस्थापित व्यक्तिहरूको मानवअधिकारको अवस्थाका विषयमा अनुगमन गर्‍यो । उक्त जिल्लामा माओवादी धम्की, डर, त्रास, हत्या, अपहरण, यातना, तालाबन्दी, सम्पत्ति लुटपाटका कारण १०१ घरपरिवार विस्थापित रहेका पाइए भने सुरक्षाफौजबाट विस्थापित भएको निश्चित तथ्याङ्क पाउन सकिएन तापनि धनुषाधाम, बरमझिया, भुतहिपर्टेवालगायतका गाँउको अनुगमनका क्रममा ८ जना व्यक्तिहरू सुरक्षाफौजका तर्फबाट पीडित भएको जानकारी प्राप्त भयो ।

रामेछाप जिल्लामा गरेको अनुगमनका क्रममा नेकपा (माओवादी)सँग गरेको अन्तर्क्रिया-कार्यक्रममा आफ्नो पार्टीले विस्थापितहरूलाई घर फर्कन आह्वान गरिसकेको जानकारी प्राप्त भयो । त्यसै गरी नेपालगञ्ज, सुर्खेत, दैलेख, रुकुम र डोल्पा जिल्लामा विस्थापितहरूको मानवअधिकारको स्थितिका बारेमा आयोगले अनुगमन गर्‍यो । डोल्पा जिल्लामा गरेको अनुगमनका क्रममा नेकपा (माओवादी)सँग छलफल गरी ५९ विस्थापितहरूलाई उनीहरूको घर फर्काउन आयोग सफल भयो ।

लमजुङ बेँसीसहरका हेमजङ्ग गुरुङको घर नेकपा (माओवादी)ले कब्जा गरी बसेकोमा आयोगको टोलीले सोको स्थलगत अनुगमन गरी छलफलपश्चात् कब्जामा लिइएको घरलाई कब्जामुक्त गराउने कार्य गर्‍यो । आयोगले विस्थापितहरूको मानवअधिकारको सम्मान र संरक्षण गराउनका लागि विभिन्न समयमा नेपाल सरकारलाई सिफारिस गर्नुका साथै नेकपा (माओवादी) लाई विस्थापितहरूलाई घर फर्कने वातावरण सृजना गर्न वैशाख १७, २०६३ मा प्रेस-विज्ञप्तिमार्फत आह्वान गर्‍यो । यसै गरी आन्तरिक रूपमा विस्थापितका लागि संयुक्त राष्ट्रसङ्घीय मार्गदर्शनका आधारमा विस्थापितहरूको पुनर्वास, स्वास्थ्य, शिक्षा, रोजगारको व्यवस्थाका लागि आयोगले सरकारलाई सिफारिस गर्‍यो ।

आन्तरिक रूपमा विस्थापितको अधिकाररक्षाका सम्बन्धमा नेपालमा छुट्टै कानुन नभएको अवस्थामा नेपाल सरकारले मिति २०६२ फागुन २९ गते आन्तरिक रूपमा विस्थापितसम्बन्धी राष्ट्रिय नीति, २०६२ प्रकाशित गर्‍यो । देशमा पहिलोपटक आन्तरिक विस्थापितसम्बन्धी नीति जारी भएपछि सो नीतिबाट विस्थापित भएका नागरिकको अधिकारको प्रत्याभूति गर्न मद्दत मिल्यो । यसलाई कोसेढुङ्गाका रूपमा लिन सकिन्छ । यद्यपि देशमा विद्यमान द्वन्द्वका बेला यो जारी भयो । यसले गर्दा सबै क्षेत्रबाट हुन सक्ने विस्थापितलाई समदूरीमा राखिएन । यसैले मानवअधिकारको दृष्टिकोणबाट कतिपय बुँदामा संशोधन गर्नु नितान्त आवश्यक देखिन्छ । तथापि विस्थापितहरूलाई पुनःस्थापन गराउन, मानवीय सहायता उपलब्ध गराउन, आन्तरिक विस्थापित नीति, २०६२ मद्दतगार देखिन्छ ।

### २.१.१४ आयोगमा परेका उजुरी र फछ्र्योटको अवस्था

मानवअधिकार आयोग ऐन, २०५३ तथा राष्ट्रिय मानवअधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ मा उजुरीउपरको कारवाहीका सम्बन्धमा स्पष्ट व्यवस्था छ । यसअनुसार आयोगमा उजुर गर्ने व्यक्तिले आफैँ उपस्थित भएर वा हुलाक वा द्रूतगतिको सेवा, टेलिफोन, टेलिफ्याक्स आदि माध्यमबाट मानवअधिकार उल्लङ्घनका विषयमा उजुरी दिन सक्ने प्रावधान छ । सोअनुरूप आयोगमा प्राप्त विभिन्न उजुरीहरूका सम्बन्धमा स्वतन्त्र एवम् निष्पक्ष रूपमा छानबिन तथा अनुसन्धान गरी मानवअधिकारको उल्लङ्घनका घटनाका सम्बन्धमा आयोगले आफ्नो निर्णय सार्वजनिक गर्दै आएको छ ।

आर्थिक वर्ष २०६२/६३ मा आयोगमा जम्मा २,३३१ उजुरीहरू परे । परेका उजुरीहरूमा सबैभन्दा बढी सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता पारेको भन्ने सम्बन्धमा छन् भने दोस्रो स्थानमा नेकपा (माओवादी)द्वारा अपहरण गरेको भन्ने छ । आयोगमा प्राप्त उजुरीहरूमध्ये अधिकांश पीडितका परिवारजनले दिएका छन् भने केही पीडित स्वयम् उपस्थित भएर दिने गरेका छन् । केही उजुरीहरू मानवअधिकारका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरूमार्फत पनि पर्न आएका छन् । मानवअधिकार आयोग ऐन, २०५३ को दफा ९ (२) (क)अनुसार आयोगले विविध श्रोतबाट प्राप्त जानकारीका आधारमा र आयोगले आफ्नै स्वविवेकमा समेत जानकारी लिई मानवअधिकार उल्लङ्घनबारे कारवाहीहरू गर्दै आइरहेको छ । आयोगमा परेका उजुरीको प्रकृति हेर्दा अधिकांश उजुरीहरू जीवन र स्वतन्त्रताको अधिकारसँग सम्बन्धित छन् । विस्थापितहरूको हकअधिकारको रक्षार्थ पहल गरी पाउन तथा आर्थिक, सामाजिक अधिकारको संरक्षण एवम् प्रचलनको निमित्तसमेत आयोगमा उजुरीहरू प्राप्त भएका छन् । यसबाहेक बालअधिकार, भेदभाव, असमानता, पेशारोजगार गर्न पाउने स्वतन्त्रता, तथा नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रदान गरेका अन्य हकअधिकारको प्रचलनका निमित्तसमेत आयोगमा उजुरीहरू प्राप्त भएका छन् ।

सुरक्षाकर्मीले बेपत्ता पारेको भन्ने सम्बन्धमा ४३८ उजुरी पर्न आएका छन् भने माओवादीपक्षबाट अपहरण तथा कब्जा गरेको भनी ३६४ उजुरी पर्न आएका छन् । सुरक्षाकर्मीबाट मारिएको भन्ने सम्बन्धमा १३२ वटा र माओवादीबाट मारिएको भन्ने सम्बन्धमा ६० वटा उजुरीहरू पर्न आएका छन् । यसका साथै अज्ञात पक्षबाट मारिएको भन्ने सम्बन्धमा २५ वटा उजुरीहरू पर्न आएका छन् । सुरक्षाकर्मीबाट यातना दिएको भन्ने सम्बन्धमा १६४ र माओवादीले यातना दिएको भन्ने सम्बन्धमा ३० उजुरीहरू आयोगमा प्राप्त भएका छन् । नेकपा ( माओवादी) पक्षबाट विस्थापित गराएको १७३ तथा घरजग्गा/सम्पत्ति कब्जा गरेको भनी ४८ वटा उजुरी प्राप्त भएका छन् । सुरक्षाकर्मीका कारण विस्थापित भएको भन्ने सम्बन्धमा १३ वटा उजुरीहरू प्राप्त भएका छन् । यसरी दुवै पक्षबाट मानवअधिकारको उल्लङ्घन तथा ज्यादती गरेको भन्ने सम्बन्धमा आयोगमा उजुरीहरू पर्न आएका छन् ।

आयोगमा पर्न आएका उजुरीहरूमध्ये समीक्ष्य अवधिमा ६७३ उजुरी फछ्र्योट भई उल्लेखनीय प्रगति भएको छ । आयोगमा परेका उजुरी र फछ्र्योटसम्बन्धी विवरण तलको तालिकामा दिइएको छ :

**२०६२ जेष्ठदेखि २०६३ वैशाख मसान्तसम्ममा आयोगको उजुरी फछ्र्योटसम्बन्धी विवरण**

| वर्ष | उजुरी सङ्ख्या | खारेजी/तामेली सङ्ख्या | निर्णय तथा सिफारिस |
|---|---|---|---|
| २०६२/२०६३ | २३३१ | ६०१ | ७२ |
| २०६१/२०६२ | १७८२ | २६० | ३३ |

उल्लिखित तालिकाअनुसार मानवअधिकार हननका घटनाहरू बढेको देखिन्छ । आयोगमा प्राप्त उजुरीहरूमध्ये केही उजुरीहरू पहिला नै घटेका घटनाका सम्बन्धमा छन् । अघिल्लो एक वर्षको अवधिमा १,७८२ उजुरीहरू परेकोमा आ.ब. ०६२/०६३ मा २,३३१ उजुरीहरू पर्न आएका छन् । उजुरी-फछ्र्योटको अवस्थामा सुधार आएको छ । गत वर्षमा २९३ वटा उजुरीहरू फछ्र्योट भएकोमा त्यस अवधिमा ६०१ उजुरी तामेली तथा खारेजी भएका छन् भने ७२ वटा निर्णय तथा सिफारिस भएका छन् ।

आयोगले मानव अधिकार संरक्षण गर्ने क्रममा अनुसन्धान र अनुगमनको कार्यलाई सक्रियताका साथ निरन्तरता दिदै आएको छ । यस अवधिमा आयोगमा प्राप्त उजुरी तथा आयोगको स्वविवेकमा विभिन्न घटनाको अनुसन्धान र मानव अधिकारको अवस्था सम्बन्धमा अनुगमन गर्ने कार्य गऱ्यो । यसरी आयोगबाट गरिएको अनुसन्धान र अनुगमनको विवरण क्रमशः अनुसुची १ र २ दिइएको छ । आयोगले अनुसन्धान र अनुगमन पश्चात निर्णय गरी विभिन्न सिफारिस समेत गरेको छ । सो को विवरण अनुसुची ३ मा दिएको छ । साथै प्रतिवेदन अवधीमा आयोगमा प्राप्त उजुरीहरूको विवरण अनुसूची ४ मा दिइएको छ ।

## २.२ आयोगबाट भएका प्रबर्द्धनात्मक कार्यहरू

मानवअधिकार आयोग ऐनले मानवअधिकारको संरक्षण र संवर्द्धन गर्नुलाई प्रमुख कर्तव्य मानेको छ । आयोगको चारवर्षे रणनीतिक योजनाअनुसार आयोगले यस प्रतिवेदन-अवधिमा मानवअधिकार संवर्द्धनका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । यसले मानवअधिकारको प्रचारप्रसार गरी मानवअधिकारप्रति हरेक व्यक्तिलाई सचेत गराएको छ । यसबाट मानवअधिकार संस्कृतिको विकासका लागि आयोग निरन्तर रूपमा क्रियाशील छ । आयोगले विशेष गरी मानवअधिकारका क्षेत्रमा विभिन्न अन्तर्क्रिया तथा छलफलकार्यक्रमको आयोजना गर्दै आएको छ । यसका साथै आयोगले विभिन्न गोष्ठी तथा सेमिनार, तालिमकार्यक्रमहरू सञ्चालन गरेर मानवअधिकारको संवर्द्धन गर्दै आइरहेको छ । त्यस अवधिमा आयोगले विभिन्न स्थान तथा समयमा १०९ भन्दा बढी गोष्ठी तथा छलफलकार्यक्रमको आयोजना गऱ्यो । आयोगबाट गरिएका प्रमुख प्रबर्द्धनात्मक कार्यहरूको सूची अनुसूची ५ मा दिइएको छ ।

आयोगबाट सम्पन्न भएका गतिविधिहरूलाई नियमित रूपमा इबुलेटिनमार्फत विभिन्न स्वदेशी तथा विदेशी दातृनिकाय एवम् व्यक्तिलाई जानकारी गराउने गरिएको छ । आयोगको अनुगमनबाट प्राप्त तथ्यहरू पत्रकारसम्मेलन गरी जानकारी प्रदान गर्ने गरिएको छ । मानवअधिकारको संरक्षण तथा संवर्द्धनका लागि आयोगले गरेका प्रयासहरूलाई प्रतिवेदनका रूपमा प्रकाशित गरी सर्वसाधारणलाई जानकारी गराउने गरिएको छ । आयोगबाट मानवअधिकारको संवर्द्धनमा गरेका केही प्रमुख क्रियाकलापहरू निम्नानुसार छन् :

### २.२.१ गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रम

त्यस अवधिमा आयोगद्वारा विभिन्न विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरू आयोजना गरिए । मानवअधिकारसँग सम्बन्धित तत्कालीन र ज्वलन्त विषयमा गरिएका त्यस्ता कार्यक्रमहरूले आयोगलाई सरोकारवालाहरूसमक्ष आफ्ना विचार प्रस्तुत गर्ने अवसर प्राप्त भयो । ती कार्यक्रममा सहभागी हुन आउनुहुने व्यक्ति तथा संस्थाहरूले मानवअधिकारका विविध विषयमा आयोगको ध्यानाकर्षण गराए । यसका साथै समस्यासमाधानका लागि आयोगलाई पहल गर्न अनुरोध गरे ।

२०६२ साउन १७ गते आयोगले नागरिकसमाज तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागितामा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो । सो कार्यक्रममा मानवअधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था/नागरिकसमाजले व्यहोर्नुपरिरहेका चुनौतीहरूका बारेमा छलफल भयो । त्यही कार्यक्रममा वर्तमान अवस्थामा आयोगद्वारा चालिनुपर्ने प्रभावकारी कदम, गैरसरकारी संस्था/नागरिकसमाज र आयोगबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरूजस्ता एजेन्डा तय गरिए । आयोगका तत्कालीन

अध्यक्ष नयनबहादुर खत्रीको उपस्थितिमा भएको सो कार्यक्रममा मानवअधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्था र नागरिकसमाजका प्रतिनिधिहरूको उपस्थिति थियो ।

उक्त कार्यक्रममा भएको छलफलमा आयोगका पूर्व सदस्यद्वय डा. गौरीशङ्करलाल दास, प्रा. कपिल श्रेष्ठ, पूर्व मन्त्री शैलेन्द्रकुमार उपाध्याय, नेपाल बार एसोसिएसनका उपाध्यक्ष शेरबहादुर के.सी, नेपाल शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष मोहन ज्ञवाली, द्वन्द्वविशेषज्ञ डा. विष्णुराज उप्रेती, लाइन्स क्लबका डिस्ट्रिक गभर्नर पुष्पा शर्मा, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका केन्द्रीय सचिव मधु तिमल्सिना, वर्ल्ड भ्यु नेपालकी सुभद्रा बेलबासे, नेपाल मानवअधिकार सङ्गठनका अध्यक्ष तथा एमनेस्टी नेपाल इन्टरनेसनलका पूर्व अध्यक्ष चरण प्रसाईं, एबीसी नेपालकी इन्दु अधिकारी, कम्युनिकेसन कर्नरका गोपाल गुरागाईं, काठमाडौं स्कुल अफ लका अध्यापक किशोर सिलवाल आदिले भाग लिनुभयो । उहाँहरूले आयोगले आफ्नो प्रभावकारितामा वृद्धि गर्न आवश्यक भएको सुझाव दिई आयोगसँग सहकार्य गर्न तयार रहेको कुरा बताउनुभयो ।

आयोगले आफ्नो सभाकक्षमा आयोगका सदस्यहरू तथा विभिन्न एफएम रेडियोका प्रतिनिधिहरूको उपस्थितिमा 'एफएम रेडियो जगत्ले भोग्नुपरेका समस्या तथा प्रेसस्वतन्त्रता'का विषयमा एउटा छलफल कार्यक्रमको आयोजना गर्‍यो ।

आयोगले वर्तमान सशस्त्र द्वन्द्वको अवस्थामा बालअधिकारको संरक्षण र संवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यले सम्बन्धित सरकारी तथा सुरक्षा निकाय, गैरसरकारी तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था, आयोग एवम् पीडित बालबालिकाहरूसमेतको सहभागितामा सशस्त्र द्वन्द्वमा बालबालिका विषयक क्षेत्रीय कार्यशाला गोष्ठी सञ्चालन गर्‍यो । आयोगले गोष्ठी २०६२ श्रावण २१ र २२ गते पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत बुटवलमा, मिति २०६२ मङ्सिर ८, ९ र १० गते मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत सुर्खेतमा र पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत झापाको भद्रपुरमा मिति २०६२ पौष ९ देखि ११ गतेसम्म विभिन्न निष्कर्षहरू निकाल्दै सम्पन्न गर्‍यो ।

गोष्ठीका उद्देश्यहरू सशस्त्र द्वन्द्वले बालअधिकारमा पारेको असरका बारेमा जानकारी लिई बालबालिकामा पर्ने असर कम गराउन सम्बद्ध पक्षहरूबीच संयुक्त रणनीति तयार पार्ने, सम्बद्ध सरोकारवालाहरूले सशस्त्र द्वन्द्वका समयमा बालअधिकारको संरक्षणका लागि गरेका कार्यहरूका बारेमा समीक्षा गर्ने र भविष्यमा गर्न सकिने सहकार्यका सम्बन्धमा खाका तयार गर्ने थिए । यसका साथै उक्त गोष्ठीको उद्देश्य बालअधिकार संरक्षण तथा संवर्द्धनका लागि क्षेत्रीय स्तरमा औपचारिक/अनौपचारिक सञ्जाल निर्माण गर्ने उद्देश्य थियो ।

गोष्ठी बालअधिकारसम्बन्धी सैद्धान्तिक ज्ञानको अभिवृद्धि गराउन सहयोगी भयो । यसका साथै बालअधिकारको संरक्षण तथा संवर्द्धनप्रति सबैलाई जागरुक तथा सचेत तुल्याउन सहयोग पुग्यो । 'बालबालिका शान्तिक्षेत्र हुन्, राष्ट्रिय अभियान : अवधारणा'लाई एकीकृत रूपमा विस्तार गरी बालबालिकाको हक, हित र अधिकारको संरक्षण गर्न र बालबालिकाका लागि १० वर्षे राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा गोष्ठीले महत्त्वपूर्ण सहयोग उपलब्ध गर्‍यो । गोष्ठीमा भएको बालसहभागिताले बालक्लबको रचनात्मक र विकासात्मक गतिविधिलाई प्रबल, सशक्त र प्रभावकारी एवम् दिगो बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिइयो ।

माथि उल्लेख गरिएकाबाहेक विभिन्न समयमा आयोगबाट छलफल तथा गोष्ठीहरूको आयोजना गरियो । त्यसै गरी विभिन्न निकायहरूबाट सञ्चालन तथा आयोजना गरिएका कार्यक्रमहरूमा पनि आयोगको सहभागिता रह्यो ।

### २.२.२ बालअधिकार बिषयक राष्ट्रव्यापी विद्यालय स्तरीय कविता प्रतियोगिता

आयोगले बालअधिकारको संवर्द्धनका लागि बालअधिकार विषयक माध्यमिक विद्यालय स्तरीय कविताप्रतियोगिता सञ्चालन गऱ्यो । कविताप्रतियोगताले बालअधिकारसम्बन्धी चेतना जगाई मानवअधिकार संस्कृतिको विकासमा सहयोग पुऱ्यायो । बालअधिकारको प्रचारप्रसारका लागि र विद्यालयलाई शान्तिक्षेत्रका रूपमा स्थापित गर्ने कार्यमा सहयोग पुऱ्याउन आयोगले सहयोग पुऱ्यायो । यसका साथै बालबालिकाको निर्बाध र निर्भीकतापूर्वक बाँच्न, हुर्कन र पढ्न पाउने अधिकारको संरक्षणमा थप ऊर्जा प्रदान गर्ने उद्देश्यले दुई वर्ग लक्षित गरी आयोगले दुई थरीको स्टिकर प्रकाशन गऱ्यो । पहिलो विद्यार्थी वर्ग (कक्षा ८, ९ र १०) लाई लक्षित गरी 'हिंसाले हैरान छौं, हामीलाई पढ्न देऊ शान्तिले' र दोस्रो आमनागरिकलाई लक्षित गरी 'सशस्त्र द्वन्द्व चलिरहे हामी बालबालिकाको के होला भविष्य ?' नामक स्टिकर प्रकाशन गरी द्वन्द्वप्रभावित २५ जिल्लामा लक्षित वर्गलाई वितरण गरियो ।

### २.२.३ सञ्चारकर्मीलाई मानवअधिकारसम्बन्धी लेखनवृत्ति

राष्ट्रिय मानवअधिकार आयोगले सञ्चारकर्मीहरूलाई मानवअधिकारसम्बन्धी लेखनवृत्ति प्रदान गर्ने कार्यको थालनी गरेको छ । आयोगले मानवअधिकारको विषयलाई उजागर गर्न तथा आयोग र सञ्चारकर्मीका बीचको सहकार्यलाई अझ बलियो बनाउन विभिन्न ६ विषयमा सघन रिपोर्टिङ तथा अध्ययन गर्न यो लेखनवृत्ति प्रदान गर्ने निर्णय गरेको छ । स्थानीय तहमा रहेका पत्रकारहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले प्रदान गर्न लागिएको यस लेखनवृत्ति (fellowship) निम्न विषयमा केन्द्रित रही प्रदान गरिनेछ : द्वन्द्वबाट सिर्जित मानवीय पीडा, सामाजिक एवम् सांस्कृतिक अधिकार उपभोग गर्नमा देखिएका समस्या, बालसैनिक, आन्तरिक विस्थापन, द्वन्द्वबाट पीडित महिला तथा बालबालिकाको अवस्था, अपहरण/बेपत्ताको स्थितिका साथै त्यसबाट सिर्जिएका समस्या आदि । उक्त लेखनवृत्ति छापा तथा विद्युतीय माध्यममा कार्यरत पत्रकारलाई प्रदान गरिनेछ । आयोगमा प्राप्त आवेदनहरूमध्येबाट उपयुक्त व्यक्तिको छनोट गर्न एक निष्पक्ष समितिको समेत गठन गरिनेछ ।

### २.२.४ मानवसंसाधन विकास

राष्ट्रिय मानवअधिकार आयोगको कार्यकुशलता र प्रभावकारिता बढाउनका लागि आयोगमा काम गर्ने कर्मचारीहरू क्षमतावान हुन् नितान्त जरुरी हुन्छ । कर्मचारीहरूको क्षमताअभिवृद्धि गर्नका लागि आयोगबाट विभिन्न समय र विषयमा तालिमकार्यक्रमको आयोजना गरियो ।

मानवअधिकारको विश्लेषण गरी गुणस्तरीय प्रतिवेदन-लेखनका लागि आवश्यक सीप प्रदान गर्न राष्ट्रिय मानव अधिककार आयोगबाट मिति २०६२ श्रावण १८ गते 'मानवअधिकार विश्लेषण र प्रतिवेदन-लेखन' विषयक कार्यशाला गोष्ठीको आयोजना गरियो । आयोगको केन्द्रीय कार्यालयका १९ जना कर्मचारी सहभागी भएको उक्त कार्यक्रममा आयोगबाट तयार गरिएका आन्तरिक प्रतिवेदनहरूको पुवरावलोकन गरी त्यसमा देखिएका कमीकमजोरीको पहिचान गरी पटकपटक छलफल गरियो । जसबाट प्रतिवेदन-लेखन र कानुनी विश्लेषणमा सुधार आयो ।

विधि विषय परामर्श महाशाखाको आयोजनामा 'कानुन अनुसन्धान/पुनरावलोकन' सम्बन्धमा आयोगका कर्मचारीहरूको क्षमताअभिवृद्धि गर्ने उद्देश्यले डेनिस इन्स्टिच्युट फर ह्युमन् राइट्स् (DIHR)को सहयोगमा आयोगले मिति २०६२ मङ्सिर १४-१८ मा कानुन अनुसन्धान/पुनरावलोकन विषयक तालिमकार्यक्रम सम्पन्न गऱ्यो । उक्त तालिमकार्यक्रममा कानुनको अनुसन्धान/पुनरावलोकन कार्यको जिम्मेवारी वहन गर्दै आएका आयोगको विधि विषय परामर्श महाशाखाका कर्मचारीहरू र आयोगका अन्य महाशाखा तथा क्षेत्रीय कार्यालयका कर्मचारीहरू गरी जम्मा १५ जना सहभागी गराइए । उक्त तालिमपछि आयोगका कर्मचारीहरूको कानुन अनुसन्धान/पुनरावलोकनसम्बन्धी ज्ञान र सीपको विकास भयो । यसबाट आयोगले गर्दै आएको कानुन अनुसन्धान/पुनरावलोकनसम्बन्धी कार्य प्रभावकारी भएको छ ।

त्यसै गरी कानुनको मस्यौदाका सम्बन्धमा आयोगका कर्मचारीहरूको क्षमताअभिवृद्धि गर्ने उद्देश्यले डेनिस इन्स्टिच्युट फर ह्युमन् राइट्स् (DIHR)को सहयोगमा आयोगले मिति २०६२ पौष ४-६ मा कानुनमस्यौदासम्बन्धी तालिमकार्यक्रम सम्पन्न गऱ्यो । उक्त तालिमकार्यक्रममा कानुनमस्यौदा गर्ने वा कानुनी मस्यौदाउपर टिप्पणी एवम् सुझाव प्रस्तुत गर्ने जिम्मेवारी वहन गर्दै आएका आयोगका विधि विषय परामर्श महाशाखाका कर्मचारीहरू र आयोगका अन्य महाशाखा तथा क्षेत्रीय कार्यालयका कर्मचारीहरू गरी जम्मा १२ जना सहभागी थिए । उक्त तालिमपछि कर्मचारीहरूको कानुनको मस्यौदासम्बन्धी ज्ञान र सीपमा विकास भई आयोगअन्तर्गत गरिने कानुनमस्यौदा निर्माणसम्बन्धी कार्य प्रभावकारी भएको छ ।

राष्ट्रिय मानवअधिकार आयोग र नर्वेजियन शरणार्थी परिषद्को आन्तरिक विस्थापन अनुगमन केन्द्रले संयुक्त रूपमा मिति २०६२।०८।२८ देखि २०६२।०८।३० सम्म आन्तरिक रूपमा विस्थापित भएकाहरूको संरक्षणसम्बन्धी कार्यशाला गोष्ठीको आयोजना गऱ्यो । क्षेत्रीय र केन्द्रीय कार्यालयका गरी ३१ जनाको सहभागिता भएको उक्त कार्यक्रममा आन्तरिक विस्थापित व्यक्तिहरूको संरक्षणका लागि संयुक्त राष्ट्र सङ्घले तयार गरेको निर्देशक सिद्धान्त, आन्तरिक रूपमा विस्थापित व्यक्तिको परिभाषा, विस्थापित व्यक्तिहरूको संरक्षणका सम्बन्धमा आयोगको भूमिकाजस्ता विषयमा छलफल गरियो । उक्त कार्यक्रबाट सहभागीहरूलाई विस्थापितको अधिकार संरक्षणका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय अनुभवको जानकारी हुनुका साथै विस्थापितहरूको अधिकार संरक्षणका सम्बन्धमा समेत जानकारी हासिल भयो ।

मिति २०६३ वैशाख ३ देखि ७ गतेसम्म राष्ट्रिय मानवअधिकार आयोग र Equtas को संयुक्त आयोजनामा मानवअधिकार प्रशिक्षक प्रशिक्षण तालिमको आयोजना गरियो । उक्त कार्यक्रममा ३० जनाको सहभागिता रहचो । यसबाट मानवअधिकार शिक्षालाई कसरी प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ भन्ने बारेमा जानकारी हासिल भयो ।

संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको सहयोगमा आयोगका कर्मचारीहरूका लागि प्रमाणसङ्कलनसम्बन्धी तालिमको आयोजना गरियो । केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयका समेत गरी २१ जनाको सहभागिता रहेको उक्त तालिममा अनुसन्धानका क्रममा केकस्ता प्रमाणहरू कसरी सङ्कलन गर्ने भन्ने विषय मुख्य थियो । सहभागितात्मक छलफल विधिबाट सम्पन्न उक्त कार्यक्रममा प्रमाणका रूपमा लिने फोटोलाई कसरी राम्रोसँग खिच्न सकिन्छ भन्ने विषय र मानवअधिकार अनुसन्धानमा विभिन्न विधिले प्रमाणको

सङ्कलन गर्न सक्ने विषयमा छलफल गरिए । नेपालमा प्रमाणको सङ्कलन कसरी गरिन्छ भन्ने विषयमा छलफल गर्नुका साथै उक्त तालिममा प्रयोगात्मक अभ्यास गरी प्रतिवेदनसमेत बुझाइयो ।

क्षमताअभिवृद्धिका लागि आयोगका कर्मचारीहरूलाई अन्तर्राष्ट्रिय स्तरका विभिन्न तालिम तथा गोष्ठीका लागि विदेशसमेत पठाइए । क्षमताअभिवृद्धिका लागि विदेश पठाइएका सहभागीहरूको विवरण अनुसूची ६ मा दिइएको छ ।

### २.२.५ आयोगबाट भएका प्रकाशनहरू

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकारको संरक्षण र सम्बर्द्धनसँग सम्बन्धित विभिन्न प्रतिवेदन तथा प्रचार सामग्रीहरूको प्रकाशन गर्दै आइरहेको छ । यस वर्ष पनि निम्नानुसार प्रकाशनहरू प्रकाशित छन् :

**आयोगबाट यस अवधिमा भएका प्रकाशनहरू**

| क.सं. | प्रकाशन भएको सामग्रीको नाम |
|---|---|
| १. | आ.व. २०६१/६२ को वार्षिक प्रतिवेदन |
| २. | राष्ट्रिय मानवअधिकार आयोगको चौमासिक प्रकाशन सचेतक |
| ३. | कारागार प्रतिवेदन, २०६२ |
| ४. | मानव बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रणसम्बन्धी कानुनको पुनरावलोकन, २०६२ |
| ५. | सङ्कटकालमा मानवअधिकार अवस्था प्रतिवेदन, २०६२ |
| ६. | नेकपा (माओवादी) द्वारा गरेको एकतर्फी युद्धविरामका अवधिमा मानवअधिकार अवस्थाको अनुगमन प्रतिवेदन, २०६२ |
| ७. | आतङ्ककारी तथा विध्वंशात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश, २०६२ र मानवअधिकारका मादण्डहरू पुनरावलोकन प्रतिवेदन, २०६३ |
| ८. | २०६३ सालको क्यालेन्डर |
| ९. | राष्ट्रिय मानवअधिकार आयोग छैटौं वर्ष उपलब्धि र चुनौतीहरू (२०६२ जेठ-२०६३ जेठ) |
| १०. | जनआन्दोलन अनुगमन प्रतिवेदन, (२०६२ चैत्र २४-२०६३ वैशाख ११) |
| ११. | वार्षिक प्रतिवेदन (बालबालिकासम्बन्धी गतिविधि) सन् २००५ |
| १२. | सशस्त्र द्वन्द्वमा बालअधिकार<br>(कार्याशाला गोष्ठीहरूमा प्रस्तुत कार्यपत्रहरूको सँगालो, २०६२) |
| १३. | इ-बुलेटिन नियमित प्रकाशित गरेको १७ अङक |
| १४. | राष्ट्रिय मानवअधिकार आयोगद्वारा नेपाल सरकार नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीचको प्रस्तावित मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी सम्झौतापत्रको मस्यौदा |
| १५. | मानवअधिकार श्रोत केन्द्र पुस्तिका |
| १६. | मानवअधिकार प्रश्नउत्तर सँगालो |
| १७. | बालअधिकारसम्बन्धी स्टिकरहरू |
| १८. | मानवअधिकार ऐन तथा नियमावली |

### २.२.६ दिवस समारोह

राष्ट्रिय मानवअधिकार आयोगद्वारा ५७ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस विभिन्न कार्यक्रमका साथ सम्पन्न गरियो । सोही अवसरमा आयोगपरिसरमा मानवअधिकार श्रोत केन्द्रको समुद्घाटन, बालअधिकार प्रतियोगितात्मक कविगोष्ठी र रक्तदान कार्यक्रमको समेत आयोजना गरियो । त्यसै गरी अन्तर्राष्ट्रिय बालअधिकार दिवसको उपलक्ष्यमा शैक्षिक क्षेत्रलाई शान्तिक्षेत्र बनाउने भावी कार्यक्रमका सन्दर्भमा छलफलकार्यक्रमको आयोजना गरियो ।

### २.२.७ मानवअधिकार स्रोतकेन्द्रको स्थापना

५७ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसर पारी २०६२ मङ्सिर २४ गते राष्ट्रिय मानवअधिकार आयोगको परिसरमा मानवअधिकार स्रोतकेन्द्रको उद्घाटन आयोगका तत्कालीन अध्यक्ष नयनबहादुर खत्रीद्वारा गरियो । उक्त अवसरमा आयोगका सदस्य डा रामदयाल राकेशले स्वागतमन्तय व्यक्त गर्नुभयो । कार्यक्रममा नागरिकसमाजका अध्यक्ष डा सुन्दरमणि दीक्षितले मन्तव्यका क्रममा आयोगमा रहेको स्रोतकेन्द्रले मानवअधिकारसँग सम्बन्धित तथ्याङ्क उपलब्ध गराउन सहयोग पुग्ने र मानवअधिकारलाई राजनीतिक तहबाट प्राज्ञिक तहमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्नुभयो । उक्त स्रोतकेन्द्रमा पत्रपत्रिका अध्ययनकक्ष, श्रव्यदृश्यकक्ष, सन्दर्भ पुस्तक अध्ययनकक्ष तथा इन्टरनेटकक्ष  गरी चार कक्षहरू छन् । मानवअधिकारका विषयमा अध्ययनअनुसन्धान गर्ने व्यक्तिहरूका लागि स्रोतकेन्द्र ज्यादै उपयोगी हुने विश्वास लिइएको छ । स्रोतकेन्द्रका लागि आवश्यक सहयोग क्षमता विकास परियोजनाबाट गरियो । मानवअधिकारका क्षेत्रमा अध्ययनअनुसन्धान गर्न चाहनेहरूका लागि विद्युत्तीय अनुसन्धान गर्नेसमेत को सुविधा हुने गरी आयोगमा मानवअधिकार स्रोतकेन्द्रको स्थापना गर्नका लागि उक्त परियोजनाले सहयोग पुऱ्यायो । यसका साथै आयोगद्वारा गरिने अनुगमनलाई व्यवस्थित तथा एकरूप बनाउन मानवअधिकार अनुगमन तालिम निर्देशिका तयारीको प्रक्रिया पूरा हुने अवस्थामा छ ।

### २.२.८ शान्तिसम्झौताका लागि गरिएका प्रयासहरू

विगत ११ वर्षदेखि निरन्तर रूपमा चलेको सशस्त्र द्वन्द्वले देशको हरेक कुरालाई प्रभावित पारेको छ । यसबाट मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू वृद्धि हुँदै गइरहेका छन् । यस परिप्रेक्ष्यमा राष्ट्रिय मानवअधिकार आयोगले राज्यपक्ष र नेकपा (माओवादी)लाई मानवअधिकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवम् मानवीय कानुनको पालना गर्नका लागि शान्तिसम्झौतामा हस्ताक्षर गराउन पहल गर्दै आयो । मानवअधिकार सम्झौता कस्तो हुनुपर्दछ र कसरी गराउन सकिन्छ भन्ने विषयमा आयोगले विभिन्न चरणमा विभिन्न व्यक्तिहरूको उपस्थितिमा विभिन्न छलफलकार्यक्रमको आयोजना गऱ्यो । नेपाल सरकार, नेकपा ( माओवादी) तथा विभिन्न राजनीतिक पार्टीलाई राष्ट्रिय मानवअधिकार आयोगद्वारा नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीचको प्रस्तावित मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी सम्झौतापत्रको मस्यौदा बुझाइयो । आयोगबाट बुझाइएको सम्झौताको कार्यान्वयन भएमा विगतदेखि चलेको द्वन्द्वलाई शान्तिपूर्ण समाधानमा जानका लागि बाटो प्रशस्त गर्न सक्ने विश्वास लिइयो ।

### २.२.९ प्रेस-विज्ञप्ति

राष्ट्रिय मानवअधिकार आयोगले मुलुकभित्र मानवअधिकारको संरक्षण र संवर्द्धन गर्न तथा दण्डहीनताको स्थितिको अन्त्य गर्न सम्बन्धित पक्ष र सरोकारवालाहरूलाई निरन्तर दबाउ दिँदै आइरहेको छ । आयोगले

मानवअधिकारको उल्लङ्घनका घटनामा दोषीलाई सजाय र पीडितलाई न्याय दिलाउन पहल गर्दै आएको छ। यसका लागि कुनै पनि किसिमले मानवअधिकारको उल्लङ्घन हुने वातावरण सिर्जना नगर्न विभिन्न पक्षहरूलाई दबाउ सिर्जना गर्ने एक माध्यम प्रेस-विज्ञप्ति पनि हो। त्यस अवधिमा आयोगको प्रेस तथा समाचार विज्ञप्ति प्रवाहीकरणको तथ्याङ्कलाई हेर्दा यो एकाइबाट जम्मा २२१ भन्दा बढी प्रेस-विज्ञप्तिहरू प्रवाह भए। केही महत्त्वपूर्ण प्रेस-विज्ञप्तिहरू अनुसूची ७ मा दिइएको छ। जारी गरिएका प्रेस-विज्ञप्तिहरूमा अपहरण, विस्थापन, धम्की, जबरजस्ती थुनुवाकेन्द्रमा नागरिकलाई कैद गर्ने, चन्दा, हत्याजस्ता विषय छन्। सशस्त्र युद्धका बेला सरकार र विद्रोही नेकपा (माओवादी)का तर्फबाट नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, अन्तर्राष्ट्रिय मानवीय कानुन आदि विषयको उल्लङ्घन भएका बारेमा आयोगले विज्ञप्तिमार्फत बोलेको छ। व्यक्तिअपहरणको विषयदेखि लिएर, गैरनागरिक हत्याको क्षतिपूर्तिका लागि होस् वा कुनै थुनुवाकेन्द्रमा राजनीतिक आस्थामा बन्दीलाई बिनाआधार सयौँ दिन थुनामा राखिएको घटनाका विरूद्धमा होस् अथवा सात दल तथा नागरिकसमाजको शान्तिपूर्ण जुलुस होस्; को आयोगले अनुगमन गरेको कुरा विज्ञप्तिमा उल्लेख गरिएको छ। विज्ञप्तिमा युद्धका कारणले विस्थापित भएका सयौँ नागरिकको हकअधिकारको रक्षार्थ आवश्यक अनुगमन गरी उनीहरूको स्थापनाका लागि सम्बन्धित पक्षलाई आवश्यक व्यवस्था मिलाउन आह्वान गरियो।

## २.३ विधि विषय परामर्श सम्बन्धी कार्यहरू

### २.३.१. मानवअधिकार सन्धिहरूका सम्बन्धमा

क) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिसमक्ष पेश गर्ने प्रयोजनका लागि नेपालपक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को कार्यान्वयनका सम्बन्धमा नेपालले अवलम्बन गरेका विभिन्न उपायहरू, र सोबाट प्राप्त भएका उपलब्धिहरू र उक्त अनुबन्ध कार्यान्वयनका सम्बन्धमा देखिएका चुनौतीहरूसमेत समावेश गरी तयार गरेको दोस्रो आवधिक प्रतिवेदनको मस्यौदाउपर आयोग स्वयम्ले गरेको अध्ययन र सोही मस्यौदा प्रतिवेदनउपर सरोकारवालाहरूसँग मिति २०६२।१०।२० मा गरेको अन्तर्क्रियाका आधारमा प्राप्त हुन आएका प्रतिक्रियाहरूलाई मध्यनजर गरी आयोगले मिति २०६२।११।१७ मा नेपाल सरकारसमक्ष आवश्यक रायसुझाव पठायो। उक्त रायसुझावहरूसमेतलाई मध्यनजर गरी नेपाल सरकारले प्रतिवेदनलाई अन्तिम रूप दिएको जानकारी प्राप्त भएको छ।

ख) आयोगले नेपालपक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को नेपालमा कार्यान्वयनको स्थितिका सम्बन्धमा अध्ययन गरी मस्यौदा प्रतिवेदन तयार पारेको छ। आयोगले उक्त मस्यौदा प्रतिवेदनका सम्बन्धमा विज्ञहरूलगायत विभिन्न सरोकारवालाहरूको रायप्रतिक्रिया लिनका लागि २०६३।३।१९ गते एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो। हाल उक्त प्रतिवेदनलाई अन्तिम रूप दिने कार्य भइरहेको छ। अन्तिम प्रतिवेदनका आधारमा आयोगले नेपाल सरकारसमक्ष आवश्यक सिफारिस पठाउने कार्यक्रम रहेको छ।

### २.३.२. कानुन पुनरावलोकन/अनुसन्धानका सम्बन्धमा

आयोगले प्रचलित नेपाल कानुन तथा अदातलका निर्णयहरू संविधान तथा मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरूअनुकूल भए नभएको सम्बन्धमा अध्ययन-पुनरावलोकन गरी प्रतिवेदन तयार गर्ने र सोका

आधारमा नेपाल सरकारसमक्ष आवश्यक सिफारिस पठाउने कार्य गरेको छ । यससम्बन्धमा निम्न विवरण प्रस्तुत गरिन्छ :-

क) आयोगले मानवअधिकारका दृष्टिकोणले अत्यन्त संवेदनशील रहेको आतङ्ककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण तथा सजाय) अध्यादेशका सम्बन्धमा गत वर्षदेखि चालू रहेको अध्ययन-पुनरावलोकन कार्यलाई निरन्तरता दिने कार्य गऱ्यो । अध्ययन-पुनरावलोकनको कार्य चलिरहेकै अवस्थामा अध्यादेशका सम्बन्धमा कतिपय परिवर्तन भएकाले सोलाई समेत समायोजन गर्दै अध्ययन-पुनरावलोकनको अन्तिम प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भयो । उक्त प्रतिवेदनमा अध्यादेशका अधिकांश प्रावधानहरू संविधान तथा नेपालपक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको व्यवस्थासँग बाझिएका देखिए । आयोगले अध्यादेशमा गरेको आतङ्ककारी तथा विध्वंसात्मक कार्यको परिभाषा र त्यस्तो कार्य नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गरिएका प्रावधानहरू एकआपसमा समानुपातिकताको सिद्धान्तको प्रतिकूल रहेको र संसद्को अनुमोदनबिना उक्त अध्यादेशलाई पटकपटक जारी गर्नु संविधान तथा अन्तर्राष्ट्रिय कानुनको मापदण्ड विपरीत रहेको ठहर गऱ्यो । सोही आधारमा आयोगले उक्त अध्यादेशलाई तत्काल खारेज गर्न नेपाल सरकारसमक्ष मिति २०६३।२।१८ मा सिफारिस पठायो । मिति २०६२।२।३० को पत्रमार्फत आयोगको उक्त सिफारिसको कार्यान्वयनका सम्बन्धमा भएको कारवाहीको विवरण माग गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिति २०६२।३।६ को पत्रमार्फत उक्त अध्यादेश खारेज नभएको र आयोगबाट प्राप्त भएको अध्यादेशको पुनरावलोकन-प्रतिवेदन आवश्यक कारवाहीका लागि गृह मन्त्रालयमा पठाएको जानकारी दियो । आयोगले गत २०६३ असारमा उक्त पुनरावलोकन-प्रतिवेदन प्रकाशन गऱ्यो ।

ख) आयोगले सुरक्षासँग सम्बन्धित विभिन्न ऐन तथा नियमावलीहरूका सम्बन्धमा गत वर्षदेखि चालू रहेको अध्ययन-पुनरावलोकनलाई निरन्तरता दिने कार्य गऱ्यो । अध्ययन-पुनरावलोकन कार्य चलिरहेकै अवस्थामा कतिपय ऐन र नियमावलीका सम्बन्धमा संशोधन वा परिवर्तन भएकाले सोलाई समेत समायोजन गर्दै अध्ययन पुनरावलोकन-प्रतिवेदनलाई अन्तिम रूप दिने कार्य सम्पन्न भयो । उक्त प्रतिवेदनका आधारमा नेपाल सरकारसमक्ष सुरक्षासम्बन्धी कतिपय ऐन र नियमावलीहरूका सम्बन्धमा आवश्यक सिफारिस पठाउने कार्यक्रम रहेको छ । यद्यपि आयोगका तत्कालीन पदाधिकारीहरूले राजीनामा दिइसकेको र नयाँ नियुक्ति नभइसकेकोले गर्दा आयोगबाट सिफारिस पठाउने कार्य हुन सकिरहेको छैन ।

ग) आयोगले मानव बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रणसम्बन्धी विभिन्न कानुन एवम् कानुनी मस्यौदाहरूको अध्ययन-पुनरावलोकन गरी तयार गरेको प्रतिवेदनका आधारमा अन्य कुराका अतिरिक्त मानव बेचबिखन तथा ओसारपसार कार्य निषेध गर्नेसम्बन्धी एकीकृत र विस्तृत कानुन बनाउन र अब बन्ने कानुनमा मानव बेचबिखन र ओसारपसार कार्यका सम्पूर्ण पक्षलाई समेट्ने गरी परिभाषामा समावेश गर्नगराउन मिति २०६२।४।१८ गते सरकारसमक्ष सिफारिस पठायो । आयोगले २०६२ मङ्सिरमा उक्त प्रतिवेदन पुस्तकका रूपमा प्रकाशन गरेको छ ।

घ) त्यसै गरी आयोगले मानवअधिकारका दृष्टिकोणले विवादास्पद रहेका तत्कालीन सरकारद्वारा समयसमयमा जारी गरिएका विभिन्न आदेश, अध्यादेश एवम् आचारसंहिताहरूको समेत अध्ययन-पुनरावलोकन गर्ने कार्य गऱ्यो । यद्यपि विविध कारणवश अध्ययन-पुनरावलोकन गरिएका उक्त आदेश, अध्यादेशहरू र आचारसंहिताका सम्बन्धमा आयोगले तत्कालीन सरकारसमक्ष सिफारिस पठाउन सकेन । यसरी अध्ययन-पुनरावलोकन गरिएका आदेश, अध्यादेश एवम् आचारसंहिता यस प्रकार छन् :

१) निजामती सेवा (दोस्रो संशोधन) अध्यादेश, २०६२ ।

२) भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन आदेश, २०६१ र भ्रष्टाचार नियन्त्रण शाही आयोगको कार्यविधि, २०६१ ।

३) समाज कल्याण (पहिलो संशोधन) अध्यादेश, २०६२ र सामाजिक सङ्घसंस्थाको आचारसंहिता, २०६२ ।

४) सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ ।

ङ) बाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार र समानताको अधिकारका सम्बन्धमा सर्वोच्च अदालतले गरेका फैसलाहरूको अध्ययन-पुनरावलोकन गर्ने कार्य आयोगमा चालू रहेको छ । यससम्बन्धी अध्ययन-पुनरावलोकन मस्यौदा-प्रतिवेदन तयार भएपछि उक्त प्रतिवेदनका सम्बन्धमा सरोकारवालाहरूबीच अन्तर्क्रिया गरी आवश्यक रायप्रतिक्रिया सङ्कलन गर्ने र सोलाई समेत मध्यनजर गरी आयोगले नेपाल सरकार र सम्बन्धित निकायसमक्ष आवश्यक सिफारिस पठाउने कार्यक्रम राखेको छ ।

च) आयोगले नेपाल सरकारले जारी गरेको आन्तरिक रूपमा विस्थापितसम्बन्धी राष्ट्रिय नीति, २०६२ को अध्ययन-पुनरावलोकन गरी प्रारम्भिक मस्यौदा-प्रतिवेदन तयार गरेको छ । सो प्रारम्भिक मस्यौदा-प्रतिवेदनका सम्बन्धमा सरोकारवालाहरूको रायसुझावसङ्कलन गरी अन्तिम प्रतिवेदन तयार गर्ने र सोका आधारमा नेपाल सरकारसमक्ष उक्त नीतिका सम्बन्धमा आवश्यक सिफारिस पठाउने कार्यक्रम रहेको छ ।

### २.३.३. कानुनको मस्यौदासम्बन्धमा

क) आयोगका अध्यक्ष र सदस्यहरूको पारिश्रमिक, सुविधाहरूका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न आयोगले राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, सुविधा र सेवाका सर्तसम्बन्धी नियमावली, २०५८ उपर संशोधन-मस्यौदा तयार गरी सोसम्बन्धमा आवश्यक परामर्श उपलब्ध गराउनका लागि २०६२।६।११ को पत्रमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गरेकोमा उक्त कार्यालयले मिति २०६२।१०।३० मा आयोगलाई अर्थ मन्त्रालयको परामर्श उपलब्ध गरायो । आयोगले अर्थ मन्त्रालयको उक्त परामर्शलाई मध्यनजर गरी नियमावली जारी गर्ने कार्यक्रम राखेको छ ।

ख) आयोगअन्तर्गत राष्ट्रिय मानवअधिकार आयोग करार सेवा नियमावली, २०६२ को मस्यौदा तयार गरियो । तर करारका कर्मचारीको व्यवस्थापनका सम्बन्धमा कतिपय नीतिगत स्पष्टता कायम हुन नसकेकोले उक्त मस्यौदा जारी हुन सकेन । हाल आएर आयोगअन्तर्गतका स्थायी र करारमा कार्यरत सबै कर्मचारीहरूका सम्बन्धमा एउटै नियमावलीमा व्यवस्था गर्नेतर्फ विचार भइरहेको छ ।

ग) आयोगले गैरकानुनी गिरफ्तारीका घटनाको अनुगमनसम्बन्धी निर्देशिका, २०६२ को मस्यौदा तयार गरी २०६२ असोजमा जारी गऱ्यो ।

घ) मानवअधिकार अनुगमनको परिभाषालाई अझ स्पष्ट गर्दै मानवअधिकार अनुगमनसम्बन्धी अन्य कतिपय व्यवस्थाहरूलाई समेत समयसापेक्ष सुधार गर्ने उद्देश्यले आयोगले राष्ट्रिय मानवअधिकार आयोग ( मानवअधिकार अनुगमन) नियमावली, २०६१ को संशोधनसम्बन्धी मस्यौदा निमार्ण कार्य जारी राखेको छ । आगामी केही समयभित्रै मस्यौदालाई अन्तिम रूप दिने र त्यसलाई आयोगले अनुमोदन गरी जारी गर्ने कार्यक्रम रहेको छ ।

## २.३.४. मुद्दाहरूको प्रतिवादका सम्बन्धमा

क) अधिवक्ता मोतीलाल श्रेष्ठले आयोगले गैरकानुनी थुनामा रहेका दधिराम पौडेलसमेतका बन्दीहरूको अवस्था अनुगमन नगरेको भन्ने आरोप लगाई यस आयोगसमेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर गर्नुभएको रिटनिवेदनका सम्बन्धमा यस आयोगले मिति २०६३।१२।९ मा लिखित जवाफमार्फत सर्वोच्च अदालतमा आफ्नो सफाइ पेश गर्‍यो । उक्त मुद्दाको अन्य अवस्थाका सम्बन्धमा आयोगलाई हालसम्म जानकारी प्राप्त भएको छैन ।

ख) आयोगले मिति २०६१।१२।१५ मा संरक्षण अधिकृत पदका लागि तयार गरेको रोस्टरमा नाम समावेश भएको व्यक्तिलाई नियुक्ति नदिई सोही पदका लागि नयाँ विज्ञापन प्रकाशित गरी पदपूर्ति गर्न लागेको कार्य कानुनविपरीत रहेकोले त्यस्तो कार्य रोक्नका लागि वासुदेव पौडेलले यस आयोगलाई विपक्षी बनाई सर्वोच्च अदालतमा मिति २०६२।६।१४ मा दायर गर्नुभएको रिटनिवेदनका सम्बन्धमा मिति २०६२।८।३ गते यस आयोगले सर्वोच्च अदालतमा लिखित जवाफ पेश गर्‍यो । उक्त मुद्दाका सम्बन्धमा प्रारम्भिक सुनुवाइ हुँदा मुद्दाको अन्तिम निर्णय नभएसम्म निवेदकले उल्लेख गर्नुभएको विज्ञापनबमोजिम पदपूर्तिसम्बन्धी कार्य नगर्नू भनी सर्वोच्च अदालतले आयोगउपर अन्तरिम आदेश जारी गर्‍यो । उक्त मुद्दाका सम्बन्धमा हालसम्म फैसला भएको छैन । यसले गर्दा उक्त विज्ञापनमा उल्लिखित संरक्षण अधिकृत पदहरूको पूर्ति हुन सकेको छैन ।

ग) देवराज ढुङ्गानाले आफ्नो दाजु चेतनाथ ढुङ्गानालाई मिति २०६०।५।४ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले पक्राउ गरी लगेकोले निजको खोजीका लागि यस आयोगसमेतमा निवेदन गरेकोमा आयोगबाट केकस्तो कारवाही भयो भन्ने सम्बन्धमा पटकपटक सम्पर्क गर्दा पनि आयोगले यस सम्बन्धमा अनुसन्धान भइरहेको छ अनुसन्धानको कार्य नसकिउन्जेल केही भन्न मिल्दैन भनी जवाफ दिनेगरेको र यसबाट आयोगले निवेदकका दाजुको सम्बन्धमा कुनै चासो लिई गम्भीर रूपमा खोजतलास गर्ने र सार्वजनिक गर्ने काम नगरेको भन्ने आरोप लगाई आयोगविरुद्ध सर्वोच्च अदालतमा दायर गर्नुभएको रिटनिवेदनका सम्बन्धमा आयोगका तर्फबाट मिति २०६२।११।१८ मा लिखित जवाफमार्फत सर्वोच्च अदालतसमक्ष आफ्नो सफाइ पेश गर्‍यो । उक्त मुद्दाको अन्य अवस्थाका सम्बन्धमा आयोगलाई हालसम्म जानकारी प्राप्त भएको छैन ।

घ) अधिवक्ता भोजराज ऐरले आयोगले एकातर्फ आफ्नो कानुनी दायित्वअनुसार मानवअधिकारको उल्लङ्घनका उजुरीहरूमा आवश्यक मात्रामा कारवाही गर्न नसकेको र अर्कोतर्फ मानवअधिकारको उल्लङ्घन भएको ठहर गरी कारवाहीका लागि सरकारसमक्ष पठाएका सिफारिसहरू कार्यान्वयन गराउने सम्बन्धमा पनि प्रभावकारी कार्य नगरी आफ्नो कानुनी कर्तव्यको पालना नगरेकोले परमादेश जारी गरी पाऊँ भनी यस आयोगसमेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर गर्नुभएको रिटनिवेदनका सम्बन्धमा यस आयोगले मिति २०६२।११।१८ मा आफ्नो सफाइ पेश गर्‍यो । उक्त मुद्दाका सम्बन्धमा फैसला हुन बाँकी नै छ ।

# परिच्छेद तीन

## प्रशासनिक तथा परियोजनासम्बन्धी क्रियाकलापहरू

### ३.१ प्रशासनिक कार्य

### ३.१.१. आयोगबाट भएका बैठक र निर्णय

यस अवधिमा राष्ट्रिय मानवअधिकार आयोगले ४१ वटा बैठक बसी ३१२ वटा निर्णय गरेको छ । उक्त निर्णयहरू मानवअधिकारको संरक्षण तथा संवर्द्धनसँग सम्बन्धित रहेका छन् । यसका साथै प्रशासनिक कार्यहरू, विभिन्न नीतिगत निर्णयहरू, सरकारी प्रतिवेदनमाथि राय उपलब्ध गराउने र मानवअधिकारको उल्लङ्घन भएको देखिएका विषयहरूमा पीडित पक्षलाई क्षतिपूर्ति, पीडकलाई कानुनबमोजिम कारवाही गर्नलाई सरकारलाई सिफारिस गर्नुका साथै नेकपा (माओवादी)लगायत सम्बद्ध पक्षलाई मानवअधिकार र मानवीय कानुनको पालना गर्न आह्वान गर्नेजस्ता निर्णयहरू पनि गरिएका छन् । त्यसै गरी आयोगको नयाँ साङ्गठनिक ढाँचा तयार गरी स्विकृत गरेको छ । उक्त ढाँचालाई अनुसूची ८ मा समावेश गरिएको छ ।

### ३.१.२. क्षेत्रीय तथा सम्पर्क कार्यालय स्थापना

केन्द्रबाट मात्र सञ्चालित आयोगका गतिविधिहरूलाई देशका अन्य भागहरूमा समेत विस्तार गर्ने उद्देश्यले आयोगले सुरु गरेको पहुँचविस्तार-कार्यक्रमलाई निरन्तरता दिएको छ । यसअनुसार सुदूर पश्चिमाञ्चल विकासक्षेत्रको धनगढीमा आयोगको क्षेत्रीय कार्यालय र जुम्ला, रोल्पा, खोटाङ, जनकपुर र बुटवलमा सर्म्पक कार्यालय खोली कार्य प्रारम्भ भइसकेको छ । यसअघि विराटनगर, पोखरा र नेपालगन्जमा आयोगका तीनवटा क्षेत्रीय कार्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन् । क्षेत्रीय तथा जिल्ला कार्यालयहरूबाट उजुरी-व्यवस्थापन, स्थानीय स्तरको मानवअधिकारको उल्लङ्घनका घटनाहरूको अनुसन्धान, अनुगमनकार्यहरू, चेतना अभिवृद्धि कार्यक्रम तथा स्थानीय प्रशासन, नागरिकसमाज र अन्य सम्बद्ध पक्षहरूसँग सम्बन्धविस्तार गर्नेजस्ता कार्यहरू गर्दै आइरहेको छ । उल्लिखित कार्यालयको उद्घाटन आयोगका सदस्यद्वारा विभिन्न मितिमा गरिए ।

### ३.१.३. विभिन्न एकाइको स्थापना

#### क) प्रतिवेदन-लेखन

राष्ट्रिय मानवअधिकार आयोगमा सम्पन्न गरिएका क्रियाकलापहरूलाई प्रतिवेदनका रूपमा तयार गर्नका लागि आयोगमा प्रतिवेदन एकाइको स्थापना गरिएको छ । मिति २०६२ भाद्र १ गतेको सचिव स्तरीय निर्णअनुसार स्थापना भएको प्रतिवेदन-लेखन तथा विश्लेषण एकाइले कार्तिक १ गतेबाट कार्य प्रारम्भ गऱ्यो । आयोगमा कार्यरत कर्मचारीहरुवीच प्रतिवेदन लेखन सम्बन्धी आन्तरिक प्रतिस्पर्धा गराइ छनौट भएका दुईजना अधिकृत रहेको उक्त एकाइबाट कारागार प्रतिवेदन, २०६२, नेकपा (माओवादी)द्वारा गरेको एकतर्फी युद्धविराम अवधिमा मानवअधिकारको अवस्थाको अनुगमन प्रतिवेदन, २०६२, राष्ट्रिय मानवअधिकार आयोग छैटौं वर्ष उपलब्धि र चुनौतीहरू (२०६२ जेठ-२०६३ जेठ), जनआन्दोलन अनुगमन प्रतिवेदन (२०६२ चैत्र २४-२०६३ वैशाख ११), तयार पारी प्रकाशन गरेको छ । राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन, २०६२/६३ तयार गरी प्रकाशनका क्रममा रहेको छ । आयोगबाट गरिएका अनुगमन तथा अनुसन्धान र अन्य क्रियाकलापका बारेमा सरोकारवालाहरूलाई जानकारी उपलब्ध गराउन नियमित रूपमा विभिन्न प्रतिवेदन तयार गर्ने कार्य एकाइबाट हुँदै आएको छ । एकाइको स्थापनापछि आयोगको प्रतिवेदन तयार गर्ने अनुपातमा वृद्धि भएको छ ।

**ख) बालअधिकार**

राष्ट्रिय मानवअधिकार आयोगको रणनीतिक योजना (२००४–२००८) मा बालअधिकारको विषयलाई प्राथमिकताकासाथ उठाइएको छ । यसै सन्दर्भमा आयोगले बालअधिकारको प्रभावकारी संरक्षण एवम् संवर्द्धनका लागि २०६२ माघमा छुट्टै बालअधिकार एकाइको स्थापना गरेको छ । यस एकाइको स्थापनापछि आयोगले बालअधिकारको संरक्षणमा केन्द्रित रही अनुगमन तथा अनुसन्धानको कार्य गर्दै आएको छ ।

**ग) सामाजिक समावेशीकरण**

नागरिकहरूको सामाजिक, आर्थिक एवम् सांस्कृतिक अधिकार स्थितिको नियमित अनुगमन गर्ने, यी क्षेत्रमा चेतनाप्रसारका साथसाथै आर्थिक एवम् सामाजिक विकासका क्षेत्रमा समावेशीकरणको अवधारणाअनुसार विभिन्न गैरसरकारी संस्थाहरूसँग समन्वय स्थापित गरी सहकार्यलाई (Social Inclusion Desk) अघि बढाउने उद्देश्यका साथ सामाजिक समावेशीकरण डेस्क स्थापना गरेको छ । यद्यपि यस डेस्कबाट उद्देश्यअनुरूपको कामकारवाही भने अगाडि बढ्न सकेको छैन ।

आयोगमा चेलीबेटी बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित राष्ट्रिय समाधीक्षकको कार्यालय परियोजनाको रूपमा सञ्चालित थियो । यसरी यसले आफ्नो कामकारवाहीलाई अगाडि बढाइरहेकोमा यसको आवश्यकतालाई मध्यनजर गर्दै आयोगले यसलाई स्थायी संरचनामा समावेश गरेको छ ।

**३.१.४. आधारभूत मूल्यमान्यता अनुगमन समितिको गठन**

राष्ट्रिय मानवअधिकार आयोगको रणनीतिक योजना (२००४- २००८)अनुसार मानवअधिकार संरक्षण र प्रबर्द्धनमा आयोगका सदस्यहरू तथा सम्पूर्ण कर्मचारीहरूलाई मार्गदर्शन गर्न आयोगका सदस्य डा. रामदयाल राकेशको अध्यक्षतामा ५ सदस्यीय आधारभूत मूल्यमान्यता अनुगमन समितिको गठन गऱ्यो । उक्त समितिमा महिला, जनजाति र दलित वर्गको समेत प्रतिनिधित्व रहचो । सबै कर्मचारीहरूबाट निर्वाचन गरी चुनिएका अन्य सदस्यहरूमा माधवप्रसाद गौतम, खड्ग परियार, राधा दाहाल र रामबहादुर प्रजा थिए ।

आयोगको रणनीतिक योजनाले तोकेको समानता, निष्पक्षता, पहुँच, जवाफदेहिता, पारदर्शिता तथा स्वतन्त्रता र स्वायत्तता  गरी ६ वटा आधारभूत मान्यताहरूलाई अनुगमन गर्न समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम आयोगमा सो समितिको गठन गरियो ।

त्यस अवधिमा समितिका ३ वटा बैठक सम्पन्न भए । बैठकले आयोगको केन्द्रीय कार्यालयलगायत क्षेत्रीय कार्यालयसमेत मा सुझावपेटिकाहरू राख्नका लागि आयोगको कार्यसञ्चालन महाशाखालाई सिफारिस गऱ्यो ।

**३.१.५. कर्मचारी नियुक्ति**

आयोगमा आवश्यक कर्मचारीहरूको छनोट  गरी पदपूर्ति गरिएको छ । महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गलगायत अन्य पिछडिएका वर्गलाई समावेशीकरण गर्दै जाने आयोगको नीतिबमोजिम आयोगलाई आवश्यक परेका केही मानवसंसाधनको परिपूर्ति गर्ने क्रममा आयोगले मिति २०६२।५।१२ मा विज्ञापन प्रकाशित गरी विभिन्न पदहरूमा पहिलोपटक आरक्षणको व्यवस्था लागू गरेको छ । यसअन्तर्गत दलितका लागि मानवअधिकार सहायक र प्रशासन सहायक, अपाङ्गका लागि जनसम्पर्क सहायक, दलित महिलाका लागि पनि जनसम्पर्क सहायक पदमा आरक्षण गरी पदपूर्ति गरेको हो । उक्त विज्ञापनबाट २ जना संवर्द्धन अधिकृत, ५

जना मानवअधिकार सहायक, ८ जना प्रशासन सहायक, २ जना लेखापाल, १ जना सञ्चार सहायक तथा ५ जना जनसम्पर्क सहायकको नियुक्ति गरियो । सोही विज्ञापनबाट ३ जना क्षेत्रीय निर्देशकको छनोट गरेकोमा १ जना सफल उमेदवारले पदस्थापनपत्र नबुझेको हुँदा २ जनालाई मात्र उक्त पदमा नियुक्ति गरियो । त्यसै गरी मिति २०६२/१२/१८ को विज्ञापनबाट १ जनालाई उपनिर्देशक (सुरक्षा) पदमा नियुक्त गरियो ।

### ३.१.६. बढुवा

आयोगमा रिक्त विभिन्न पदहरूमा आन्तरिक प्रतियोगिताद्वारा बढुवा-पदपूर्ति गरियो । यस क्रममा आयोगको केन्द्रीय कार्यालयको भण्डार शाखामा कार्यरत एकजना सहायक प्रथमलाई संरक्षण अधिकृत पदमा करारबढुवा गरी संरक्षण तथा अनुगमन महाशाखामा, योजना, अनुगमन तथा मूल्याङ्कन एकाइका एक अधिकृतलाई उपनिर्देशकमा करारबढुवा गरी सोही एकाइमा पदस्थापन गरियो । संरक्षण महाशाखाका ४ जना संरक्षण अधिकृहरूलाई उपनिर्देशकमा करारबढुवा गरी क्रमशः नेपालगञ्ज, विराटनगर, पोखरा र बालअधिकार डेस्कमा पदस्थापन गरियो । कार्यसञ्चालन महाशाखाअन्तर्गत कार्यरत एक अधिकृत तृतीयलाई उपनिर्देशक पदमा करारबढुवा गरी कार्यसञ्चालन महाशाखाको प्रमुखमा तथा विधि विषय परामर्श महाशाखाका एक कानुन अधिकृतलाई उपनिर्देशक पदमा करारबढुवा गरी क्षेत्रीय कार्यालय धनगढीमा पदस्थापन गरियो ।

### ३.१.७. सरुवा

क्षेत्रीय कार्यालय, नेपालगञ्जमा कार्यरत ३ जना संरक्षण अधिकृतहरूलाई क्षेत्रीय कार्यालय धनगढीमा सरुवा गरियो । त्यसै गरी क्षेत्रीय कार्यालय पोखराका एक संरक्षण अधिकृत र विराटनगरका एक संरक्षण अधिकृतलाई क्रमशः सम्पर्क कार्यालय बुटवल र जनकपुरको मानवअधिकार अधिकृतमा सरुवा गरियो भने क्षेत्रीय कार्यालय पोखराबाट २ जना संरक्षण अधिकृतहरूलाई केन्द्रीय कार्यालयमा क्रमशः तालिम अधिकृत र राष्ट्रिय समाधीक्षकको कार्यालयको कार्यक्रम अधिकृत पदमा सरुवा गरियो । त्यस्तै क्षेत्रीय कार्यालय पोखराका प्रशासन सहायकलाई केन्द्रीय कार्यालयको बालअधिकार डेस्कमा तथा क्षेत्रीय कार्यालय, विराटनगरका एक संरक्षण अधिकृतलाई सम्पर्क कार्यालय, जनकपुरमा रिक्त हुन आएको मानवअधिकार अधिकृत पदमा सरुवा गरियो । केन्द्रीय कार्यालयका एक संरक्षण अधिकृतलाई क्षेत्रीय कार्यालय, धनगढीको संरक्षण अधिकृतमा सरुवा गरियो भने निजलाई पुनः केन्द्रीय कार्यालयको विधि विषय परामर्श महाशाखाको कानुन अधिकृत पदमा सरुवा गरियो । त्यस्तै क्षेत्रीय कार्यालय पोखराका एकजना संरक्षण अधिकृतलाई क्षेत्रीय कार्यालय, धनगढीमा, सम्पर्क कार्यालय, रोल्पाका एकजना मानवअधिकार सहायकलाई केन्द्रीय कार्यालयमा तथा केन्द्रीय कार्यालयका एकजना परियोजना सहायकलाई सर्म्पक कार्यालय, रोल्पामा काजसरुवा गरियो ।

### ३.१.८. अवकाश, राजिनामा तथा काजफिर्ता

आयोगमा कार्यरत एकजना प्रबर्द्धन अधिकृतलाई पदअनुकूल आचरण नगरेकोले अवकाश दिइयो भने एकजना मानवअधिकार अधिकृतको कार्यसम्पादन सन्तोषजनक नभएको हुँदा निजको करार नवीकरण गरिएन । एक क्षेत्रीय निर्देशक, दुई उपनिर्देशक, तीन अधिकृत तृतीय र एक लेखापालले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत गरियो । त्यसै गरी आयोगका का.मु. सचिव केदारप्रसाद पौड्याल तथा उपसचिव राधाकृष्ण उप्रेती आफ्नो पदाधिकार रहेको कार्यालय नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयमा काजफिर्ता जानुभयो ।

### ३.१.९. वार्षिक योजनाको तयारी

आयोगबाट विभिन्न चरणमा गोष्ठी तथा छलफल गरी सन् २००६ का लागि वार्षिक कार्यक्रमको तर्जुमा गरी सोहीअनुरूप आफ्ना कार्यक्रमहरू अगाडि बढाउँदै आइरहेको छ । उक्त वार्षिक कार्यक्रमको अर्धवार्षिक पुनरावलोकनसमेत गरियो ।

### ३.१.१०. सूचनाप्रविधि

राष्ट्रिय मानवअधिकार आयोगमा सूचनाप्रविधिको पहुँच विकास गर्न सूचनाप्रविधिसम्बन्धी छुट्टै सूचनाप्रविधि एकाइको स्थापना भएपछि यसमा बृहत् विकास भएको छ । यसका लागि चाहिने विभिन्न थप उपकरणहरू र त्यस उपकरणहरूलाई व्यवस्थित र पूर्ण सुरक्षा दिनका लागि  सर्भरऱ्याक तथा १५ घण्टासम्म चल्ने ५ के.भी.को यु.पि.एस. आयोगको क्षमताविकास परियोजनाले उपलब्ध गराएको छ । यसबाट सर्भर २४ घण्टा नै चल्ने र कुनै अप्ठचारो सिर्जना नहुने देखिएको छ । यसबाट विभिन्न क्षेत्रीय कार्यालयहरूले पनि २४ घण्टा नै इमेल तथा अन्य सूचनासम्बन्धी सामग्रीहरू प्राप्त गर्न सक्नेछन् ।

आयोगको काममा छिटो एवम् छरितो कार्य गर्न ब्रान्डेड कम्प्यूटर-सञ्चालन गर्नका लागि विभिन्न सफ्टवेयरहरू प्रयोग भइराखेका छन् । ती सबै सफ्टवेयरहरू Operating System & MS-Office लाइसेन्स भएको खरिद गरिएको छ ।

आयोगका क्षेत्रीय कार्यालयहरूमा एसिया फाउन्डेसनको सहयोगमा केन्द्रीय कार्यालयबाट क्षेत्रीय कार्यालयको इन्टरनेट जोडनका लागि पनि फाउन्डेसनले १ थान सर्भर, ३ थान कम्प्युटर, २ थान ल्यापटप, फायरबल उपकरण उपलब्ध गराएको छ । त्यस उपकरणबाट क्षेत्रका कर्मचारीहरूले सोझै केन्द्रीय कार्यालयमा भएको सर्भरबाट सूचना-आदानप्रदान गर्नसक्ने भएका छन् । एसिया फाउन्डेसनले क्षेत्रीय कार्यालयको इन्टरनेटको सेवा उपलब्ध गराएको छ । यसका साथै एसिया फाउन्डेसनको सहयोगमा इन्टरनेटमार्फत सूचना-अदानप्रदान गर्नका लागि मार्टस प्रणालीलाई सञ्चालन गर्न क्षमता विकास परियोजना तथा हाइटेक भ्यालीका तर्फबाट क्षेत्रीय कार्यालयहरूका कर्मचारीहरूलाई मार्टस सफ्टवेयरको तालिम प्रदान गरेको छ । आयोगमा पर्ने उजुरीहरूलाई व्यवस्थित गर्ने उद्देश्यले  CMRS (Complain Management & Reporting System) बनाइएको हो । यो सफ्टवेयर आयोगको केन्द्रीय कार्यालयमा संरक्षण तथा अनुगमन महाशाखामा काम गर्ने कर्मचारीहरूलाई तालिम दिई पूर्ण रूपमा सञ्चालन भएको छ । यस विषयमा क्षेत्रीय कार्यालयहरूमा पनि तालिम दिई उक्त सफ्टवेयर सञ्चालन हुँदै आएको छ ।

आयोगले चौथो क्षेत्रीय कार्यालयका रूपमा स्थापित धनगढीलाई आवश्यक विभिन्न सूचनाप्रविधिसम्बन्धी सामग्रीहरू, जस्तै कम्प्युटर, यु.पि.एस. प्रिन्टर, फाइरबल, राउटर, हब, वाइर तथा नेटवर्कसम्बन्धी विभिन्न उपकरणहरू आयोगको क्षमता विकास परियोजना र पहुँच विस्तार परियोजनाबाट खरिद गरी जडान गरिसकिएको छ । जडानलगतै काम पनि सुचारु तथा छिटोछरितोमा सम्पन्न हुँदै आएको छ । इन्टरनेट तथा इमेल जडान गर्ने कार्यसमेत सम्पन्न गरिएको छ ।

सूचनाप्रविधिलाई नयाँ प्रणालीअनुरूप विकास गर्ने सम्बन्धमा पनि कार्य भइरहेको छ । यसमा विभिन्न क्षेत्रीय कार्यालयहरूमा इन्टरनेटमार्फत WAN Connection भएकामा त्यसलाई नयाँ प्रविधि Lease Line or VSAT र

राउटरमार्फत WAN Connection गर्नेतर्फ पहल भइरहेको छ । यसबाट आयोगमा भएका विभिन्न सफ्टवेयरहरू डाटाइन्ट्री गर्दा त्यसको data हरूलाई Centralized गर्नका लागि धेरै सजिलो र सुरक्षा हुनेछ भन्ने विश्वास छ ।

### ३.१.११. सुरक्षा

त्यस अवधिमा राष्ट्रिय मानवअधिकार आयोगको केन्द्रीय, विभिन्न क्षेत्रीय तथा सर्म्पक कार्यालय एवम् सम्बन्धित सम्पूर्ण पदाधिकारीहरू र कर्मचारीहरूको सुरक्षाका लागि भौतिक, वैयक्तिक, सूचनात्मक एवम् कार्यालय सुरक्षातर्फ महत्वपूर्ण पहल गरी सुरक्षाव्यवस्था बढी मजबुत पार्ने कार्य भएको छ । यसै क्रममा आयोगमा सुरक्षासम्बन्धी सावधानी अपनाउने व्यवस्थाका लागि सुरक्षा सल्लाहकार, सुरक्षा उपनिर्देशक र गार्डहरूको नियुक्ति गरियो । स्तरीय सुरक्षा नीतिअनुरूप आयोगमा सुरक्षाको भरपर्दो व्यवस्थाका लागि स्तरीय सूचना तथा मिलापका साधनका साथै आयोगका सबै कार्यालयहरूमा भौतिक सुरक्षा सबल तुल्याउने कार्यसमेत गरेको छ । यसरी सुरक्षाको रणनीतिक विकासमा सहयोगी साधनहरूको प्रयोग एवम् विशेषज्ञको नियुक्तिका साथै आयोगका कर्मचारीहरूलाई सुरक्षासम्बन्धी सचेतना तालिमसमेत प्रदान गरेको छ ।

आयोगको केन्द्रीय एवम् क्षेत्रीय कार्यालयहरूमा २४ सै घण्टा सुरक्षागार्डहरूमार्फत कार्यालय एवम् भौतिक सुरक्षाव्यवस्था गरिएको छ । सुरक्षाअवधारणाको विकासका सम्बन्धमा भएको सुरक्षा स्थायी कार्यआदेशको पुनरावलोकन तथा नयाँ आवश्यक निर्देशनसहितको आदेश, दैनिक एवम् साप्ताहिक तथा मासिक सुरक्षा प्रतिवेदनहरूसमेत तयार गरी सम्बन्धित पक्षहरूलाई जानकारी गराइँदै आएको छ । सुरक्षातर्फ परिस्थितिअनुसार स्थायी आदेशलाई पनुरावलोकन, खबर मुल्याङ्कन, थ्रेट मुल्याङ्कन, कमजोरीपहिचानजस्ता विषयमा ध्यान दिएर, सबै कर्मचारीलाई सुरक्षाजानकारीका लागि परिस्थितिअनुसारको (Situational Awareness) सचेतनासम्बन्धी सरसल्लाह दिने कार्यसमेत आयोगले गरेको छ । हालको सुरक्षाअवधारणालाई बदलिँदो परिस्थितिबमोजिम आवश्यकताअनुसार Access Control, Staff Movement Monitoring, Crisis Management, Docment security तर्फसमेत समयानुकूल परिमार्जन गरी सुरक्षाव्यवस्थालाई मजबुद बनाउँदै आइएको छ ।

### ३.१.१२. आर्थिक प्रशासन

राष्ट्रिय मानवअधिकार आयोगले प्रचलित कानुनबमोजिम आफ्नो आयव्ययको लेखा र अन्य आवश्यक अभिलेख राख्नुपर्ने हुन्छ । राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०५३ को दफा १५ मा आयोगको आर्थिक व्यवस्थापनसम्बन्धी व्यवस्थाको उल्लेख छ । आयोगलाई कार्यसम्पादनको सिलसिलामा आवश्यक पर्ने श्रोत र साधन विभिन्न निकायबाट अनुदानका रूपमा प्राप्त गर्न सकिनेछ भन्ने व्यवस्था छ । यसबाट आयोगलाई आवश्यक पर्ने सम्पूर्ण श्रोत र साधन नेपाल सरकारले उपलब्ध गराउनुपर्ने दायित्वलाई स्पष्ट रूपमा उल्लेख गरिएको छैन । यसले गर्दा आयोगले विभिन्न खाले जटिलतालाई आत्मसात गर्नुपरिरहेको छ । राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०५३ को दफा ९ मा उल्लिखित कार्यहरू सम्पादन गर्न सहायता पुऱ्याउने उद्देश्यले आर्थिक सहायता लिन सक्ने र उक्त सहायताको खर्च दाता र आयोगका बीचमा भएको सर्तबमोजिम हुनेछ भनी उल्लेख गरिएको छ । आयोगमा आवश्यक नियम, कार्यविधि एवम् निर्देशिकाको अभावमा वैदेशिक सहायताबाट प्राप्त रकम खर्च गर्ने सम्बन्धमा अन्यौल उत्पन्न भएको छ । आयोगलाई प्राप्त वैदेशिक सहायता खर्च गर्ने सम्बन्धमा आयोगबाट बनाइएको आर्थिक व्यवस्थापन नियमावली, २०६० लाई महालेखा परीक्षकको

विभागबाट लेखापरीक्षणका सिलसिलामा 'राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०५३ को दफा २३ मा ऐनको उद्देश्य पूरा गर्न आयोगले नियमहरू बनाउन सक्ने र त्यस्तो नियम बनाउँदा आयोगले नेपाल सरकारको परामर्श लिन सक्नेछ भन्ने व्यवस्था भएकोमा आर्थिक व्यवस्थापनसम्बन्धी नियमावली नबनाएको अवस्थामा आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ अनुसार गर्नुपर्ने' भन्ने उल्लेख भएबाट आयोगले आर्थिक व्यवस्थापन नियमावली, २०६० बनाउँदा नेपाल सरकारको परामर्श नलिएकोले मान्यता दिएको देखिँदैन । आयोगको आफ्नै आर्थिक नियमावली नहुनाले विभिन्न आर्थिक प्रशासनसम्बन्धी कठिनाइको सामना गर्नुपरिरहेको छ । त्यतिमात्र होइन वित्तीय स्वायत्तताको अष्पष्टता, आयोगका लागि आवश्यक पर्ने ऐननियमको अपर्याप्तताजस्ता कुराले आर्थिक कारोबारमा अस्पष्टता आइरहेको छ । यसै परिप्रेक्ष्यलाई मध्यनजर राख्दै हाल आयोगले आर्थिक व्यवस्थापन नियामवली बनाउनका लागि विज्ञको सहयोगमा ड्राफ्ट बनाउने काम भइरहेछ । आयोग र परियोजनामा कार्यरत कर्मचारीहरूको फरकफरक सेवा, सुविधा र सेवाको सुरक्षाको ग्यारेन्टीलगायतका कुराहरूले कर्मचारी वर्गमा भविष्यप्रतिको चिन्ताले आयोगमा सधैँभरि दत्तचित्त भएर काम गर्ने अवस्थाको न्यूनताले मानवीय श्रोतको व्यवस्थापन प्रभावकारी हुन नसकेको र आयोगमा कार्यरत दक्ष अनुभवी एवम् स्वदेश तथा विदेशवाट लिएको तालिमले अभिवृद्धि भएको सीप तथा ज्ञान प्राप्त जनशक्ति सन्तुष्ट रहन सक्ने अवस्था नभएका कारणले पलायन हुनुपर्ने बाध्यता छ । यसबाट आयोगले दक्ष, सक्षम एवम् योग्य कर्मचारी वर्गबाट प्राप्त गर्नुपर्ने लाभबाट वञ्चित हुनुपर्ने अवस्थाको सृजना हुने सम्भावना बढिरहेको कुरालाई नकार्न सकिँदैन ।

हाल काठमाडौँबाहिर आयोगका ४ वटा क्षेत्रीय कार्यालयहरू र ५ वटा सर्म्पक कार्यालयहरू छन् । अहिलेसम्म नेपाल सरकारबाट प्राप्त बजेटलाई क्षेत्रीय कार्यालयहरूसम्म मात्र बाँडफाँड गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट मासिक कोषप्रति निकासामार्फत खर्च गर्ने सम्बन्धमा केही आफ्नै खालका ऐननियमको पालना गर्नुपर्ने र त्यसका लागि दक्ष लेखासम्बन्धी कर्मचारी हुनुपर्ने तर जिल्ला सम्पर्क कार्यालयहरूमा लेखाको छुट्टै कर्मचारी नभएकोले त्यसो गर्न कठिनाइ भएको छ । आयोगले आ.व. ०६२/०६३ मा रु. १,५०,००,०००।– प्राप्त गरेकोमा ०६३/६४ का लागि २,०४,३३,०००।– रुपैया विनियोजन गरिएको छ । यसबाट आयोगलाई आफ्नो रणनीतिक योजना कार्यान्वयन गर्न केही हदसम्म भए पनि सहयोग पुग्ने विश्वास लिइएको छ । नेपाल सरकारबाट प्राप्त अनुदान एवम विभिन्न दातृ निकायबाट प्राप्त भएको सहायता छुट्टाछुट्टै खाता खोली आर्थिक प्रशासन शाखाद्वारा आर्थिक कारोबार भइरहेको छ । मानवअधिकार आयोग ऐन, २०५३ को दफा १५ बमोजिम आयोगको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागवाट हुनेछ भनिएकोले सोहीअनुसार भइरहेको छ । राष्ट्रिय मानवअधिकार आयोगमा यस प्रतिवेदन-अवधिमा नेपाल सरकार र विभिन्न दातृ निकायबाट प्राप्त बजेटको विवरण अनुसूची ९ मा दिइएको छ ।

### ३.२ आयोगअन्तर्गतका परियोजनाहरू

#### ३.२.१. क्षमता विकास परियोजना

द्वन्द्वको समयमा मानवअधिकारको अवस्थाको अनुगमन गर्नका लागि आयोगमा सञ्चालित क्षमता विकास परियोजनाले यस प्रतिवेदन-अवधिमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस परियोजनाका तीन मुख्य क्रियाकलापअन्तर्गत आयोगको संस्थागत विकास, प्रर्वद्धन, कर्मचारीको क्षमताअभिवृद्धि तथा प्रत्यक्ष रूपमा आपूर्ति व्यवस्थापनमा सहयोग पुऱ्याउनु रह्यो । यस परियोजनाले आयोगको संस्थागत विकासमा मद्दत पुऱ्याउने उद्देश्यले विभिन्न भौतिक तथा प्रशासनिक सहयोग उपलब्ध गराएको छ । यसबाट आयोगको भौतिक

पूर्वाधारमा सुधार हुनुका साथै उजुरीव्यवस्थापन प्रणालीलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि महत्वपूर्ण प्रशासनिक सुधारसमेत भएको छ । मानवअधिकारको सम्बर्द्धन कार्यमा सहयोग पुऱ्याउने अभिप्रायले यस परियोजनाबाट रेडियो तथा टेलिभिजनमार्फत बेपत्ता/अपहरणका सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याइयो । यस परियोजनाले मानवअधिकारको अवस्थाको अनुगमन गर्नका लागि कर्मचारीहरूको तलबभत्ताको व्यवस्था गर्नुका साथै अनुगमन र अनुसन्धानका लागि आवश्यक पर्ने खर्च उपलब्ध गराउँदै आएको छ ।

यस परियोजनाले शान्तिस्थापनार्थ सहयोग हुने मानवअधिकार सम्झौतापत्र र युद्धविराम सम्झौतापत्रका बारेमा विभिन्न सरोकारवालापक्षहरूसँग छलफल चलाउने कार्यमा सहयोग पुऱ्याएको छ । आयोगका विभिन्न नीतिनिर्माण, नियम तथा योजना बनाउने कार्यमा समेत परियोजनाले महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । आयोगको अन्तर्राष्ट्रिय सम्बन्ध, समन्वय र सुदृढीकरणमा पनि परियोजनाले विशेष प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ ।

### ३.२.२. पहुँचविस्तार परियोजना

आयोगमा जनताको पहुँच बढाउने उद्देश्यले युरोपियन युनियनको सहयोगमा सञ्चालित पहुँचविस्तार परियोजनाले देशका पाँचवटै विकास क्षेत्रहरूमा आयोगको क्षेत्रीय तथा सम्पर्क कार्यालय विस्तार गर्न मद्दत गऱ्यो । यस क्रममा चौथो क्षेत्रीय कार्यालय, धनगढी र सम्पर्क कार्यालयहरू खोटाङ, जनकपुर, बुटवल, जुम्ला, रोल्पामा स्थापना गरेको छ । यसबाट सो क्षेत्रमा मानवअधिकार संरक्षण र संवर्द्धनका लागि सहयोग पुग्नुका साथै जनताको आयोगसमक्ष पहुँच पुगेको छ । यस परियोजनाले प्रबर्द्धन महाशाखामा कार्यरत कर्मचारीको क्षमताअभिवृद्धिका लागि कम्प्युटरसम्बन्धी तालिम, आयोगको व्यवस्थापनमा रहेका माननीय सदस्य, सचिव तथा निर्देशकलाई तालिम तथा अनुभव आदानप्रदान गर्नका लागि फिलिपिन्सको भ्रमण, आयोगका कर्मचारीलाई कम्प्युटरको सि.एम.एस.तालिम उपलब्ध गराउने कार्यमा सहयोग पुऱ्यायो । यसअतिरिक्त प्रतिवेदन-अवधिमा यस परियोजनाबाट सार्वजनिक जनप्रशासनका क्षेत्रमा मानवअधिकारको ज्ञान, भूमिका र कर्तव्यसम्बन्धी विषयमा विशेषज्ञद्वारा अनुसन्धान गर्ने कार्यलाई अगाडि बढाइयो । यस अनुसन्धानले सार्वजनिक जनप्रशासनका क्षेत्रमा मानवअधिकारको ज्ञान अभिवृद्धि गरी त्यसको सम्मान गर्ने संस्कृतिको विकास गर्न सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ । यसै गरी परियोजनाअन्तर्गत अपाङ्गहरूको स्थितिका सम्बन्धमासमेत अनुसन्धान गर्ने कार्यलाई अगाडि बढाइएको छ ।

### ३.२.३. महिला तथा बालबालिका बेचबिखन/ओसारपसारविरूद्ध राष्ट्रिय समाधीक्षकको कार्यालयसम्बन्धी

चेलीबेटी बेचबिखन तथा ओसारपसार जस्तो निकृष्ट अमानवीय र मानव अधिकार हनन हुने कार्यलाई रोकथाम गरी नेपाली महिलालाई मनवोचित हक दिन र सुरक्षा गर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र आयोग बिच सम्झौता भई २०६० भाद्र महिनामा चेलीबेटी बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय समाधिक्षको कार्यालय परियोजनाको रुपमा स्थापना भएको हो । आ.ब. ०६२/०६३ मा यस कार्यालयबाट भएका उपलब्धी निम्नानुसार छन् :

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाताहरूको टोलीले राष्ट्रिय समाधीक्षकको कार्यालयका क्रियाकलापहरुको बारे मूल्याङ्कन प्रतिवेदन तयार गरियो । यस प्रतिवेदनमा आयोगबाट छलफल गरी यसका सुझावहरुलाई आधार

मानी तथा चेलीवेटी बेचविखन जस्तो मानवअधिकारको उल्लंघन गर्ने निकृष्ट कार्यको सम्वेदनशीलतालाई मनन गरी परियाजनाको रुपमा रहेको महिला तथा बालबालिका बेचबिखन/ओसारपसारविरूद्ध राष्ट्रिय समाधीक्षकको कार्यालयलाई आयोगको स्थायी संरचनाभित्र समावेश गर्ने निर्णय गऱ्यो ।

मानव बेचबिखनको अवस्थासम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०६१।६२ मस्यौदा तयार पार्ने क्रममा राष्ट्रिय स्तरमा छलफल कार्यक्रमको आयोजना गरी छलफल कार्यक्रमबाट प्राप्त सुझावहरुलाई समेत समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिने कार्य भयो ।

“दक्षिण एसियामा बालकल्याण प्रबर्द्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, सन् २००२” लाई नेपालले पनि अनुमोदन गर्नुपर्ने सन्दर्भमा सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग छलफल गरी सो छलफलबाट निस्केको निष्कर्षलाई आयोगले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा पठायो । हाल उक्त महासन्धीलाई नेपालले अनुमोदन गरिसकेको छ ।

मानव बेचबिखन कार्यहरुलाई नियन्त्रण र निर्मूलको लागि संचालित नीति, कार्ययोजना र कार्यहरूको तर्जुमा गर्न सम्बद्ध सरकारी निकाय, सम्बद्ध गैरसरकारी संघ संस्था तथा योजना, मूल्यांकन तथा अनुगमन क्षेत्रका विज्ञहरुसँग विभिन्न चरणमा छलफल, अन्तरक्रिया, गोष्ठीहरु गरी अनुगमन सूचकहरु तयार गरियो ।

मानव बेचबिखन नियन्त्रण सम्बन्धी क्रियाकलापहरुको राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समन्वय कायम गर्नको साथै सार्क महासन्धी २००२ कार्यान्वयनको लागि पहल गर्न यस कार्यालयबाट प्रारम्भिक कार्य शुरु भएको छ ।

### ३.२.४. बालअधिकार

आयोगद्वारा छुट्टै स्थापना गरेको बालअधिकार एकाइलाई बाल बचाऊ कोष, नर्वेले सन् २००५ देखि अनुदान सहयोग पुऱ्याउँदै आएको छ । यस ईकाईको स्थापना पश्चात आयोगले बालअधिकार विषयमा केन्द्रित रही हालसम्म १५ जिल्लामा अनुगमन गर्ने कार्य सम्पन्न गऱ्यो ।

# परिच्छेद चार

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध

राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने गहन जिम्मेवारी लिएको एक स्वतन्त्र एवम् स्वायत्त संस्था भए तापनि आयोगको एक्लो प्रयासले मात्र उल्लिखित जिम्मेवारी बहन गर्न सम्भव हुँदैन । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध तथा समन्वयको विकास गर्नु नितान्त आवश्यक हुन्छ । यसका लागि आयोगले राष्ट्रिय स्तरमा नेपाल सरकार, विभिन्न मन्त्रालय, विभिन्न सरकारी कार्यालय, सुरक्षा निकाय, नागरिकसमाज तथा विभिन्न गैरसरकारी सङ्घसंस्था, न्यायिक निकायसँग निरन्तर र नियमित रूपमा समन्वय गर्दै आइरहेको छ ।

नागरिकसमाज तथा गैरसरकारी संस्थाहरूले सुरुमा आयोगका पदाधिकारीहरूको नियुक्तिप्रक्रियाका सम्बन्धमा विरोध जनाए । मानवअधिकार आयोग ऐन, २०५३ लाई अध्यादेशमार्फत संशोधन गरी गरेको नियुक्तिको प्रक्रियाप्रति विभिन्न क्षेत्रबाट आलोचना भयो । मानवअधिकारका क्षेत्रमा काम गर्ने २५ सङ्घसंस्थाहरूले २०६२/२/८ गते एक प्रेस-विज्ञप्तिमार्फत विरोध जनाउँदै तत्कालीन अवस्थामा मानवअधिकार आयोग ऐन, २०५३ को संशोधनबाट गठित सिफारिस समिति वैधानिक नभएको भन्दै विरोघ जनाए । त्यसै गरी अन्तर्राष्ट्रिय स्तरबाट पनि आयोगको गठनप्रक्रियाको निष्पक्षताका विषयमा चासो देखाइयो । अन्तर्राष्ट्रिय स्तरबाट आयोगको गठनप्रक्रिया, आयोगको निष्पक्षता र प्रभावकारिताका विषयमा पर्यवेक्षण गर्नका लागि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालयले जुन २९ देखि जुलाइ २००५ सम्म Orest Nowosad को नेतृत्वमा एक टोली पठायो । आयोगको निष्पक्षता र प्रभावकारिता आयोगको गठन प्रक्रियाका आधारमा नभई कार्यक्षमताका आधारमा हेरिने कुरा हो भनी त्यसले आफ्नो सारांश प्रतिवेदनमा उल्लेख गऱ्यो । यसका साथै विश्वका मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समिति (ICC) को बैठक १०–११ अप्रिल २००६ मा जेनेभा सम्पन्न भयो । त्यस १७ औं बैठकले पनि सो समितिको राष्ट्रिय मानवअधिकार आयोगको सदस्यता पेरिस सिद्धान्तका आधारमा पुनरावलोकन गर्नुपर्ने सिफारिस गऱ्यो । यसरी सुरुका अवस्थामा विभिन्न क्षेत्रबाट नियुक्तप्रक्रियाका बारेमा विभिन्न आशङ्काहरू व्यक्त गर्नुका साथै मानवअधिकार आयोगलाई असहयोग गर्ने भनियो । तर पछिका दिनमा आयोगको कार्यलाई मूल्याङ्कन गरी विभिन्न सङ्घसंस्थाहरूबाट आयोगको मानवअधिकार-संरक्षण तथा संवर्द्धन गर्ने कार्यमा सहयोग प्राप्त भयो ।

सहयोग, सद्भाव तथा सहकार्यको महत्त्वपूर्ण भूमिका रहने कुरालाई मध्यनजर गर्दै आयोगले अन्तर्राष्ट्रिय स्तरमा संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालय, मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समिति (ICC), विभिन्न राष्ट्रका राजदूतलगायत विभिन्न सङ्घसंस्थासँग आपसी हितका विषयमा भेटघाट तथा छलफल गऱ्यो । यस प्रतिवेदन-अवधिमा आयोगद्वारा कायम गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई निम्नानुसार चर्चा गरिएको छ :

### ४.१ राष्ट्रिय सम्बन्ध

#### ४.१.१. नेपाल सरकार तथा सुरक्षा निकायसँगको सम्बन्ध

राष्ट्रिय मानवअधिकार आयोग र सरकारका बीचमा राम्रो सम्बन्ध हुनु नितान्त जरुरी छ । मानवअधिकार संरक्षण तथा संवर्द्धन गर्नमा आयोग र राज्य दुवैको महत्त्वपूर्ण भूमिका रहन्छ । मानवअधिकार उल्लङ्घनका

घटनामा कमी ल्याउन, मानवअधिकार उल्लङ्घनकर्तालाई कारवाही गर्न र मानवअधिकार संस्कृतिको विकास गर्नका लागि सरकार पनि जिम्मेवार हुनुपर्दछ । सरकारले मानवअधिकारका सम्बन्धमा आयोगले गरेका सिफारिस र निर्देशन कार्यान्वयन गर्नुपर्ने हुन्छ । आयोगलाई आवश्यक पर्ने बजेट, आयोगले माग गरेको जानकारी उपलब्ध गराउनुपर्ने र आयोगको कामकारवाहीमा सहयोग पुऱ्याउनुपर्ने दायित्व सरकारको रहेकोले आयोग र सरकार तथा उसका विभिन्न निकायबीच निरन्तर र नियमित सम्बन्ध र समन्वय हुनुपर्दछ ।

सुरक्षा निकायअन्तर्गत मानवअधिकारसम्बन्धी कार्य हेर्न छुट्टै मानवअधिकार सेल गठन भएपछि मानवअधिकारको संरक्षण र संवर्द्धनका विषयमा प्रत्यक्ष सम्बन्ध स्थापित गर्न केही सरल भएको छ । यसबाट सुरक्षाकर्मीहरूले नागरिकहरूलाई पक्राउ गरी बेपत्ता पारेको सम्बन्धमा तुरुन्त सम्पर्क गरी निजहरूको अवस्था सार्वजनिक गर्न सजिलो भएको छ । मानवअधिकारका लागि उल्लिखित संरचनाहरूको व्यवस्था गरिए तापनि आयोगले जानकारी लिन चाहेका विषयमा समयमै जानकारी उपलब्ध नगराइने तथा आयोगले गरेका निर्णयहरूको कार्यान्वयन सरकारले समयमै नगर्ने परम्परा कायमै छ । मानवअधिकार उल्लङ्घनका सम्बन्धमा सोधपुछका लागि बोलाइएका सुरक्षाकर्मीलाई समयमा आयोगमा नपठाई उल्टै सरकारमा रहेका व्यक्तिले आयोगले त्यसरी बोलाउन नमिल्ने भनी टिप्पणी गरिन्छ । यसबाट सरकार मानवअधिकारप्रति संवेदनशील नभएको देखियो । सरकारले आयोगलाई आर्थिक सहयोग भने उपलब्ध गराउँदै आएको छ । यस प्रतिवेदन-अवधिमा सरकारले आयोगलाई उपलब्ध गराएको वार्षिक बजेटमा वृद्धि गरेकोले आयोगलाई केही मात्रामा भए पनि राहत महसुस भएको छ ।

आयोगले राज्यद्वारा बेपत्ता पारिएका भनिएका व्यक्तिका सम्बन्धमा २०६२।९।१८ मा गृहमन्त्रीसँग, २०६२।९।१७ मा तत्कालीन शाही नेपाली सेनाका मानवअधिकार शाखाका प्रतिनिधिहरूसँग, २०६२।९।२२ मा नेपाल प्रहरी र सशस्त्र प्रहरीको मानवअधिकार सेलसँग, २०६२।९।२६ मा तत्कालीन शाही नेपाली सेनाको मानवअधिकार शाखाका अधिकृतहरूसँग, २०६२।१०।२८ मा रक्षा मन्त्रालय र गृह मन्त्रालयका सचिवहरूसँग बैठक बसी छलफल गऱ्यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, मानवअधिकार शाखाका सचिव, गृह तथा रक्षा मन्त्रालयका उच्चपदस्थ अधिकृतहरू, राज्यद्वारा बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको अवस्था छानबिन समितिका पदाधिकारीहरू तथा सुरक्षा निकायका मानवअधिकार शाखाका प्रमुखहरूसँग आयोगले मिति २०६२।१०।३० का दिन एकदिने अन्तर्क्रिया कार्यक्रम गऱ्यो । सोही कार्यक्रममा बेपत्ता छानबिन समितिबाट अबिलम्ब नामावली सार्वजनिक गर्ने भनी प्रतिबद्धता व्यक्त भयो । उक्त कार्यक्रममा आयोगबाट बेपत्ता पारिएका भनिएकाहरूका बारेमा तथ्याङ्क, बेपत्ताको प्रकृति र तरिका, आयोगले हालसम्म गरेको अनुसन्धान र सोको सिफारिसको कार्यान्वयन एवम् समस्यासमाधानका लागि केकस्ता उपाय अवलम्बन गर्न सकिन्छ भन्ने सन्दर्भमा आयोगले छलफल गऱ्यो । त्यसै गरी विभिन्न समयमा अधिराज्यका विभिन्न स्थानमा आयोगका क्षेत्रीय कार्यालय तथा सम्पर्क कार्यालयको तहबाट समेत त्यहाँ अवस्थित सुरक्षा निकायमा गई छलफल गरियो ।
मानवअधिकार संरक्षणका क्रममा आयोगले सुरक्षा निकायसँग विभिन्न समयमा विभिन्न स्तरमा सम्बन्ध तथा समन्वय कायम गर्दै आएको छ । यसै क्रममा आयोगले गोष्ठी, अन्तरक्रिया, तालिमलगायतका कार्यक्रमहरूमा समेत सहयोग र समन्वय गर्दै आएको छ ।

नेकपा (माओवादी)द्वारा सुरक्षा निकायका व्यक्तिको अपहरण, जागिर छोड्नका लागि दिइएका धम्की एवम् निजका परिवारलाई घर छाड्न दिइएको धम्की तथा विस्थापित गराइएको भन्नेजस्ता घटनाहरूका सम्बन्धमा

आयोगले आवश्यक पहल गर्दै आएको छ । आयोगले आफ्ना कार्यक्रमहरूमा सुरक्षा निकायका प्रतिनिधिहरूलाई आमन्त्रण गरी छलफल गर्ने गरेको छ । सुरक्षा निकायले केही ब्यारेक तथा हिरासतबाहेक धेरै हिरासत तथा ब्यारेकमा आयोगलाई अनुगमन गर्न दिएको छ । तथापि व्यक्तिहरुलाई बेपत्ता पारिएको सम्बन्धमा आयोगलाई पूर्ण रुपमा यथार्थ विवरण दिन भने सकेको छैन ।

**४.१.२. राजनीतिक दलहरूसँगको सम्बन्ध**

मानवअधिकारको संरक्षण र संवर्द्धन कार्यमा राजनीतिक दलहरूको पनि महत्त्वपूर्ण भूमिका हुने गर्दछ । त्यस अवधिमा आयोग र राजनीतिक दलहरूसँगको सम्पर्क र समन्वय सुमधुर रहचो । राजाबाट शासनसञ्चालनको जिम्मेवारी आफ्नो हातमा लिएको भन्दै राजनीतिक दलहरूले विभिन्न समयमा लोकतन्त्र बहालीका लागि आन्दोलन गरे । विभिन्न राजनीतिक कार्यक्रमहरूको आयोगले अनुगमन गर्नुका साथै अनुगमनबाट देखिएका तथ्यका आधारमा सरकारलाई उनीहरूको राजनीतिक अधिकारको सुनिश्चितता गर्न सिफारिस गऱ्यो । यसका साथै आन्दोलनका क्रममा पक्राउ गरी हिरासतमा राखिएका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूसँग हिरासतमा भेटघाट गरी उनीहरूको अवस्थाका सम्बन्धमा जानकारी हासिल गऱ्यो । यस सम्बन्धमा सरकारलाई महत्त्वपूर्ण सिफारिससमेत गऱ्यो र गर्दै आएको छ । यस  प्रतिवेदन-अवधिमा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई बिनाकारण गिरफ्तार गर्ने, घरमा नै नजरबन्दमा राख्नेजस्ता कार्यहरू पटकपटक भए । यस्ता अवस्थामा आयोगले उनीहरूको मानवअधिकारको रक्षा गर्नका लागि सरकारलाई सिफारिस गऱ्यो । त्यसै गरी विभिन्न राजनीतिक दलका व्यक्तिबाट आयोगको अनुसन्धान तथा अनुगमनमा महत्त्वपूर्ण जानकारी उपलब्ध गराएर सहयोग पुऱ्याइयो । मानवअधिकारको उल्लङ्घन तथा ज्यादतीका विषयमा आयोगमा उजुरी दिएर मानवअधिकारको संरक्षण तथा संवर्द्धनका लागि राजनीतिक दलले सहयोग उपलब्ध गराउँदै आएको छ ।

**४.१.३. नागरिकसमाज र गैरसरकारी संस्थासँगको सम्बन्ध**

मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि नागरिकसमाज तथा गैरसरकारी संस्थाहरूको पनि महत्त्वपूर्ण भूमिका हुने गर्दछ । मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि आयोग र त्यस्ता सङ्घसंस्थाहरूबीचको सम्बन्ध राम्रो हुनुपर्दछ । आयोगको दोस्रो पदावधिका लागि गरेको पदाधिकारीहरूको नियुक्तिप्रक्रियाप्रति असहमति जनाउँदै केही गैरसरकारी सङ्घसंस्थाले आयोगसँग सहकार्य नगर्ने विचार व्यक्त  गरे । केन्द्रीय स्तरमा केही असहज परिस्थितिको सामना गर्नु परे तापनि स्थानीय तहमा गैरसरकारी संस्थासँगको सम्बन्ध सुरुदेखि नै सहज रूपमा विकास भई आयोगलाई सहयोग र समर्थन प्राप्त भइरह्यो । सुरुका अवस्थामा केही असहजता देखिए तापनि आयोगले मानवअधिकारका क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी सङ्घसंस्थाहरू, पेशागत सङ्गठनहरू र नागरिकसमाजसँग मिलेर मानवअधिकार संरक्षण र संवर्द्धनमा कार्य गर्दै आएको छ । मानवअधिकारको संरक्षण तथा संवर्द्धनका लागि नागरिकसमाजबाट मानवअधिकार स्थितिको अनुगमन तथा अनुसन्धान गर्नका लागि सहकार्य गर्नुका साथै संवर्द्धनका लागि पनि सहकार्य हुँदै आइरहेको छ । त्यसै गरी मानवअधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाका सम्बन्धमा आयोगमा जानकारी गराएर तथा उजुरी पठाएर पनि विभिन्न सङ्घसंस्थाहरूको सहयोग आयोगलाई प्राप्त भइरहेको छ । त्यसै गरी स्थानीय तहमा आयोगबाट भएका अनुगमन तथा अनुसन्धानमा नागरिकसमाजबाट आवश्यक जानकारी र सूचनाहरू उपलब्ध गराएर मानवअधिकारको रक्षा गरी मानवअधिकार संस्कृतिको निमार्णमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।
आयोगले सञ्चालन गरेका विभिन्न तालिमहरूमा विभिन्न सङ्घसंस्थाका तर्फबाट स्रोत व्यक्तिका रूपमा उपस्थित भई तालिमसञ्चालन गरेर पनि सहयोग उपलब्ध गराएको छ । त्यसै गरी आयोगले आयोजना गरेको

विभिन्न गोष्ठी तथा छलफलकार्यक्रममा उपस्थित भएर सक्रिय सहभागिता जनाई आयोगलाई महत्त्वपूर्ण सुझाव उपलब्ध गराउने कार्य पनि भएको छ ।

आयोगले पनि नागरिकसमाजबाट गरेको विरोधप्रदर्शनका कार्यक्रमहरूको अनुगमन गरी प्राप्त तथ्यका आधारमा मानवअधिकारको सम्मान र संरक्षण गर्नका लागि सरकारलाई सिफारिस गरेको छ ।

### ४.१.४. आमसञ्चारसँगको सम्बन्ध

मानवअधिकारको सन्दर्भमा आमसञ्चारसँगको समन्वय र सम्बन्ध पनि ज्यादै महत्त्वपूर्ण हुने गर्दछ । आयोगले आमसञ्चारका माध्यमसँग मानवअधिकार संरक्षण र संवर्द्धनका लागि समन्वय र सहकार्य गर्दै आइरहेको छ । आमसञ्चार माध्यमले मानवअधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा आयोगले गरेका कार्यहरू, मानवअधिकारको उल्लङ्घन तथा ज्यादतीका घटना र मानवअधिकार आयोगका टीकाटिप्पणीहरू प्रचारप्रसार गरी मानवअधिकार संस्कृतिको विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । आयोगबाट गरिएका अनुसन्धान तथा अनुगमनबाट प्राप्त तथ्यका आधारमा सार्वजनिक गर्नुपर्ने प्रतिवेदनहरू पत्रकारसम्मेलन तथा प्रेस-विज्ञप्तिमार्फत जानकारी गराउँदै आइएको छ । उल्लिखित जानकारी तथा प्रतिवेदनलाई आमसञ्चारका माध्यमले प्रशारण तथा प्रकाशित गरी आमनागरिक तथा सरोकारवालालाई सुसूचित पार्ने कार्य गर्दै आइरहेको छ । त्यसै गरी आयोगको टोली अनुसन्धान तथा अनुगमनका लागि सम्बन्धित क्षेत्रमा जाँदा सोको जानकारी आमसञ्चारका माध्यममा गराएर सम्बन्धित पक्षलाई सुसूचित हुने अवसर प्रदान गरिन्छ । यसबाट आयोगको अनुसन्धान तथा अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउन सहयोग पुग्दै आइरहेको छ ।

आयोगबाट जारी गरिने प्रेस-विज्ञप्ति र इ-बुलेटिनले यसका गतिविधिका बारेमा जानकारी दिन सहज र सरल भएको छ । यो माध्यम सफल पनि छ । आमसञ्चारमाध्यमका प्रतिनिधिहरूसँग विभिन्न समयमा बसी सञ्चारले भोग्नुपरेका समस्याका बारेमा छलफल गर्नुका साथै आमसञ्चारमाध्यममाथि भएको सरकारी हस्तक्षेपका सम्बन्धमा आयोगले अनुसन्धान गरी सरकारलाई मानवअधिकारको रक्षा र सम्मान गर्नका लागि सिफारिससमेत गरेको छ । यसरी त्यस अवधिमा राष्ट्रिय मानव अधिकार आयोग र आमसञ्चारमाध्यमसँगको सम्बन्ध र सहकार्य सुमधुर रहयो ।

### ४.२ अन्तर्राष्ट्रिय सम्बन्ध

आयोगले मानवअधिकारको संरक्षण तथा संवर्द्धन र आयोगको क्षमताअभिवृद्धिका लागि राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा समेत नियमित सम्बन्ध स्थापित गर्दै आइरहेको छ । मानवअधिकार अवस्थाको अनुगमन गर्नका लागि स्थापित संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय र आयोगको बीचमा पनि नेपालमा मानवअधिकारको अवस्था बिग्रदै गएको अवस्थामा सहकार्य र समन्वय हुँदै आइरहेको छ । राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारीहरूको क्षमताअभिवृद्धि गराउने विषयमा, मानवअधिकारको अनुगमन तथा अनुसन्धानको सन्दर्भमा दुई कार्यालयबीच सहकार्य र समन्वय हुँदै आइरहेको छ । मानवअधिकारका क्षेत्रमा काम गर्ने विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा विभिन्न देशका राजदूत तथा कूटनीतिक नियोगका प्रमुखहरूसँग समयसमयमा भेटघाट गर्नुका साथै विभिन्न संस्थाको आयोजनामा भएका विभिन्न कार्यक्रममा आयोगले सहभागिता जनाएको छ । यसबाट आपसी सम्बन्ध सुदृढ हुनुका साथै मानवअधिकारका क्षेत्रमा भएका प्रयासमा अनुभवको आदानप्रदान भई आयोगको प्रभावकारितामा वृद्धि हुने

विश्वास लिइएको छ । मानवअधिकारका क्षेत्रमा आयोगले गरेका प्रयासका बारेमा अन्तर्राष्ट्रिय क्षेत्रमा जानकारी गराउन पनि आयोग सफल भएको छ । आयोगले त्यस अवधिमा मिति २०६२ भदौ ८ गतेदेखि १० गतेसम्म मंगोलियामा भएको एसिया-प्रशान्तक्षेत्रका मानवअधिकार संस्थाहरूको (APF) बैठकमा, एसिया-प्रशान्तक्षेत्रमा मानवअधिकार संवर्द्धन र संरक्षणका लागि क्षेत्रीय समन्वयसम्बन्धी तेह्रौं कार्यशालामा पर्यवेक्षकका रूपमा भाग लियो । यसै गरी आयोगले मिति २०६२/८/२३ र २०६२ मङ्सिर २३-२५ मा कोरियामा भएको Gwangju Forum for Assia Human Rights 2005 मा, २०६२ मङ्सिर २०-२५ गते अस्ट्रेलियाको सिड्नीमा भएको मानवअधिकार, मानव बेचबिखन र राष्ट्रिय मानवअधिकार संस्थाहरूको क्षेत्रीय कार्यशाला गोष्ठीमा सहभागिता जनायो । त्यसै गरी एसिया-प्रशान्तक्षेत्रका मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको मङ्गोलियामा भएको बैठकबाट मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय समन्वय समिति (ICC) मा राष्ट्रिय मानवअधिकार आयोग पुनः नियुक्त भएको छ । यसै गरी आयोगले विभिन्न मित्रराष्ट्रका राजदूत, विभिन्न कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरूसँग भेटघाट गऱ्यो । आयोगले अन्तर्राष्ट्रिय तहमा जनाएको सहभागितालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | सहभागिता भएको देश | मिति | उपलब्धि | सहभागीको नामावली |
|---|---|---|---|---|
| | मङ्गोलिया | २०६२/५/ ८ - १० | एसिया-प्रशान्तक्षेत्रका राष्ट्रिय मानवअधिकार संस्थाहरूको १० औं बैठकमा भाग लिई एसिया-प्रशान्तक्षेत्रका राष्ट्रिय मानवअधिकार संस्थाहरूको साझा हितका विषयमा छलफल भएको र सन् २००४ को नोभेम्बरमा कोरियामा सम्पन्न नवौं बैठकपछिका अवधिमा आयोगले नेपालमा मानवअधिकार संरक्षण र संवर्द्धनका क्षेत्रमा गरेका कार्यहरूका बारेमा जानकारी गरायो । यसका साथै उक्त बैठकबाट मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूका तर्फबाट मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय समन्वय समिति (ICC)मा पुनः नियुक्ति भयो । सो बैठकमा आयोगका अध्यक्षले मानवअधिकारको अवस्थाका बारेमा प्रतिवेदन प्रस्तुत गर्नुका साथै का.मु. सचिवले यातनाका सन्दर्भमा आयोगको भूमिकाका बारेमा आफ्नो प्रस्तुति राख्नुभयो । | अध्यक्ष नयनबहादुर खत्री, सदस्य सुदीप पाठक र का.मु. सचिव केदारप्रसाद पौड्याल |
| | बेइजिङ | २०६२/५/१४-१७ | आयोगले चीनको राजधानी बेइजिङमा सञ्चालन भएको एसिया-प्रशान्तक्षेत्रमा मानवअधिकार संवर्द्धन र संरक्षणका लागि क्षेत्रीय समन्वयसम्बन्धी तेह्रौं कार्यशालामा पर्यवेक्षकका रूपमा भाग लियो । त्यसमा आयोगले मुलुकमा मानवअधिकार संरक्षण र संवर्द्धनका क्षेत्रमा गरिरहेका कार्यहरूका बारेमा जानकारी दियो । | अध्यक्ष नयनबहादुर खत्री, सदस्य सुदीप पाठक र का.मु. सचिव केदारप्रसाद पौड्याल |
| | अस्ट्रेलियाको सिड्नी | २०६२/८/२०-२५ | अस्ट्रेलियाको सिड्नीमा भएको मानवअधिकार, मानव बेचबिखन र राष्ट्रिय मानवअधिकार संस्थाहरूको क्षेत्रीय कार्यशाला गोष्ठीमा नेपालको वर्तमान मानव अधिकार अवस्थाको वारेमा जानकारी गराउनु भएको थियो | सदस्य डा रामदयाल राकेश |
| | कोरिया | २०६२/८/२३-२५ | कोरियाको ग्वाङ्जु सहरमा Gwangju Forum for Asia Human Rights, 2005 मा सहभागी भई Prevailing rule of law situation in Nepal विषयक कार्यपत्र प्रस्तुत गऱ्यो । | सदस्य गोकुल पोखेल |

| | | | | |
|---|---|---|---|---|
| | थाइल्यान्ड र फिलिपिन्स | २००५ नोभेम्बर ६देखि १३ | टोलीले दुवै देशका मानवअधिकार आयोगको कार्यशैली, मानवअधिकारको संरक्षण तथा संवर्द्धनमा आयोगको भूमिकाका बारेमा जानकारी लिनुका साथै थाइल्याण्डको मानवअधिकार आयोगमा उजुरीव्यवस्थापन,अनुसन्धान तथा अनुगमन पद्धति, बालअधिकारको संरक्षणमा आयोगको भूमिकामा तथा आयोगको निर्णयको कार्यान्वयनको प्रक्रियाका सम्बन्धमा विचार आदानप्रदान गऱ्यो ।<br>फिलिपिन्सको मानवअधिकार आयोगले सशस्त्र द्वन्द्वको सन्दर्भमा मानवअधिकारको संरक्षणमा गरेको कार्य, क्षेत्रीय कार्यालयमार्फत आयोगको पहुँचविस्तार र मानवअधिकारका विषयमा सशस्त्र विद्रोही समूहलाई मानवीय कानुन र मानवअधिकारका विषयमा दिएका अभिमुखीकरण तालिम एवम् आयोगको भूमिकाका बारेमा जानकारी लियो । यसका साथै मानवअधिकार उल्लङ्घनकर्ताको रेकर्ड राख्ने भएकोले आयोगको अनुसन्धान/अनुगमन प्रक्रियामा राज्यका निकायले सक्दो सहयोग गर्ने प्रचलन रहेको, आयोगअर्न्तगत नै मेडिकल डाक्टर, फरेन्सिक विशेषज्ञको दरबन्दी, अन्तर्राष्ट्रिय परामर्श महाशाखा, बालअधिकार डेस्क, योजना महाशाखा रहेको र विशेषज्ञता र दक्षताअभिवृद्धिका लागि विषयगत आधारमा कार्यविभाजन गरेको पाइयो । शान्तिप्रक्रियामा आयोगको भूमिकाका सम्बन्धमा राष्ट्रपतिको कार्यालयअन्तर्गत रहेको पेनलका पदाधिकारीसँग छलफल भयो । मानवअधिकारको संरक्षणमा सेनाको भूमिकाका सम्बन्धमा सेना प्रमुखलगायत वरिष्ठ अधिकृतहरूसँग छलफल हुनुका साथै नेपालमा मानवअधिकारको अवस्थाका बारेमा पनि जानकारी गराइयो । आयोगको टोली फिलिपिन्समा चलेको द्वन्द्वको स्थिति बुझ्न मिन्डानाओ टापुमा पुगी त्यहाँको क्षेत्रीय कार्यालयको भ्रमण गरी सम्बन्धित पक्षसँग द्वन्द्वका घटनाका सम्बन्धमा विस्तृत जानकारी लियो । | सदस्य सुदीप पाठक का.मु सचिव केदारप्रसाद पौडेल लगायत आयोगका कर्मचारीहरु |

यस अवधिमा विभिन्न देशका कूटनीतिक नियोगसँग सम्बन्धित व्यक्ति तथा संयुक्त राष्ट्र सङ्घका मानवअधिकारसम्बन्धी निकायका प्रमुखहरूले आयोगको भ्रमण गरे । आयोगले मानवअधिकार संरक्षण र संवर्द्धनका क्षेत्रमा गरेका कामका बारेमा तिनीहरूले जानकारी लिनुका साथै मानवअधिकारको वर्तमान अवस्थाका बारेमा समेत छलफल गरे । आयोगका पदाधिकारीहरूसँगको भेटघाटका क्रममा तिनीहरूले जस्तोसुकै परिस्थितिमा पनि आयोगलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुका साथै मुलुकको मानवअधिकार संरक्षण र संवर्द्धनमा आयोग अझ क्रियाशील हुनुपर्ने कुरामा जोड दिए । भेटघाट तथा छलफलको विवरण निम्नानुसार उल्लेख छ :

**महत्त्वपूर्ण भेटघाट तथा छलफल**

| क.सं. | भेटघाट भएको व्यक्ति तथा संस्था | मिति | उपलब्धि | कैफियत |
|---|---|---|---|---|
| १. | इयान मार्टिन | २०६३/४/१७ | बैठकमा उच्च आयुक्तको कार्यालयले गरेका कार्यका बारेमा र दुवै संस्थाको साझा चासोका विषयमा छलफल भयो । उक्त अवसरमा मार्टिनले मानवअधिकारको संरक्षण तथा संवर्द्धनमा आयोगले खेलेको भूमिकाका सम्बन्धमा आफू सन्तुष्ट रहेको उल्लेख गर्नुभयो । | |

| | | | | |
|---|---|---|---|---|
| २. | एसिया-प्रशान्तक्षेत्रका मानवअधिकार संस्थाहरूको मञ्च (APF) का निर्देशक Kieren fitzpatric | २०६२/४/.. | भेटघाटका अवसरमा नेपालमा मानवअधिकारको अवस्था र आयोगले सम्पादन गरेका क्रियाकलापका बारेमा छलफल गर्नुका साथै मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू र आयोगबीच राम्रो समन्वय हुनुपर्ने कुरामा जोड दिइयो । | |
| ३. | संयुक्त राष्ट्र सङ्घका यातनासम्बन्धी विशेष दूत Manfred Nowak | २०६२/५/२६ | संयुक्त राष्ट्र सङ्घका यातनासम्बन्धी विशेष दूत Manfred Nowak र आयोगका पदाधिकारीहरूबीच आयोगको कार्यकक्षमा भेटघाट तथा छलफल भयो । | उक्त अवसरमा OHCHR का वरिष्ठ मानवअधिकार सल्लाहकार David Johnson को समेत उपस्थिति रहयो । |
| ४. | युरोपियन युनियनका टम फिलिप्ससँग आयोगमा छलफल | | Tom Phillips र आयोगका पदाधिकारीहरूबीच भएको बैठकमा Tom बाट मानवअधिकारको अवस्थाका बारेमा चासो व्यक्त गर्नुका साथै आयोगले मानवअधिकारको संरक्षण र संवर्द्धनका सम्बन्धमा गरेका कार्यका बारेमा जानकारी गराएको थियो । | |
| ५. | स्यामुअल टाम्राटसहितको टोलीसँगको भेटघाट | २०६२ /८/२ | संयुक्त राष्ट्र सङ्घीय महासचिव कोफि अन्नानका प्रतिनिधि (विशेष दूत) Samuel Tamrat र आयोगका पदाधिकारीहरूबीच नेकपा (माओवादी)ले एकतर्फी रूपमा गरेको युद्धविरामका सम्बन्धमा छलफल भयो । | उक्त अवसरमा इयान मार्टिन र उच्चायुक्तका कार्यालयका वरिष्ठ सल्लाहकार डेभिड जोनसनको पनि उपस्थिति थियो । |
| ६. | बेलायती राजदूत Keith Bloomfield | २०६२/४/ ४ | बेलायती राजदूत Keith Bloomfield ले आयोगका पदाधिकारीहरूसँग मानवअधिकारको तत्कालीन अवस्थाका बारेमा छलफल गर्नुभयो । राजदूत ब्लुमफिल्डले मानवअधिकारको संरक्षणका लागि आयोगको क्षमता मजबुत हुनुपर्ने कुरामा जोड दिनुका साथै आयोगको क्षमताविकासका लागि सहयोगको निरन्तरतामा जोड दिनुभयो । | |
| ७. | डेनिस राजदूत Fin Thisted | | डेनिस राजदूत Fin Thisted ले आयोगको भ्रमण गर्नुभयो । भ्रमणका क्रममा उहाँले आयोगका पदाधिकारीहरूसँग मानवअधिकार अवस्थाका बारेमा छलफल गर्नुभयो । उहाँले मानवअधिकारको अवस्थाप्रति गहिरो चासो व्यक्त गर्नुका साथै डेनिस सरकारका तर्फबाट आयोगलाई निरन्तरता सहयोग दिने कुरा व्यक्त गर्नुभयो । | |
| ८. | नर्वेका राजदूत Tore Toreng | २०६२/१०/ १३ | नेपालका लागि नर्वेका राजदूत Tore Toreng ले १३ माघमा आयोगको भ्रमण गर्नुभयो । भ्रमणका क्रममा भएको भेटघाटमा उहाँले आयोगको सुदृढीकरणका लागि सहयोगलाई निरन्तरता दिने वचनबद्धता प्रकट गर्नुका साथै मानवअधिकार संरक्षण र संवर्द्धनमा आयोगले गरेका क्रियाकलापहरूको प्रशंसा गर्नुभयो । | |

| | | | | |
|---|---|---|---|---|
| ९. | जर्मन राजदूत Franz Ring | २०६२/१०/ २० | नेपालका लागि जर्मन राजदूत Franz Ring र आयोगका पदाधिकारीहरूबीच भएको भेटघाटका अवसरमा उहाँले आयोगको सुदृढीकरणका लागि सहयोगलाई निरन्तरता दिने भन्दै मानवअधिकार संरक्षण र संवर्द्धनमा आयोगले गरेका क्रियाकलापहरूको प्रशंसा गर्नुभयो । | |
| १०. | जर्मन राजदूत फ्राङ्क रिङ | २०६३ जेठ ३० | नेपालका लागि जर्मन राजदूत फ्राङ्क रिङ आज राष्ट्रिय मानव अधिकार आयोगमा आई आयोगका पदाधिरीहरूसाग भेट गर्नुभयो । आयोग पदाधिकारीहरू र जर्मन राजदूत फ्राङ्कबीच भएको छलफलमा नेपालमा लोकतन्त्र स्थापनापछिको मानव अधिकार स्थितिको बारेमा राजदूत रिङले विशेष चासोका साथ जानकारी लिनु भयो । उहाँले नेपाल सरकार र माओवादी बीचको शान्ति प्रक्रिया सफल तुल्याउन आयोगले आफ्नो तर्फबाट पहल गर्नुपर्ने कुरामा जोड दिनुभयो । | |

# परिच्छेद पाँच

## उपलब्धि, चुनौती र निष्कर्ष

समीक्ष्य अवधिमा राजाबाट प्रत्यक्ष शासनको बागडोर आफ्नो हातमा लिएकोले द्वन्द्व झन् बढ्दै गयो । यसले गर्दा मानवअधिकारको अवस्था ज्यादै चुनौतीपूर्ण रह्यो । विभिन्न चुनौतीको सामना गर्दै मानवअधिकार संरक्षण र संवर्द्धनका लागि ऐनद्वारा प्रदत्त दायित्व वहन गर्ने क्रममा आयोगले हासिल गरेका महत्त्वपूर्ण उपलब्धिलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.१ उपलब्धिहरू

१ समीक्ष्य अवधिमा आयोगले केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूबाट मानवअधिकारको अवस्थाका बारेमा ४३७ पटक भन्दा बढी अनुगमन गऱ्यो । देशका विभिन्न जिल्लामा गरेको अनुगमनबाट प्राप्त तथ्यका आधारमा सरकारलाई गरेको सिफारिसबाट थुनुवाकेन्द्रमा रहेका बन्दीहरूको मानवअधिकार स्थितिमा सुधार आएको, स्वैच्छाचारी गिरफ्तारीका घटनामा कमी आएको, पक्राउ गरिएका व्यक्तिका बारेमा सुरक्षा निकायबाट तत्काल जानकारी गराउने कार्यमा सुधार आई मानवअधिकारको उल्लङ्घनका घटनामा कमी आएको पाइयो । अर्कातिर आयोगको अनुगमनले द्वन्द्वरत अर्को पक्ष नेकपा (माओवादी)बाट भएका ज्यादतीका घटना उजागर भए । यसबाट मानवअधिकारका सिद्धान्तको सम्मान गर्न र मानवीय कानुनको पालना गर्न नैतिक दबाउ सृजना गर्ने कार्य भयो । यसका अतिरिक्त आयोगद्वारा भएका अनुगमन कार्यबाट समग्र मानवअधिकार अवस्थामा सुधार ल्याउन र व्यक्तिको मानवअधिकारको संरक्षण गर्ने कार्यमा सजगता वृद्धि गर्न देशको विकट भौगोलिक क्षेत्रमा समेत आयोगको उपस्थिति र सक्रियता बढ्यो ।

२ समीक्ष्य अवधिमा आयोगले मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घनका धेरै घटनाहरूको स्थलगत अनुसन्धान गऱ्यो । आयोगबाट त्यस अवधिमा १५१ विषयमा अनुसन्धान भयो । अनुसन्धानपछि ७२ वटा विषयमा आयोगले निर्णय गरी मानवअधिकारको सम्मान गर्न र संरक्षण गर्नगराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गऱ्यो । जसमध्ये सुरक्षाकर्मीद्वारा हत्या गरेको भन्ने सम्बन्धमा ४५ वटा सिफारिस रहेका छन् । त्यस सम्बन्धमा निर्णय गरी पीडकलाई कारवाही र पीडितलाई क्षतिपूर्ति दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगले सिफारिस गऱ्यो । तीमध्ये तीन सिफारिसमा पीडकलाई कारवाही गरेको र दुईवटामा पीडितको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरेको भन्ने जानकारी आयोगमा प्राप्त हुन आयो । यसका साथै नेकपा (माओवादी) सम्बद्ध घटनाका सम्बन्धमा आयोगले मानवअधिकारका सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न आह्वान गऱ्यो ।

३ आयोगमा अधिक मात्रामा बेपत्ता र अपहरणसम्बन्धी उजुरी पर्न आए । बेपत्ता तथा अपहरणका सम्बन्धमा परेका उजुरीमध्ये ४२१ जनाको स्थिति यकिन भएकाले ३६१ उजुरीहरू तामेली गरिएको छ । यसमध्ये नेकपा (माओवादी)ले कब्जामा लिएको सम्बन्धमा परेका ६१ उजुरीहरू तामेलीमा परेका छन् । आयोगले सुरक्षा निकायका प्रमुख व्यक्तिसँग गरेको छलफलमा सूचना आदानप्रदान गर्न र मानवअधिकारको संरक्षण गर्न प्रतिवद्धता व्यक्त गरियो । पक्राउ गरिएका व्यक्तिहरूका सम्बन्धमा तत्काल जानकारी उपलब्ध गराउने क्रम सुरु भई बेपत्ताको स्थिति सार्वजनिक गर्ने कार्यमा सुधार भएको छ । नेकपा (माओवादी) पक्षको स्थानीय तहमा अपहरणको स्थिति पहिचाहन गर्ने क्रममा समेत सहयोग भयो ।

४ आयोगको टोलीले काभ्रेपलाञ्चोक जिल्लामा गई अनुसन्धान गर्दा २०६० सालदेखि सुरक्षाकर्मीबाट बेपत्ता पारिएको भनिएका काभ्रेपलाञ्चोक जिल्ला फूलवारी गा.वि.स. वडा नं. ८ बस्ने हरिप्रसाद बोलखेको स्थिति पत्ता लाग्यो । निजलाई सुरक्षाकर्मीद्वारा मारिई काभ्रेपलाञ्चोक जिल्लाको चलाल गणेशस्थान गा.वि.स. वडा नं. १ मा पुरिएको पाइएकोले मिति २०६३।३।२१ मा फरेन्सिक विशेषज्ञसहितको टोलीले शव उत्खनन गरी परीक्षण गर्दा उक्त शव निज बोलखेको नै भएको यकिन भयो ।

५ मानवअधिकारको प्रभावकारी संरक्षण र संवर्द्धनका लागि प्रचलित कानुनहरूको पुनरावलोकन गरी तयार पारिएका प्रतिवेदनहरू आयोगले सरकारसमक्ष पठायो । पठाइएका सिफारिसहरू नयाँ कानुनहरू बनाउने, खारेज वा संशोधन गर्ने र कतिपय प्रचलित कानुनहरूको उचित कार्यान्वयन गर्ने सम्बन्धमा उपयोगी सिद्ध भए । यद्यपि आयोगले पठाएका यस प्रकारका सिफारिसहरूका आधारमा केकति कानुनहरूमा परिमार्जन गरिए भन्ने बारेमा सरकारबाट आयोगलाई हालसम्म कुनै जानकारी प्राप्त भएको छैन ।

६ सुदूर पश्चिमाञ्चलको धनगढीमा क्षेत्रीय कार्यालय तथा रोल्पा, जुम्ला खोटाङ, जनकपुर र बुटवलमा सम्पर्क कार्यालय स्थापना भई मानवअधिकारको संरक्षण तथा संवर्द्धनका क्षेत्रमा कार्य भइरहेको छ । यस कदमबाट आयोगको पहुँचविस्तार भई दुर्गम भेगका सर्वसाधारण जनताको मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरी ग्रहण गर्ने एवम् मानवअधिकार संस्कृतिको निर्माणको दिशामा चेतनामूलक कार्यक्रमहरू सञ्चालन भई आयोगसमक्ष नागरिकको पहुँचविस्तार भएको छ ।

७ आयोगले मानवअधिकारका क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी सङ्घसंस्थाहरू, पेशागत सङ्गठनहरू, नागरिकसमाजसँग मिलेर मानवअधिकार संरक्षण र संवर्द्धन गर्ने क्रमलाई जारी राखेको छ । गैरसरकारी सङ्घसंस्थाहरू र नागरिकसमाजसमेतको सक्रियतामा मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान तथा अनुगमन गरी मानवअधिकारको संरक्षणमा सहयोग पुग्न गयो । यसका साथै आयोगलाई मानवअधिकारको उल्लङ्घनको जानकारी उपलब्ध गराउने, उजुरी पठाउने, आयोगद्वारा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरूमा उपस्थित भई आयोगलाई विभिन्न सुझावहरू दिने गर्नाले मानवअधिकारको संरक्षण तथा संवर्द्धन कार्यमा सहयोग पुग्न गएको छ ।

८ समीक्ष्य अवधिमा आयोग अन्तर्राष्ट्रिय समन्वय समितिको सदस्यमा पुनः नियुक्त हुन सफल भएको छ । त्यसै गरी अन्य देशहरूमा आयोगले जनाएको सहभागिताले मानवअधिकार संरक्षण र संवर्द्धनका सम्बन्धमा विभिन्न देशका अभ्यासहरूका बारेमा जानकारी लिन सफल भयो । यसका साथै विभिन्न देशका कूटनीतिज्ञहरू, संयुक्त राष्ट्रसङ्घका मानवअधिकारसँग सम्बन्धित उच्चस्तरीय पदाधिकारीहरूबाट आयोगको भ्रमण गरी विगतमा जस्तै आयोगलाई दिइआएको सहयोग निरन्तर जारी राख्ने प्रतिवद्धता व्यक्त गरियो । यसबाट आयोगको मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्यमा थप बल पुग्यो ।

९ महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गलगायत अन्य पिछडिएका वर्गलाई समावेशीकरण गर्दै जाने आयोगको नीतिबमोजिम आयोगलाई आवश्यक परेका केही मानवसंशाधनको परिपूर्ति गर्ने क्रममा आयोगले विभिन्न पदहरूमा पहिलोपटक आरक्षणको व्यवस्था लागू गरेको छ । यसअन्तर्गत दलितका लागि मानवअधिकार सहायक र प्रशासन सहायक, अपाङ्गका लागि जनसम्पर्क सहायक, दलित महिलाका लागि पनि जनसम्पर्क सहायक पदमा आरक्षण गरी पदपूर्ति गरेको छ ।

१० आयोगले शान्तिप्रक्रियाका लागि मानवअधिकार तथा मानवीय कानुन पालना गर्ने सम्झौतापत्रको मस्यौदा र नेपाल सरकार तथा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच हुने युद्धविराम-सम्झौताको मस्यौदा हस्ताक्षर गर्ने प्रयोजनका लागि २०६३ जेष्ठ १० गते सरकार र नेकपा (माओवादी)लाई उपलब्ध गरायो । यी दुवै सम्झौतापत्रमा दुवै पक्षबाट हस्ताक्षर भएमा युद्धविरामलाई विश्वसनीय बनाई दीर्घकालीन शान्तितर्फ अग्रसर हुन सहयोग पुग्छ । यसका साथै मानवअधिकार तथा मानवीय कानुनप्रति दुवै पक्षको बलियो प्रतिबद्धता पुनः देखिन्छ ।

### ५.२. मुख्य चुनौतीहरू

समीक्ष्य अवधिमा आयोगले ऐनबमोजिमको कर्तव्य पालनको सिलसिलामा विभिन्न प्रकारका चुनौती तथा कठिनाइहरू महसुस गरेको छ । केही चुनौतीहरू यस प्रकार रहेका छन् :

१ बेपत्ता परिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गरी तिनको अवस्था पत्ता लगाउने कार्यमा आयोगले प्रथम कार्यकालदेखि नै सक्रियता देखाएको हो । थुनुवाकेन्द्रहरूको निरीक्षण गरी बेपत्ता भएका व्यक्तिको अवस्था पत्ता लगाउन आयोगले महत्वपूर्ण भूमिका निर्वाह गरेको भए तापनि अधिंकाश बेपत्ता पारेर बन्दी बनाइएका व्यक्तिलाई लुकाउने तथा त्यस्ता व्यक्तिलाई पक्राउ नै नगरेको भन्ने जानकारी सुरक्षा निकायबाट दिने, बन्दी रहेको स्थानको सप्रमाण जानकारी दिँदा पनि त्यसलाई सुरक्षा निकायले वेवास्ता गर्ने गरेकाले स्थिति पत्ता लगाउन कठिनाइ उत्पन्न भएको महसुस गरियो । आयोगमा दर्ता हुन आएका उजुरीहरूमध्ये २०६३ वैशाखसम्ममा राज्यबाट बेपत्ता पारिएका भनिएका ५७० जनाको स्थिति हालसम्म सार्वजनिक हुन नसक्नु र माओवादीपक्षबाट पनि अपहरण गरी कब्जामा रहेका भनिएका २९२ जनाको स्थिति हालसम्म पनि अज्ञात हुनुलाई प्रमुख चुनौतीका रूपमा गम्भीरताका साथ लिइएको छ ।

२ तीन ध्रुवीय राजनीतिक अवस्था रहेको र नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घन बढ्दै गइरहेको जटिल परिस्थतिमा आयोगको दोस्रो कार्यकालको पहिलो वर्ष भएकाले आयोगको काम, कर्तव्य र शैलीका बारेमा आयोगका पदाधिकारीले बुझ्नुपर्ने भएकोले पनि सुरुको अवस्थामा काम गर्न केही कठिनाइ भयो ।

३ अदालतको आदेशले रिहा भएका व्यक्तिलाई सुरक्षाकर्मीद्वारा कहिले अदालतको परिसरबाट त कहिले बन्दीगृहको ढोकाबाट पुनः स्वैच्छाचारी रूपमा पक्राउ गर्ने कार्यलाई तुरून्त बन्द गर्न आयोगले पटकपटक गरेको सिफारिसलाई सरकारबाट पालना नगरिँदा न्यायिक निकायको अवहेलना हुन गई व्यक्तिको स्वतन्त्रतामा आघात पुग्यो । यसबाट मानवअधिकारको उल्लङ्घन हुनु आयोगका लागि अर्को चुनौती भएको छ । आयोगले आफ्नो केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयहरूमार्फत अदालत तथा थुनुवाकेन्द्रहरूमा आफ्नो उपस्थिति देखाएर पुनः पक्राउको सक्रिय अनुगमन गरी त्यस्ता घटनालाई न्यूनीकरण गर्न सघाउ पुगेको छ । तर पनि सरकारले आफू मातहतका सुरक्षा निकायलाई पर्याप्त सञ्चार नगरेकोले आयोगको सिफारिस कार्यान्वयन हुन नसकेको अनुभव छ ।

४ आयोगको निर्णय तथा सिफारिसलाई राज्यबाट यथासमयमा कार्यान्वयन नहुनाले मानवअधिकार संरक्षणको कार्यमा निकै बाधा उत्पन्न भएको छ । समीक्ष्य अवधिमा आयोगले मानवअधिकारको संरक्षणका लागि सरकारसमक्ष विभिन्न सिफारिसहरू गऱ्यो । पठाइएका सिफारिसहरूमध्ये कतिपयलाई कार्यान्वयन गर्ने लिखित प्रतिबद्धता प्राप्त भए पनि सो कार्यान्वयन हुन सकेको छैन भने कतिपय सिफारिसका सम्बन्धमा

ऐनबमोजिम आयोगलाई जानकारी गराइएको छैन । यसो हुनुलाई आयोगले मानवअधिकारको संरक्षण र संवर्द्धनमा मुख्य चुनौतीका रूपमा लिएको छ । अर्कोतर्फ सशस्त्र विद्रोही नेकपा (माओवादी)ले पनि मानवअधिकारको सम्मान र मानवीय कानुनको पालना गर्न आयोगले बारम्बार गरेको अनुरोधलाई बेवास्ता गर्नाले मानवअधिकारको प्रचलनमा बाधा उत्पन्न भइरहेको छ । यसबाट उनीहरूका विरूद्धमा आयोगमा परेका उजुरीहरूको किनारा लगाउन कठिनाइ उत्पन्न भइरहेछ ।

५ प्रचलित कानुनहरूको पुनरावलोकन गरी तयार पारिएका प्रतिवेदनहरूका आधारमा आयोगले सरकारसमक्ष पठाएका सिफारिसहरू नयाँ कानुनहरू बनाउने, खारेज वा संशोधन गर्ने र कतिपय प्रचलित कानुनहरूको उचित कार्यान्वयन गर्ने सम्बन्धमा सहयोगी हुने विश्वास गरेको छ । यद्यपि आयोगले पठाएका यस प्रकारका सिफारिसहरूका आधारमा केकति कानुनहरूमा आवश्यक परिमार्जन गरियो भन्ने बारेमा सरकारबाट आयोगलाई हालसम्म कुनै जानकारी प्राप्त भएको छैन । यसका साथै माथि उल्लिखित कतिपय कानुनहरूको अध्ययन-पुनरावलोकनको प्रतिवेदन सरकारसमक्ष समयमा पठाउन नसक्दा अपेक्षित उपलब्धि हासिल गर्नमा कठिनाइ परेको छ ।

६ लामो समयदेखि संसद्को अभाव भएकोले आयोगले मानवअधिकार आयोग ऐनअनुसार संसद्मा पठाउनुपर्ने वार्षिक प्रतिवेदनउपर छलफल हुन सकेको छैन, जसबाट आयोगको कामकारवाहीप्रति समयमा मूल्याङ्कन हुन नसक्नु अर्को चुनौतीको रूपमा रहेको छ ।

७ राष्ट्रिय मानवअधिकार आयोगलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको दातृ निकाय युरोपियन युनियनले निरन्तर रूपमा उपलब्ध गराउँदै आएको सहयोग जुन १५ २००६ देखि ६ महिनाका लागि प्राविधिक कारणले उपलब्ध गराउन नसक्ने भनेकोले आयोगका कामकारवाहीलाई निरन्तरता दिन कठिनाइ भएको छ ।

८ राष्ट्रिय मानवअधिकार आयोगका लागि पर्याप्त स्रोत र साधनको अभावमा मानवअधिकारको संरक्षण र संवर्द्धन गर्नमा कठिनाइ भएको छ ।

९ प्रशासन तथा सुरक्षा निकायद्वारा अनुसन्धानका क्रममा आयोगबाट जानकारी माग गरिएका विषयहरूमा सोको Response गर्ने गरेको भए तापनि सोसम्बन्धमा कतिपय अवस्थामा यथार्थ विवरण नपठाउनाले अनुसन्धान कार्यमा कठिनाइ हुने गरेको छ ।

१० कारागार तथा प्रहरी हिरासतमा अनुगमन गर्दा सहयोग पाइएको तर केही स्थानका सैनिक हिरासत, ब्यारेकमा अनुगमन गर्दा कठिनाइ हुने गरेको छ ।

११ राज्यका तर्फबाट भएका गैरन्यायिक हत्या, यातना, बेपत्ता, राजनीतिक बन्दीका सम्बन्धमा गरेको अधिकांश सिफारिसहरू कार्यान्वयन नहुनाले पीडित तथा पीडितको परिवारले क्षतिपूर्ति प्राप्त गर्न सकेका छैनन् । यसका साथै पीडकलाई सजाय दिलाउने कार्यमा कठिनाइ हुने गरेको पाइन्छ ।

**५.३ निष्कर्ष**

आयोगको यो एक वर्षको अवधि चुनौतीपूर्ण रूपमा व्यतित भयो । आयोगको दोस्रो पदावधिको नियुक्तिप्रक्रियाप्रति मानवअधिकारका क्षेत्रमा कार्यरत विभिन्न २५ गैरसरकारी सङ्घसंस्थाले विरोध जनाए ।

त्यस अवधिमा सरकार र माओवादीबीचको द्वन्द्व राजाको माघ १९ को कदमपछि त्रिकोणात्मक द्वन्द्वमा परिणत भयो । त्यस बेला मानवअधिकार उल्लङ्घनका घटना बृहत्तर रूपमा बढ्न गए । यस्तो परिस्थितिमा आयोगले आफ्नो क्षेत्राधिकारभित्र रहेर मानवअधिकारको अनुगमन र अनुसन्धान कार्यलाई जारी राख्यो । त्यस अवधिमा आयोगले नेपाल अधिराज्यका विभिन्न जिल्लाको समग्र मानवअधिकार अवस्थाको अनुगमन गरी सोबाट प्राप्त तथ्यका आधारमा मानवअधिकारको उल्लङ्घन गर्ने पक्षलाई सिफारिस र सचेत गराउने कार्य गऱ्यो । यसै गरी आयोगले अधिराज्यका १५ जिल्लामा बालअधिकार अवस्थाको अनुगमन गऱ्यो । आयोगले एकतर्फी युद्धविराम-अवधिको अनुगमन गरी प्राप्त तथ्यका आधारमा मानवअधिकार हननका घटनाप्रति राज्यपक्षलाई सिफारिस गरी उल्लङ्घनकर्तालाई कारवाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन तथा माओवादीपक्षलाई मानवीय कानुनको पूर्ण पालनाका लागि सचेत गरायो । त्यस अवधिमा सञ्चारक्षेत्रसमेत प्रभावित बन्न पुग्यो । सरकारले स्वतन्त्र सञ्चारमाध्यममाथि रोक लगाउने प्रकृतिका कानुन निर्माण गर्नुका साथै केही सञ्चारमाध्यमको भौतिक सम्पत्ति कब्जा गर्ने कार्य गऱ्यो । यसले गर्दा प्रेस स्वतन्त्रतामा आघात पुग्यो । यसै अवधिमा सात राजनीतिक दल र माओवादीबीच शान्तिपूर्ण प्रदर्शनका माध्यमबाट लोकतन्त्रको स्थापना गर्ने सहमति भयो । दुवै पक्षका बीच सम्पन्न सहमतिबाट भएको अधिराज्यव्यापी जनआन्दोलनका क्रममा सरकारद्वारा निषेधाज्ञा जारी गरियो । यसका साथै नागरिकको बाँच्न पाउने अधिकारमा समेत असर पुऱ्याउने कार्य भयो । जनआन्दोलन अवधिभर आयोगले अनुगमनको कार्यलाई निरन्तर रूपमा जारी राख्यो । आन्दोलनका क्रममा भएको मानवअधिकार उल्लङ्घनका घटनाप्रति सरकारलाई पटकपटक सिफारिस गर्ने, मानवअधिकार उल्लङ्घनमा संलग्न व्यक्तिलाई बयानका लागि आयोगमा उपस्थित गराउने र कारवाहीका लागि सिफारिस गर्ने कार्यहरू आयोगले गऱ्यो ।

उल्लिखित अवस्थाले प्रतिवेदन-अवधिमा राज्य र नेकपा (माओवादी) पक्षबाट मानवअधिकारको पूर्ण रूपमा पालना र सम्मान हुन सकेको देखिँदैन । आयोगले आफनो क्षेत्राधिकारअर्न्तगतको कार्यलाई निरन्तर रूपमा अगाडि बढाउँदाबढाउँदै पनि आयोगबाट गरिएका सिफारिस सरकारद्वारा कार्यान्वयन गरेको देखिएन । सो सिफारिसको पूर्ण रूपमा कार्यान्वयन गरिनुपर्दछ । माओवादीपक्षले समेत आयोगको आह्वानलाई व्यवहारमा कार्यान्वयन गरी मानवअधिकारको पालन तथा सम्मान गर्नुपर्ने देखिन्छ । यसका लागि राज्यपक्षले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको परिपालना गर्ने दायित्वबाट पन्छिनुहुँदैन भने माओवादीपक्षले मानवअधिकारका सिद्धान्त, मानवीय कानुन एवम् आफैद्वारा व्यक्त प्रतिबद्धताहरूको पालना गर्नुपर्ने देखिन्छ ।

विगत एक दशकदेखि सशस्त्र द्वन्द्वको अवस्थाबाट गुज्रिएको मुलुकको वर्तमान परिस्थिति राजनीतिक दलहरूद्वारा गरेको संयुक्त जनआन्दोलनको परिणामस्वरूप परिवर्तन भई राज्य र नेकपा (माओवादी) दुवै पक्षबाट युद्धविराम भएको छ । मानवअधिकारको पालना र सम्मानका लागि वर्तमान युद्धविरामलाई दिगो शान्तिमा परिवर्तन गर्नु राज्य र नेकपा (माओवादी) दुवै पक्षको दायित्व हुन् आउँदछ ।

# अनुसूची १

## अनुसन्धान विवरण

| क्र. सं. | अनुसन्धान मिति | अनुसन्धानको विषय | स्थान | आरोपित पीडक |
|---|---|---|---|---|
| | हत्याका सम्बन्धमा | | | |
| १ | २०६२/४/२६-५।३ | मकवानपुर र धादिङ जिल्लाको सिमानाको आसपासका क्षेत्रमा २०६२/४/८ गते प्रतिकार समितिका नाममा ७ जना व्यक्ति मारिएको भनिएको घटनाको अनुसन्धान । | मकवानपुर | प्रतिकार समूह |
| २ | २०६२।५।८ | भैरवनाथ गणमा हिरासतमा राखिएका व्यक्तिहरूको सैनिक हिरासतमा यातनापश्चात् मृत्यु भएको भन्ने घटनाको अनुसन्धान तथा छानबिनका सम्बन्धमा भैरवनाथ गणबाट केन्द्रीय कारागार भद्रबन्दीगृहमा ल्याइएका व्यक्तिहरूसँग सोधपुछ गर्ने क्रममा गरेको अनुसन्धान । | काठमाडौँ | सुरक्षाकर्मी |
| ३ | २०६२/५/२३-२८ | रामेछाप जिल्लाको ढुङ्गेछापमा ६ जना व्यक्तिलाई २०५९।७।२६ मा सुरक्षाकर्मीबाट मारिएको भनिएका विषयमा गरेको अनुसन्धान । | रामेछाप | सुरक्षाकर्मी |
| ४ | २०६२/६/८-१ | रामेछाप जिल्ला बिजुलीकोट ८ का अर्जुन महतलाई ०५९।०६।२५ मा सुरक्षाकर्मीद्वारा मारिएको भनिएको घटनाको अनुसन्धान । | रामेछाप | सुरक्षाकर्मी |
| ५ | २०६२/६/८-१८ | रौतहट जिल्ला चन्द्रनिगाहपुर ४ का पदमबहादुर अस्थानीलाई २०६०।११।०५ सुरक्षाकमीद्वारा मारिएको भनिएको घटनाको अनुसन्धान । | रौतहट | सुरक्षाकर्मी |
| ६ | २०६२/६/८-१८ | रौतहट जिल्ला लक्ष्मीनिया ९ का त्रिलोचन पौडेललाई २०६१।१२।२५ गते सुरक्षाकर्मीद्वारा मारिएको भनिएको घटनाको अनुसन्धान । | रौतहट | सुरक्षाकर्मी |
| ७ | २०६२/६/१७–२४ | सर्लाही जिल्ला पर्सा गा.वि.स. मा २०६०।८।२६ मा सुरक्षाकर्मीको गोली लागी मारिएका हैदर अन्सारी र सोही घटनामा परी घाइते भएका भिखारी भण्डारीका सम्बन्धमा गरेको अनुसन्धान । | सर्लाही | सुरक्षाकर्मी |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०६२/६/१७ | धनुषाधाम गा.वि.स. १, धनुषामा २०५८।८।२१ मा सुरक्षाकर्मीबाट पक्राउपछि मारिएका भनिएका मृतकहरू चन्द्रदीप यादव, उत्तमलाल यादव र देवकुमार यादवका सम्बन्धमा गरेको अनुसन्धान । | धनुषा | सुरक्षाकर्मी |
| ९ | २०६२/६/१७ | धनुषा जिल्ला महुवा गा.वि.स.स्थित कपिलेश्वर प्रहरी चौकीनजिक मिति २०६०।०३।३१मा सुरक्षाकर्मीबाट पक्राउपछि मारिएका भनिएका मृतक सुखित मण्डलका सम्बन्धमा गरेको अनुसन्धान । | धनुषा | सुरक्षाकर्मी |
| १० | २०६२/६/१७ | मिथिलेश्वर निकास गा.वि.स. जगधरपुल धनुषामा २०६१।४।१४ मा सुरक्षार्मीद्वारा पक्राउपछि मारिएका भनिएका मृतकहरू झौली सदा, मुनसिफ राइन र फुल्गेन पासवानका सम्बन्धमा गरेको अनुसन्धान । | धनुषा | सुरक्षाकर्मी |
| ११ | | सर्लाही जिल्ला सुदामा गा.वि.स.स्थित सुदामा व्यारेजपुलनजिकै सुरक्षाकर्मीद्वारा २०६०।१०।२९ मा नियन्त्रणमा लिई हत्या गरिएका भनिएका शङ्कर सहनी र रामईश्वर सहनीको मृत्युका सम्बन्धमा गरेको अनुसन्धान । | सर्लाही, | सुरक्षाकर्मी |
| १२ | २०६२/७/१३-१५ | कालिकोट जिल्ला विमानस्थल धावनमार्गमा खटिएका १७ जना श्रमिकको ०५८।११।१२ गते सुरक्षाकर्मीद्वारा मारिएको भनिएको घटनाको मृतक पहिचानसम्बन्धी अनुसन्धान । | धादिङ | सुरक्षाकर्मी |
| १३ | २०६२/९।३/१६ | कालिकोट जिल्लाको कोटवाडामा ०५८।११।१२ मा सुरक्षाकर्मीको गोलीबाट सर्वसाधारण मारिएको भनिएको घटनाको मानवअधिकार आयोगद्वारा गरेको अनुसन्धान । | कालिकोट,कोट वाडा | सुरक्षाकर्मी |
| १४ | २०६२/७/२६–८।३ | रामेछाप जिल्लाको गोठगाउँ निवासी मीनबहादुर दमाईलाई २०५९।५।३१ गते सुरक्षाकर्मीद्वारा मारिएको भनिएका विषयमा गरेको अनुसन्धान । | रामेछाप | सुरक्षाकर्मी |
| १५ | २०६२/७/१०–१० | धनुषा जिल्ला सद्भावना पार्टीका अध्यक्ष विजयलाल दासलाई २०६२।१०।९मा नेकपा ( माओवादी) बाट मारिएको भनिएका विषयमा | धनुषा | नेकपा माओवादी |

| | | | | |
|---|---|---|---|---|
| | | गरेको अनुसन्धान । | | |
| १६ | २०६३/१/१७-२४ | चितवन जिल्लामा जनआन्दोलनका क्रममा गोली लागी मृत्यु भएकी तुलसी क्षेत्रीका सम्बन्धमा गरेको अनुसन्धान । | चितवन | सुरक्षाकर्मी |
| १७ | २०६३/१/१७-२४ | बारा जिल्लामा २०६३।१।४ गते जनआन्दोलनका क्रममा मारिएका हिरालाल गौतमका सम्बन्धमा गरेको अनुसन्धान । | बारा | सुरक्षाकर्मी |
| १८ | २०६२/७/२३-८/३ | रामेछाप जिल्लाको बिजुलीकोट गा.वि.स. निवासी शान्ति तामाङलाई २०५९।९।२० गते सुरक्षाकर्मीबाट मारिएको भन्ने विषयमा गरेको अनुसन्धान । | रामेछाप | सुरक्षाकर्मी |
| १९ | २०६२/७/२३-८/३ | जनकपुर चोकमा २०६२/१२ /११ गते दयाराम परियारसमेतलाई सुरक्षाकर्मीले गोली हानी मारेका सम्बन्धमा गरेको अनुसन्धान । | धनुषा, जनकपुर | सुरक्षाकर्मी |
| २० | २०६३।१।१-३ | काभ्रेपलाञ्चोक जिल्लामा मिति २०६२/१२/२७ गते सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भएको तथा घाइते भएका सम्बन्धमा गरेको अनुसन्धान । | काभ्रपलाञ्चोक | सुरक्षाकर्मी |
| २१ | २०६३।२।१३-१८ | मिति २०६३।२।१३ गते जगतपुर ६, चितवन जिल्लामा नेकपा (माओवादी)ले प्रेमबहादुर ठोकरलाई मारेको भनिएको घटनाका सम्बन्धमा गरेको अनुसन्धान प्रतिवेदन । | जगत्पुर, चितवन | माओवादी |
| २२ | २०६३/२/१३-१८ | चितवन राष्ट्रिय निकुञ्जभित्र घनश्याम कुमाललाई मिति २०६२।६।११ मा सुरक्षाकर्मीले गोली हानी मारेको सम्बन्धमा गरेको अनुसन्धान । | चितवन | सुरक्षाकर्मी |
| २३ | २०६३/२/१-८ | रामेछाप जिल्ला बिजुलीकोट ८ बस्ने लालबहादुर तामाङ तथा थिरबहादुर तामाङलाई ०५९।८।९ गते सुरक्षाकर्मीद्वारा मारिएको भनिएको घटनाको अनुसन्धान । | रामेछाप | सुरक्षाकर्मी |
| १८ | दयाराम परियार | राष्ट्रियमानवअधिकार आयोग, सम्पर्क कार्यालय, जनकपुर | मिति २०६२।१२।११ गते साँझ करिब ६.३० बजे जनकपुर नगरपालिकाको जनकचोकमा प्रहरीद्वारा चलाइएको गोलीबाट रा.प्र.पा. कार्यकर्ता रामचन्द्र यादवको तत्काल मृत्यु भएको र राष्ट्रिय मानवअधिकार आयोगको सम्पर्क कार्यालय, जनकपुरमा कार्यरत मानवअधिकार सहायक दयाराम परियारको उपचारका क्रममा त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्जमा ४ दिनपछि चैत्र १५ गते बिहान २.१५ बजे मृत्यु भएको सम्बन्धमा आयोगको स्वविवेकमा कारवाही अगाडि बढाइएको । | प्रहरी | मृतक रामचन्द्र यादव र दयाराम परियारको परिवारलाई जनही रु. २,५०,०००।– क्षतिपूर्ति उपलब्ध गराउन तथा गोली चलाई ज्यान लिने प्रहरी कर्मचारीलाई फौजदारी अभियोगमा कारवाही चलाउन आवश्यक अनुसन्धान तुरुन्त सुरु गर्ने साथै यस किसिमको घटना दोहोरिन नदिन प्रहरीले चाहिने सतर्कता अपनाउनका लागि आवश्यक व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय | २०६३।१।२० | आयोगको निर्णय-कार्यान्वयन गर्न मन्त्रिपरिषद्को कार्यालयलाई तीन पटक पत्राचार गरिएको, आयोगको च.नं. ३५२६ संरक्षण २२७२ मिति २०६३।२।२३ मा मृतक का परिवारले क्षतिपूर्ति पाए नपाएको तथा चारजना प्रहरी कर्मचारीलाई फौजदारी कारवाही चलाउने सम्बन्धमा के भइरहेको छ भन्ने सम्बन्धमा ७ दिनभित्र जवाफ पठाउन गृह मन्त्रालयलाई पत्राचार गरेको । आयोगको च.नं. ३५२६ संरक्षण २५६५ मिति २०६३।३।३० मा जानकारी माग गरी गृह मन्त्रालय, मानवअधिकार एकाइमा पत्राचार गरेको । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. २६१ मिति २०६२।१२।२५ गतेको गृह मन्त्रालयलाई आवश्यक कारवाहीका लागि लेखिएको बोधार्थपत्र प्राप्त ।<br><br>आयोगको सिफारिस सम्बन्धमा प्रहरी प्रधान कार्यालय, मानवअधिकार सेल, नक्साललाई पत्राचार गरेको गृह मन्त्रालयको च.नं. २७३ मिति २०६३।३।९को बोधार्थपत्र प्राप्त ।<br><br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ०६२।६३–३१६ मिति २०६३।३।१ मा गृह मन्त्रालयलाई आयोगले माग गरेको जानकारी यथाशीघ्र आयोगमा पठाउने सम्बन्धमा लेखिएको बोधार्थपत्र प्राप्त । | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | उमेश थापा | प्यूठान बरौला गा.वि.स. | प्यूठान जिल्ला बरौला गा.वि.स. घर भई दाङ जिल्ला त्रिभुवन नगरपालिका वडा नं. ११ घोराहीमा प्रेससञ्चालन गर्दै आएका उमेश थापालाई मिति ०६२।१०।२६ गतेका दिन तुलसीपुर चोकमा गणेशहल लाइनबाट आई शान्ति र प्रजातन्त्र प्राप्तिका लागि कोणसभा गरी सकिएपछि अन्य ३ जना साथीहरू गणेशहल लाइन हुँदै पुरानो नेपाल बैङ्क लिमिटेडको दक्षिणतर्फ आइरहेको समयमा **सुरक्षाकर्मीद्वारा गोली हानी मारेको** सम्बन्धमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी कारवाही गर्न तथा मृतकको परिवारलाई क्षतिपूर्तिस्वरूप रु. २ लाख उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. २५६६ मिति २०६३।३।३२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयनका लागि सिफारिस गरेको । | | | |
| २० | देवेन्द्र राई | भोजपुर जिल्ला देवान्टार गा.वि.स. वडा नं. ७ राधुन | भोजपुर जिल्ला देवान्टार गा.वि.स. वडा नं. ७ राधुन घर भएका वर्ष २० का देवेन्द्र राईलाई मिति २०६२।९।२० गते भोजपुर जिल्लाको रानीबास गा.वि.स. वडा नं. ८ स्थित हतुवागढीबाट आएका संयुक्त **सुरक्षाफौजले** पक्राउ गरी सुरक्षा बेसक्याम्पमा राखिएकै अवस्थामा यातना दिएकाले मिति २०६२।९।२१ गते **मृत्यु** भएकोले दोषीलाई कारवाही गरी क्षतिपूर्ति पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाफौज | दोषी सुरक्षाकर्मीको पहिचान गरी विशेष अनुसन्धान । गरी दोषीलाई आवश्यक कानुनी कारवाही गर्न तथा पीडितका परिवारलाई रु. २,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको २५७१ मिति २०६३।३।३२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ६ मिति २०६३।४।९ गते रक्षा मन्त्रालय तथा गृह मन्त्रालयलाई कारवाहीका लागि पठाइएको बोधार्थपत्र प्राप्त । | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | प्रह्लाद भनिने प्रवीण सत्याल | मकवानपुर जिल्ला ठिङ्गन गा.वि.स. वडा नं. २ | मकवानपुर जिल्ला ठिङ्गन गा.वि.स. वडा नं. २ स्थायी बसोबास भई ललितपुर उपमहानगरपालिका वडा नं. १५ सातदोबाटो बस्ने वर्ष २४ को प्रह्लाद भनिने प्रवीण सत्याललाई मिति ०६०।६।२३ गते गस्तीमा आएका तत्कालीन शाही नेपाली **सेनाको टोलीले पक्राउ गरी कब्जामा लिइसकेपछि हत्या** गरेकाले दोषीमाथि कारवाही गरी उचित क्षतिपूर्ति पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | तत्कालीन शाही नेपाली सेना | त्यस्तो कसुर कोकसबाट भएको हो पत्ता लगाई दोषीलाई कानुनबमोजिम कारवाही गर्न तथा मृतकका परिवारलाई क्षतिपूर्तिस्वरूप रु २ लाख उपलब्ध गराउन तत्कालीन श्री ५ को सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।३० | आयोगको २५६४ मिति २०६३।३।३२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको । | | | |
| २२ | प्रकाश भनिने दुर्गाबहादुर बस्नेत लोकबहादुर भुजेल, टेकबहादुर बस्नेत, नेत्रबहादुर कार्की राजकुमार के.सी. र रामजी श्रेष्ठ | रामेछाप जिल्ला देउराली गा.वि.स. वडा नं. १ | रामेछाप जिल्ला देउराली गा.वि.स. वडा नं. १ बस्ने प्रकाश भनिने दुर्गाबहादुर बस्नेत, लोकबहादुर भुजेल टेकबहादुर बस्नेत नेत्रबहादुर कार्की राजकुमार के.सी. र रामजी श्रेष्ठसमेतलाई घरमा सुतिरहेका अवस्थामा **तत्कालीन शाही नेपाली सेनाले** कब्जामा लिई सोही जिल्लाको सालुपाटी गा.वि.स. र सुकाजोर गा.वि.स.को सिमानामा पर्ने ढुंगेछापडाँडामा यातना दिई गोली हानी **हत्या** गरेको भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | तत्कालीन शाही नेपाली सेना | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकहरूको परिवारलाई जनही रु. १,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने । | २०६३।३।६ | आयोगको २५६५ मिति २०६३।३।३२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | कोटवाडा कालिकोट घटना | कोटवाडा गा.वि.स. कालिकोट | कालिकोट जिल्ला कोटवाडा गा.वि.स.मा निर्माणधीन विमानस्थलमा शुभ कार्की समूह निर्माण सेवा प्रा.लि.ले धादिङ जिल्ला जोगीमाराका श्रमिकहरूलाई लगी काममा लगाएकोमा मिति २०५८।११।१२ का दिन **सुरक्षाकर्मीको गोलीबाट** निर्दोष श्रमिकहरूसहित ३७ जनाको **मृत्यु** भएको सम्बन्धमा आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाफौज | दोषी सुरक्षाकर्मीको पहिचान गरी घटनामा संलग्न टोलीको कमान्डर तथा गोली चलाउने सुरक्षाकर्मीलाई विशेष अनुसन्धान गरी कानुनबमोजिम कडा कारवाही गर्न तथा मृतकका हकवाला पीडित परिवारलाई प्रत्येक मृतकको जनही रु. २,७५,०००।– का दरले क्षतिपूर्ति उपलब्ध गराउन मृतकका बालबालिकाहरूमा उच्च तहसम्मको निश्शुल्क शिक्षा प्रदान गर्न पीडितका परिवारलाई राज्यबाट निशुल्क स्वास्थ्यउपचारको व्यवस्था गर्न र नेपाली सेनाद्वारा सर्वसाधारण व्यक्तिको घरगोठमा आगोसमेत लगाई क्षति पुऱ्याएको भन्नेसमेत आयोगको अनुसन्धानबाट देखिंदा यथोचित क्षतिपूर्ति उपलब्ध गराउन तथा सार्वजनिक काममा संलग्न मजदुरहरूका लागि दुर्घटना बिमालगायतको व्यवस्था गर्ने व्यवस्था गर्न सरकार सिफारिस पठाउने निर्णय । | २०६३।३।३। | आयोगको च.नं. २३१ संरक्षण २५१४ मिति २०६३।३।२३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३४८ मिति २०६३।३।२८को बोधार्थपत्र प्राप्त ।<br><br>"कार्यरथी विभाग ( मानवअधिकार शाखा) जङ्गी अड्डाको प.सं. १४६४४।३।ए।०६३।६४।३ मिति २०६३।४।४ को पत्रमार्फत जवाफ पठाइसकेको" भन्ने जानकारीसहितको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४ मिति २०६३।४।९ को पत्र प्राप्त । | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | मीनबहादुर नेपाली | गोठगाउँ गा.वि.स. वडा नं. ७ रामेछाप | रामेछाप जिल्ला गोठगाउँ गा.वि.स. वडा नं. ७ निवासी मीनबहादुर नेपालीलाई मिति २०५९।५।३१ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सशस्त्र **सुरक्षाफौजले** पक्राउ गरी कब्जामा लिइसकेपछि गोठगाउँ तथा साँघुटार गा.वि.स.को सिमानामा पर्ने कमलवारीस्थित सल्लाघारीमा गोली हानी **हत्या** गरेकाले दोषीलाई कारवाही गरी पीडितलाई उचित क्षतिपूर्ति दिलाईभराई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकको पीडित परिवारलाई जनही रु. १,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।३।२० | आयोगको ७ मिति २०६३।४।२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| २५ | झौली सदा, फुल्गेन पासवान, मुनशिफ राईन | धनुषा जिल्ला धनुषाधाम गा.वि.स. वडा नं. १ | धनुषा जिल्ला धनुषाधाम गा.वि.स. वडा नं. १ निवासी झौली सदा फुल्गेन पासवान र मुनशिफ राईनलाई **सुरक्षाकर्मीहरूले** पक्राउ गरी ऐ. जिल्ला पर्शुराम तलाउमा मिति २०६१।४।१४ मा गोली हानी **हत्या** गरेको हुँदा दोषीलाई कारवाही गर्न तथा पीडित परिवारलाई यथोचित क्षतिपूर्ति उपलब्ध दिलाइदिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकका पीडित परिवारलाई जनही रु. १,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।३।२० | आयोगको ६ मिति २०६३।४।२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | चन्द्रदीप यादव उत्तिमलाल यादव देवकुमार यादव | धनुषा जिल्ला धनुषाधाम गा.वि.स. वडा नं. ७ | धनुषा जिल्ला धनुषाधाम गा.वि.स. वडा नं. ७ निवासी चन्द्रदीप यादव, उत्तिमलाल यादव र देवकुमार यादवलाई चन्द्रदीप यादवको छोरा अजवलाल यादवको खोजतलासको क्रममा पक्राउ गरी **प्रहरी** भ्यानमा राखी लगेको केही समयपछि गोली हानी **हत्या** गरेको भन्ने विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारका आधारमा आयोगको आफ्नै स्वविवेकमा कारवाही अगाडि बढाइएको । | प्रहरी | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकका पीडित परिवारलाई जनही रु. २,००,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।३।२० | आयोगको ४ मिति २०६३।४।२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | सुखित मण्डल | धनुषा जिल्ला महुवा गा.वि.स. वडा नं. ६ | धनुषा जिल्ला महुवा गा.वि.स. वडा नं. ६ निवासी वर्ष ४२ को सुखित मण्डललाई मिति २०६१।३।३१ गते राती घरमा सुतिरहेको अवस्थामा सादा पोशाकमा आएका **सुरक्षाकर्मीहरूको** टोलीले पक्राउ गरी लगी जनकपुर नगरपालिका वडा नं. १६ को कब्रगाहनजिक लगेर गोली हानी **हत्या** गरेकाले सत्यतथ्य छानबिन गरी दोषीमाथि कारवाही गरी क्षतिपूर्तिसमेत दिलाई पाऊँ भन्ने मानवअधिकारसँग सम्बन्धित गैरसरकारी संस्थाका प्रतिनिधिहरूको स्थलगत रूपमा अध्ययन गरी तयार पारिएको प्रतिवेदनका आधारमा आयोगको आफ्नै स्वविवेकमा कारवाही अगाडि बढाइएको । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकका पीडित परिवारलाई जनही रु. १,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।३।२० | आयोगको ५ मिति २०६३।४।२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| २८ | पूर्ण श्रेष्ठ, मोहन खनाल, विदुर भट्टराई र दुर्गा राई | मोरङ जिल्ला बेलबारी गा.वि.स. वडा नं. ६ तेलकुडी | मोरङ जिल्ला बेलबारी गा.वि.स. वडा नं. ६ तेलकुडीस्थित पूर्ण श्रेष्ठ, मोहन खनाल, विदुर भट्टराई र दुर्गा राईलाई मिति २०६२।६।२९ गते **सुरक्षाकर्मीहरूले** गोली हानी मारेकाले दोषीलाई कारवाही गरी उचित क्षतिपूर्ति दिलाइदिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकहरूको पीडित परिवारलाई जनही १,५०,००० क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।२।२३ | आयोगको १७ मिति २०६३।४।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | कल्पना बन्जारा र विजुला बन्जारा | गोरखा जिल्ला तान्द्राङ गा.वि.स. वडा नं. ९ | गोरखा जिल्ला तान्द्राङ गा.वि.स. वडा नं. ९ की अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की सहसचिव कल्पना बन्जारा र सोही ठाउँकी अखिल (क्रान्तिकारी) की सचिव विजुला बन्जारालाई मिति २०६२।५।३० गते गोरखा जिल्ला मसेलस्थित तीनखण्डेमा **सुरक्षाफौजले** निशस्त्र अवस्थामा गोली हानी **हत्या** गरेकाले दोषीलाई कारवाही गर्नुका साथै उचित क्षतिपूर्ति दिलाउन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकहरूको पीडित परिवारलाई जनही १,००,००० क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।२।३० | आयोगको १६ मिति २०६३।४।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| ३० | लीलाराज कट्टेल | लमजुङ जिल्ला चक्रतीर्थ गा.वि.स. वडा नं. ६ | लमजुङ जिल्ला चक्रतीर्थ गा.वि.स. वडा नं. ६ निवासी लीलाराज कट्टेललाई मिति २०५८।१२।१९ गते **सुरक्षाकर्मीहरूले** पक्राउ गरी कब्जामा लिइसकेपछि गोली हानी **हत्या** गरेकाले दोषीलाई कारवाही गर्न तथा उचित क्षतिपूर्ति दिलाउन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकहरूको पीडित परिवारलाई जनही १,००,००० क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।२।२३ | आयोगको १९ मिति २०६३।४।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | राजेश कुर्मी, मन्सुरादेवी पन्थी र खुमबहादुर गन्धर्व | कपिलवस्तु जिल्ला खुरहुरिया गा.वि.स. | कपिलवस्तु जिल्ला खुरहुरिया गा.वि.स.मा मिति २०६२।३।२४ गते नेकपा (माओवादी)ले थापेको विद्युतीय धरापमा परी ट्याक्टर चालक राजेश कुर्मीसहित २ **सुरक्षाकर्मीको मृत्यु** भएको र घटनापश्चात् सुरक्षाकर्मीको गोली लागी मन्सुरादेवी पन्थीको मृत्यु भएको र खुमबहादुर गन्धर्व **घाइते** भएको घटनाको आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी कारवाही अगाडि बढाइएको । | सुरक्षाकर्मी | मृतकको परिवारलाई १,५०,००० तथा घाइतेको उपचार गराउँदा लागेको खर्चसमेतका आधारमा ६०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णयका साथै नेकपा ( माओवादी)बाट सर्वसाधारणको आवागमन गर्ने सार्वजनिकस्थलमा विष्फोटक पदार्थ थाप्ने र छाड्ने कार्य जथाभावी रूपमा गरेको पाइएकोले मानवीयताविरुद्धका यस्ता कार्य नगर्न आह्वान गर्ने निर्णय । | २०६३।२।३० | आयोगको २० मिति २०६३।४।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| ३२ | रूपा थारू | वर्दिया जिल्ला सरस्वती नि.मा.वि. जगातिया | वर्दिया जिल्ला सरस्वती नि.मा.वि. जगातियामा कक्षा २ मा पढ्ने १२ वर्षीय रूपा थारूलाई मिति २०५९।४।५ गते राती ११ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा **तत्कालीन शाही नेपाली सेना र प्रहरीको संयुक्त गस्ती टोलीले** कब्जामा लिई घरदेखि ५० मिटर दक्षिण कुवाचोकमा लगी गोली हानी मारेकाले दोषीलाई कारवाही गरी उचित क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी कडा कानुनी कारवाही गर्न तथा मृतकहरूको पीडित परिवारलाई जनही दुई लाख क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।२।३० | आयोगको ३१ मिति २०६३।४।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | होरिलाल राना | कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १० | कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १० घुइयाघाटमा दिसा बस्न गएका होरिलाल रानालाई मिति २०६२।१०।२६ गते **सुरक्षाकर्मीहरूले** गोली हानी **हत्या** गरेकाले दोषीलाई कारवाही गरी उचित क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकहरूको पीडित परिवारलाई जनही दुई लाख क्षतिपूर्ति दिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।२।२३ | आयोगको ३० मिति २०६३।४।५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | |
| ३४ | कुमारसिंह धामी | दार्चुला जिल्ला सिप्टी गा.वि.स. वडा नं. २ | दार्चुला जिल्ला सिप्टी गा.वि.स. वडा नं. २ बस्ने शिवालिङ्ग प्रा.वि.का प्रधानाध्यापक कुमारसिंह धामीलाई मिति २०५९।३।२२ गते **सुरक्षाकर्मीले** तरकारीवारीमा काम गरिरहेको बेला पक्राउ गरी मिति २०५९।३।२३ गते गोली हानी मारेकाले आवश्यक छानबिन गरी पीडकलाई कारवाही गरी पीडितका परिवारलाई उचित क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी कडा कानुनी कारवाही गर्न तथा मृतकको पीडित परिवारलाई दुई लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. ने. १०९ संरक्षण ४३ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | हितकला डाँगी र जयकला खत्री | बाँके जिल्ला महादेवपुरी गा.वि.स. वडा नं. ३ उदायनपुर | बाँके जिल्ला महादेवपुरी गा.वि.स. वडा नं. ३ उदायनपुर निवासी ३३ वर्षीय जयकला खत्री र ३४ वर्षीय हितकला डाँगीलाई मिति २०६०।९।१ गते राती १:०० बजेको समयमा वागसालस्थित आफ्नै गोठबाट सादा पोशाकमा आएका **सुरक्षाकर्मीहरूले माओवादी** कार्यकर्ताहरूको तालिम केन्द्र जाने बाटो बिर्सिएकाले देखाइदिन आफ्नो साथमा केही परसम्म लगी गोली हानी **हत्या** गरेकाले पीडकलाई कारवाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी कडा कानुनी कारवाही गर्न तथा मृतकहरूको परिवारलाई जनही दुई लाख पचास हजार क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. ने. संरक्षण ४२ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | |
| ३६ | पूजा चैसिर | कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १ | कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १ बस्ने वर्ष ८ की बालिका पूजा चैसिरको मिति २०६२।२।७ गते राती १२:०० बजे घरमा सुतिरहेको अवस्थामा **अज्ञात व्यक्तिले** चलाएको गोली लागी **मृत्यु** भएकोले आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही गरी मृतकको परिवारलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी मिति २०६२।२।१७ मा आयोगमा प्राप्त उजुरीनिवेदन । | अज्ञात | पीडित परिवारलाई रु. १,५०,००० क्षतिपूर्ति उपलब्ध गराइसकेकोले केही गर्नु परेन, दोषीलाई आवश्यक अनुसन्धान गरी कारवाही गर्न नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।३० | आयोगको च.नं. नेपालगञ्ज १९१ संरक्षण ५८ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | मोहनसिंह भुल | अछाम जिल्ला जनज्योति प्रा.वि., जयगढ | अछाम जिल्ला जनज्योति प्रा.वि., जयगढका प्रधानाध्यापक मोहनसिंह भुललाई मिति २०५९।५।२९ गते माओवादीको आरोपमा **सुरक्षाकर्मीले** पक्राउ गरी कैलासखोलामा निर्ममतापूर्वक **मारेकाले** परिवारलाई आवश्यक क्षतिपूर्ति दिलाई दिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | दोषीलाई कारवाही गरी पीडित परिवारलाई रु. २,००,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।३।५ | आयोगको च.नं. नेपालगञ्ज ६६२ संरक्षण ५५ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| ३८ | हरिसिंहमाल | कञ्चनपुर जिल्ला कारागार शाखा | कञ्चनपुर जिल्ला कारागार शाखामा मिति २०६१।८।२३ गते बन्दीहरूबीचको सामान्य विवादका कारण उत्पन्न भएको हल्लाका आधारमा **सुरक्षाका लागि खटिएका प्र.ज. सुरेश थापाले** अन्धाधुन्ध गोली चलाउँदा बन्दी हरिसिंह मालको **मृत्यु** भएको हुँदा दोषीमाथि कडा कारवाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाइदिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | निज प्र.ज. सुरेश थापालाई कारवाही गर्न तथा पीडित परिवारलाई रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।३० | आयोगको च.नं. नेपालगञ्ज १२ संरक्षण ५४ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३९ | मणिहाङ्ग राई | भोजपुर जिल्ला खावा गा.वि.स. वडा नं. ९ | भोजपुर जिल्ला खावा गा.वि.स. वडा नं. ९ चोलन्ती बस्ने पशुपति मा.वि.मा कक्षा ८ मा अध्ययनरत मणिहाङ्ग राईलाई मिति २०६१।११।१० गते नेकपा (माओवादी)ले अपहरण गरी लिएर जाँदै गर्दा सिद्धेश्वर गा.वि.स.को घट्टेखोला भन्ने ठाउँमा **तत्कालीन शाही नेपाली सेनाको** गस्तीले नियन्त्रणमा लिई यातना दिई गोली हानी **मारिएको** हुँदा निष्पक्ष छानबिन गरी पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सेना | पीडितको परिवारलाई रु. १,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. विराटनगर २९ संरक्षण ५३ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| ४० | दुर्गाबहादुर राना | पाल्पा जिल्ला दर्छा गा.वि.स. वडा नं. १ | पाल्पा जिल्ला दर्छा गा.वि.स. वडा नं. १ बस्ने दुर्गाबहादुर रानालाई मिति २०६२।२।२९ गते सोही गा.वि.स.को वडा नं. १ मा अवस्थित जनविकास उच्च मा.वि., रजघरामा रामवाण गुल्म, स्याङ्जाबाट आई बसेका **सुरक्षाफौज**मध्ये सेन्ट्रिमा बसेका सुरक्षाकर्मीले गोली हानी **मारेको** घटनाका सम्बन्धमा आयोगको आफ्नै स्वविवेकमा उजुरी ग्रहण गरी कारवाही अगाडि बढाएको । | सुरक्षाकर्मी | त्यस्तो कसुर कुन अवस्थामा भएको हो आवश्यक अनुसन्धान गर्न तथा मृतकको आश्रित परिवारलाई रु. १,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. पोखरा संरक्षण ५२ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४१ | दीप्तप्रकाश शाही | दैलेख जिल्ला तिलेपाटा गा.वि.स. वडा नं. ५ | दैलेख जिल्ला तिलेपाटा गा.वि.स. वडा नं. ५ बस्ने दीप्तप्रकाश शाहीलाई मिति २०६१।१।१३ गते **सेनाको टोलीले** सिगौडी गा.वि.स. वडा नं. ६ टुनिबगरमा निश्शस्त्र अवस्थामा कब्जा गरी गोलीप्रहार गरी **मारेकाले** दोषीलाई कारवाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सेना | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकको परिवारलाई रु. १,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।३।२० | आयोगको च.नं. नेपालगञ्ज ३९३ संरक्षण ५१ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| ४२ | लाटो भनिने अर्जुन महत | रामेछाप जिल्ला बिजुलीकोट गा.वि.स. वडा नं. ८ | रामेछाप जिल्ला बिजुलीकोट गा.वि.स. वडा नं. ८ निवासी वर्ष २७ का लाटो भनिने अर्जुन महतलाई मिति २०५९।६।२५ गते स्थानीय खाल्डेभीरमा घाँस काट्न गइरहेको अवस्थामा नारायणदल गुल्म रामेछापबाट आएका सशस्त्र **सुरक्षाफौजले गोली हानी हत्या** गरेकाले पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाई तथा दोषीमाथि कारवाहीका लागि आवश्यक पहल गरिदिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाफौज | दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकको पीडित परिवारलाई रु. १,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय । | २०६३।३।६ | आयोगको च.नं. ३३५१ संरक्षण ९४ मिति २०६३।४।९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | कृष्णकाजी क्षेत्री, टुकबहादुर थापा | तनहुँ जिल्ला रिसिङ्ग रानीपोखरी गा.वि.स. वडा नं. ९ रिसिङ्गपाटन | तनहुँ जिल्ला रिसिङ्ग रानीपोखरी गा.वि.स. वडा नं. ९ रिसिङ्गपाटन बस्ने वर्ष १६ का कृष्णकाजी क्षेत्री, ऐ. बस्ने वर्ष १४ का टुकबहादुर थापालाई रिसिङ्गपाटनको दुलेगौँडा चौतारीमा लिङ्गेपिङ खेलिरहेको अवस्थामा मिति २०५९।७।४ गते कोजाग्रत पूर्णिमाको दिन **सुरक्षाफौजको टोलीले गोली हानी हत्या** गरेकाले घटनाको अनुसन्धान गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाफौज | दोषी सुरक्षाकर्मीको पहिचान गरी कारवाही गर्न तथा मृतकहरूको आश्रित परिवारलाई जनही रु. २ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. ५५८ संरक्षण ९२ मिति २०६३।४।९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४४ | जंगबहादुर वि.सी., टेकबहादुर वि.सी., तिलबहादुर पुनः, जगवीर परियार, बलबहादुर दमाई, नरबहादुर बुढाथोकी, पदमबहादुर रोक्का, भद्रवीर ओली, सुरबहादुर रोक्का | रुकुम जिल्ला स्यालापाखा गा.वि.स. वडा नं. ३ | रुकुम जिल्ला स्यालापाखा गा.वि.स. वडा नं. ३ छिङ्गमा घर भई त्रिपूरा माध्यामिक विद्यालयमा प्रधानाध्यापकका रूपमा कार्यरत जङ्गबहादुर वि.सी.लगायत टेकबहादुर वि.सी., तिलबहादुर पुनः, जगवीर परियार, बलबहादुर दमाई, नरबहादुर बुढाथोकी, पदमबहादुर रोक्का, भद्रवीर ओली, सुरबहादुर रोक्कासमेत ९ जनालाई मिति २०५८।१२।६ गते **प्रहरीले** पक्राउ गरी सदरमुकाम लैजाँदै गर्दा स्यालापाखा गा.वि.स. वडा नं. ४ स्थित कैलदेउखोलामा लगी हत्या गरेकाले आवश्यक अनुसन्धान गरी दोषीमाथि कारवाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | प्रहरी | दोषीको पहिचान गरी कानुनी कारवाही गर्न तथा पीडित परिवारलाई जनही रु. १,५०,०००।– क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।३।६ | आयोगको च.नं. नेपालगञ्ज २२० संरक्षण मिति २०६३।४।१२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४५ | रूपलाल रोकाया, जंगबहादुर परियार, हरिबहादुर बुढाथोकी | रुकुम जिल्ला स्यालापाखा गा.वि.स. वडा नं. ३ | रुकुम जिल्ला स्यालापाखा गा.वि.स. वडा नं. ३ बस्ने रूपलाल रोकाया, जंगबहादुर परियार, हरिबहादुर बुढाथोकीसमेत ३ जनालाई **प्रहरीले** पक्राउ गरी कब्जामा लिई सकेपछि सानोभेरी नदीको किनारमा लगी गोली हानी **मारेको** हुँदा आवश्यक अनुसन्धान गरी दोषीमाथि कारवाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | प्रहरी | दोषीको पहिचान गरी कानुनी कारवाही गर्न तथा पीडित परिवारलाई जनही रु. १,५०,०००।– क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।३।६ | आयोगको च.नं. नेपालगञ्ज ८२० संरक्षण मिति २०६३।४।१२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

## माओवादीद्वारा हत्यासम्बन्धी सिफारिसहरू

| क्र. सं. | पीडितको नाम थर | ठेगाना | उजुरीको सङ्क्षिप्त व्यहोरा | उल्लङ्घन कर्ता | आयोगको निर्णय | निर्णय मिति | आयोगबाट पठाइएको पत्रको विवरण | आयोगमा प्राप्त पत्रको विवरण | कार्यान्वयनको स्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | दोषीलाई कारवाही | पीडितलाई क्षतिपूर्ति |
| १ | वसन्ती रजाली, सुमित्रा रजाली, गुमकला रजाली, फूलमाया सुनारी, भोजकुमारी सुनारी | ठाडा गा.वि.स. वडा नं. ५, अर्घाखाँची | अर्घाखाँची जिल्लाको ठाडा गा.वि.स. वडा नं. ५ को बाघमुन्टे जङ्गलमा मिति २०६२।२।३० का दिन अज्ञात समूहले छाडेको बेवारिसे बमविष्फोट हुन गई सोही जिल्लाको सिद्वारा गा.वि.स. वडा नं. ५ को १० वर्षीय वसन्ती रजाली र १९ वर्षीय सुमित्रा रजालीको घटनास्थलमै **मृत्यु** भएको र १३ वर्षीय भोजकुमारी सुनारी, २५ वर्षकी गुमकला रजाली र १० वर्षकी फुलमाया सुनारी **घाइते** भई उपचरार्थ लगिएको भन्ने विषयमा आयोग स्वयम्को सक्रियतामा अनुसन्धान गरेको । | अज्ञात | मृतक वसन्ती रजाली, सुमित्रा रजाली तथा घाइतेहरू गुमकला रजाली, फूलमाया सुनारी र भोजकुमारी सुनारीसमेतलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न तत्कालीन श्री ५ को सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६२।७।३ | आयोगको क्षे. का., पोखराको च.नं. २९४ मिति २०६२।३।१४ मा निजहरूको क्षतिपूर्ति सम्बन्धमा जानकारी माग गरी जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेको । आयोगको क्षे. का. पोखराको च.नं. ३४ संरक्षण २२१ मिति २०६२।३।६ मा पश्चिम पृतना हे.क्वा.लाई पत्राचार गरेको ।<br><br>आयोगको च.नं. ३० संरक्षण ११०० मिति २०६२।१०।३बाट आयोगको निर्णय-कार्यान्वयनका लागि सिफारिस गरी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको तथा रक्षा मन्त्रालय, गृह मन्त्रालय, मानवअधिकार प्रवर्द्धन केन्द्र तथा रा.मा.अ.आ. क्षे.का., पोखरालाई बोधार्थ दिइएको । | आयोगको निर्णय-कार्यान्वयनको लाीग रक्षा मन्त्रालय तथा गृह मन्त्रालयलाई पत्राचार गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. १४६ मिति०६२।१०।६ को बोधार्थपत्र प्राप्त । | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कालिकोट पिली घटना | दाह गा.वि.स. वडा नं. ८ पिलिकोप, कालिकोट | कालिकोट जिल्लाको सुर्खेत–जुम्ला जोडिने सडक निर्माणका लागि पिलीमा रहेका सुरक्षा आधार शिविरमा नेकपा (माओवादी)ले गरेको अक्रमणमा ४० सैनिकको **मृत्यु** भएको घटनाको कारवाही आयोगले स्वयम्को स्वविवेकमा अगाडि बढाइएको । | माओवादी | आयोगद्वारा गठित अनुसन्धान टोलीको स्थलगत अनुसन्धान मा फेला परेका तथ्यसहितको प्रतिवेदन संलग्न राखी कारवाहीका लागि सिफारिस गरी पठाउने निर्णय । | २०६२।५।२२ | आयोगद्वारा गठित अनुसन्धानटोलीको स्थलगत अनुसन्धानमा फेला परेका तथ्यसहितको प्रतिवेदन संलग्न राखी कारवाहीका लागि आयोगको च.नं. ४३२ मिति २०६२।५।२८ मा सिफारिस गरी पठाइएको । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. २२ मिति २०६२।५।३० को पत्रमार्फत आयोगको अनुसन्धान टोलीले तयार पारेको प्रतिवेदन कार्यान्वयन गर्ने भनी गृह मन्त्रालय तथा रक्षा मन्त्रालयलाई आदेश गरेको बोधार्थपत्र प्राप्त । | | |
| ३ | विजयलाल दास | जनकपुर न.पा., जनकपुर | मिति २०६२।१०।२६ गते हुने भनिएको नगरपालिकाको निर्वाचनमा धनुषा जिल्लाको जनकपुर नगरपालिकाको मेयर पदका उमेदवार तथा नेपाल सद्भावना पार्टी धनुषाका अध्यक्ष विजयलाल दासलाई नेकपा (माओवादी) समूहले मिति २०६२ माघ ९ गते गोली हानी **हत्या** गरेकोमा आयोग स्वयम्को सक्रियतामा कारवाही अगाडि बढाइएको । | नेकपा (माओवादी) | सो घटनामा संलग्न दोषीलाई कारवाही गरी सो को जानकारी आयोगलाई गराउन नेकपा माओवादीलाई आव्हान र दोषीलाई कारवाही, पिडीतको परिवारलाई उचित क्षतिपूर्ति गराउन सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६२।११।५ | आयोगको च.नं. १५६२ मिति २०६२।११।१७ मा आयोगको निर्णय-कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. २०८ मिति २०६२ ११।२१ मा रक्षा मन्त्रालय, गृह मन्त्रालया लेखिएको बोधार्थपत्र प्राप्त । | | |
| ४ | सरस्वती पराजुली | वाच्छा गा.वि.स. वडा नं. ७ घुमाउनेडाँडा, पर्वत | पर्वत जिल्ला वाच्छा गा.वि.स. वडा नं. ७ घुमाउनेडाँडा निवासी सरस्वती पराजुलीलाई बुहारीको हत्यामा संलग्न रहेको आरोपमा माओवादीहरूले अपहरण गरी सरौंखोला गा.वि.स. वडा नं. ४ मसुरवारीमा **मृत्यु** भएको सम्बन्धमा आयोग स्वयम्को सक्रियतामा कारवाही अगाडि बढाइएको । | माओवादी | पीडितका परिवारजनलाई रु.१, ५०,०००।– क्षतिपूर्ति दिन तत्कालीन श्री ५ को सरकारलाई सिफारिस गर्ने एवम् नेकपा (माओवादी)लाई जेनेभा महासन्धिको प्रावधानअनुसार गैरसैनिक व्यक्तिलाई यातना दिने, हत्या गर्ने कार्य नगर्न विज्ञप्तिमार्फत आह्वान गर्ने निर्णय । | २०६२।१०।४ | आयोगको च.नं.१७०४ मिति २०६२।१२।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | पद्मा सुवेदी | गुल्मी जिल्ला विशुखर्क गा.वि.स. वडा नं. ८ | गुल्मी जिल्ला विशुखर्क गा.वि.स. वडा नं. ६ स्थित कोमलप्रसाद सुवेदीको घरमा मिति २०६२।७।१२ गते **नेकपा ( माओवादी)ले** बेवारिसे अवस्थामा छोडेको बन्दुक पड्कन गई ऐ. गा.वि.स. वडा नं. ८ बस्ने पद्मा सुवेदीलाई पछाडिबाट गोली लागी आन्द्राभुँडी तथा मासुसमेत निस्की **मृत्यु** भएको घटनाका सम्बन्धमा आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी कारवाही अगाडि बढाइएको । | नेकपा (माओवादी) | नेकपा (माओवादी) पार्टीलाई यस किसिमका ज्यादतीका घटना नदोहोऱ्याउन तथा दोहोरिन नदिन आह्वान गर्ने, साथै दोषीको पहिचान गरी आवश्यक कानुनी कारवाही गर्न तथा मृतकको परिवारलाई रु. १,००,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।३० | आयोगको च.नं. पोखरा संरक्षण ४५ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| ६ | जयराम श्रेष्ठ, नवराज सुवेदी, गोपीबहादुर थापा, रामचन्द्र श्रेष्ठ, डोलबहादुर अधिकारी, जीवलाल गुरुङ, खिमबहादुर तामाङ | धादिङ जिल्ला त्रिपुरेश्वर गा.वि.स. | धादिङ जिल्ला त्रिपुरेश्वर गा.वि.स. वडा नं. १ का जयराम श्रेष्ठलाई मिति २०५९।६।३ गते ऐ. जिल्ला थाक्रे गा.वि.स. वडा नं. २ का नवराज सुवेदीलाई मिति २०५९।७।१ गते, ऐ. जिल्ला जीवनपुर गा.वि.स.का गोपीबहादुर थापा तथा ऐ. जिल्ला कटुञ्जे गा.वि.स.का रामचन्द्र श्रेष्ठलाई मिति २०५९।६।२१ गते माओवादी**द्वारा हत्या** गरेको र धादिङ जिल्लामा पाँक गा.वि.स. बस्ने डोलबहादुर अधिकारीलाई मिति २०५९।६।२७ गते, ऐ. जिल्ला लापा गा.वि.स. बस्ने खिमबहादुर तामाङलाई मिति २०५९।१।१ गते माओवादीले अङ्गभङ्ग हुने गरी **कुटपिट** गरेको घटनाका सम्बन्धमा आयोगमा प्राप्त उजुरीनिवेदन । | माओवादी | पीडितहरूलाई क्षतिपूर्ति दिइसकेको हुँदा केही गर्नु परेन, दोषीको पहिचान गरी कानुनबमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. ५१५ संरक्षण ९५ मिति २०६३।४।९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | खिमबहादुर थापा | धादिङ | नेकपा (एमाले) धादिङ जिल्ला कमिटिका सदस्य तथा राष्ट्रिय जनसांस्कृतिक मञ्च, धादिङका इन्चार्ज खिमबहादुर थापालाई मिति २०६१।८।२६ गते सुराकीको आरोपमा माओवादी**ले अपहरण गरी हत्या** गरेकाले छानबिन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरी पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | माओवादी | पीडितका आश्रित परिवारलाई क्षतिपूर्ति दिइसकेकोले दोषीको पहिचान गरी कानुनबमोजिम कारवाही गर्न नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. २४८२ संरक्षण ९३ मिति २०६३।४।९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| ८ | भरतबहादुर खड्का | चितवन | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, चितवनका प्रमुख भरत खड्कालाई मिति २०६०।१।२६ गते भरतपुर नगरपालिका वडा नं. ७ मा माओवादी**ले गोली हानी मारेकोले** छानबिन गरी दोषीलाई कारवाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरी पाऊँ भनी आयोगमा दर्ता भएको निवेदन । | माओवादी | पीडित परिवारले क्षतिपूर्ति पाइसकेकोले केही गर्नु परेन, दोषीको पहिचान गरी कानुनबमोजिम कारवाही गर्न नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. १७१४ संरक्षण ११९ मिति २०६३।४।११ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय-कार्यान्वयन गर्न पत्राचार गरेको । | | | |
| ९ | शालिकराम अधिकारी | भोजपुर जिल्ला अन्नपूर्ण गा.वि.स. वडा नं. ८ | भोजपुर जिल्ला अन्नपूर्ण गा.वि.स. वडा नं. ८ घर भई सोही जिल्लास्थित त्रिभुवन धर्मोदय मा.वि.का नि.मा.वि. तहका वर्ष ५६ का शिक्षक शालिकराम अधिकारीलाई मिति २०५९।१०।६ गते घरमा बसिरहेको अवस्थामा माओवादी**ले** अपहरण गरी घरबाट १० मिनेट हिँडाएपछि हत्या गरेकाले छानबिन गरी दोषीलाई कारवाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गरी पाऊँ भनी आयोगमा प्राप्त उजुरी । | माओवादी | पीडित परिवारले रु. १,५०,००० क्षतिपूर्ति पाइसकेको हुँदा केही गर्नु परेन, दोषीको पहिचान गरी कानुनबमोजिम कारवाही गर्न नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. २६७२ संरक्षण १२२ मिति २०६३।४।११ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको । | | | |

## प्रतिकार समिति सम्बद्ध हत्यासम्बन्धी सिफारिसहरू

| क्र. सं. | पीडितको नाम थर | ठेगाना | उजुरीको सङ्क्षिप्त व्यहोरा | उल्लङ्घन कर्ता | आयोगको निर्णय | निर्णय मिति | आयोगबाट पठाइएको पत्र विवरण | आयोगमा प्राप्त पत्रको विवरण | कार्यान्वयनको स्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | दोषीलाई कारवाही | पीडितलाई क्षतिपूर्ति |
| १ | मकवानपुर र धादिङ | मकवानपुरका आग्रा, गोगने, डाँडाखर्क तथा धादिङका महादेवस्थान, पिडा, किरानगोक गा.वि.स.हरू | मकवानपुर र धादिङ जिल्लाको सिमानाको आसपासका क्षेत्रमा मिति २०६२।४।२ गतेदेखि प्रतिकार समितिका नाउँमा ७ जना व्यक्तिहरू मारिएका साथै केही व्यक्तिहरूलाई सुरक्षाफौजद्वारा पक्राउ गरी बेपत्ता पारिएको भन्ने उजुरी । | प्रतिकार समिति | यसै प्रकृतिको घटना पहिले कपिलवस्तुमा पनि भएको र तत्कालीन श्री ५ को सरकारबाट समयमै अपनाउनुपर्ने तदारुकताका विषयमा आयोगले मिति २०६१।१२।१८ मा सिफारिस पठाएकोमा सोको कार्यान्वयनका लागि केकस्ता पहल भएको भन्ने बारेमा जानकारी आउन नसकेको हुँदा संरक्षण महाशाखाको रायबमोजिम सिफारिस गरी पठाउने निर्णय । | २०६२।५।२२ | आयोगको च.नं. ३१११ (क) संरक्षण ४७८ मिति २०६२।६।४ मा आयोगको मिति २०६२।५।२२ तथा मिति २०६१।१२।१८ को निर्णय-कार्यान्वयनका लागि सिफारिस गरी पठाइएको । | गृह मन्त्रालयको पत्रानुसार घटनास्थलको अवस्थाको बारेमा जानकारी गराउनुको साथै माओवादीले अपहरण गरेका व्यक्तिको खोजतलास कार्य जारी रहेको, "उक्त घटनामा स्थानीय जनताहरूले पक्राउ गरी सुरक्षाफौजको जिम्मा लगाएका ४ माओवादीहरू नजरबन्दमा राखिएको"र माओवादीले अपहरण गरेका ९ जनालाई अपहरणमुक्त गरेको" जानकारी प्राप्त र तत्कालीन शाही नेपाली जङ्गी अड्डा, मानवअधिकार शाखाले माओवादी ज्यादतीका विरुद्ध स्थानीय जनता प्रतिकारमा उत्रेको र सो सम्बन्धमा शा.ने.से.लाई लगाइएको लान्छनाहरू अतिरञ्जित, निराधार देखिएका साथै सो घटनामा भएको क्षतिका सम्बन्धमा स्थानीय प्रहरी प्रशासनलाई समेत छानबिनका लागि पत्राचार गरेको जानकारी प्राप्त | | |

## बेपत्तासम्बन्धी सिफारिसहरू

| क्र. सं. | पीडितको नाम थर | ठेगाना | उजुरीको सङ्क्षिप्त व्यहोरा | उल्लङ्घन कर्ता | आयोगको निर्णय | निर्णय मिति | आयोगबाट पठाइएको पत्रको विवरण | आयोगमा प्राप्त पत्रको विवरण | कार्यान्वयनको स्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | दोषीलाई कारवाही | पीडितलाई क्षतिपूर्ति |
| १ | रञ्जित दर्नाल, राजेन्द्र चौरेल, अमृत चौरेल | हटिया ४, मकवानपुर | मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. ४ दाविले घर भई का.म.न.पा. वडा नं. ६ कपन बस्ने वर्ष २१ का रञ्जित दर्नाल र ऐ.ऐ. जिल्ला धियाल गा.वि.स. वडा नं. ९ सरस्वती घर भई का.म.न.पा. वडा नं. ६ कपन बस्ने वर्ष २३ का राजेन्द्र चौरेललाई मिति २०६०।९।२५ गते बिहान ८ बजे सादा पोशाकका सुरक्षाकर्मीहरूले पक्राउ गरी अज्ञातस्थलतर्फ लगेको तथा मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. ४ घर भई काठमाडौं ताहाचल डेरा गरी बस्ने वर्ष २० का अमृत दर्नाललाई मिति ०६०।९।२८ गते जमलस्थित जङ्गम रेस्टुरेन्टबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी लगेको र हालसम्म **बेपत्ता** भएको भनी मिति २०६०।१०।१२ मा आयोगमा उजुरी प्राप्त । | सुरक्षाकर्मी | बिनासूचना कसैलाई भेट्नसमेत नदिई लामो समयसम्म गैरकानुनी थुनामा राख्ने जिम्मेवार अधिकारीको पहिचान गरी कानुनबमोजिम कारवाही गर्नुका साथै निजहरूलाई अविलम्ब कानुनी प्रक्रियामा लैजान तत्कालीन श्री ५ को सरकारलाई सिफारिस गरी पठाउने निर्णय । | २०६३।८।१४ | आयोगको च.नं. १२९० संरक्षण ११९७ मिति २०६२।१०।१७ को पत्रमार्फत श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयनका लागि सिफारिस गरी पठाएको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पुष्पराज बस्नेत | दमक न.पा. १, झापा | झापा जिल्ला दमक नगरपालिका वडा नं. १ घर भई रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौँमा अध्ययनरत वर्ष २५ का पुष्पराज बस्नेतलाई मिति २०६०।८।१९ गते काठमाडौँ, कालिमाटीबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले पक्राउ गरी **बेपत्ता** पारेकाले जीवनरक्षा गरी सकुशल रिहाइ गरिदिन मिति २०६०।५।२२ मा आयोगमा उजुरी प्राप्त । | तत्कालीन शाही नेपाली सेना | बिनासूचना कसैलाई भेट्नसमेत नदिई लामो समयसम्म गैरकानुनी थुनामा राख्ने जिम्मेवार अधिकारीको पहिचान गरी कानुनबमोजिम कारवाही गर्नुका साथै निजहरूलाई अविलम्ब कानुनी प्रक्रियामा लैजान तत्कालीन श्री ५ को सरकारलाई सिफारिस गरी पठाउने निर्णय । | २०६२।८।१४ | आयोगको च.नं. ९०२ संरक्षण ११९८ मिति २०६२।१०।१७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयनका लागि सिफारिस गरिएको । | | | |
| ३ | देवराज लुइँटेल, हरिश्चन्द्र श्रेष्ठ, कर्णाखर गौतम, केशव तामाङ | भीमढुङ्गा गा.वि.स. वडा नं. ६, काठमाडौँ | काठमाडौँ जिल्ला भीमढुङ्गा गा.वि.स. वडा नं. ६ घर भएका वर्ष २७ का देवराज लुइँटेललाई कामको सिलसिलामा काभ्रेपलाञ्चोक जिल्ला रजवार गाउँ स्थित एक पसलमा बसिरहेको अवस्थामा मिति ०६१।११।२८ गते भकुण्डेबेँसी स्थित सैनिक ब्यारेकअन्तर्गतका सुरक्षाकर्मीहरूले गिरफ्तार गरी निज लुइँटेललगायत हरिश्चन्द्र श्रेष्ठ, कर्णाखर गौतम र केशव तामाङलाई यातना दिई कारागार शाखा, धुलिखेलमा पठाएको सम्बन्धमा मिति २०६२।२।४ मा आयोगमा दिएको उजुरीनिवेदन । | सुरक्षाकर्मी | यातना दिन संलग्न सुरक्षाकर्मीको पहिचान गरी कारवाही गर्न तथा पीडित देवराज लुइँटेललाई रु. ४०,०००।–, केशव तामाङ, कर्णाखर गौतम तथा हरिश्चन्द्र श्रेष्ठसमेत ३ जनालाई जनही रु. १०,०००।– क्षतिपूर्ति उपलब्ध गराउन तत्कालीन श्री ५ को सरकारलाई सिफारिस गरी पठाउने निर्णय । | २०६२।११।१५ | आयोगको च.नं. २०१४ मिति ०६३।१।१५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | अमृत कँडेल | धादिङ जिल्ला बेनीघाट गा.वि.स. वडा नं. २ | धादिङ जिल्ला बेनीघाट गा.वि.स. वडा नं. २ घर भई सरस्वती क्याम्पस काठमाडौंमा स्नातक तह प्रथम वर्षमा अध्ययनरत वर्ष २१ का अमृत कँडेललाई मिति २०६०।६।२४ गते काठमाडौंको चावहिलबाट **सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता** पारकोले निजको जीवनरक्षा गरी स्थिति सार्वजनिक गरिदिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | स्थिति सार्वजनिक गरी कानुनी प्रक्रियामा लैजान र दोषीलाई अनुसन्धान गरी कारवाही गर्न नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।३।२० | आयोगले २५७० मिति २०६३।३।३२ को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको । | | | |
| ५ | ज्ञानेन्द्र त्रिपाठी | चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १३ | चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १३ बस्ने ज्ञानेन्द्र त्रिपाठीलाई मिति २०६०।६।९ गते काठमाडौंको शान्तिनगर गेटबाट **सादा पोशाकका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता** पारकोले जीवनरक्षा गरी स्थिति सार्वजनिक गरिदिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | स्थिति सार्वजनिक गरी कानुनी प्रक्रियामा लैजान र आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।३।२० | आयोगको १५ मिति २०६३।४।३ को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय-कार्यान्वयन गर्न पत्राचार गरिएको । | | | |
| ६ | रेनुका दुलाल | काठमाडौं जिल्ला तीनथाना गा.वि.स. वडा नं. ५ | काठमाडौं जिल्ला तीनथाना गा.वि.स. वडा नं. ५ स्थायी घर भएकी वर्ष १७ की रेनुका दुलाललाई मिति २०६०।८।१५ गतेदेखि २० गतेभित्रमा काठमाडौंबाट **सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता** पारेकाले जीवनरक्षा गरी स्थिति सार्वजनिक गरिदिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | स्थिति सार्वजनिक गरी कानुनी प्रक्रियामा लैजान र आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।२।३० | आयोगको १४ मिति २०६३।४।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय-कार्यान्वयन गर्न पत्राचार गरिएको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | निश्चल नकर्मी | काठमाडौँ जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ५ थानकोट | काठमाडौँ जिल्ला महादेव स्थान गा.वि.स. वडा नं. ५ बस्ने वर्ष २३ का निश्चल नकर्मीलाई मिति ०६०।८।१७ गते काठमाडौँ जिल्ला वडा नं. ३२ डिल्लीबजार हाइट ब्लक नं. ४४९/८१ बाट **सुरक्षाकर्मीको टोलीले पक्राउ गरी बेपत्ता** पारेकाले जीवनरक्षा गरी स्थिति सार्वजनिक गरिदिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | स्थिति सार्वजनिक गरी कानुनी प्रक्रियामा लैजान र आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।२।३० | आयोगको १३ मिति २०६३।४।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय-कार्यान्वयन गर्न पत्राचार गरिएको । | | | |
| ८ | मुकुन्द सेढाईं | धादिङ जिल्ला जीवनपुर गा.वि.स. वडा नं. ३ | धादिङ जिल्ला जीवनपुर गा.वि.स. वडा नं. ६ घर भई काठमाडौँ महानगरपालिका वडा नं. १५ विजयेश्वरी, डल्लु डेरा गरी बस्ने मुकुन्द सेढाईंलाई मिति २०६०।९।४ गते काठमाडौँ भीमसेनस्थानबाट सादा पोशाकका **सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता** पारेकाले जीवनरक्षा गरी स्थिति सार्वजनिक गरिदिन आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | स्थिति सार्वजनिक गरी कानुनी प्रक्रियामा लैजान र आवश्यक अनुसन्धान गरी दोषीलाई कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।२।२३ | आयोगको १२ मिति २०६३।४।३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय-कार्यान्वयन गर्न पत्राचार गरिएको । | | | |

## यातनासम्बन्धी सिफारिसहरू

| क्र. सं. | पीडितको नाम थर | ठेगाना | उजुरीको सङ्क्षिप्त व्यहोरा | उल्लङ्घन कर्ता | आयोगको निर्णय | निर्णय मिति | आयोगबाट पठाइएको पत्रको विवरण | आयोगमा प्राप्त पत्रको विवरण | कार्यान्वयनको स्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | दोषीलाई कारवाही | पीडितलाई क्षतिपूर्ति |
| १ | अम्बिकाप्रसाद डँगीसमेत २० जना | उच्च माध्यामिक शिक्षा परिषद् सानोठिमी | मिति २०६२।३।२१ गते उच्च माध्यामिक शिक्षा परिषद् सानोठिमीमा नेपाली भाषा बचाउ मूल सङ्घर्ष समितिद्वारा आयोजित धर्नाकार्यक्रममा बार्तामा बसेका विद्यार्थीहरूलाई प्रहरीले कुटपिट गरेको घटनाका सम्बन्धमा आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | भीड नियन्त्रण गर्दा कानुनले तोकेको प्रक्रिया अनिवार्य रूपमा पालना गर्न गराउन तथा घाइतेहरूले पेश गरेको उपचारखर्च रु. ४,५५५।– सम्बन्धित घाइतेलाई उपलब्ध गराउन तत्कालीन श्री ५ को सरकारलाई सिफारिस गरी पठाउने निर्णय । | २०६२।८।४ | आयोगको च.नं. १७४१ मिति २०६२।१२।४ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको । | | | |
| २ | नारायणप्रसाद अर्याल | नवलपरासी जिल्ला कोल्हुवा ब्रह्मस्थान | नवलपरासी जिल्ला कोल्हुवा ब्रह्मस्थान घर भई श्री ब्रह्म प्राथमिक विद्यालय, कोल्हुवा गा.वि.स. वडा नं. ९ ब्रह्मस्थानका शिक्षक नारायणप्रसाद अर्याललाई मिति २०५५।१०।२८ गतेदेखि निरन्तर सुरक्षाकर्मीले बिनाकारण पक्राउ गरी यातना दिने कार्य गरेकोले दोषीलाई कारवाही गरी उचित क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | यातना दिने सुरक्षाकर्मीलाई आवश्यक अनुसन्धान गरी कडा कारवाही गर्न तथा पीडितलाई रु. ५०,००० क्षतिपूर्ति उपलब्ध गराई सोको पचास प्रतिशत पीडकबाट भराउने गरी नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. पो. २७८८ संरक्षण ४४ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरिएको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | किशोर श्रेष्ठ | काठमाडौं का.म.न.पा. वडा नं. ३२ | काठमाडौं जिल्ला का.म. न.पा. वडा नं. ३२ बस्ने किशोर श्रेष्ठले निजको कसेनी गा.वि.स. वडा नं. ३ बोरावन मोरङ घर हुने नारायणप्रसाद राई (ससुरा) र सालीहरूलाई घर छोड्दा घरमा लाग्ने खर्चबाहेकको हिसाबकिताब बुझाउने सर्तमा दिएकोमा निजहरूले कर्तव्यपालना नगरेको र घर पनि नछोडेको विषयमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, काठमाडौं र वडा प्रहरी कार्यालय, सिंहदरबारमा उजुरी दिई कारवाही भइरहेको अवस्थामा उपत्यका प्रहरी कार्यालय, रानीपोखरीको कन्ट्रोलमा कार्यरत प्र.ना.नि. भरत खड्काले निजलाई पटकपटक फोन गरी धम्क्याउने गरेको साथै वडा प्रहरी कार्यालय, सिंहदरबारमा बोलाई निज खड्काले शारीरिक तथा मानसिक यातना दिई हिरासतमा राखेको भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | यातना दिएकोमा दोषीलाई कारवाहीसमेत भइसकेकोले केही गर्नु परेन । पीडितलाई उपचारमा लागेको खर्च क्षतिपूर्तिस्वरूप रु. ३०,००० उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. १०३९ संरक्षण १२१ मिति २०६३।४।११ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको । | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | फुछिरिङ शेर्पा, कामी शेर्पा, पासाङ शेर्पा | भोजपुर जिल्ला किमालुङ गा.वि.स. वडा नं. ८ हाल जोरपाटी गा.वि.स. वडा नं. ३ | भोजपुर जिल्ला किमालुङ गा.वि.स. वडा नं. ८ स्थायी घर भई काठमाडौं, जोरपाटी गा.वि.स. वडा नं. ३ नबिल वैङ्कस्थित डेरा गरी बस्ने वर्ष १५ को फुछिरिङ शेर्पा, ऐ.ऐ. बस्ने वर्ष १७ को कामी शेर्पा र दोलखा जिल्ला छैथाङ गा.वि.स. वडा नं. १ घर भई हाल ऐ.ऐ. बस्ने वर्ष १५ का पासाङ शेर्पासहित ३ जना बालकहरूलाई सादा पोशाकमा आएका बौद्धका प्रहरी कर्मचारीले मिति २०६०।२।२३ गते शुक्रवार बिहान ७:०० बजे पक्राउ गरी शारीरिक तथा मानसिक यातना दिई अपराह्न १ बजे छोडेको र प्रहरीले घर तथा विद्यालयबाटै पक्राउ गरी हरेक दिन उक्त वडा प्रहरी कार्यालयमा हाजिर गराउने गरेको तथा विद्यार्थीको परीक्षा-सञ्चालन भइरहेको अवस्थामा सोबाट समेत वञ्चित हुनुपरेको भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | सुरक्षाकर्मी | यातना दिने प्रहरी कर्मचारीलाई आवश्यक अनुसन्धान गरी कारवाही गर्न तथा उपचारमा लागेको खर्च पीडितलाई सोधभर्ना दिन नेपाल सरकारलाई लेखिपठाउने निर्णय । | २०६३।२।२३ | आयोगको च.नं. ८०७ मिति २०६३।४।११ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको । | | | |

## हिरासतमा मृत्यु भएको सम्बन्धी सिफारिसहरू

| क.सं. | पीडितको नाम थर | ठेगाना | उजुरीको सङ्क्षिप्त व्यहोरा | उल्लङ्घन कर्ता | आयोगको निर्णय | निर्णय मिति | आयोबाट पठाइएको पत्र विवरण | आयोगमा प्राप्त पत्रको विवरण | कार्यान्वयनको स्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | दोषीलाई कारवाही | पीडितलाई क्षतिपूर्ति |
| १ | साधुराम देवकोटा | फुजेल गा.वि.स. वडा नं. ४, गोरखा | फुजेल गा.वि.स. वडा नं. ४ गोरखा स्थायी घर भएका ने.क.पा. ( माओवादी) विशेष सङ्गठन समिति, काठमाडौँका संयोजक साधुराम देवकोटा (प्रशान्त) पक्राउ परेको ४६ दिनपछि तत्कालीन शाही नेपाली सेनाको नं. १ बाहिनी, बालाजुको **हिरासतमा** मिति २०६१ पौष ४ गते आइतवार अपराह्न ३:४० बजे कोठामा आफ्नै जुत्ताको तुनाले घाँटीमा पासो लगाई **आत्महत्या** गरेको भनी मिति २०६१ पौष ५ गते विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारको आधारमा आयोगबाट कारवाही अगाडि बढाइएको । | सेना | सुरक्षा निकायले आफ्नो हिरासतमा रहेको व्यक्तिलाई सुरक्षा गर्न नसकेको तथा सुरक्षाकर्मीको असावधानी तथा लापरवाहीले उक्त घटना घटेको देखिँदा मृतकका आश्रित परिवारलाई भरणपोषणका लागि रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन तथा त्यस्ता प्रकृतिका घटनाका सम्बन्धमा ४८ घण्टाभित्र आयोगमा जानकारी उपलब्ध गराई निष्पक्ष अनुसन्धानमा सहयोग पुऱ्याउन मातहतका निकायमा परिपत्र जारी गरी त्यसको जानकारी आयोगमा उपलब्ध गराउन तत्कालीन श्री ५ को सरकारमा सिफारिस गरी पठाउने निर्णय । | २०६२।११।१६ | आयोगको च.नं. २४१८ मिति २०६२।१२।१० मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. २५१ मिति २०६२।१२।२१ मा आयोगको ठहर सिफारिस गरी रक्षा मन्त्रालय, गृह मन्त्रालयलाई पत्राचार गरिएको बोधार्थपत्र प्राप्त । | आफ्नो कार्यप्रति गम्भीर नभएको हुँदा चेतावनी दिइएको भन्ने तत्कालीन शाही नेपाली सेनाबाट जवाफ प्राप्त । | |

## बोक्सीको आरोपसम्बन्धी सिफारिसहरू

| क.सं. | पीडितको नाम थर | ठेगाना | उजुरीको सङ्क्षिप्त व्यहोरा | उल्लङ्घन कर्ता | आयोगको निर्णय | निर्णय मिति | आयोबाट पठाइएको पत्र विवरण | आयोगमा प्राप्त पत्रको विवरण | कार्यान्वयनको स्थिति: दोषीलाई कारवाही | कार्यान्वयनको स्थिति: पीडितलाई क्षतिपूर्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सहेदिन खातुन | कुशाहा गा.वि.स. ३ नहरटोल, सुनसरी | मिति २०६२ साल वैशाख २१ गतेको कान्तिपुर दैनिकमा **"बोक्सीको आरोपमा** प्रतिकारमा १८ घाइते" भन्ने समाचार प्रकाशित भएपछि आयोग स्वयम्‌को स्वविवेकमा सुनसरी जिल्ला कुशाहा गा.वि.स. ३ नहरटोल निवासी पीडित सहेदिन खातुनका सम्बन्धमा कारवाही अगाडि बढाइएको । | स्थानिय बासिन्दाहरू | दोषीको पहिचान गरी कानुनबमोजिम कारवाही चलाउन र पीडितलाई क्षतिपूर्तिस्वरूप रु. ५०,०००।– उपलब्ध गराउन तत्कालीन श्री ५ को सरकारलाई लेखिपठाउने निर्णय । | २०६२।८।१४ | आयोगको च.नं. १७५२ मिति २०६२।१२।४ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयलाई पत्राचार गरिएको । | | | |
| २ | आशी चौधरी | कैलाली जिल्ला शिवपुर गा.वि.स. वडा नं. ४ | कैलाली जिल्ला शिवपुर गा.वि.स. वडा नं. ४ निवासी ४५ वर्षीय आशी चौधरीलाई मिति २०६२।१।३ गते निजको जेठाजु नाता पर्ने ४६ वर्षीय **विष्णु चौधरीले बोक्सीको आरोपमा कुटपिट** गरी गाउँलेहरूका अगाडि मानिसको दिसापिसाब खुवाई मानसिक तथा शारीरिक यातना दिएकाले उक्त घटनाको आवश्यक छानबिन गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा प्राप्त उजुरीनिवेदन । | विष्णु चौधरी | पीडितलाई रु. २५,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय । | २०६३।३।६ | आयोगको च.नं. नेपालगञ्ज २८३ (क) संरक्षण ५६ मिति २०६३।४।७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयलाई आयोगको निर्णय-कार्यान्वयन गर्न पत्राचार गरिएको । | | | |

## क्षतिपूर्तिसम्बन्धी सिफारिसहरू

| क.सं. | पीडितको नाम थर | ठेगाना | उजुरीको सङ्क्षिप्त व्यहोरा | उल्लङ्घन कर्ता | आयोगको निर्णय | निर्णय मिति | आयोगबाट पठाइएको पत्रविवरण | आयोगगमा प्राप्त पत्रको विवरण | कार्यान्वयनको स्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | दोषीलाई कारवाही | पीडितलाई क्षतिपूर्ति |
| १ | डम्बरबहादुर छन्त्याल | बागलुङ जिल्ला बुर्तिवाङ गा.वि.स. वडा नं. ९ घोसापानी | बागलुङ जिल्ला बुर्तिवाङ गा.वि.स. वडा नं. ९ घोसापानी बस्ने डम्बरबहादुर छन्त्यालको घर तथा गोठसमेतमा मिति २०५९।१।३ गते **सुरक्षाकर्मीले बम तथा गोलीप्रहार गरी धनसम्पत्ति नष्ट गराई विस्थापित**समेत गराइदिएकाले क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगगमा प्राप्त उजुरीनिवेदन। | सुरक्षाकर्मी | दोषी सुरक्षाकर्मीको पहिचान गरी कारवाही गर्न र पीडितलाई क्षतिपूर्तिस्वरूप एक लाख रुपैया उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने निर्णय | २०६३।३।६ | आयोगको च.नं. १५१९ संरक्षण १२३ मिति २०६३।४।११ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय-कार्यान्वयनका लागि सिफारिस गरी पठाइएको। | | | |

## अन्य सिफारिसहरू

| क. सं. | पीडितको नाम थर | ठेगाना | उजुरीको सङ्क्षिप्त व्यहोरा | उल्लङ्घन कर्ता | आयोगको निर्णय | निर्णय मिति | आयोगबाट पठाइएको पत्रको विवरण | आयोगमा प्राप्त पत्रको विवरण | कार्यान्वयनको स्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | दोषीलाई कारवाही | पीडितलाई क्षतिपूर्ति |
| १ | अनुसन्धान तथा सहयोग सङ्घ | गौंगबु, काठमाडौं | मिति २०६२ चैत्र २४ गतेदेखि आह्वान गरिएको देशव्यापी आमहड्ताल तथा शान्तिपूर्ण विरोधकार्यक्रमका क्रममा **प्रहरीले** अत्यधिक शक्तिको प्रयोग गरेको भनी आयोगमा मिति २०६३।१।३ मा प्राप्त उजुरीनिवेदन। | सुरक्षाकर्मी | उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय, पशुपतिनाथ बाहिनी, सानोगौचरण काठमाडौँमा कार्यरत वरिष्ठ प्रहरी उपरीक्षक माधवबहादुर थापालाई सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिम कडा कारवाही गर्न तथा रूपसागर मोक्तानको घरबाट जथाभावी गोली चलाउने सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारवाही गर्नका लागि तत्कालीन श्री ५ को सरकारलाई लेखिपठाउने निर्णय। | २०६३।१।१९ | आयोगको च.नं. २०६३ मिति २०६३।१।२० मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको। | | | |

# अनुसूची - ४

## आयोगमा प्राप्त उजुरीको विवरण

| सि.नं | मानव अधिकार उल्लङ्घनको विषय | काठमाडौं | विराटनगर | नेपालगञ्ज | पोखरा | धनगढी | जुम्ला | रोल्पा | बुटवल | खोटाङ्ग | जनकपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | माओवादीबाट अपहरण | ८३ | १२४ | ९३ | २८ | २३ | १ | ० | १ | २ | ९ | ३६४ |
| २ | सुरक्षाकर्मीबाट बेपत्ता | १४४ | ७७ | १२१ | ६८ | १५ | २ | ५ | १ | २ | ३ | ४३८ |
| ३ | अज्ञातबाट अपहरण/बेपत्ता | ६ | ४ | ० | ० | १ | ० | ० | १ | ० | २ | १४ |
| ४ | सुरक्षाकर्मीबाट हत्या | २३ | २४ | ३९ | २८ | १० | ४ | १ | ० | ३ | ० | १३२ |
| ५ | माओवादीद्वारा हत्या | १२ | १५ | १९ | ९ | ० | १ | २ | ० | २ | ० | ६० |
| ६ | अन्यबाट हत्या | ४ | ३ | ५ | ४ | २ | १ | ० | ५ | १ | ० | २५ |
| ७ | सुरक्षाकर्मीबाट यातना | ३९ | १२ | ६८ | २२ | १५ | ४ | ० | २ | २ | ० | १६४ |
| ८ | माओवादीद्वारा यातना | ५ | ६ | १० | ५ | ० | १ | ० | ० | ० | ३ | ३० |
| ९ | अन्य पक्षबाट यातना/दुर्व्यवहार | ० | ४ | ० | ० |  | ० | ० | ० | ० | ० | ४ |
| १० | कानुनी उपचार | ७९ | ३७ | ७७ | ३३ | ० | १ | १ | ० | १ | १ | २३० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सुरक्षकर्मीको कारण विस्थापित | ५ | १ | ३ | ३ | ० | ० | १ | ० | ० | ० | १३ |
| १२ | माओवादीबाट विस्थापित | ३४ | ४० | ५५ | १८ | ७ | ० | २ | २ | ५ | १० | १७३ |
| १३ | माओवादीद्वारा सम्पति कब्जा | ० | ३५ | ० | ६ | ० | ० | ० | ० | ३ | ४ | ४८ |
| १४ | क्षतिपूर्ति | २८ | १५ | ७ | १९ | ० | ० | ० | ० | २ | ० | ७१ |
| १५ | माओबादीबाट धम्की | २७ | २८ | १६ | १२ | ० | १ | ० | ० | ३ | ४ | ९१ |
| १६ | सुरक्षाकर्मीबाट धम्की | १७ | ८ | १ | ३ | ० | ० | ० | ० | १ | ० | ३० |
| १७ | अज्ञातबाट धम्की | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| १८ | पुनः गिरफ्तारी | १ | २६ | ५ | ४ | ० | ० | ० | ० | ० | १ | ३७ |
| १९ | आर्थिक तथा सामाजिक अधिकार | ११ | २७ | १५ | १२ | ४ | १ | ० | ० | १ | १ | ७२ |
| २० | बमविष्फोट/घाइते | ० | ० | ४ | १३ | ६ | ० | ० | ३ | ० | ० | २६ |
| २१ | सूचना तथा सञ्चार | ३ | ० | ० | ० | | ० | ० | ० | ० | ० | ३ |
| २२ | अन्य | ६१ | ५२ | ११० | ३२ | ३३ | ४ | ३ | ० | ५ | ३ | ३०३ |
| | **जम्मा** | **५८५** | **५३८** | **६४८** | **३१९** | **११६** | **२१** | **१५** | **१५** | **३३** | **४१** | **२३३१** |

# अनुसूची ५
## मानवअधिकारको प्रबर्द्धनका लागि गरिएका क्रियाकलापहरूको विवरण

| क.सं. | मिति | विवरण |
|---|---|---|
| १. | २०६२/४/१७ | आयोगले नागरिकसमाज तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो । सो कार्यक्रमका लागि मानवअधिकार क्षेत्रमा कार्यरत गैरसरकारी संस्था/नागरिकसमाजले व्यहोर्नुपरिरहेका चुनौतीहरू,वर्तमान अवस्थामा आयोगद्वारा चालिनुपर्ने प्रभावकारी कदम, गैरसरकारी संस्था/नागरिकसमाज र आयोगबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरूजस्ता विषयमा छलफल भयो । |
| २. | २०६२/४/३ | दार्चुलामा सशस्त्र द्वन्द्वमा बालअधिकार विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको । |
| ३. | २०६२/४/२७ | आयोगको सभाकक्षमा उद्योगव्यवसाय क्षेत्रले द्वन्द्वबाट भोग्नुपरेका समस्या र उद्योग व्यवसायीको अधिकार संरक्षणका विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा नेपाल उद्योगवाणिज्य महासङ्घका प्रतिनिधिहरू तथा अन्य उद्योग व्यवसायीहरूको उपस्थिति थियो । |
| ४. | २०६२/५/८ | आयोगको सभाकक्षमा सञ्चार क्षेत्रसँग सम्बन्धित पत्रकारहरूलाई मानवअधिकारको रिपोर्टिङ तथा मानवअधिकारसँग सम्बद्ध कानुनहरूको जानकारी दिने र सञ्चारकर्मीहरूलाई निकट भविष्यमा तालिम कार्यक्रमको आयोजना गर्न लागिएकोले सो तालिममा समावेश गर्नुपर्ने विषय तथा तत्सम्बन्धमा सञ्चारकर्मीको धारणा बुझ्ने उद्देश्यले अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको । |
| ५. | २०६२/८/५ | अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा आयोजित शैक्षिक क्षेत्रलाई शान्तिक्षेत्र बनाउने भावी कार्यक्रमका सम्बन्धमा छलफल कार्यक्रम गरेको । |
| ६. | २०६२/८/२७-२९ | आन्तरिक रूपमा विस्थापितहरूको संरक्षणसम्बन्धी गोष्ठी सम्पन्न गरेको । |
| ७. | ०६२/९/ १२ | कानुनी सहायतासम्बन्धी गैरसरकारी निकायहरूबाट केकस्तो सहयोग प्राप्त भइरहेको छ र यसलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा विभिन्न गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरूलगायत लैङ्गिक समानताको मूल प्रवाहीकरण कार्यक्रमका प्रतिनिधिसम्मिलित कानुनी सहायतासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमबाट कानुनी सहायता र कानुनमा हदम्यादको महत्वका सम्बन्धमा आयोगले वकालत गर्नुपर्ने, कानुनी सहायतासम्बन्धी विषयलाई आयोगले नीतिगत रूपमा नै लिई काम कारवाही गनुपर्ने, कानुन व्यवसायी तथा प्रहरीहरूलाई कानुनी सहायतासम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूको जानकारीमूलक कार्यक्रम गनुपर्ने र नेपाल बार एसोसियसनसँग कानुनी सहायतासम्बन्धी छुट्टै अन्तर्क्रिया कार्यक्रम गर्नुपर्नेजस्ता |

| | | |
|---|---|---|
| | | सुझाव प्राप्त भए । |
| ८. | ०६२/१०/१७ | सम्बन्धित मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयसँग कानुनी सहायतासम्बन्धी अन्तर्क्रिया कार्यक्रम गरेको । |
| ९. | ०६२/ / | राष्ट्रिय मानवअधिकार आयोग र क्षमताविकास परियोजनासम्बन्धी रणनीतिक योजनासम्बन्धी छलफल कार्यक्रम । |
| १०. | २०६२/१०/१० | कानुनी सहायतासम्बन्धी केन्द्रीय कानुनी सहायता समिति,सम्बन्धित मन्त्रालयहरू र सर्वोच्च अदालतबाट केकस्तो सहयोग प्राप्त भइरहेको छ र यसलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा केन्द्रीय कानुनी सहायता समिति, कानुनी सहायतासँग सम्बन्धित मन्त्रालयहरू र महान्यायाधिवक्ताको कार्यालयसँग अन्तरकिया कार्यक्रम सम्पन्न गऱ्यो । उक्त कार्यक्रमबाट केन्द्रीय कानुनी सहायता समितिले छुट्टै अनुगमन समितिको गठन गरी अनुगमन गर्नुपर्ने, कार्यविधिमा भएको प्रक्रियालाई सरल र सहज बनाउनुपर्ने, कानुनी सहायता समितिका लागि भएको बजेट विनियोजन र वैतनिक कानुन व्यवसायीको पारिश्रमिकका सम्बन्धमा पुनरावलोकन गरिनुपर्ने, वार्षिक आम्दानी रु. ४०,००० भन्दा कम हो-होइन भनेर निर्णय गर्ने अधिकार सम्बन्धित जिल्ला कानुनी सहायता समितिलाई दिनुपर्ने, कानुन व्यवसायीको सङ्ख्या अत्यन्त न्यून भएको जिल्लाका हकमा नजिकको अर्को जिल्लाबाट जिल्ला कानुनी सहायता समितिका पदाधिकारीको चयन गर्न सकिने भन्ने व्यवस्था व्यावहारिक नभएको परिप्रेक्षमा अन्य व्यावहारिक उपाय सोच्नुपर्ने, कानुनी सहायतासम्बन्धी काम गर्ने गैरसरकारी सङ्घसंस्थाहरू र सरकारी निकायहरूबीच समन्वय हुनुपर्नेजस्ता सुझाव प्राप्त भए । |
| ११. | २०६२/१०/२० | प्रारम्भिक मस्यौदाका सम्बन्धमा छलफलकार्यक्रमको आयोजना गऱ्यो । |
| १२. | २०६२/११/१० | पाठ्यक्रममा मानवअधिकार शिक्षा समायोजनका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, केन्द्रीय कार्यालय र प्रहरी प्रधान कार्यालय, नक्साल, नेपाली जङ्गी अड्डा, भद्रकाली र सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हल्चोकका बीचमा छलफलकार्यक्रम सम्पन्न भयो । |
| १३. | २०६२/११/१६ | पाठ्यक्रममा मानवअधिकार शिक्षा समायोजनका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग केन्द्रीय कार्यालय र प्रहरी प्रधान कार्यालय, नक्साल, नेपाली जङ्गी अड्डा, भद्रकाली र सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हल्चोकका बीच छलफलकार्यक्रम सम्पन्न भयो । |
| १४. | २०६२/११/९ | राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रस्तावित नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीचको मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी सम्झौतापत्रको मस्यौदामा समयानुकूल सुधार गर्नुपर्ने अथवा नपर्ने सम्बन्धमा आयोगका कर्मचारीहरूको रायसुझाव-सङ्कलनकालागि आयोजित छलफलकार्यक्रम भयो । उक्त कार्यक्रमबाट आयोगले यस |

| | | |
|---|---|---|
| | | सम्झौतापत्रको समसामयिक परिवर्तन गरी यसको व्यापक प्रचारप्रसार गनुपर्ने, राजनीतिक पार्टी, नागरिकसमाज, सुरक्षा निकाय र गैरसरकारी सङ्घसस्थाहरूसँग व्यापक छलफल गरी अगाडि बढ्नुपर्ने, आयोगजस्तो संस्थाले जस्तोसुकै परिस्थितिमा पनि विचलित नभई निरन्तर वकालत गर्नुपर्ने, द्वन्द्वरत पक्षहरूसँग आयोगले सर्म्पक स्थापित गरी मानवअधिकार सम्झौता गराउन लाग्नुपर्नेजस्ता सुझाव प्राप्त भए । |
| १५. | २०६२/११/१० | पाठ्यक्रममा मानवअधिकार शिक्षा समायोजनका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग केन्द्रीय कार्यालय र प्रहरी प्रधान कार्यालय, नक्सालबीच एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्‍यो । प्रहरीहरूलाई सेवाप्रवेशलगायत अन्य समयमा प्रदान गरिने विभिन्न तालिमहरूमा समावेश भएका मानवअधिकारसम्बन्धी विषयवस्तुहरूमा छलफल गरेको थियो । प्रहरीहरूलाई दिइने तालिमहरूमा मानवअधिकारसम्बन्धी विभिन्न विषयवस्तुहरू समावेश गर्ने गरेको र तालिम निर्देशिकाहरूको पनि तर्जुमा भइरहेको जानकारी भयो । कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगद्वारा मानवअधिकार शिक्षासम्बन्धी निर्देशिका तयार पार्नूभन्दा पहिला प्रहरीहरूलाई कस्तो खालको तालिमको आवश्यकता पर्दछ त्यससम्बन्धी Need Assessment गर्नुपर्ने र मानवअधिकार शिक्षा समायोजनसम्बन्धी निर्देशिका तयार गरेर यसको कार्यान्वयन गर्नुपर्ने सुझाव प्राप्त भयो । |
| १६. | २०६२/११/११ | पाठ्यक्रममा मानवअधिकार शिक्षा समायोजनका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग केन्द्रीय कार्यालय र नेपाली जङ्गी अड्डा, भद्रकालीबीच एक छलफलकार्यक्रम सम्पन्न भयो । नेपाली सेनाहरूलाई प्रदान गरिने तालिमकार्यक्रमहरूमा मानवअधिकारसम्बन्धी विभिन्न विषयवस्तुहरू समावेश गर्ने गरेका साथै उक्त विषयहरूको तालिम प्रदान गर्नका लागि प्रशिक्षकहरू आफैंले विषयवस्तुहरूको खोजी गरी lecture तयार गर्ने गरेको र हालसम्म तालिम निर्देशिकाहरूको भने तर्जुमा भइनसकेको जानकारी प्राप्त भयो । तत्कालीन शाही नेपाली सेनाअर्न्तगतका सिपाहीदेखि लिएर गणपति र बाहिनीपतिसम्मलाई तालिम दिने व्यवस्था मिलाइएको सेनाभित्र नै श्रोत व्यक्तिको व्यवस्था गरेको । Royal Nepal Army Comprehensive Book on Human Rights and International Humanitarian laws Draft तयार भइसकेको कक्षा ५ उत्तीर्ण भएका नेपाली नागरिकहरूले तत्कालीन तत्कालीन शाही नेपाली सेनामा भर्ति हुन पाउने व्यवस्था भएकोले गर्दा तत्कालीन शाही नेपाली सेनाका सिपाहीहरूको पढाइको स्तर सामान्य लेखपढमात्र भएकोले त्यस्ता व्यक्तिहरूका लागि विभिन्न किसिमका Case Study हरू समावेश गर्ने गरेको र उनीहरूलाई प्रत्येक महिनामा एकपटक councelling for attitude and behavioral change सम्बन्धी विषयहरूमा तालिमसमेत प्रदान गरिने जानकारी |

| | | |
|---|---|---|
| | | प्राप्त भयो । |
| १७. | २०६२/११/१६ | पाठ्यक्रममा मानवअधिकार शिक्षा समायोजन सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, केन्द्रीय कार्यालय र सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हल्चोकबीच सम्पन्न छलफलकार्यक्रम । |
| १८. | २०६२/११/२९ | नेपाल यातायात मिनी बस सेवा समिति र राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूबीच भएको अन्तर्क्रिया कार्यक्रम । |
| १९. | २०६२/११/२९ | शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी र पाठ्यक्रम विकास केन्द्र सानोठिमीमा छुट्टाछुट्टै छलफलकार्यक्रम सम्पन्न गर्‍यो । |
| २०. | २०६३।१।२८ | मानव अधिकार तथा मानवीय कानुनसम्बन्धी सम्झौतापत्रको मस्यौदा र युद्धविराम आचारसंहिता सम्झौताको मस्यौदामा बालअधिकारसम्बन्धी मुद्दाहरूका सम्बन्धमा बालअधिकारका क्षेत्रमा सक्रिय सङ्घसंस्थाका प्रतिनिधिलगायत पत्रकारसहितको सहभागितामा छलफलकार्यक्रम सम्पन्न भएको । |
| २१. | २०६३ /२/१३ | राष्ट्रिय मानवअधिकार आयोगले छैठौं वर्ष पूरा गरी सातौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा वार्षिक उत्सव मनायो । कार्यक्रममा नेपाल सरकारका माननीय मन्त्रीहरू, संयुक्त राष्ट्र सङ्घको मानवअधिकारसम्बन्धी उच्चायुक्तको नेपालस्थित कार्यालयका प्रतिनिधि, विभिन्न मन्त्रालय तथा सुरक्षा निकायका प्रतिनिधहरू, कुटनीतिक नियोगका प्रतिनिधिहरू, सर्वोच्च अदालतका न्यायाधिशहरू,मानवअधिकारका क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधहरू,कानुन व्यवसायीहरू, पत्रकारहरू, बुद्धिजीवी तथा नागरिकसमाजका प्रतिनिधिहरूसमेतको उपस्थिति थियो । |
| २२. | २०६३/२/२ | मानव अधिकारसम्बन्धी सम्झौतापत्रको मस्यौदासम्बन्धी एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्‍यो । उक्त कार्यक्रममा विभिन्न सङ्घसंस्थाहरूका तर्फबाट उपस्थिति थियो । |
| २३. | २०६३/२/२१ | राष्ट्रिय मानवअधिकार आयोग, सम्पर्क कार्यालय, जनकपुरको उद्‌घाटन समारोह सम्पन्न । |
| २४. | २०६३/२/ २५ | वर्तमान अवस्थामा द्वन्द्वरत दुवै पक्षबाट युद्धविराम भएको अवस्थालाई मध्यनजर गर्दै सुरक्षानिकाय तथा सरकारी कार्यालय प्रमुखहरूले मानवअधिकारका सवाललाई कसरी सम्बोधन गरिरहेका छन् भन्ने सम्बन्धमा जानकारी प्राप्त गर्ने उद्देश्यले जिल्लास्थित सुरक्षानिकायका प्रमुखलगायत सरकारी निकायका प्रमुखहरूसँग सर्म्पक कार्यालय, खोटाङमा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । |
| २५. | २०६३ /२/२६ | वर्तमान अवस्थामा खोटाङ जिल्लाको मानवअधिकारको स्थिति र मानवअधिकारको संरक्षण र संवर्द्धनमा केकस्ता चुनौतीहरू रहेका छन् भन्ने विषयमा जानकारी प्राप्त गर्ने उद्देश्यले खोटाङ जिल्लाको मानवअधिकार स्थिति र चुनौतीका विषयमा जिल्लास्थित प्रमुख राजनीतिक दलहरू, विभिन्न गैरसरकारी |

| | | |
|---|---|---|
| | | तथा पेशागत सङ्घसंस्थाहरू, नागरिकसमाजका प्रतिनिधिहरूका बीचमा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । |
| २६. | २०६३/२ /२३-२५ | सशस्त्र द्वन्द्वका बखत बालबालिकाको संरक्षणका लागि व्यवस्थित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन तथा संयन्त्रहरूका बारेमा सरोकारवालाहरूलाई जानकारी दिई चेतना अभिवृद्धि गर्ने, सुदूर पश्चिमाञ्चलमा सशस्त्र द्वन्द्वले बालअधिकारमा पारेको असरका बारेमा छलफल गर्ने, बालअधिकारको संरक्षणका लागि भएगरेका कार्यहरूका बारेमा समीक्षा गर्ने र आगामी दिनहरूमा आयोगलगायत सम्बद्ध पक्षहरूले बालअधिकार संरक्षणमा निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा जानकारी प्राप्त गर्नका लागि छलफलकार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा बालअधिकार संरक्षण तथा संवर्द्धनका लागि सुदूर पश्चिमाञ्चल स्तरीय औपचारिक/अनौपचारिक सञ्जालनिर्माण गर्नुपर्ने र बालबालिकाको संरक्षणका लागि राष्ट्रिय मानव अधिकार आयोगले गरेका प्रयासहरूका बारेमा छलफल भयो । |
| २७. | २०६३ /२/ २७ | मानवअधिकार र मानवीय कानुनका बारेमा सामान्य जानकारी गराउने र मानवअधिकारसम्बन्धी राष्ट्रिय कानुनमा भएका व्यवस्थाका बारेमा जानकारी गराउने अभिमुखीकरण कार्यक्रम आयोजना गरेको । |
| २८. | २०६३ /२/२८ | मानवअधिकारसम्बन्धी राष्ट्रिय र राज्यको दायित्वका सम्बन्धमा जानकारी गराउने उद्देश्यले ५५ विद्यालयका ७५ शिक्षकशिक्षिकाहरू र ३४ विद्यालयका ४२ शिक्षक तथा शिक्षिकाहरूलाई एक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो । |
| २९. | २०६३/२/३ -७ | मानवअधिकार शिक्षासम्बन्धी पाँचदिने तालिम प्रशिक्षणसम्बन्धी तालिम कार्यशाला । |
| ३०. | २०६३/३/३० | कानुनी सहायताका सम्बन्धमा कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रीसहितको संलग्नतामा केन्द्रीय कानुनी सहायता समितिसँग आयोजना गरेको छलफलकार्यक्रम । |
| ३१. | २०६३/३/१२ | "यातनाविरुद्ध एक भई कार्य गरौँ" यातना पीडितहरूका लागि सहायतासम्बन्धी अन्तर्राष्ट्रिय दिवस जुन २६,का अवसरमा यातनाविरूद्धको अन्तर्राष्ट्रिय दिवस जुन २६ का अवसरमा यातना र यसबाट सृजित समस्या तथा निर्मूलीकरण केकस्ता छन् भन्ने सम्बन्धमा जानकारी प्राप्त गर्न र उक्त अवसरमा आयोगले स्थापनाकालदेखि हालसम्म यातनाका क्षेत्रमा प्राप्त भएका उजुरी तथा अनुगमन र अनुसन्धान का क्रममा गरेका कामहरूका बारेमा सहभागीहरूलाई जानकारी गराउने उद्देश्यले आयोगका सदस्यहरूसहित कर्मचारी र राजनीतिक दलका प्रतिनिधिहरू, नागरिकसमाजका प्रतिनिधिहरू, विभिन्न पेशागत सङ्घसंस्थाका प्रतिनिधिहरू र विभिन्न गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरू र सरकारी तथा सुरक्षा निकायका प्रतिनिधिहरू साथै पत्रकारहरूबीच छलफलकार्यक्रम सम्पन्न भएको । |

| पोखरा | | |
|---|---|---|
| ३२. | २०६२/४/२० र २१ | रूपन्देही जिल्लामा सशस्त्र द्वन्दमा बालअधिकार विषयक तालिमकार्यक्रम सञ्चालन गरेको । |
| ३३. | २०६२/४/२२ | रूपन्देही जिल्लामा मानवअधिकारको समग्र अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमहरू विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ३४. | २०६२/४/२९ | कास्की जिल्लामा मानवअधिकारको समग्र अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमहरू । |
| ३५. | २०६२/४/३० | बागलुङ जिल्लामा मानवअधिकारको समग्र अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमहरू विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ३६. | २०६२/४/३० | म्याग्दी जिल्लामा मानवअधिकारको समग्र अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमहरू विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ३७. | २०६२/४/३० | पर्वत जिल्लामा मानवअधिकारको समग्र अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमहरू विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ३८. | २०६२/४/३० | पश्चिमाञ्चल विकासक्षेत्रमा कार्यरत सरकारी तथा सुरक्षा निकायका प्रमुखहरूसँग मानवअधिकारको समग्र अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमहरू विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ३९. | २०६२/५/०९ | आयोगको क्षत्रीय कार्यालय, पोखरामा मानवअधिकारको समग्र अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमहरू । |
| ४०. | २०६२/६/०१ | मानवअधिकारको समग्र अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदमहरू । |
| ४१. | २०६२/७/०९ | पोखरामा मानवअधिकार र दिगो शान्ति विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ४२. | २०६२/७/०९ | स्याङ्जा जिल्लाको पुतलीबजारस्थित त्रिभुवन आदर्श माध्यमिक विद्यालयमा मानवअधिकार शिक्षा कार्यक्रम । |
| ४३. | २०६२/८/१० | कार्यक्रम स्याङ्जा जिल्लाको पुतलीबजारमा जिल्लामा कार्यरत सञ्चारकर्मीहरूसँग मानवअधिकार शिक्षाको अवस्था र आयोगको भूमिकाका बारेमा छलफल । |
| ४४. | २०६२/८/१७ | "५७ औं मानवअधिकार दिवस र आयोग तथा नागरिकसमाजले खेल्नुपर्ने भूमिका" विषयक गोष्ठी । |
| ४५. | २०६२/८/१७ | "५७ औं मानवअधिकार दिवस र आयोग तथा सञ्चारकर्मीहरूले खेल्नुपर्ने भूमिका" विषयक गोष्ठी । |
| ४६. | २०६२/८/१९ | "५७ औं मानवअधिकार दिवस, आयोग तथा सरकारी कार्यालय तथा सुरक्षाकर्मीहरूले खेल्नुपर्ने भूमिका" विषयक गोष्ठी । |
| ४७. | २०६२/८/२५ | "मानवअधिकार दिवस - आयोग तथा सरकारी एवम् सुरक्षानिकायले खेल्नुपर्ने भूमिका" विषयक गोष्ठी । |
| ४८. | २०६२/१०/८ | मानवअधिकारको समग्र अवस्थाका बारेमा आयोग, नागरिकसमाज तथा पाल्पा जिल्लामा कार्यरत गैरसरकारी संस्था, सञ्चारकर्मी तथा नागरिकसमाजसँगको |

| | | |
|---|---|---|
| | | अन्तर्क्रिया कार्यक्रम । |
| ४९. | २०६२/१०/९ | "मानवअधिकारको समग्र अवस्था र आयोग, सरकारी कार्यालय तथा सुरक्षानिकायको भूमिका" विषयक पाल्पा जिल्लाको सरकारी तथा सुरक्षानिकायका प्रमुख तथा प्रतिनिधिहरूसँगको अर्न्तक्रिया कार्यक्रम । |
| ५०. | २०६२/१०/११ | मानवअधिकारको समसामयिक अवस्था र आयोगको भूमिकाबारे पाल्पा जिल्लामा कार्यरत सञ्चारकर्मीहरूबीच अन्तर्क्रिया कार्यक्रम । |
| ५१. | २०६२/११।१०-११ | म्याग्दी जिल्लाको सदरमुकाम बेनीबजारमा नागरिकसमाजसँगको अन्तर्क्रिया एवम् पत्रकार भेटघाट । |
| ५२. | २०६२/११।११ | मानवअधिकार शिक्षाको अवस्था र आयोगको भूमिकाका बारेमा म्याग्दी जिल्लामा कार्यरत सञ्चारकर्मीहरूसँग मानवअधिकार शिक्षा कार्यक्रमका बारेमा छलफल । |
| ५३. | २०६२/११।११ | बेपत्ता पारिएकाहरूको खोजबिन गर्न आयोग तथा पीडितहरूको भूमिकाका बारेमा पीडितहरूसँग अन्तर्क्रिया कार्यक्रम । |
| ५४. | २०६२/११।११ | बेपत्ता पारिएकाहरूको खोजबिन गर्न आयोग तथा सञ्चारकर्मीहरूको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ५५. | २०६२/११।११ | बेपत्ता पारिएकाहरूको खोजबिन गर्न आयोग तथा गैरसरकारी सङ्घसंस्था तथा नागरिकसमाजको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ५६. | २०६२/११।११ | बेपत्ता पारिएकाहरूको खोजबिन गर्न आयोग तथा सरकारी कार्यालय एवम् सुरक्षानिकायको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ५७. | २०६२/११।११ | बेनीबजारस्थित श्री प्रकाश मा.वि. विद्यालयको कक्षा ८ र ९ मा अध्ययनरत १४५ जना विद्यार्थीहरूबीच सम्पन्न गरेको मानवअधिकार शिक्षा कार्यक्रम । |
| ५८. | २०६२/११/१२ | आयोग र नागरिकसमाजको सम्बन्ध पोखरामा कार्यरत मानवअधिकारवादी सङ्घसंस्थाहरूका प्रतिनिधिहरूसँग छलफल कार्यक्रम । |
| ५९. | २०६२/१२/६-७ | बेपत्ता भएका नागरिकहरूको खोजबिनका सम्बन्धमा पीडित, नागरिकसमाज सञ्चारकर्मी र सरकारी निकायको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ६०. | २०६३/२/२८ | राष्ट्रिय मानवअधिकार आयोग, सम्पर्क कार्यालय, बुटवलको समुद्घाटन कार्यक्रम । उक्त कार्यालयवाट लुम्बिनी अञ्चलमा घटेका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको अनुगमन तथा अनुसन्धान गर्न सहजता आउने विश्वास लिइएको छ । |
| ६१. | २०६२/१२/०६/७ | राज्यपक्ष र गैरराज्यपक्षवाट बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिनका सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय, पोखराले बेपत्ता पारिएकाहरूको खोजबिन गर्न आयोग तथा पीडितहरूको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको । कार्यक्रमबाट आयोगले बेपत्ता भएका नागरिकको अवस्थाका बारेमा विभिन्न जानकारी तथा सूचनाहरू प्राप्त गऱ्यो । कार्यक्रम गैरसरकारी संस्थाका प्रतिनिधिहरू तथा नागरिकसमाजका प्रतिनिधिहरू, सुरक्षानिकायका प्रमुखहरू, सञ्चारकर्मीहरूसँग छुट्टाछुट्टै रूपमा गरेको थियो । |

| | | |
|---|---|---|
| ६२. | २०६३/१/२२ | मानवअधिकारको उल्लङ्घनका घटनाहरू र आयोगको भूमिका बिषयमा कपिलवस्तुमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न । |
| ६३. | २०६३/१/२६ | मानवअधिकारको स्थिति र आयोग तथा नागरिकसमाजको भूमिका विषयमा लमजुङमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गऱ्यो । गैरसरकारी सङ्घसंस्था, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मीहरूसमेतको उपस्थिति रहेको कार्यक्रममा मानवअधिकार स्थितिको समीक्षा भयो । सोको भोलिपल्ट मानवअधिकारको स्थिति र आयोग प्रशासनिक तथा सुरक्षानिकायको भूमिका विषयमा सुरक्षाकर्मीहरूबीच पनि अन्तर्क्रिया भयो । |
| ६४. | २०६३/३/१७ -१९ | बागलुङमा युद्धविराम आचारसंहिताको कार्यान्वयनको अवस्था र आयोगको भुमिका विषयक अन्तर्क्रिया कार्यक्रम भयो । |
| ६५. | २०६३/३/२२ | तनहुँ जिल्लाको सदरमुकाम व्यास नगरपालिका दमौलीबजारमा युद्धविराम आचारसंहिताको कार्यान्वयनको अवस्था र आयोगको भूमिका विषयक अन्तर्क्रिया सम्पन्न भयो । |
| ६६. | २०६३/३/२३ | कास्की जिल्लाको पोखरामा मिति २०६३/३/२३ गते युद्धविराम आचारसंहिताको कार्यान्वयनको अवस्था र आयोगको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा संसद्मा आयोगका पदाधिकारीविरुद्ध महाअभियोग प्रस्ताव दर्ता गर्न लागिएको भन्दै राजनीतिक दलले कार्यक्रममा सहभागिता जनाएनन । |
| | | नेपालगञ्ज |
| ६७. | २०६२/४/१३ | मानवअधिकारको संरक्षण तथा संवर्द्धनमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका विषयक अन्तर्क्रिया कार्यमक्रम । |
| ६८. | २०६२/४/२२ | रूपन्देहीको बुटवलमा विभिन्न गैरसरकारी सङ्घसंस्था तथा नागरिकसमाजका प्रतिनिधिहरूसँग वर्तमान अवस्थामा समग्र मानवअधिकार स्थिति विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ६९. | २०६२/०४।४–६ | मानव बेचबिखनसम्बन्धी गोष्ठी । |
| ७०. | २०६२/०४।८ | नागरिकसमाजसँग मानवअधिकारको वर्तमान अवस्थाका विषयमा गरेको अन्तर्क्रिया कार्यक्रम । |
| ७१. | २०६२/०४।८ | सुरक्षानिकायहरूसँग अन्तर्क्रिया कार्यक्रम । |
| ७२. | २०६२/०४।१९-२४ | नागरिकसमाज, मानवअधिकारसम्बन्धी गैरसरकारी संस्थासँग अन्तर्क्रिया कार्यक्रम । |
| ७३. | २०६२/०४।८ | मानवअधिकारको वर्तमान अवस्थाका सम्बन्धमा सुरक्षानिकायहरूसँग अन्तर्क्रिया कार्यक्रम । |
| ७४. | २०६२/०४।११ | मानवअधिकारको वर्तमान अवस्थाका सम्बन्धमा सञ्चारकर्मीहरूसँग अन्तर्क्रिया । |

| | | |
|---|---|---|
| ७५. | २०६२/०४।९ | प्याब्सन तथा एनप्याब्सनका प्रतिनिधिहरूसँग अन्तर्क्रिया । |
| ७६. | २०६२/०४।१० | होटल सङ्घसँग अन्तर्क्रिया कार्यक्रम । |
| ७७. | २०६२/०४।१० | पुनरावेदन अदालत, नेपालगञ्जका न्यायधिशसमेतको सहभागितामा कानुनी शासन र कानुनको उचित प्रक्रियामा दण्डहीनता र बाधा अड्चनहरू विषयक अन्तर्क्रिया कार्यक्रम । |
| ७८. | २०६२/४/ १३ | मानवअधिकारको संवर्द्धन र संरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिका विषयमा सुरक्षानिकायका पदाधिकारीहरूसँग छलफलकार्यक्रमको आयोजना गऱ्यो । सोही ठाउँमा आयोगका सदस्य तथा अधिकृतहरू सम्मिलित टोलीले नागरिकसमाजसँग जिल्लाको वर्तमान मानवअधिकार स्थितिका बारेमा छलफल गऱ्यो । |
| ७९. | २०६२/१२।१८, १९ | आयोगका सदस्य गोकुल पोखरेलसहित बेपत्ता पारिएकाको परिवार, नागरिकसमाज, पत्रकारहरू तथा सुरक्षानिकायका प्रमुखहरूसँगको अन्तर्क्रिया कार्यक्रम । |
| ८०. | २०६२/११।२४ | नागरिकसमाजका प्रतिनिधि, नेपाल बार एसोसिएसन तथा सुरक्षानिकायका प्रमुखहरूसँग छलफलकार्यक्रम । |
| ८१. | २०६२/११/१९ | जुम्ला जिल्ला सम्पर्क कार्यालयको उद्घाटन, सदस्य सुदीप पाठकबाट,सम्पन्न भयो । सो अवसरमा विभिन्न गैरसरकारी सस्था, सुरक्षानिकायका प्रमुख तथा विभिन्न पेशागत समूहका मानिसहरूसँग छलफल कार्यक्रम सम्पन्न भयो । |
| ८२. | २०६२/११/२१ | रोल्पा जिल्ला सम्पर्क कार्यालयको उद्घाटन, सदस्य सुदीप पाठकबाट सम्पन्न भयो । सो अवसरमा विभिन्न गैरसरकारी सस्था, सुरक्षानिकायका प्रमुख तथा विभिन्न पेशागत समूहका मानिसहरूसँग छलफल कार्यक्रम सम्पन्न भयो । |
| ८३. | २०६३/३/३ | बालअधिकार, मानवअधिकार र मानवीय कानुन विषयक कार्यशाला गोष्ठी । |
| ८४. | २०६३/३/१२ | कनकासुन्दरी मा.वि. लुड्कुसिंजामा बालअधिकार, मानवअधिकार र मानवीय कानुन विषयक कार्यशाला गोष्ठी सम्पन्न भयो । |
| ८५. | २०६३/३/१६ | सम्पर्क कार्यालय, जुम्लाद्वारा आयोजित २५ बुँदे आचारसंहिता र वर्तमान अवस्थामा मानवअधिकार आयोगको स्थिति विषयक अन्तर्क्रिया कार्यक्रमको आयोजना । |
| **क्षेत्रीय कार्यालय, विराटनगर** | | |
| ८६. | २०६२/३/५/६ | सुनसरीको इटहरीमा नागरिकसमाजका प्रतिनिधिहरूसँग आयोगले मानवअधिकार संरक्षण तथा संवर्द्धनमा देखिएका समस्याका विषयमा सुझाव लिन अन्तर्क्रिया कार्यक्रमको आयोजना गऱ्यो । |
| ८७. | २०६२/३/५/६ | सुनसरीको इनरुवामा सुरक्षासँग सम्बद्ध अधिकारीहरू र तत्कालीन श्री ५ को सरकार (हाल नेपाल सरकार) का अधिकारीहरूसँग आयोगले मानवअधिकार संरक्षण तथा संवर्द्धनमा देखिएका समस्याका विषयमा सुझाव लिन अन्तर्क्रिया कार्यक्रमको आयोजना गऱ्यो । |

| | | |
|---|---|---|
| ८८. | २०६२/३/२३ | बालअधिकारसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा पीडित, गैरसरकारी संस्था तथा नागरिकसमाज, पत्रकार, कानुन व्यवसायी, राजनीतिकर्मी बुद्धिजीवी, सरकारी तथा सुरक्षानिकायका प्रतिनिधिको उपस्थिति थियो । कार्यक्रममा विशेष गरी द्वन्द्वमा बालबालिकाको अधिकार तथा समग्र मानवअधिकारसम्बन्धी विषयमा छलफल भयो । |
| ८९. | २०६२/३/२९ | आयोगले क्षेत्रीय कार्यालय, विराटनगरको सभाकक्षमा सरकारी अधिकारी,नागरिकसमाज र गैरसरकारी संस्थाहरूबीच मानवअधिकार संरक्षण तथा संवर्द्धनमा देखिएका समस्याका विषयमा सुझाव लिन अन्तर्क्रिया कार्यक्रमको आयोजना गऱ्यो । |
| ९०. | २०६२/३/२९ | बालअधिकारसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा पीडित, गैरसरकारी संस्था तथा नागरिकसमाज, पत्रकार, कानुन व्यवसायी, राजनीतिकर्मी बुद्धिजीवी, सरकारी तथा सुरक्षानिकायका प्रतिनिधिको उपस्थिति थियो । कार्यक्रममा विशेष गरी द्वन्द्वमा बालबालिकाको अधिकार तथा समग्र मानवअधिकारसम्बन्धी छलफल भयो । |
| ९१. | २०६२/४/२५ - २८ | नागरिकसमाज, प्याब्सनका प्रतिनिधि, उद्योगव्यवसाय क्षेत्रका प्रतिनिधिको उपस्थितिमा नेकपा (माओवादी)द्वारा आह्वान गरेको यातायात तथा चिया उद्योग बन्दको प्रभाव तथा मानवअधिकार अवस्थाका विषयमा छलफल गऱ्यो । आयोग र मानवअधिकारकर्मीहरूको सक्रियतामा धेरै दिनदेखि बन्द भएको सडक यातायात चालू भई सर्वसाधारणलाई राहत पुग्न गयो । |
| ९२. | २०६२/५/१२ | नागरिकसमाज र गैरसरकारी संस्थाहरूबीच तेह्रथुम जिल्लामा बन्द भएका निजी विद्यालयहरू खुलाउने र अन्य मानवअधिकारवादी सङ्घसंस्थाबाट गरिने कार्यक्रम सुचारु गर्ने सम्बन्धमा छलफलकार्यक्रम आयोजना गरेको थियो । |
| ९३. | २०६२/६।/४ | आयोगले क्षेत्रीय कार्यालय, विराटनगरको सभाकक्षमा पत्रकारहरूसँग अन्तर्क्रिया कार्यक्रमको आयोजना गऱ्यो । |
| ९४. | २०६२/६/ ९-१५ | सिरहा जिल्लामा मानवअधिकारको विभिन्न विषयमा अन्तर्क्रिया कार्यक्रम गऱ्यो । |
| ९५. | २०६२/८/७–१५ | जिल्लाका नागरिकसमाज, मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्था र अन्य सङ्घसंस्थाहरू, र सुरक्षानिकायका प्रमुखहरूसँग मानवअधिकारको संरक्षण प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । |
| ९६. | २०६२/८/२८ | नेकपा (माओवादी)द्वारा २०६२ भदौ १८ मा घोषणा भएको एकतर्फी तीनमहिने र पुनः एक महिनाका लागि लम्बाइएको युद्धविरामको अवधिमा राष्ट्रिय मानवअधिकार आयोगले पूर्वाञ्चलमा नेकपा (माओवादी)द्वारा घर तथा सम्पत्ति कब्जा भई आन्तिरक रूपमा विस्थापित भएका विस्थापितपरिवार तथा घरहरूमा लगाइएको तालाबन्दी र सम्पत्ति कब्जा फुकुवा भए नभएको अवस्थाको अनुगमन तथा छानबिन गर्ने, पुनःस्थापित भएका पीडित परिवारको स्थितिका बारेमा |

| | | |
|---|---|---|
| | | समेत वस्तुस्थिति बुझ्ने, राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति बुझ्न ब्यारेकहरूको अनुगमन र युद्धविराम घोषणापश्चात् समग्र मानवअधिकार स्थितिको समेत अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकसमेतको टोली यस क्षेत्रका इलाम, झापा, मोरङ र सुनसरी जिल्लाको अनुगमन तथा निरीक्षण मिति २०६२/८/२८ गतेदेखि २०६२/९/१ गतेसम्म सम्पन्न गरेकोमा अनुगमनका क्रममा माओवादीद्वारा गरेको सम्पत्ति कब्जा तथा घर तालाबन्दी फुकुवा भए नभएको स्थितिको जानकारी गराउने उद्देश्यले पत्रकार सम्मलेनको आयोजना गरी पत्रकारहरूलाई सदस्य सुदीप पाठकले जानकारी गराइएको । उक्त पत्रकार सम्मलेनमा यस क्षेत्रका प्रत्येक सञ्चारक्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहचो । |
| ९७. | २०६२/९/१२ | आयोगको क्षेत्रीय कार्यालयको सभाकक्षमा प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षक र सुरक्षानिकायका मानवअधिकार सेलका प्रतिनिधिहरूलगायतको उपस्थितिमा बेपत्ता तथा कब्जा, यातना र पुनः पक्राउका विषयमा छलफल गऱ्यो । उक्त कार्यक्रममा राज्यद्वारा बेपत्ता पारिएको र नेकपा (माओवादी)द्वारा कब्जा गरेका विषयमा तत्कालै खोजबिन गर्न, बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न आयोगको कार्यालयको विशेष कार्यक्रम रहेकोले तत्कालै यस कार्यालयमा पर्न आएका बेपत्ता तथा कब्जासम्बन्धी उजुरीहरूमा सहयोग गर्नका लागि आग्रह गरियो । यसका साथै हिरासतकक्ष र कारागारमा थुनुवा बन्दी तथा कैदीहरूलाई यातना दिने विषयमा पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थाहरूको जानकारी गराउँदै यातना दिने सुरक्षानिकायका कुनै पनि कर्मचारीले उन्मुक्ति नपाउनेजस्ता कुराहरू सुरक्षानिकायका प्रतिनिधिहरूलाई जानकारी गराइयो । यातनासम्बन्धी विषयमा पनि आयोगले अनुसन्धान गर्न सुरु गरेकोसमेत जानकारी पनि गराइयो । भेटघाटमा नजरबन्दमा रहेको थुनुवाहरूलाई अदालतद्वारा छाडने आदेश भएलगतै गैरकानुनी रूपमा पुनः पक्राउ गरी लाने प्रवृतिलाई तत्काल रोक्न र कानुनी शासनको पालन गर्नसमेत जानकारी गराइयो । |
| ९८. | २०६२/९/१२ | सशस्त्र द्वन्द्वबाट बालबालिकामा परेको असर र बालअधिकार विषयक पूर्वाञ्चल स्तरीय क्षेत्रीय कार्यशालाको गोष्ठीमा आएका बालबालिकालाई परेको असर र बालअधिकारको उल्लङ्घन भइरहेका विषयमा झापा जिल्लाको चन्द्रगढीमा स्थानीय पत्रकारलाई बोलाई यस क्षेत्रीय कार्यशाला गोष्ठी सम्पन्न गरेकोलगायत कार्यशाला गोष्ठीमा उठेको बालबालिकामा परेको असरका सम्बन्धमा पत्रकार सम्मेलन गरियो । |
| ९९. | २०६२/९/१२ | मानवअधिकारसँग सम्बन्धित गैरसरकारी सङ्घसंस्था, पत्रकार, नागरिकसमाजको प्रतिनिधिहरूसित मानवअधिकार स्थितिका बारेमा एकदिने अन्तर्क्रिया गरी झापा जिल्लाको समग्र मानवअधिकार स्थितिका बारेमा जानकारी लिइयो । |

| | | |
|---|---|---|
| १००. | २०६२/९/९–१२ | सुरक्षानिकाय, शिक्षा कार्यालय, पत्रकार, मानवअधिकारसँग सम्बन्धित गैरसरकारी सङ्घसंस्था र जिल्ला बाल कल्याण र महिला विकास कार्यालयलगायत बालअधिकारसम्बन्धी सङ्घसंस्थामध्ये प्रत्येक क्षेत्र समेट्ने गरी आउने प्रत्येक जिल्लाबाट दुईजना प्रतिनिधिलाई सशस्त्र द्वन्द्वबाट बालबालिकामा परेको असर र बालअधिकार विषयक पूर्वाञ्चल स्तरीय क्षेत्रीय कार्यशाला गोष्ठी झापा जिल्लाको चन्द्रगढीमा आयोजना गऱ्यो । उक्त कार्यशाला गोष्ठी तीन दिनसम्म झापाको चन्द्रगढीमा भयो । |
| १०१. | २०६२/१०/११ | अदालतको आदेश भएलगतै सुरक्षाकर्मीद्वारा प्रकाउ गरिने प्रवृत्ति यस क्षेत्रमा हुने गरेकोले सो सम्बन्धमा सुरक्षानिकायका प्रमुखहरू तथा विभिन्न मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्था र कानुनी सल्लाह तथा परामर्शसेवा प्रदान गर्ने सङ्घसंस्थाका प्रतिनिधिसँगको अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । |
| १०२. | २०६२/१२/४ | सरकारद्वारा बेपत्ता बनाइएका र नेकपा (माओवादी)बाट अपहरण गरिएका भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्ने बारेमा आयोगको कार्यालयमा विभिन्न मानवअधिकारसँग सम्बन्धित गैरसरकारी सङ्घसंस्थाहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको । |
| १०३. | २०६२/१२/०६ | नेकपा (माओवादी)को नाकाबन्दीका कारण २०६२ सालको एस.एल.सी. परीक्षालाई पार्न सक्ने असरका बारेमा र यसको उपयुक्त निकासका लागि आयोग र **Educational Help Line** को संयुक्त आयोजनामा विराटनगरमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको । |
| १०४. | २०६३/०१/२८ | विराटनगरमा विद्यालय स्तरीय मानवअधिकार शिक्षा कार्यक्रम । |
| १०५. | २०६३/२/२ | खोटाङ जिल्लामा सुरक्षानिकायका प्रमुखहरू, प्रमुख जिल्ला अधिकारी, राजनीतिक पार्टीका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थितिमा वर्तमान युद्धविराम र खोटाङ जिल्लाको मानवअधिकार स्थिति विषयक छलफलकार्यक्रमको आयोजना गरेको । |
| १०६. | २०६३/२/२९ | खोटाङ जिल्लाको जाल्पा मा.वि.का विद्यार्थी तथा शिक्षकहरूका लागि मानवअधिकार शिक्षासम्बन्धी अभिमुखीकरण तालिम । |
| १०७. | २०६३/३/५ | खोटाङ जिल्लाको सरस्वती मा.वि.का विद्यार्थी तथा शिक्षकहरूका लागि मानवअधिकार शिक्षासम्बन्धी अभिमुखीकरण तालिम । |
| १०८. | २०६३/३/७-८ | खोटाङ जिल्लाको साकेला उच्च मा.वि.का का विद्यार्थी तथा शिक्षकहरूका लागि मानवअधिकार शिक्षसम्बन्धी अभिमुखीकरण तालिम । |
| | | धनगढी |
| १०९. | २०६३/१ /१९ | डडेलधुरा जिल्लामा मानवअधिकारका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम आयोजना । |

# अनुसूची ६

## आयोगका कर्मचारीहरुको वैदेशिक तालिम तथा गोष्ठीमा सहभागिता

| सि.नं | कर्मचारीको नाम थर | भ्रमण गरेको मुलुक | भ्रमण/तालीमको बिषय तथा अवधि |
|---|---|---|---|
| १. | श्री इमेश पोखरेल | डेनमार्क | Project Management at Nordic Agricultural Academy/Tictgen Business college, Denmark, July 26 - Oct. 14, 2005 |
| २. | श्री धनिराम सापकोटा | इण्डोनेशिया | Training Program on the prevention of Torture, 15-17 November 2005 |
| ३. | श्री मुरारी प्रसाद खरेल | क्यानडा | २६ औं अन्तराष्ट्रिय मानव अधिकार तालीम, जुन १२, २००५ देखि १ जुलाई २००५ |
| ४. | श्री माधव प्रसाद गौतम | श्रीलंका | APF Workshop on Internal Displacement, at Asia Pacific Forum of National Human Rights Institution, 26-28 Oct. 2005 |
| | | कोरिया | International Internship on Human Rights at The May 18 Foundation, Republic of Korea for 10 months from 2063/01/18 |
| ५. | श्री सूर्यबहादुर देउजा | हङ्कङ्ग | LLM in Human Rights at The University of Hong Kong, September 2005 to May 2006 |
| ६. | श्री शंकरनाथ अधिकारी | फिलिपिन्स/थाइलैण्ड | २०६२।७।१६ देखि २०६२।७।२७ सम्म फिलिपिन्स तथा थाइलैण्ड अध्ययन भ्रमण । |
| ७. | श्री यज्ञप्रसाद अधिकारी | फिलिपिन्स/थाइलैण्ड | २०६२।७।१६ देखि २०६२।७।२७ सम्म फिलिपिन्स तथा थाइलैण्ड अध्ययन भ्रमण । |
| ८. | श्री गोपी पराजुली | फिलिपिन्स | Project Planning, Development and Management Course, 5-30 Sept. 2005 |
| ९. | श्री नितु गर्तौला | इण्डोनेशिया | Training Program on the prevention of Torture, 15-17 November 2005 |
| १०. | श्री मन्जु खतिवडा | श्रीलंका | Training Program on the prevention of Conflict, 22-24 September 2005 |
| ११. | श्री मोहनलाल आचार्य | श्रीलंका | Training Program on the prevention of Conflict, 22-24 September 2005 |
| १२. | श्री उमा जोशी | श्रीलंका | APF Workshop on Internal Displacement, at Asia Pacific Forum of National Human Rights Institution, 26- |

| | | | |
|---|---|---|---|
| | | | 28 Oct. 2005 |
| १३. | श्री प्रेमबहादुर थापा | थाइलैण्ड | Raoul Wallenberg Institute Training for NHRI's in the Asia Pacific, at Asia Pacific Forum of National Human Rights Institution, Nov 21-Dec 2, 2005 |
| १४. | श्री निभा श्रेष्ठ | थाइलैण्ड | Raoul Wallenberg Institute Training for NHRI's in the Asia Pacific, at Asia Pacific Forum of National Human Rights Institution, Nov 21-Dec 2, 2005 |
| १५. | श्री श्रीराम अधिकारी | फिलिपिन्स | Asia-Pacific Workshop on Women's Economic, Social and Cultural Rights - Equitas - International Centre for Human Rights Education, The Philippines 23 - 27 January, 2006 |
| १६. | श्री सरिता ज्ञवाली | फिलिपिन्स | Asia-Pacific Workshop on Women's Economic, Social and Cultural Rights - Equitas - International Centre for Human Rights Education, The Philippines 23 - 27 January, 2006 |
| १७. | श्री ध्रुव नेपाल | फिलिपिन्स | Project Planning, Development and Management Course, …... 2062 |
| | | स्वीट्जरल्याड | APF Forum Council Meeting, 11-18 April 2006 |
| | | स्वीडेन | Top Level Seminar on Peace and Security, Sewden, May 1-14, 2006 |
| १८. | श्री मञ्जु श्रेष्ठ | कोरिया | Gwangju International Peace Camp 2006 on Ethnic conflict among nations and peace building by NGOs at The May 18 Foundtiona, Republic of Korea, May 16-18, 2006. |

अनुसूची - ७

आयोगद्वारा विभिन्न समयमा जारी गरिएका प्रेश विज्ञप्तीहरु

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति

ललितपुर, साउन १३, २०६२ - राष्ट्रिय मानव अधिकार आयोगले श्री ५ को सरकारलाई आज एक पत्र पठाई श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयले एफ. एम. प्रसारण संस्थाहरूका नाममा २०६२ जेठ ३१ गते जारी गरेको सूचनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सरकारले एफ.एम.प्रसारण संस्थाहरूको सेवा सीमित गर्ने गरी ती संस्थाहरूको नाममा जारी गरेको सूचनाबाट विभिन्न जानकारीमूलक सामग्रीहरूबारे सूचित हुने हकबाट आम नागरिक वञ्चित हुनुपरेको उल्लेख गर्दै सो पत्रमा संविधानको मर्म र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी प्रावधानहरूप्रति संवेदनशील भई आम नागरिकको सूचित हुने अधिकार तथा विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न आवश्यक कदम अबिलम्ब अघि बढाउन सिफरिस गरिएको छ ।

सर्वसाधारणलाई सुसूचित गर्ने सर्वसुलभ माध्यमको रुपमा कार्यरत एफ.एम. रेडियोहरूले मुलुकमा विद्यमान द्वन्द्वका कारण स्वतन्त्रतापूर्वक आफ्नो दायित्व निर्वाह गर्न अवरोधहरुको सामना गर्नुपरिरहेको अवस्थामा सूचना तथा सञ्चार मन्त्रालयको २०६२ जेठ ३१ गतेको सूचनाले आम नागरिकलाई सत्यतथ्य र वस्तुगत सामाग्रीहरु दिएर सुसूचित गर्ने जिम्मेवारी बहन गर्ने रेडियो प्रसारण संस्थाहरुलाई संविधानप्रदत्त हक उपभोग गर्न अवरोध भएको भन्ने जानकारीका आधारमा आयोगले सरकारलाई आज सो सिफारिस गरेको हो ।

सूचना तथा सञ्चार मन्त्रालयले जारी गरेको सो सूचनामा राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड ( ञ) र नियम ९ को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरी एफ.एम.प्रसारण संस्था वा व्यक्तिले विशुद्ध मनोरञ्जनात्म कार्यक्रम वा सामग्री बाहेक अन्य समाचारमूलक कार्यक्रम वा सामग्री प्रसारणमा रोक लगाउने गरी शर्त तोकेको भएपनि त्यसरी रोक लगाउनुका आधारहरू र रोक लगाइएको अवधि खुलाइएको छैन ।

आमसञ्चार क्षेत्रलाई डर, त्राश र दबाबबाट मुक्त राख्न तथा स्वतन्त्र प्रेस र अभिव्यक्ति स्वतन्त्रताप्रति सम्मानपूर्वक व्यवहार गरी मानव अधिकारको पालनामा सघाउ पुर्‍याउन सम्बन्धित सबैलाई आयोग आव्हान गर्दछ ।

केदारप्रसाद पौड्याल
का.मु. सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति

*(जबरजस्ती वेपत्ता पारिने कार्य विरूद्धको अन्तर्राष्ट्रिय दिवस अगस्ट ३० का अवसरमा आयोगले जारी गरेको )*

ललितपुर, भदौ १४, २०६२ - श्री ५ को सरकार तथा ने.क.पा ( माओवादी ) द्वारा नागरिकलाई वेपत्ता पार्ने तथा अपहरण गर्ने कार्य हालसम्म नरोकिएको हुँदा त्यस्तो कार्य रोकी मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित पक्षहरूलाई आव्हान गर्दछ ।

मुलुकमा वि.सं. २०५२ सालमा सशस्त्र द्वन्द्व शुरू भएयता नागरिकहरूलाई वेपत्ता पार्ने कार्य राज्य र विद्रोही पक्षबाट निरन्तर हुदैं आएको छ । आयोगमा दर्ता हुन आएका उजुरीहरूमध्ये राज्यबाट वेपत्ता पारिएका भनिएका ८८८ जना व्यक्तिहरुको स्थिति हालसम्म सार्वजनिक हुन सकेको छैन । यसैगरी माओवादी पक्षबाट अपहरण गरिएका भनिएका ९८ जना व्यक्तिहरुको स्थिति पनि हालसम्म अज्ञात छ ।

द्वन्द्वरत पक्षहरूबाट मानिसलाई वेपत्ता पार्ने र अपहरण गर्ने काम नरोकिनु गम्भीर चिन्ताको विषय हो । यस सन्दर्भमा वेपत्ता पारिएका तथा अपहरण गरिएका सम्पूर्ण व्यक्तिहरुको स्थिति तत्काल सार्वजनिक गर्न र वेपत्ता पार्ने तथा अपहरण गर्ने कार्य तत्काल बन्द गर्न आयोग श्री ५ को सरकार तथा ने.क.पा.(माओवादी) लाई आग्रह गर्दछ ।

...................
राधाकृष्ण उप्रेती
उपसचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति

मिति - २०६२/५/२०

नेपाल कम्यूनिष्ट पार्टी ( माओवादी )का अध्यक्ष प्रचण्डले यही भदौ १८ गते वक्तव्यमार्फत गरेको युद्धविरामको घोषणालाई आयोगले सकारात्मक रूपमा लिएको छ ।

मुलुकमा विद्यमान शसस्त्र द्वन्द्वले मानव अधिकारको संरक्षणमा विभिन्न व्यवधानहरू खडा भइरहेको वर्तमान अवस्थामा ने.क.पा.( माओवादी ) बाट गरिएको युद्धविरामको घोषणाले मानव अधिकार संरक्षणमा सघाउ पुग्नुका साथै शान्ति प्रक्रियालाई अघि बढाउन महत्वपूर्ण हुन सक्ने आयोगले आसा गरेको छ ।

यस अवसरलाई उपयोग गरी द्वन्द्वको शान्तिपूर्ण समाधानमा अगाडि बढ्ने बाटाहरू पहिल्याउन र मानव अधिकारप्रतिको सम्मान र संरक्षणमा प्रतिबद्ध रहन आयोगले तयार पारेको 'मानव अधिकार सम्झौतापत्र'मा हस्ताक्षर गर्न ने.क.पा.( माओवादी ) तथा श्री ५ को सरकारलाई आयोग अनुरोध गर्दछ ।

आयोगले युद्धविरामको अवधिमा मानव अधिकार अवस्थाको नागरिक समाज समेतको सहयोगमा अन्तर्राष्ट्रिय मान्यता तथा अनुभवका आधारमा क्रियाशील अनुगमन गर्नेछ । यस कार्यमा आयोगलाई सहयोग गर्न र युद्धविरामलाई दिगो शान्तिको स्थितिमा पुऱ्याउन आयोग सम्बन्धित सबैलाई आव्हान गर्दछ ।

(केदारप्रसाद पौड्याल)
का.मु. सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति : २०६२/६/५

## प्रेस विज्ञप्ति

### *डा. गिरीको भनाइप्रति आयोगको ध्यानाकर्षण*

राष्ट्रिय मानव अधिकार आयोगले श्री ५ को सरकारलाई आज एक पत्र पठाई यही असोज ४ गतेको कान्तिपुर दैनिकमा मन्त्रिपरिषद्का उपाध्यक्ष डा. श्री तुलसी गिरीले व्यक्त गर्नुभएको भनी प्रकाशित समाचारमा उल्लेखित “सरकारले नियुक्त गरेको आयोगका सदस्य” भन्ने वाक्यांश र “माओवादीको युद्धविरामको मानव अधिकार आयोगले स्वागत गरेकोमा आक्रोश व्यक्त गर्नुभयो” भन्ने वाक्यांशप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

“आयोग कानूनद्वारा स्थापित स्वतन्त्र राष्ट्रिय निकाय भएको हुनाले यसले कानुनद्वारा दिएको अधिकार क्षेत्र भित्र रही स्वतन्त्र र निष्पक्ष भएर काम गर्दछ । यसले गरेका निर्णय, सिफारिस आदि कानुनको प्रक्रिया अनुसार नै श्री ५ को सरकारमा प्रेषित हुन्छन् र सो को निकास पनि कानून बमोजिम नै हुने हुन्छ । अतः आयोगको स्वतन्त्रता र निष्पक्षतामा आाच आउने गरी कुनै कार्य हुन नदिनेतर्फ सजगता अपनाउन र आयोगको काम कार्वाहीमा सघाउ पुऱ्याउन आयोग श्री ५ को सरकार समक्ष अनुरोध गर्दछ ” आयोगले पत्रमा भनेको छ।

केदारप्रसाद पौड्याल
क प्रवक्ता

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति : २०६२/०६/०७

## *प्रेस विज्ञप्ति*

### *राष्ट्रिय मानव अधिकार आयोगको ने.क.पा. (माओवादी)लाई आग्रह*

गत भदौ १८ गते ने.क.पा. (माओवादी) को तर्फबाट फौजी कार्वाही स्थगन गरी ३ महिनाका लागि युद्धविराम गरेको भनी प्रकाशित विज्ञप्तिलाई आयोगले सकारात्मक रुपमा लिएको धारणा व्यक्त गरिसकेको छ । यसबाट आमजनमानस र सम्बन्धित पक्षहरुमा दीर्घकालीन शान्तिको लागि वातावरण सिर्जना हुने आसा पलाएको छ । यस सन्दर्भमा युद्धविरामलाई सार्थकता दिन र शान्ति प्रक्रियामा सामेल भइराख्न *हत्या, अपहरण, जबरजस्ती चन्दा असुल्ने कार्य, विष्फोट, यातना, सर्वसाधारणलाई आतङ्कित पार्ने, जबरजस्ती राजिनामा गर्न लगाउने, विस्थापित गराउने, जबरजस्ती सम्पत्ति कब्जा गर्ने र शैक्षिक, यातयात, पर्यटन, उद्योग जस्ता क्षेत्रहरु बन्द गर्ने* लगायतका कार्यहरू नगर्न आयोग ने.क.पा.(माओवादी) लाई आह्वान गर्दछ ।

केदारप्रसाद पौड्याल
प्रवक्ता

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल **nhrc@nhrcnepal.org** वेबसाइटः **www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति :२०६२/०६/१६

## प्रेस-विज्ञप्ति

राष्ट्रिय मानव अधिकार आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई एक पत्र पठाई विभिन्न यातायातका साधन प्रयोग गरी यात्रा गर्ने सर्वसाधारणहरूले यात्राका क्रममा सुरक्षा जांचको क्रममा र राजमार्गको विभिन्न ठाउामा कर्फ्यू लागेका कारणले विभिन्न हैरानी खप्नुपरेको भन्ने आयोगमा गुनासो आइरहेको सन्दर्भमा दशैं जस्तो महान चाडसमेतलाई ध्यानमा राखी यात्रुहरुको निर्वाध आवागमनमा अवरोध नपुऱ्याउने गरी आबश्यक व्यवस्था गर्न अनुरोध गरेको छ ।

मध्यमाञ्चल बस व्यवसायी संघबाट मिति २०६२/०६/१६ मा " श्री ५ को सरकारले राजमार्गको मुग्लिङ्ग-नारायणगढ-हेटौंडा-पथलैया खण्ड र पश्चिमको दाङ्ग, लमही, नेपालगञ्ज, महेन्द्रनगर खण्डमा राति ८:०० वजेदेखि विहान ४:०० वजेसम्म कर्फ्यू लाग्ने गरेको, जसको कारणले यात्रुहरू मुग्लिङ्ग, हेटौंडा र पश्चिमका विभिन्न ठाउामा रातभर रोकिनेहुादा सो राजमार्गमा यात्रा गर्ने यात्रुहरू रातभर खानबस्नसमेत नपाई कष्टकर यात्रा गर्नुपर्ने भएको, जसको कारणले यात्रुहरूको स्वतन्त्र अधिकारमा हनन हुन गएकोले हिन्दूहरुको महान चाड दशैंमा यात्रुहरुले खचाखच भरिन गएका बसहरुलाई रोकिन नदिई स्वतन्त्र तथा निर्वाधरूपले यात्रा गर्न उल्लिखित ठाउाहरूमा कर्फ्यू हटाउन सहयोग गरिदिनुहुन" भनी पठाएको पत्रका सन्दर्भमा उक्त अनुरोध गरेको हो ।

विमलबाबु खत्री
सञ्चार अधिकृत

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल **nhrc@nhrcnepal.org** वेबसाइटः **www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति : २०६२/७/७

## प्रेस विज्ञप्ति

श्री ५ को सरकारले २०६२ असोज २३ गते जारी गरेको सञ्चारसम्बन्धी केही नेपाल ऐनलाई संसोधन गर्न बनेको अध्यादेश, २०६२ ले संविधानप्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रता, छापाखाना र पत्रपत्रिकासम्बन्धी हक तथा सूचनाको हकको निर्वाध अभ्यासमा असर पारेको भनी आमसञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचारका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । सो अध्यादेशको मानव अधिकारका दृष्टिकोणबाट आयोगले पुनरावलोकनको कार्य शुरु गरेको छ ।

यसैगरी यही कात्तिक ४ गते शुक्रबार राती ललितपुरको पुल्चोकस्थित कान्तिपुर एफ.एम. स्टेसनमा भएको घटनाका सम्बन्धमा पनि आयोगले छानविन अघि बढाएको छ ।

आयोग संविधान र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुद्वारा प्रत्याभूत गरिएका अधिकारको विपरित हुने किसिमका व्यवहार नगर्न सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

केदारप्रसाद पौड्याल
प्रवक्ता

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल **nhrc@nhrcnepal.org** वेबसाइटः **www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति : २०६२/७/११

## प्रेस विज्ञप्ति

राष्ट्रिय मानव अधिकार आयोगले यही कात्तिक ४ गते राती पुल्चोकस्थित कान्तिपुर एफ.एम रेडियो स्टेसनमा भएको घटनाको सम्बन्धमा श्री ५ को सरकारलाई आज सिफारिस पठाएको छ । आयोगले उक्त घटनाका सम्बन्धमा प्राप्त गरेको तथ्य र श्री ५ को सरकारलाई गरेको सिफारिस निम्नानुसार छ ।

क) श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०६२ द्वारा संशोधित राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ११ क. मा व्यवस्था भए बमोजिम श्री ५ को सरकारको स्वकृिति नलिई कुनै पनि प्रसारण संस्थाले एक ठाउँबाट प्रसारण भईरहेका कार्यक्रम एकै पटक अन्य ठाउँबाट प्रसारण गर्न नपाउनेमा कान्तिपुर एफ.एम. ले काठमाडौ र भेडेटारबाट एकै पटक कार्यक्रम प्रसारण गरी उक्त संशोधित ऐनमा भएको व्यवस्था उलंघन गरेको जनाएको तर कान्तिपुर एफ. एम.को भनाइमा हालको नयाँ संसोधित प्रावधानले पनि ईजाजत लिएर त्यस्तो प्रशारण गर्न पाइने नै भएको, पहिले ईजाजत लिई चलाइराखेकाहरुले पूनः इजाजत लिनु पर्ने भन्ने समेतको कुनै व्यवस्था नयाँ संशोधनले नगरेको हुँदा मिति २०५७/१२/१७ को मन्त्रिस्तरीय निर्णयअनुसार मिति २०५७/१२/३० मा ईजाजत प्राप्त गरी कानुनबमोजिम नै कार्यक्रम सञ्चालन गर्दै आएको हादा नयााकानूनी व्यवस्थाले पनि प्रशारण गर्न रोक नलागेकोले प्रशारण कार्य चालू राखेको भन्ने भनाइ रहेको छ ।

ख) प्रस्तुत विषयमा कान्तिपुर एफ एम लाई सफाइको उचित मौका नदिएको देखियो । दिउसो अनुगमनको लागि आएको टोलीले कुनै कुराको निर्देशन वा कानून विपरित भएको भन्ने कुनै जानकारी नदिई सवै इजाजत पत्रहरुको अवलोकन गरिसकेपछि कुनै प्रतिक्रिया नजनाई फिर्ता गएकोमा पुनः पूर्व सूचना बेगर रातको समयमा एफ.एम. कक्षभित्र प्रवेश गरी उपकरणहरु लिई गएको देखियो ।

ग) मन्त्रालयवाट दिउसो आएको टोलीले केही नगरी फिर्ता गएपछि राति नै पूनः आई उपकरण समेत लिई जानुपर्ने सम्मको विशेष अवस्था के परेको थियो भन्ने पनि सम्वन्धित एफ एम लाई जानकारी गराइएको पाइएन । रातमा कसैको घरमा प्रवेश गर्ने पर्ने भएमा मुलुकी ऐनको अवं १७२ तथा अवं ११६ का प्रावधानहरु पालन गर्नुपर्ने हुन्छ । ती प्रावधानहरु पालन नभएको आयोगको अनुसन्धानवाट देखिएको छ ।

घ) कानून उल्लंघन भएको अवस्थामा पनि राष्ट्रिय प्रशारण ऐन २०४९ को दफा १७ ले उक्त कानून विपरितको कार्य गर्ने व्यक्तिलाई सजााय हुन सक्ने व्यवस्था गरेको छ । तर उपकरणहरु नै लिई जानसक्ने व्यवस्था कानूनमा भएको देखिएन । यसबाट यो दफा लगायत नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४, १७ तथा २२ को उलंघन हुन गएको छ । यसै गरी नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकार विषयक महासन्धीको धारा ९, धारा १४ तथा धारा १९ को समेत उलंघन भएको देखिन्छ ।

अतः

संविधान तथा कानूनले प्रत्याभूत गरेका मौलिक हक र मानव अधिकारका आधारभूत सिद्धान्तहरुको सम्मान गर्न ; मानव अधिकार उल्लंघन हुने कुनै कार्य नगर्न नगराउन र सञ्चारकर्मीहरुको जीवन, सम्पत्ति, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न र लिई गएका उपकरणहरु कान्तिपुर एफ.एम. लाई फिर्ता गर्न श्री ५ को सरकारलाई सिफारिस गरिएको छ ।

केदारप्रसाद पौड्याल
प्रवक्ता

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## *आयोगद्वारा जगदल र महावीर गणको आकस्मिक अनुगमन सम्पन्न*

ललितपुर, पुस २०, २०६२ - राष्ट्रिय मानव अधिकार आयोगले सुरक्षाकर्मीद्वारा पक्राउ गरी वेपत्ता पारिएका भनिएका व्यक्तिहरूको तदारूकताका साथ खोजी गर्ने क्रममा यही पुस १९ गते काठमाडौंको छाउनीस्थित महावीर ( रेञ्जर) गण तथा जगदल गणको आकस्मिक अनुगमन सम्पन्न गरेको छ ।

अनुगमनको क्रममा आयोगका अधिकृतहरूको टोलीले उक्त गणहरूमा रहेका सम्पूर्ण भवन तथा टहराहरूको निरीक्षण गरेको थियो । निरीक्षणको क्रममा आयोगले लामो समयदेखि थुनामा राखिएका जगदल गणमा आठ जना पुरुष र एक जना महिला तथा महावीर गणमा पाँच जना पुरूषसहित १४ जनालाई भेटेको थियो । भेटको क्रममा थुनामा राखिएका व्यक्तिहरूमध्ये अधिकांशले आफू सैनिक हिरासतमा रहेदेखि परिवार तथा अन्य वाहिरी सर्म्पक रहन नपाएको गुनासो गरेका थिए ।

आयोगले जगदल गणमा भेटेका थुनुवाहरुमा जुम्लाका दत्तबहादुर बूढा, हरिचन्द्र बूढा र भरत पाण्डे, कैलालीका बलराम चौधरी र कृष्णप्रसाद मैनाली, दैलेखका गणेशप्रसाद शर्मा, डोल्पाका बुद्धिमान सार्की, बर्दियाकी छविसरा सुनार र पाल्पाका जीतबहादुर थापा रहेका छन । त्यसैगरी महावीर गणमा भेटेका थुनवाहरूमा रूकुमका होमप्रकाश श्रेष्ठ, सल्यानका मानवहादुर मल्ल, उदयपुरका चक्रबहादुर थापा र रोल्पाका जयबहादुर घर्ती तथा कुलबहादुर घर्ती हुनुहुन्छ ।

ध्रुव नेपाल
निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल **nhrc@nhrcnepal.org** वेबसाइटः **www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति

ललितपुर, माघ ९, २०६२ - राष्ट्रिय मानव अधिकार आयोगले विगत केही दिन देखि विभिन्न थुनुवा केन्द्रहरूमा राखिएका व्यक्तिहरूको मानव अधिकार अवस्थाको अनुगमन गरी सो बाट प्राप्त तथ्यहरूको आधारमा आज श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयलाई देहाय बमोजिमको एक सिफारिश पत्र पठाएको छ ।

१) अत्यन्त गंभीर प्रकृतिका विरामी प्रदीप नेपाल र लामो समयदेखि विरामी रहेका बुद्धवीर लामा (खुट्टामा स्टिलको पातो राखिएको) समेतलाई हाल राखिएको स्थानमा राख्न उपयुक्त नदेखिएको हुादा तत्काल रिहा गर्न,

२) थुना तथा नजरबन्दमा राखिएका सम्पूर्ण व्यक्तिहरूलाई आबश्यक स्वास्थोपचार तथा औषधीको व्यवस्था गर्न,

३) अधिकांश थुनुवाहरुको घरमा काटिएको टेलिफोन लाइन तत्काल जडान गर्न,

४) सशस्त्र प्रहरी २ नं. गण महाराजगञ्जमा राखिएका थुनुवाहरूलाई दिईएको खानाको स्तर गुणस्तरहीन भएको, पर्याप्त पानी र शौचालयको उपयुर्क्त व्यवस्था नभएको र सुत्ने कोठा अत्यन्त चिसो भएको, क्षमताभन्दा बढी थुनुवाहरुलाई एकै ठाउामा राखिएको पाइएकोले तत्काल आबश्यक प्रभावकारी व्यवस्था मिलाउनका साथै परीक्षा दिनुपर्ने विद्यार्थीहरुका लागि परीक्षा दिन पाउने व्यवस्था मिलाउन,

५) सम्पूर्ण थुनुवाहरुलाई परिवारका सदस्य तथा उनीहरूले राजेका कानुन व्यवसायीसंग भेटघाट गरी राय परामर्श सेवा लिन पाउने व्यवस्था मिलाउन,

६) सम्पूर्ण थुनुवाहरुलाई कानुनबमोजिम प्रकाशित पत्रपत्रिकाहरु, रेडियो, टेलिभिजन लगायत सञ्चारका साधन उपलब्ध गराउन,

७) घरमा नै नजरबन्द गरी राखिएका व्यक्तिहरुका परिवारका सदस्य समेतलाई स्वतन्त्र रुपमा आवतजावत गर्न पेशा व्यवशाय गर्न पाउने व्यवस्था मिलाउन तथा टेलिफोन लाइन काटिएकाहरूको टेलिफोन जडान गर्ने व्यवस्था मिलाउन,

यसै गरी आजपनि आयोगको अधिकृत कर्मचारीहरूको दुई छुट्टाछुट्टै टोलीले विभिन्न थुनुवा केन्द्रहरूको अनुगमन गरिरहेको छ र सोही क्रममा प्रहरी पहरा गण त्रिपुरेश्वरमा थुनामा राखिएका ११ जना, बलम्बु स्थित सशस्त्र प्रहरी गणमा राखिएका ४० जना, वडा प्रहरी कार्यालय सोह्रखुट्टेमा ७ जना र वडा प्रहरी कार्यालय कमलपोखरीमा राखिएका ४ जना व्यक्तिहरूसाग भेटघाट गरी मानव अधिकारको स्थितिको बारेमा जानकारी लिएको छ ।

.......................

(ध्रुव नेपाल)

निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## *आयोगद्वारा थुनुवा केन्द्रहरूको अनुगमन जारी*

ललितपुर, माघ १०, २०६२ - राष्ट्रिय मानव अधिकार आयोगले विगत केही दिनदेखि राजधानीका विभिन्न स्थानमा रहेका थुनुवा केन्द्रहरूमा पुगी थुनुवा केन्द्रहरूमा राखिएका व्यक्तिहरूको मानव अधिकार अवस्थाको निरन्तर अनुगमन गरिरहेको छ ।

अनुगमनका क्रममा आयोगले आजसम्म राजधानीमा रहेका विभिन्न १२ थुनुवा केन्द्रहरूमा पुगी ३११ थुनुवाहरूसँग भेट गरेको छ । आयोगको अनुगमनबाट प्राप्त जानकारी अनुसार ती मध्ये ३५ जना आजसम्म थुनामुक्त गरिएका छन् भने बाँकी २७६ जना अहिले पनि थुनुवा केन्द्रमै रहेका छन् ।

आयोगले अनुगमन गरेका थुनुवा केन्द्रहरूमा प्रहरी प्रशिक्षण तालिम केन्द्र, सशस्त्र प्रहरी २ नं. गण, सशस्त्र प्रहरी गण, वडा प्रहरी कार्यालय, बौद्ध, सिंहदरवार, गौशाला, दरवारमार्ग, जनसेवा, सोह्रखुट्टे र कमलपोखरी रहेका छन् । त्यसैगरी बाँकी केन्द्रहरू प्रहरी पहरा गण र सशस्त्र प्रहरी बल बलम्बु हुन ।

थुनुवा केन्द्रहरूकै अनुगमनका सिलसिलामा आयोगको टोली आज पनि विभिन्न थुना केन्द्रहरूमा पुगेको छ ।

विमलबाबु खत्री
सञ्चार अधिकृत

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइट: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## आयोगका अध्यक्षसहितको टोलीद्वारा थुनुवा केन्द्रहरूको आकस्मिक निरीक्षण

ललितपुर, माघ २३, २०६२ - राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्री, सदस्यहरू सुशीला सिंह सिलु र सुदिप पाठकसहितको टोलीले आज जाउलाखेलस्थित महिला प्रशिक्षण केन्द्र र त्रिपुरेश्वरस्थित प्रहरी पहरा गणमा थुनामा राखिएका व्यक्तिहरूको मानव अधिकारको अवस्थाको बारेमा आकस्मिक निरीक्षण गर्‍यो ।

अनुगमनका क्रममा सुरक्षाकर्मीद्वारा पर्याप्त र उचित आधार विना - निषेधित क्षेत्रबाहिर प्राध्यापक, पेशाकर्मी, मानव अधिकारकर्मी र वटुवाहरूसमेतलाई पक्राउ गरी थुनामा राखिएको, कतिपय स्थानमा पक्राउ गर्दा अधिक बल प्रयोग गरिएको पाइयो । यस्ता कार्य स्वतन्त्र रूपमा आवागमन गर्ने तथा विना हात हतियार शान्तिपूर्वक भेला हुने संविधानप्रदत्त मौलिक हक र राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अनुबन्धद्वारा प्रत्याभूत गरिएको अधिकार विपरीत हो ।

उल्लेखित स्थानमा क्षमताभन्दा बढी व्यक्तिहरूलाई थुनामा राखिएको, थुनुवाहरूलाई कानुन बमोजिम पाउनुपर्ने आधारभूत सुविधाबाट वञ्चित गरिएको र खानेपानी, स्वास्थ्य, खाना, शौचालय तथा सुत्ने स्थानको यथोचित प्रबन्ध नगरिएको पाइयो ।

आयोग श्री ५ को सरकारलाई उचित र पर्याप्त आधार विना पक्राउ गरी थुनामा राखिएका व्यक्तिहरूलाई यथाशीघ्र रिहा गर्न आग्रह गर्दछ ।

ध्रुव नेपाल
निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल **nhrc@nhrcnepal.org** वेबसाइटः **www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति, फागुन १०, २०६२

## स्थानहद तथा नजरबन्दमा राखिएका व्यक्तिहरूलाई रिहा गर्न सिफारिस

श्री ५ को सरकारले ने.क.पा ( एमाले ) का महासचिव माधवकुमार नेपाल र राजनीतिक दलका केही नेताहरू, नागरिक समाज तथा मानव अधिकार क्षेत्रका केही व्यक्तिहरूलाई उचित र पर्याप्त आधार विना लामो समयदेखि स्थानहद तथा नजरबन्दमा राखेको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

शान्तिपूर्ण रूपमा भेला भई विचार र अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न पाउनु तथा स्वतन्त्र रुपमा आवत जावत गर्न पाउनु संविधान तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धद्वारा प्रत्याभूत अधिकार हुन । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १५ मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भनी मौलिक हकको व्यवस्था गरिएको छ । नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा ९(१) ले कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न नपाइने बाध्यात्मक कानूनी व्यवस्था गरेको छ ।

आजको परिस्थितिमा कसैलाई पनि लामो समयसम्म स्थानहद तथा नजरबन्दमा राखिरहने कार्यले श्री ५ को सरकारद्वारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यक्त कानुनी प्रतिबद्धताको उल्लंघन भएको आयोगको ठहर छ । आयोग पर्याप्त आधार र कारण विना स्वेच्छाचारी रूपमा स्थानहद तथा नजरबन्दमा राखिएका व्यक्तिहरूलाई रिहा गरी विधिको शासनको पालना गर्न श्री ५ को सरकारमा सिफारिस गर्दछ ।

...................
राधाकृष्ण उप्रेती
उपसचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

*राष्ट्रिय मानव अधिकार आयोगद्वारा २०६२/११/२३ गते जारी प्रेस विज्ञप्ति*

## आयोग र वेपत्ता पारिएका नागरिकका परिवार समाजबीच सहमति

वेपत्ता पारिएका नागरिकका परिवार समाजले यही फागुन २१ गते आयोगमा पेश गरेका मागहरूका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले भोलि (फागुन २४ गते ) देखि नै कार्य शुरू गर्ने सहमति भएको छ ।

आयोगका सदस्य सुदीप पाठक, आयोगका कर्मचारी, नागरिक समाजका प्रतिनिधि र वेपत्ता पारिएका परिवारका समाज समेतको रोहवरमा यो सहमति भएको हो ।

आज भएको सहमति अनुसार समाजका तर्फबाट टिनम राई र श्रीमती दूर्गा के.सी. रहने र आयोगका तर्फबाट सदस्य सुदीप पाठकको संयोजकत्वमा अन्य दुई जना समेत थप गरी कार्यदल गठन गरिने र मानव अधिकार आयोग ऐन २०५३ बमोजिम तदारूकताका साथ कार्य गर्ने र आयोगले समाजको तर्फबाट राखेका मागप्रति देखाएको प्रतिबद्धताप्रति सकारात्मक हुँदैं शीघ्र कार्यान्वयन गर्ने अपेक्षा गर्दै समाजका तर्फबाट संयोजक कृष्ण राई र सहसंयोजक भीमबहादुर बस्नेतले सो सहमतिमा हस्ताक्षर गर्नुभएको छ । सो सहमतिमा आयोगका तर्फबाट सदस्य सुदीप पाठकले हस्ताक्षर गर्नुभएको छ ।

सो समाजले यही फागुन २१ गते आयोगमा दर्ता गराएका मागहरू निम्नानुसार छन ।

- वेपत्ता बनाइएका सम्पूर्ण नागरिकलाई तत्काल सार्वजनिक गराइयोस
- फागुन २६ गतेभित्रै २०६० पुस ५ गते भैरवनाथ गणबाट राती उठाएर शिवपुरी जङ्गलमा हत्या गराइएको भन्ने कृष्ण के.सी. र हिमाल शर्माबाट व्यक्त भनाइका सम्बन्धमा ४७ बन्दीका बारेमा तत्काल छानविन गर्ने लिखित प्रतिबद्धता जाहेर गरियोस ( यसमा छलफल हुँदा समाजले यथासक्य पूर्ण विवरण र नाम थर उपलब्ध गराउने )
- हालै जेनेभामा हुन गइरहेको संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोगको सम्मेलनमा राज्यद्वारा वेपत्ता र गैर न्यायिक हत्या तथा युद्ध अपराधीविरूद्ध विशेष प्रस्ताव राख्ने लिखित प्रतिबद्धता जनाइयोस (यसमा वेपत्ता विषयमा जेनेभामा विशेष रूपमा प्रस्ताव राख्ने )

.............
ध्रुव नेपाल
निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल **nhrc@nhrcnepal.org** वेबसाइटः **www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

प्रेस विज्ञप्ति

## राष्ट्रिय मानव अधिकार आयोगको आपत्ति

ललितपुर, चैत्र ६, २०६२ - राष्ट्रिय मानव अधिकार आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई एक पत्र पठाई हालसालै श्री ५ को सरकारले जारी गरेको **आत्मसमर्पण तथा पुनर्स्थापन सम्वन्धी नीति २०६२** को बुँदा नं. ७ को 'कार्यक्रम' शीर्षकको 'ग' ३ अन्तर्गत आत्मसमर्पण गर्ने स्थानहरुको सूचीमा **राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू** भनी उल्लेख भएकोमा गम्भीर आपत्ति जनाएको छ ।

उक्त पत्रमा आयोगले भनेको छ - 'मानव अधिकार आयोग ऐन २०५३' ले निर्धारण गरेको कार्य क्षेत्रमा आयोगले यस किसिमको कार्य गर्ने वा गर्न सक्ने भनी उल्लेख नभएको तथा आयोगसँग परामर्श नगरी कार्य क्षेत्रको सम्वन्धमा भ्रम पैदा हुन सक्ने हुँदा आयोगको नाम श्री ५ को सरकारको उक्त नीतिमा उल्लेख भएकोमा आयोग गम्भीर आपत्ति जनाउँछ ।

ध्रुव नेपाल
निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

प्रेस विज्ञप्ति, चैत ८, २०६२

## आयोगले सरकारलाई पत्र पठायो

राष्ट्रिय मानव अधिकार आयोगले श्री ५ को सरकारलाई आज एक पत्र पठाइ मानव अधिकारकर्मी तथा नागरिक समाजका व्यक्तित्वहरू **कृष्ण पहाडी, डा. देवेन्द्रराज पाण्डे, डा. मथुराप्रसाद श्रेष्ठ र श्याम श्रेष्ठ**लाई उचित र पर्याप्त आधार विना लामो समयदेखि थुनामा राखेको सम्बन्धमा पुन : ध्यानाकर्षण भएको जनाएको छ ।

आयोगले पठाएको पत्रमा भनिएको छ - "विचार र अभिव्यक्ति स्वतन्त्रता तथा स्वतन्त्र रुपमा आवत जावत गर्न पाउने संविधान तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धद्वारा प्रत्याभूत अधिकार निर्वाध रूपमा उपभोग गर्न पाउनु सम्पूर्ण नागरिकको अधिकार हो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १५ मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भनी मौलिक हकको व्यवस्था गरिएको छ । नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा ९(१) मा कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न नपाइने बाध्यात्मक कानूनी व्यवस्था गरिएको छ ।

संयुक्त राष्ट्रसंघको 'मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र १९९८' ले मानव अधिकार रक्षकको अधिकारलाई विशेष रूपमा संरक्षण गरेको सन्दर्भमा समेत मानव अधिकारकर्मी र नागरिक समाजका व्यक्तित्वहरूलाई लामो समयसम्म थुनामा राखिरहनु उचित देखिदैंन ।

संविधान तथा नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय अनुबन्धद्वारा प्रत्याभूत अधिकारका बाबजुद श्री ५ को सरकारले मानव अधिकारकर्मी र नागरिक समाजका व्यक्तित्वहरूलाई यसरी लामो समयसम्म थुनामा राख्ने कार्यले मानव अधिकारको हनन भएको छ । आयोग मानव अधिकारकर्मी तथा नागरिक समाज क्षेत्रका व्यक्तित्वहरूलाई थुनाबाट रिहा गरी मानव अधिकारको सम्मान गर्न श्री ५ को सरकारलाई सिफारिस गर्दछ ।"

................

ध्रुव नेपाल
निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल **nhrc@nhrcnepal.org** वेबसाइटः **www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति

**प्रेस विज्ञप्ति, चैत २४, २०६२**

राष्ट्रिय मानव अधिकार आयोगले सात राजनीतिक दलहरूले आयोजना गरेको देशव्यापी आम हडतालको पहिलो दिन आज मानव अधिकार अवस्थाको अनुगमन गऱ्यो ।

आयोगको काठमाडौंस्थित केन्द्रीय, विराटनगर, पोखरा, नेपालगञ्ज तथा धनगढीस्थित क्षेत्रीय कार्यालयहरूबाट खटेका छुट्टाछुट्टै टोलीहरूले आम हडताल तथा त्यस क्रममा सात राजनीतिक दलहरूले विभिन्न स्थानहरूमा आयोजना गरेका विरोध प्रर्दशनमा मानव अधिकार अवस्थाको अनुगमन सम्पन्न गरेका थिए । आयोगको केन्द्रबाट सदस्य सुदीप पाठकको नेत्तृत्वमा खटेको अधिकृतहरूको टोलीले उपत्यकाका विभिन्न स्थानहरूमा पुगी अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा सशस्त्र प्रहरी गण महाराजगञ्ज, वडा प्रहरी कार्यालय महाराजगञ्ज बानेश्वर लगायतका ठाउँमा गई पक्राउ गरी थुनामा राखिएका ब्यक्तिहरुसंग भेट गरेको थियो । थुनामा राखिएकाहरुको लागि पिउने पानी, बस्ने ठाउँ तथा खानाको समुचित प्रबन्ध गरिएको नपाइएकोले सो को प्रबन्ध गर्न तथा कतिपय विद्यार्थीहरुको स्नातक तहका विभिन्न बर्षको परीक्षा सञ्चालन भइरहेको समेत बुझिन आएकोले पक्राउ परेका विद्यार्थीहरुलाई तत्काल रिहा गर्न तथा निर्भयतापूर्वक परीक्षा दिने बातावरण तत्कालै मिलाउन, काभ्रे एमाले जिल्ला कमिटी सदस्य कुमार थापा तथा नेपाल कमर्स क्याम्पस मीनभवनका स्व.वि.यू. सहसचिव भीम रावल पक्राउका क्रममा गंभीर घाइते भएको पाइएको तर उपचारको कुनै पहल गरिएको नपाइएकोले निजहरुको तत्काल उपचार गराउनका लागि आयोग श्री ५ को सरकारलाई अनुरोध गर्दछ ।

विमलबाबु खत्री
सञ्चार अधिकृत

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

**प्रेस विज्ञप्ति चैत्र २८, २०६२**

आयोगले आज श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई एक पत्र पठाई राजनीतिक प्रदर्शनका क्रममा पक्राउ परी थुनामा राखिएका व्यक्तिहरूका सम्बन्धमा तथा प्रदर्शनका क्रममा सुरक्षाकर्मीले आवश्यकताभन्दा बढी बल प्रयोग गरेको विषयमा ध्यानाकर्षण गराएको छ । उक्त पत्र मार्फत आयोगले गरेका सिफारिसहरू देहाय बमोजिम रहेका छन् :

**थुनामा राखिएका व्यक्तिहरूका सम्बन्धमा**

प्रदर्शनका क्रममा पक्राउ परेका व्यक्तिहरूलाई नेपालको प्रचलित कानुनअनुसार प्राप्त गर्नुपर्ने सुविधाहरूको व्यवस्था गर्न,

क) थुनामा रहेका विरामी तथा घाइतेहरूको तत्काल प्रभावकारी उपचारको व्यवस्था गर्न;

ख) कतिपय स्थानमा बालबालिका समेत थुनामा रहेको पाइएकोले बालबालिकाहरूलाई तत्कालै रिहा गर्न;

ग) थुनामा राखिएका ब्यक्तिहरूलाई प्रभावकारी रूपमा स्वस्थ पानी, खाना तथा बस्ने सुत्ने ठाउँको उचित प्रबन्ध मिलाउन;

घ) थुनामा राखिएका मध्ये कतिपय विद्यार्थीहरू रहेका तथा सो मध्ये कतिपयको परीक्षासमेत चलिरहेकोले निजहरूको परीक्षा दिन पाउने ब्यवस्था सुनिश्चित गर्न;

ङ) थुनामा रहेका कतिपय व्यक्तिका परिवारलाई आफ्ना परिवारका सदस्यको वारेमा कुनै सूचना समेत नभएको हुँदा सो विषयमा परिवारलाई अविलम्ब जानकारी गराउन तथा थुनामा रहेकाहरूलाई निजका परिवारजनहरूसंग भेट्ने व्यवस्था सुनिश्चित गर्न;

**सुरक्षाकर्मीद्वारा प्रदर्शनमा अत्याधिक बल प्रयोग गरेको सम्बन्धमा**

क) श्री ५ को सरकारले कर्फ्यू लगाएको स्थानभन्दा बाहिर गरिएका प्रदर्शनमा समेत सुरक्षाकर्मीले गोली प्रहार गरी घाइते तुल्याएको, ब्यक्तिलाई नियन्त्रणमा लिइसकेपछि पनि आवश्यकताभन्दा बढी बल प्रयोग गरेको, बालबालिका र सर्वसाधारणलाई समेत लाठी प्रहार गरेको पाइएकोले सो कार्य तत्काल बन्द गर्न तथा अत्याधिक बल प्रयोग गर्ने सुरक्षाकर्मीलाई आबश्यक कानुनी कारवाही गर्न;

ख) राजनीतिक दलहरूद्वारा गरिएका विरोध प्रदर्शनमा सुरक्षाकर्मीबाट अत्याधिक बल प्रयोग हुनुका साथै जुलुस र विरोध प्रदर्शनमा संलग्न नभएका सर्वसाधारण बटुवाहरूलाईसमेत नियन्त्रणमा लिई कुटपीट गरिएको पाइएकोले यसरी शान्तिपूर्ण ढङ्गले हुने जुलुश प्रदर्शनमा सहभागी हुनेहरू उपर बलको प्रयोग नगर्न अविलम्ब निर्देशन हुन तथा सुरक्षाकर्मीद्वारा घाइते बनाइएका व्यक्तिहरूको निशुल्क औषधोपचारको तत्काल व्यवस्था गर्न आयोगले श्री ५ को सरकारलाई सिफारिस गरेको छ ।

साथै आयोग शान्तिपूर्ण रूपमा गरिने विरोध प्रदर्शनमा सार्वजनिक सम्पत्ति तोडफोड नगर्न र सर्वसाधारणलाई कुनै किसिमको हानी नोक्सानी नपुर्‍याउन समेत राजनीतिक दलहरूलाई विशेष आग्रह गर्दछ ।

राधाकृष्ण उप्रेती
नि. सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

<u>प्रेस विज्ञप्ति चैत्र ३१, २०६२</u>

*आयोगद्वारा श्री ५ को सरकारलाई सिफारिस*

सात राजनीतिक दलहरूले यही चैत २४ गतेदेखि आयोजना गरेको विरोध प्रदर्शनको यस आयोगले नियमित र सक्रिय रुपमा अनुगमन गरिरहको छ। आयोगको काठमाडौंस्थित केन्द्रीय तथा विराटनगर, पोखरा, नेपालगञ्ज र धनगढीस्थित क्षेत्रीय कार्यालयहरूबाट खटिएका टोलीहरूले सम्बन्धित क्षेत्रमा भएका प्रदर्शनहरूमा मानव अधिकार अवस्थाको अनुगमन गरिहेका छन्।

मिति २०६२।१२।२९ गतेको अनुगमनबाट काठमाडौंमा कर्फ्यू लागू नभएको चक्रपथबाहिरका गोंगबु, गोपीकृष्ण हल, चुच्चेपाटी बौद्ध, कलंकी लगायतका क्षेत्रहरूमा सात दलले आयोजना गरेको प्रदर्शनमा सुरक्षाकर्मीहरूबाट व्यक्तिलाई नियन्त्रणमा लिंदा र नियन्त्रणमा लिइसकेपछि बदलाको भावना समेतबाट अत्याधिक बल प्रयोग गरिएको, निर्घात कुटपिट गरिएको र जथाभावी गोली चलाउँदा सयौंको संख्यामा प्रदर्शनकारी, सर्वसाधारण, बटुवा, चिकित्सक, मानवअधिकारकर्मी र पत्रकार लगायतका व्यक्तिहरू गम्भीर घाइते भएको पाइएको छ। कर्फ्यू लगाइएको क्षेत्रभित्र भएका प्रदर्शनमा पनि सुरक्षाकर्मीबाट व्यक्तिलाई नियन्त्रणमा लिइसकेपछि अत्याधिक बल प्रयोग गर्ने र बदलाको भावनाले निर्घात कुटपिट गर्ने कार्य भएको पाइएकाले त्यस कार्यमा संलग्न सुरक्षाकर्मीका कमाण्डर लगायत सुरक्षाकर्मीलाई आवश्यक कानूनी कारवाही गर्न तथा तत्काल त्यस्ता कार्य बन्द गर्न आयोग श्री ५ को सरकारलाई सिफारिस गर्दछ।

यसै सन्दर्भमा २०६२।१२।२९ गते काठमाण्डौको गोङ्गबु क्षेत्रमा सशस्त्र प्रहरी बलद्वारा गोली समेत चलाई अत्याधिक बल प्रयोग गरी सयौ व्यक्तीहरुलाई घाईते बनाईएको पाईएकोले सो क्षेत्रमा खटिएका सुरक्षा प्रमूख सशस्त्र प्रहरी वलका बरिष्ठ प्रहरी उपरिक्षक माधव थापालाई आवश्क सोधपुछको लागि आयोगमा उपस्थित हुन बोलाईएको छ।

प्रर्दशनका क्रममा घाइते भएका सम्पूर्ण व्यक्तिहरूको नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न समेत आयोग पुन : श्री ५ को सरकारलाई सिफारिस गर्दछ।

साथै आयोजकहरूबाट समेत कतिपय स्थानमा बालबालिकालाई प्रयोग गरिएको, सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिको तोडफोड र आगजनी गरिएको पाईएकोले आफ्ना कार्यक्रमहरू शान्तिपूर्ण किसिमले सञ्चालन गर्न र सर्वसाधारण जनताको स्वतन्त्र आवागमन गर्ने तथा जीविका सञ्चालन गर्ने अधिकारको उपभोग गर्न बाधा नपुऱ्याउन आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ।

राधाकृष्ण उप्रेती
नि.सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

मिति :- २०६३/१/४

## आयोगद्वारा सशस्त्र प्रहरी महानिरीक्षकलाई पत्र

मिति २०६२।१२।२९ गते काठमाडौंको गोंगबुमा भएको प्रदर्शनमा प्रहरीले अत्यधिक बल प्रयोग गरेको भनिएको घटनाको अनुसन्धानको सिलसिलामा सशस्त्र प्रहरी बलका वरिष्ठ प्रहरी उपरीक्षक माधव थापालाई सोधपुछका निम्ति आयोगमा बोलाइएकोमा निज थापा कार्यव्यस्तताको कारण देखाई आयोगमा अनुपस्थित भएकाले आज आयोगले सशस्त्र प्रहरी बलका प्रमुखलाई पत्र पठाई निज थापालाई आयोगमा उपस्थित गराउन अनुरोध गरेको छ । यसै विषयमा आयोगले गृहमन्त्रीसँग छलफल गर्ने भएको छ ।

राधाकृष्ण उप्रेती
उपसचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति, बैशाख ६, २०६३

### *शान्तिपूर्ण विरोध प्रर्दशनबारे आयोगको भनाई*

सात राजनीतिक दलहरूले यही चैत २४ गतेदेखि आयोजना गरिरहेको विरोध प्रर्दशनको यस आयोगले नियमित र सक्रिय रूपमा अनुगमन गरिरहेको छ । आयोगको काठमाडौस्थित केन्द्रीय तथा विराटनगर, पोखरा, नेपालगञ्ज र धनगढीस्थित क्षेत्रीय कार्यालयहरूले सम्बन्धित क्षेत्रमा भएका प्रदर्शनहरूमा मानव अधिकार अवस्थाको अनुगमन गरिरहेका छन । आयोगले सात राजनीतिक दलहरूले भोलि बैशाख ७ गते काठमाडौंमा गर्ने विरोध प्रदर्शनको सक्रिय अनुगमन गर्नेछ ।

नेपाल अधिराज्यको संविधान २०४७ तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धद्वारा प्रदत्त नागरिकको शान्तिपूर्ण रूपमा विरोध प्रर्दशन गर्न पाउने अधिकारको सम्मान गर्न र निर्वाध रूपमा ती अधिकारको उपभोग गर्न पाउने वातावरणको सिर्जना गर्न श्री ५ को सरकारलाई सिफारिस गर्दछ । साथै विरोध प्रदर्शनहरू शान्तिपूर्ण रूपमा गर्न समेत आयोग आयोजकहरूलाई आग्रह गर्दछ ।

ध्रुव नेपाल<br>
निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति

ललितपुर, २०६३, बैशाख १० गते

राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन टोलीहरुले २०६२/१२/२४ गतेदेखि सात राजनीतिक दलहरुको आव्हानमा मुलकमा भएका शान्तिपूर्ण विरोध प्रदर्शनको स्थलगत रुपमा अनुगमन गरिरहेको र प्राप्त तथ्यहरुका आधारमा आयोगले आज मानव अधिकार आयोग ऐन २०५३ को दफा ९ (च) बमोजिम श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्र पठाई तपसीलमा उल्लिखित व्यवस्था गर्नका लागि सिफारिस गरिएको छ :-

सिफारिसहरुः

१. सात राजनीतिक दलद्वारा आयोजना गरिएका विरोध कार्यक्रमका सन्दर्भमा पक्राउ गरी थुनामा राखिएका सम्पूर्ण व्यक्तिहरुलाई अविलम्ब रिहा गर्ने,

२. विना हातहतियार शान्तिपूर्ण रुपमा गरिएका प्रदर्शनहरुलाई नियन्त्रणमा लिने क्रममा सुरक्षाकर्मीबाट सम्झाई बुझाई नगरी तथा चेतावनी नदिई अत्याधिक मात्रामा अश्रु ग्यास प्रहार, लाठी चार्ज तथा गोलीसमेत प्रहार गरिएको पाइएकोले त्यस्ता कार्यहरु तत्काल रोक्ने,

३. अत्यावश्यकीय सेवामा रहेका एम्बुलेन्स तथा स्वास्थ्यकर्मीको टोलीलाई कर्फ्यूका समयमा समेत निर्वाध रुपमा सञ्चालन गर्ने व्यवस्था नहुनु आपत्तिजनक भएकाले यस किसिमको व्यवस्था मिलाउने,

४. प्रदर्शनका क्रममा ठूलो संख्यामा व्यक्तिहरु घाइते भएका र उनीहरुको तत्काल उपचार गर्नका लागि चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीलाई मानवीय उद्धार तथा उपचार गर्ने कार्यमा अवरोध भएको पाइएकाले जुनसुकै स्थानमा पनि घाइते तथा विरामीको उपचार गर्ने कार्यमा अवरोध सिर्जना नगर्ने,

५ प्रदर्शनको क्रममा घाइते भएका व्यक्तिहरुको निःशुल्क उपचारको व्यवस्था गर्ने र घाइतेहरुका परिवारलाई उनीहरुको अवस्थाबारे जानकारी गराउने,

६. कर्फ्यू लगाएको अवस्थामा सूचना सङ्कलन गर्ने तथा मानव अधिकारसंग सम्बन्धित घटनाहरुको जानकारी लिने कार्यमा संलग्न मानव अधिकार संघ सस्थालाई कर्फ्यू पास उपलब्ध गराउने ।

<u>सात राजनीतिक दलहरुलाई आयोगको अपील</u>

१. लामो समयदेखि जारी रहेको आमहड्तालका कारण अत्याबश्यक उपभोगका सामग्रीहरु जस्तै औषधि, खाद्यान्न तथा इन्धन जस्ता पदार्थहरुको आपूर्तिमा गंभीर असर पर्न गई विरामी तथा सर्वसाधारणको दैनिक जीवन कष्टकर हुँदै गएको देखिएकोले यस्ता सामग्री विना अवरोध ढुवानी गर्ने उचित वाताबरण सिर्जना गर्न;

२. विरोध प्रदर्शनमा बालबालिकासमेत सहभागी भएको र यस क्रममा घाइते भएको तथा हराएको समेत पाइएकोले बालबालिकाहरुलाई जुलुश/विरोध प्रदर्शनमा आउन प्रोत्साहन नगर्न आबश्यक व्यवस्था मिलाउन ।

................

ध्रुव नेपाल

नि.सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

प्रेस विज्ञप्ति, बैशाख १५,२०६३

## युद्धविराम सकारात्मक

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी ) ले यही बैशाख १३ गतेदेखि लागू हुने गरी तीन महिनाका लागि घोषणा गरेको एकतर्फी युद्धविरामलाई राष्ट्रिय मानव अधिकार आयोगले सकारात्मक रूपमा लिएको छ ।

मुलुकमा विद्यमान सशस्त्र द्वन्द्वले मानव अधिकारको निर्बाध अभ्यासमा व्यवधानहरू खडा भइरहेको अवस्थामा ने.क.पा.( माओवादी )बाट गरिएको युद्धविरामले मानव अधिकार संरक्षणमा सघाउ पुऱ्याउने र शान्ति प्रक्रिया अघि बढाउन महत्वपूर्ण हुने आयोगको अपेक्षा छ । आयोगले यसपटक पनि युद्धविरामको अवधिमा मानव अधिकारको सक्रिय अनुगमन गर्नेछ ।

सरकारको तर्फबाट पनि अविलम्ब युद्धविरामको घोषणा गरी त्यसतर्फ आवश्यक वातावरण बनाउनुपर्छ भन्ने आयोगको जोड छ ।

ध्रुव नेपाल
निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

*प्रेस विज्ञप्ति, बैशाख २२, २०६३*

## युद्धविराम सकारात्मक

सरकारले यही बैशाख २० गते घोषण गरेको युद्धविरामलाई राष्ट्रिय मानव अधिकार आयोगले सकारात्मक रूपमा लिएको छ । ने.क.पा ( माओवादी )ले यही बैशाख १३ गते तीन महिनाका लागि गरेको युद्धविरामलाई पनि आयोगले सकारात्मक रूपमा लिएको सार्वजनिक अभिव्यक्ति दिइसकेको छ । सरकार र माओवादी दुवै पक्षबाट तेस्रोपटक भएको यो युद्धविराम नितान्त सामयिक र समयसापेक्ष छ । यो युद्धविराम शान्ति स्थापना तथा मानव अधिकार संरक्षणको दिशामा अत्यन्तै राम्रो अवसर हो । यसले मुलुकमा विगत ११ वर्षदेखि कायम सशस्त्र द्वन्द्वको स्थितिलाई अन्त्य गर्न उत्साहप्रद प्रतिफल दिने आयोग विश्वाश व्यक्त गर्दछ ।

आम जनताले मानव अधिकारको निर्वाध उपभोग गर्न विविध कठिनाई व्यर्होनुपरिरहेको परिप्रेक्ष्यमा तत्काल युद्धविराम गरी समस्याको शान्तिपूर्ण समाधानका लागि राष्ट्रिय मानव अधिकार आयोगले दुवै पक्षलाई बारम्बार आव्हान गर्दै आएको छ ।

घोषित युद्धविरामलाई दीर्घकालीन शान्तिको सार्थक परिणाममा पुऱ्याउन र त्यसका लागि वार्ताको सहज वातावरण सिर्जना गर्न आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ ।

यस सर्न्दभमा युद्धविरामपछि सरकार तथा ने.क.पा ( माओवादी )बाट शान्ति प्रक्रिया र वार्ताका लागि जारी भएका सार्वजनिक अभिव्यक्ति अत्यन्तै सह्रानीय र महत्वपूर्ण रहेको आयोगको धारणा छ । वार्ताको माध्यमबाट विद्यमान सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण निकाश दिई दीर्घकालीन शान्ति स्थापना गर्ने आम जनताको चाहनाले यसपटक मूर्त रुप पाउने कुरामा आयोग आशावादी छ ।

राधाकृष्ण उप्रेती
निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति, बैशाख २२, २०६३

राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई आज एक पत्र पठाई २०६२ चैत २४ गतेदेखि आव्हान गरिएको देशव्यापी आमहडताल तथा शान्तिपूर्ण विरोध कार्यक्रमको क्रममा मिति २०६२ चैत २९ गते सरकारद्वारा कर्फ्यू लगाइएको समयमा काठमाडौं उपत्यकाका कर्फ्यू लगाइएका तथा नलगाइएका विभिन्न स्थानहरूमा आयोगबाट अनुगमन गरिएकोमा काठमाडौंको गोंगबु गाउँ विकास समितिस्थित चक्रपथ क्षेत्रमा गरिएको अनुगमनबाट प्राप्त तथ्यहरूको आधारमा तपशीलमा उल्लेख भएबमोजिम तथ्यहरूस*हित कारवाहीका लागि सिफारिस गरी पठाएको छ।*

प्राप्त तथ्यहरू:

क) मिति २०६२।१२।२९ गते प्रदर्शनकारीले प्रदर्शन जारी राखेको सो प्रदर्शन नियन्त्रण गर्ने क्रममा खटिएका उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय पशुपतिनाथ बाहिनी सानो गौचरण काठमाडौंका बरिष्ठ प्रहरी उपरीक्षक माधवबहादुर थापा र निजको कमाण्डले स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (१) मा शान्ति सुरक्षा कायम गर्ने क्रममा बल प्रयोग गर्दा अपनाउनुपर्ने प्रक्रिया अनुसार भीडले बुझ्ने गरी सम्झाई बुझाई गर्ने, लाठी चार्ज गर्ने, अश्रुग्याँस, हवाई फायर आदि गर्ने र गोली नै चलाउने परिस्थिति सिर्जना भएमा भिडलाई बुझिने गरी हट्दैनौ भने गोली चलाइनेछ भन्ने कानुनी प्रावधानको वास्ता नगरी लापरवाही पूर्ण काम गरी बलको अत्याधिक प्रयोग गरेको, प्रदर्शनकारीमाथि गोली समेत चलाइएको र धेरै संख्यामा प्रदर्शनकारी गंभीररुपमा घाइते भएको।

ख) गोंङबुस्थित अतिरिक्त प्रहरी महानिरीक्षक रूपसागर मोक्तानको घरमा सुरक्षार्थ बसेका प्रहरीहरूले जथाभावीरुपमा गोली चलाई स्थितिलाई उत्तेजित बनाउँदा समेत त्यहाँ तैनाथ सुरक्षा प्रमुखहरूले उक्त कुराको आँकलन नगरी प्रदर्शनकारीहरूमाथि अनावश्यक बल प्रयोग गरेको साथै निज मोक्तानको घरभित्रबाट चलाइएको गोलीलाई ने.क.पा.( माओवादी)ले चलाएको भनी स्थितिलाई तनाबपूर्ण तथा आतंकपूर्ण बनाएको; घटनास्थलमा तैनाथ सुरक्षा प्रमुखहरूले निज मोक्तानको घरबाट चलाएको गोलीलाई नियन्त्रणमा लिन पहल नगरी प्रदर्शकारीहरूमाथि नै बल प्रयोग गर्नेतर्फ ध्यान केन्द्रीत गरेको।

ग) आयोगले सो घटनाको सम्बन्धमा बुझ्नका लागि मानव अधिकार आयोग ऐन २०५३ को दफा ११ (१) क बमोजिम बयान लिन बोलाउँदा समयमा नआई अटेर गरेको।

घ) बयानका लागि २४ घण्टाको म्याद दिई मिति २०६२/१२/३१ को चलानी नं. १९३१ को पत्रबाट सूचित गरिएकोमा निजले अन्यत्र संवेदनशील कार्यमा संलग्न हुनुपरेको कारण देखाई तत्काल आयोगमा बयान दिन उपस्थित नभई सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा रिपोर्ट गरी सो कार्यालयमार्फत प्रतिवेदन प्राप्त भएपछि निज माधवबहादुर थापालाई ४८ घण्टाभित्र यस आयोगमा सोधपुछ प्रयोजनका लागि उपस्थित गराइदिन भनी सशस्त्र प्रहरी बलका प्रहरी महानिरीक्षकलाई मिति २०६३/१/४ मा पत्र पठाइएकोमा दुई हप्तापछि मात्र मिति २०६३/१/१८ मा बयान दिनका लागि स्वइच्छाले आयोगमा उपस्थित भई बयान दिएको।

ङ) बयानका क्रममा सशस्त्र प्रहरीका तर्फबाट उक्त दिन अत्याधिक बल प्रयोग भएको तथा भीड नियन्त्रण गर्ने प्रयोजनका निम्ति अपनाउनुपर्ने न्यूनतम मापदण्ड जस्तै बल प्रयोग गरिने चेतावनी पनि नदिएको व्यहोरा निजले आयोगसमक्ष स्वीकार गरेको देखिन्छ।

तसर्थ निज समयमै आयोगमा बयान दिन.नआएतापनि उक्त घटना आयोगमा अनुसन्धानकै क्रममा रहेको अवस्थामा निजले आयोगमा दिएको बयानमा अत्याधिक बल प्रयोग भएको तथा भीड नियन्त्रण गर्ने प्रयोजनका लागि अपनाउनुपर्ने न्यूनतम मापदण्ड जस्तै बल प्रयोग गरिने चेतावनी पनि नदिएको व्यहोरा आयोगसमक्ष स्वीकार गरेको तथा आफ्नो कानून बमोजिमको कर्तव्य पालना गर्दा जथाभावी तथा लापरवाही ढङ्गले अत्याधिक बल प्रयोग गरेको पाइएकोले निज ***उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय, पशुपतिनाथ बाहिनी, सानो गौचरण काठमाडौंमा कार्यरत वरिष्ठ प्रहरी उपरीक्षक माधवबहादुर थापालाई सशस्त्र प्रहरी ऐन २०५८ बमोजिम कडा कारवाही गर्न तथा रूपसागर मोक्तानको घरबाट जथाभावी गोली चलाउने सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्नका*** लागि मानव अधिकार आयोगको मिति २०६३/१/१९ को निर्णयानुसार अनुरोध गरिन्छ।

राधाकृष्ण उप्रेती
निमित्त सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस विज्ञप्ति/ जेठ १८, २०६३

### आयोगद्वारा आतंककारी तथा विध्वंसात्मक अध्यादेश खारेज गर्न र सम्पूर्ण राजबन्दीहरुलाई रिहाइ गर्न सरकारलाई सिफारिश

ललितपुर- राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९(२) को खण्ड (च) मा भएको व्यवस्था बमोजिम आतंककारी तथा विध्वंसात्मक कार्य ( नियन्त्रण तथा सजायँ) अध्यादेश, २०६२ को सम्बन्धमा यस आयोगबाट गरिएको पुनरावलोकन प्रतिवेदनको निश्कर्षका आधारमा आयोगको मिति २०६३/०२/१८ को निर्णय अनुसार देहाय बमोजिमको सिफारिश गरिएको छः-

उक्त आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजायँ )अध्यादेश, २०६२- का अधिकांश प्रावधानहरु नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरुको व्यवस्थाहरुसंग बाझिएको पाइएको, अध्यादेशमा गरिएको आतंककारी तथा विध्वंसात्मक कार्यको परिभाषा र त्यस्तो कार्य नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गरिएका प्रावधानहरु एक आपसमा समानुपातिकताको सिद्धान्त प्रतिकूल रहेको देखिएको तथा संसद्को अनुमोदन विना उक्त अध्यादेशलाई पटक पटक जारी गर्नु संविधान तथा अन्तर्राष्ट्रिय कानूनको मापदण्ड समेतको प्रतिकूल हुने हुदा यस अध्यादेशलाई तत्काल खारेज गर्न सिफारिश गरिएको छ ।

साथै नेपाल सरकारद्वारा बिभिन्न कारागार तथा थुनाकेन्द्रहरुमा ने.क.पा.(माओवादी)सँग सम्बन्धित आस्थाका बन्दीहरुलाई अविलम्ब रिहाइ गर्ने घोषणा भएको एक सप्ताह वितीसक्दा पनि हालसम्म ठूलो संख्यामा त्यस्ता बन्दीहरु थुनामा रहेको आयोगको अनुगमनबाट पाईएकोले उनीहरुलाई तत्काल रिहाइ गर्न र सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएका सम्पुर्ण व्यक्तिहरुको अवस्था अविलम्व सार्वजनिक गर्न आयोग नेपाल सरकारलाई पुन माग गर्दछ ।

..............

(ध्रुव नेपाल)

नि.सचिव

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

<u>समाचार विज्ञप्ति, २०६३ जेठ ३०</u>

## आयोग र जर्मन राजदूतबीच भेट

नेपालका लागि जर्मन राजदूत फ्राङ्क रिङ आज राष्ट्रिय मानव अधिकार आयोगमा आई आयोगका पदाधिरीहरूसाग भेट गर्नुभयो । सो भेटमा आयोग पदाधिकारीहरू र जर्मन राजदूत फ्राङ्कबीच नेपालको मानव अधिकारको वर्तमान स्थितिका बारेमा छलफल भएको थियो ।

छलफलमा नेपालमा लोकतन्त्र स्थापनापछिको मानव अधिकार स्थितिको बारेमा राजदूत रिङले विशेष चासोका साथ जानकारी लिनु भयो । उहाँले नेपाल सरकार र माओवादी बीचको शान्ति प्रक्रिया सफल तुल्याउन आयोगले आफ्नो तर्फबाट पहल गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

आयोगद्वारा नेपाल सरकार र ने.क.पा (माओवादी) समक्ष प्रस्ताव गरिएको युद्धबिराम सम्झौतापत्र र मानव अधिकार सम्झौता पत्रको मस्यौदामा सम्बद्ध पक्षहरूलाई हस्ताक्षर गराउन पहल भइरहेको विषयमा राजदूत फ्राङ्क र आयोगका पदाधिकारीहरु बीच विचार विमर्श भयो ।

राजदूत रिङले जनताको चाहना र आकांक्षालाई ध्यानमा राखी सरकार र माओवादी दुवै पक्ष मानव अधिकारका सवालमा पारदर्शी र स्पष्ट हुनुपर्ने कुरा व्यक्त गर्नुभयो ।

बिमलबाबु खत्री
संचार अधिकृत

हरिहर भवन, पुल्चोक, ललितपुर, फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल **nhrc@nhrcnepal.org** वेबसाइटः **www.nhrcnepal.org**

# राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## कोटवाडा घटनामा आयोगको सिफारिस कार्यान्वयनका लागि प्रधानमन्त्री कार्यालयको चासो

ललितपुर, असार ३२, २०६३ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले कालिकोटको कोटवाडा घटनामा यस आयोगले गरेको सिफारिस कार्यान्वयनका लागि रक्षा र गृह मन्त्रालयलाई छुट्टा छुट्टै रुपमा लेखी पठाएको जानकारी आयोगलाई आज दिएको छ ।

आयोगलाई बोधार्थ दिइएको उक्त पत्रमा कालीकोटको कोटवाडामा २०५८ फागुन १२ गते भएको घटनासम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले अनुसन्धानपछि २०६३ असार २३ गते गरेको सिफारिस कार्यान्वयन गरी त्यसको जानकारी सो आयोगलाई दिनु भनिएको छ ।

आयोगले लामो र विस्तृत अनुसन्धानपछि यही असार ६ गते उक्त घटनामा कोटवाडामा निर्माणाधीन विमानस्थलमा कार्यरत श्रमिकहरुलाई सुरक्षाफोजले नियन्त्रणमा लिईसकेपछि निशस्त्र अवस्थामा गोली हानी मारेको ठहर गरी सो अनुसार नेपाल सरकारलाई सिफारिस गरी पठाएको थियो । आयोगले नेपाल सरकारलाई पठाएको सिफारिसमा सो घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी नेपाली सेनाद्वारा खटिएको गोली हान्ने, गोली चलाउन आदेश दिने, तथ्यगत जाँचबुझ विना गलत रिर्पोटिङ्ग गर्ने सो टोलीको कमाण्डर सहितका सुरक्षाकर्मीलाई विशेष अनुसन्धान गरी कडा कारबाही गर्न तथा मृतकहरुको आर्थिक, पारिवारिक अवस्था अत्यन्त नाजुक र दयनीय रहेको हुँदा मृतकका हकवाला पीडित परिवारलाई प्रत्येक मृतकको जनही रु २,७५,०००।- का दरले क्षतिपूर्ति उपलब्ध गराउन, मृतकका बालबालिकाहरुलाई उच्च तहसम्मको निशुल्क शिक्षा प्रदान गर्न, पीडितका परिवारलाई राज्यबाट निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न र नेपाली सेनाद्वारा र्सवसाधारण व्यक्तिको घर गोठमा आगो समेत लगाई क्षति पुर्‍याएको आयोगको अनुसन्धानबाट देखिदा अनुसन्धान गरी यथोचित क्षतिपूर्ति उपलब्ध गराउन तथा सार्वजनिक काममा संलग्न मजदुरहरुको लागि दुर्घटना विमा लगायतको कार्य भएको नपाइएकोले आगामी दिनमा नेपाल सरकारका निकाय तथा ठेकेदार वीच ठेक्कापट्टाको लागि संझौता हुनु पूर्व अनिवार्य रुपमा दुर्घटना तथा जीवन विमाको व्यवस्था गर्न भनिएको छ।

ध्रुव नेपाल
निमित्त सचिव

# अनुसुची - ८
# आयोगको सङ्गठनात्मक स्वरुप



# National Human Rights Commission
## Hariharbhawan , Pulchock,Lalitpur
## Yearly Financial Statement of fiscal year 062/063.

***Various Donars Fund***

***Income***

***Expenditure***

| S.N. | Income | | Amount (Rs.) | S.N. | Expenditure | | Amount |
|---|---|---|---|---|---|---|---|
| 1 | **Bank balance( b/d)** | | **3,828,071.17** | 1 | **Net expenditure** | | 39,148,371.34 |
| | Jit | 1736.54 | | | CDNHRC Monitoring Programme | 11,345,691.56 | |
| | ILO | 100.20 | | | CHRF Inkind support | 168,824.00 | |
| | The Asia Foundation(Rappo Office) | 107,527.52 | | | Effective of complaint handling system programme(canadian) | 48,937.25 | |
| | Effective of complaint handling system programme(CHRC) | 771,750.25 | | | Expansion of outreach Projects(EU) | 24,066,596.84 | |
| | AUSAID | 173,965.66 | | | AUSAID | 230,626.35 | |
| | UNHCR(Dalit Projects) | 190,777.93 | | | Child Rights desk programme(SCN/N) | 2,346,161.00 | |
| | Expansion of outreach Projects | 2,152,888.81 | | | IDP | 33,255.50 | |
| | CDNHRC Monitoring Programme | 135,997.91 | | | UNIFEM | 825,533.80 | |
| | Child Rights desk programme(SCN/N) | 125,534.43 | | | The Asia Foundation(Rappo Office) | 82,745.04 | |
| | CHRF Inkind support+Miscellaneous income | 161,227.27 | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Miscellaneous | 6,564.65 | | | | | |
| | | | | 2 | Telephone Amount Deposit | 5,000.00 | 5,000.00 |
| 2 | Income Received during this period | | 34,230,808.19 | 3 | Advance | | 519,862.63 |
| | Expansion of outreach Projects | 16,776,356.84 | | | Nepalgunj, Biratnagar and Pokhara transfer amount(EU) | 1,207,416.34 | |
| | Expansion of outreach Projects in euro interest | 80,254.65 | | | Expansion of outreach Projects(EU) payables | (980,907.84) | |
| | CHRF+Miscellaneous Income | 190,354.75 | | | Jit | 5.00 | |
| | CDNHRC Monitoring | 12,996,663.68 | | | IDP sapati to others | 243,619.67 | |
| | Child Rights desk programme(SCN/N) | 1,713,000.00 | | | Child Rights desk programme(SCN/N) | 225.20 | |
| | IDP | 1,062,313.27 | | | Nepalgunj, Biratnagar and Pokhara transfer amount(CDNHRC) | 126,154.96 | |
| | UNIFEM | 1,411,865.00 | | | Nepal Bar Association(The Asia Foundation) | 9,064.10 | |
| | | | | | ChildrenChild Rights desk programme Payables | (103,714.80) | |
| | | | | | CDNHRC Monitoring Programme | 18,000.00 | |
| | | | | 4 | Bank Balance | | 5,201,474.49 |
| | | | | | Jit | 1,736.54 | |
| | | | | | ILO | 100.20 | |
| 3 | Advance (b/d) | | 6,780,829.10 | | The Asia Foundation(Rappo Office) | 24,782.48 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Jit | 5.00 | | | Effective of complaint handling system programme (CHRC) | 722,813.00 | |
| | Nepal Bar Association(The Asia Foundation) | 9,064.10 | | | AUSAID | 62,339.31 | |
| | AUSAID | 119,000.00 | | | UNHCR(Dalit Projects) | 190,777.93 | |
| | Expansion of outreach Projects | 5,309,960.00 | | | Expansion of outreach Projects | 966,184.59 | |
| | Expansion of outreach Projects sapati | 994,552.50 | | | Expansion of outreach Projectsin Euro | 84,722.87 | |
| | Child Rights desk programme(SCN/N) | 406,000.00 | | | CDNHRC Monitoring Programme | 1,585,062.57 | |
| | CDNHRC Monitoring | 936,800.00 | | | Child Rights desk programme(SCN/N) | 1,863.03 | |
| | CDNHRC Monitoring payable to EU | (994,552.50) | | | CHRF Inkind support+Miscellaneous income | 182,758.02 | |
| **4** | Telephone Deposit | 35,000.00 | **35,000.00** | | Miscellaneous | 6,564.65 | |
| | | | | | IDP | 785,438.10 | |
| | | | | | UNIFEM | 586,331.20 | |
| | **Sub-Total** | | 44,874,708.46 | | Sub-Total | | 44,874,708.46 |

**Rara Karmacharya**
**Accountant**

**Dhruba Nepal**
**Director**




*आयोगमा रहेको मानव अधिकार स्रोत केन्द्र*



*अनुगमन टोली धादिङ जिल्लामा तथ्य संकलन गर्दै*



*नेकपा माओवादीद्वारा जनक मावि भीरकोट, छतिवनको प्रशासनमा ताला लगाएको सम्बन्धमा आयोगको टोली अनुगमन गर्दै*



*मिति २०६२/०६/०८ देखि १६ सम्म दैलेख जिल्लाको सदरमुकाममा युद्ध बिरामको अनुगमन गर्ने क्रममा राजनैतिक दल तथा नागरिक समाजहरु संग गरिएको अर्न्तक्रिया कार्यक्रमहरुका झलकहरु ।*




*हेमजङ्ग गुरुङ्गको घरमा माओवादीको भातृ संगठन अनेरास्वविवु(क्रान्तिकारी)ले टाँसेको साईनवोर्ड*




*आयोगको टोली कारागार शाखा डिल्लीबजारमा बन्दीहरुसँग कारागारको अवस्थाको वारेमा जानकारी लिंदै*



*गोरखा जिल्ला कारागारमा रहेका कैदी तथा थुनुवाहरु आयोगका टोलीबाट जानकारी लिदैं ।*




*अछाम जिल्लामा  आयोगको टोली अनुसन्धान गर्दै*



*जनआन्दोलमा प्रदर्शनकारीहरु कीर्तिपुरमा प्रदर्शन गर्दै*



*तालिममा सहभागीहरु समूह छलफल गर्दै*




मानव अधिकार उल्लंघनको घटनाको अनुसन्धानको तस्वीर लिदै आयोगका एक कर्मचारी




अनुसन्धानको क्रममा बयान लिदै आयोगको टोली